
किन अचाक्ली बढ्यो आलु र तेलको भाउ ?



# मूल्याङ्कन


मूल्य रु. १५/-
भारतमा भा.रु. १२/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६०
भाद्र, २०५५

## भ्याटको विरोध किन ?

नौ वाम र सरकारबीचको सम्झौता कस्तो रह्यो ?






* के एनरोनलाई फिर्ता पठाएर शैलजाले गल्ती गरिन् ?

जलस्रोतविद् डा. हरिमान श्रेष्ठ र दीपक ज्ञवालीका विचारोत्तेजक भनाइहरू

# के ले ल्यायो सुडानमा यति भयङ्कर अनिकाल?






# Here, There and Everywhere

10th ANNIVERSARY 1987 1997
Nepal Grindlays Bank Limited
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड

**A DECADE OF "SERVICE EXCELLENCE"**

Member ANZ group of companies

| | Nayabaneswar | Kantipath | Thamel Exchange Bureau | Lalitpur | Biratnagar(Morang) |
|---|---|---|---|---|---|
| Tel: | 246753,229333 | 228474 | 233128 | 524990 | 27983 |
| Fax: | 226762 | 228692 | 228692 | 523266 | 27982 |
| TLX: | 2531 GRNDLY NP | 2736 GMNEPL | 2268 GRCRD | 2532 NGBL NP | 2037 ANZBRT |

| | Duhabi (Sunsari) | Pokhara (Lakeside) | Arghaun Bazar, Pokhara |
|---|---|---|---|
| Tel: | 40030 | 20102 | 21676 |
| Fax: | 40177 | 20318 | 20318 |
| TLX: | | 6003 GR POREX | 6003 GR POREX |

यसभित्र

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ६०
भदौ/२०५५

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ

**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ

**बजार व्यवस्थापक**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

## कस्तो रह्यो नौ वामको संघर्ष र हालैको सम्झौता ?

◆ नौ वाम र सरकारको नौ बूँदे सम्झौता ❑ नौ वाम र सरकारबीचको सम्झौताबारे वाम नेताहरू

## नेकपा मालेको अग्निपरीक्षा

कांग्रेसी सरकारमा मालेको सहभागिताले के प्रश्नहरू उठाएका छन् ?

## किन एमालेले स्थगन प्रस्तावको लहर चलायो ?

## के एनरोनलाई फिर्ता पठाएर शैलजाले गल्ती गरिन् ?

जलस्रोतविद् डा. हरिमान श्रेष्ठ र दीपक ज्ञवालीका विचारोत्तेजक भनाइहरू

# केले ल्यायो सुडानमा यति भयङ्कर अनिकाल ?

सुडानको अनिकाल नेपालको लागि ज्वलन्त शिक्षा हो !

**हाम्रो मूल्यांकन**
कस्तो रह्यो नौ वामको संघर्ष र हालैको सम्झौता ४
**आवरण कथा**
केले ल्यायो सुडानमा यति भयङ्कर अनिकाल ? ६
**घटना र प्रवृत्ति**
नेकपा मालेको अग्निपरीक्षा ४
नौ वाम र सरकारको नौ बूँदे सम्झौता ४
नौ वाम र सरकारबीचको सम्झौता कस्तो लाग्यो ? वामनेताहरुको प्रतिक्रिया ५
जब एमालेले स्थगन प्रस्तावको लहर चलायो ! ३३
के क्लिन्टनलाई अझै कुर्सीमा बस्ने हक छ ? ४०
अमेरिकी साम्राज्यवादको बौलट्ठीपन ! ३८
**अर्थतन्त्र**
किन व्यापारीहरु भ्याटको विरोध गर्दैछन् ? १३
किन अचाक्ली बढ्यो आलु र तेलको भाउ ? ११
**अन्तर्क्रिया**
के नून-चिनी-पानी प्रतिबन्ध लगाउनु पर्ने कुरा हो ? (दोस्रो खण्ड) २२
**उत्पीडित मञ्च**
शब्दजालमा अल्मलिएको दलित समुदायको अस्तित्व
-पद्मलाल विश्वकर्मा २९

## क्लिन्टन-लेविन्स्की यौनकाण्ड के क्लिन्टनलाई अझै कुर्सीमा बस्ने हक छ ?

**साहित्य**
कम्युनिष्ट वाचर (हास्यव्यंग्य)
-विमल निभा १९
बुधसिंह र दर्शनसिंहको चुनावी भाषण (निबन्ध)
-डा. माधवप्रसाद पोखरेल २०
संसार यौटा विशाल घर हो भने (कविता)
-बलभद्र भारती २१
**पर्दा/रंगमञ्च**
भारतमा जनपक्षीय कलाकारहरु बमको खेलविरुद्ध उत्रिए २२
**अचेल**
पुष्पलालले भन्दा पहिला मैले कम्युनिष्ट पार्टीको स्थापना गरेको थिएँ
-गंगालाल श्रेष्ठ 'हलुवाई' १६
**विज्ञान/प्रविधि**
ब्ल्याक होलः ब्रम्हाण्डको विचित्र क्षेत्र २७
**नीति/संस्कृति**
क. मोहनविक्रमसँग लेखकहरुको भेट २८

## सुडान र अफगानिस्तानमाथिको हमला अमेरिकी साम्राज्यवादको बौलट्ठीपन !

अनेरास्ववियूको सांस्कृतिक गोष्ठी २८
सन्दर्भ ओशो रजनीश र मोहनविक्रमः प्रसंग सांस्कृतिक क्षेत्रको चासो
-चन्द्रदेव नेपाली ३१
**विश्व कम्युनिष्ट आन्दोलन**
पेरिसमा भएको अन्तर्राष्ट्रिय सेमिनारमा १२०० भन्दा बढी विदेशी प्रतिनिधिहरु सहभागी १५
**पाठकको कुरो** ४२

### 'मूल्यांकन'को सूचना

उत्पादन खर्चमा भएको अत्यधिक बृद्धिका कारण 'मूल्यांकन' एकप्रतिको रू. १५/- बाट रू. १७/- गर्नुपर्ने बाध्यता खडा भएकोले आगामी अंकदेखि सोही अनुसार पत्रिकाको मूल्य कायम हुने कुरा हाम्रा पाठकहरूमा निवेदन गर्न चाहन्छौं ।

*-मूल्यांकन मासिक*

आवरणमा : भोकमरी र अनिकालले ग्रस्त सुडानका केही मार्मिक दृश्यहरु । (फोटोहरुः Frontline, Time, Newsweek)
काँधमा : भ्याटको विरोधमा व्यापारीहरुले निकालेको विरोध जुलुस । (फोटोः ए.बी.सी. फोटो, बागबजार)

आवरण सज्जाः सुन्दर बस्नेत, बागबजार फोनः २५२६४५ /कलाकारहरुः लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक । फोनः २४७८८२
कम्प्युटर सेटिङ्गः सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोनः ४२२७६९/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# कस्तो रह्यो नौ वामको संघर्ष र हालैको सम्झौता ?

तीन महिनाअघि प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिएर शुरू भएको नौ वामको संघर्ष यही भदौको पहिलो हप्तामा प्रधानमन्त्रीकै उपस्थितिमा बालुवाटारमा नौ बुँदे सम्झौतापत्रमा हस्ताक्षर गरेपछि विधिवत टुंगिएको छ ।

महत्वपूर्ण मुद्दामा जनआन्दोलन उठान गर्ने, नेपाल बन्द गर्ने, बन्द पूर्णतः सफल पनि हुने, तर बन्दले उठाएका मागहरू ज्यूँका त्यूँ रहँदै यसको सफलताबाट आफ्नो शक्तिको परीक्षा भएको फूर्ति लाउँदै आन्दोलनकारी नेतृत्वचाहिँ आरामसंग कोठामा 'सुकुला गर्न' पस्ने प्रवृत्ति गत ७-८ वर्षमा यहाँ बारम्बार देखापरिरहेको थियो । सडक-आन्दोलन या त उपलब्धिविहीन थकानमा टुंगिने या थाङ्ने-सम्झौतामा टुंगिने प्रक्रियाले गर्दा मासिनहरूमा 'खै आन्दोलन गरेर पनि के हुन्छ र ?' भन्ने खालको नैराश्यभाव पैदा हुन थालेको थियो । तर यस पटकको नौ वामको संघर्षले त्यो प्रवृत्तिमा थोरै भएपनि हेरफेर ल्याउन खोजेको देखिएको छ । आन्दोलन उठाएपछि तात्कालीन समय र परिवेशमा आफ्नो बुताले भ्याएको उपलब्धि लिएर मात्र छोड्ने प्रवृत्ति यस पटकको संघर्षले देखाएको छ । यो सराहनीय कुरा हो ।

यो आन्दोलनको महत्वपूर्ण उपलब्धि के भएको छ भने, गिरिजा सरकार भारतसित कालापानी हाम्रो हो, त्यहाँबाट भारतीय पल्टन हट्नुपर्छ भनेर बोल्न र अडान लिन बाध्य भएको छ । तथाकथित 'आतंककारी विधेयक' संसदमा आउनबाट रोकिएको छ । गिरिजा सरकारले चलाएको देशव्यापी जनहत्या अभियान र भयावह राज्यआतंक केही शिथिल भएको देखिएको छ ।

यी बाहेक, नौ बूँदे सम्झौताबाट केही थप उपलब्धिहरू पनि हासिल भएका छन् । दैनिक उपभोगका अत्यावश्यक बस्तुको मोल तत्काल घटाउन सरकार सहमत भएको छ । यद्यपि, ती कुन बस्तु हुन् त- सम्झौतामा मूर्त रूपमा किटान गरिएको छैन । जमाखोरहरूमाथि कडा कारवाही गर्न सरकार तयार भएको छ । र, मूल्यबृद्धि नियन्त्रण गर्न सर्वपक्षीय अनुगमन कार्यदल गठन गर्न सरकार सहमत भएको छ । भ्रष्टाचार नियन्त्रण गर्नका लागि सुझाव पेश गर्न एक उच्चस्तरीय आयोग गठन गर्न सरकार बचनबद्ध भएको छ । राजनीतिक आस्थाका आधारमा कसैलाई मुद्धा नलाउन, गिरफ्तार नगर्न र 'गरिएको भए' छोड्न तथा मारिएकालाई क्षतिपूर्ति दिन सरकार सहमत भएको छ । राज्यविरूद्धको अपराध तथा नियन्त्रण ऐन, २०४६ लाई संशोधन गर्न ल्याउन लागिएको विधेयक संसदमा नल्याउन सरकार लिखित रूपमा बचनबद्ध भएको छ । आपसी सम्मान, समानता, पारस्परिक हितका आधारमा भारतसँगको १९५० को सन्धि पुनरावलोकन गरेर अर्को सन्धि गर्न पनि सरकारले सहमति व्यक्त गरेको छ । यी सम्झौताका राम्रा उपलब्धिहरू हुन् ।

नौ वामका मागहरू धेरै भए पनि मुख्य माग दुईटा थिए: एउटा, कालापानी समस्या सम्बन्धमा महाकालीको मुहानको टुंगो अर्को, राज्य आतंकको अन्त सम्बन्धमा देशव्यापी रूपमा फिँजाइएका दंगा प्रहरीहरूको वापसी । यी मागहरू यस कारणले पनि मुख्य थिए कि, महाकालीको मुहानको टुंगो नलागी कालापानीदेखि लिम्पियाधुरासम्मको भारतद्वारा अतिक्रमित विशाल क्षेत्र नेपाललाई फिर्ता हुन सम्भव देखिन्न र कालापानी लगायत नाभिडाङ्ग, कुटी, छोटे कैलाशमा रहेका भारतीय पल्टन र सीमा चौकीहरू फिर्ता हुन सम्भव छैन जबकि, ती हाम्रा भूमि हुन् भन्ने मनग्ये ऐतिहासिक प्रमाणहरू उपलब्ध छन् । सशस्त्र दंगा प्रहरीहरू फिर्ता नभई राज्य आतंक रोकिन सम्भव छैन, किनकि, अहिले सरकारले जनहत्याको श्रृंखला चलाएको र राज्य आतंक मच्चाएकै उनीहरूमार्फत् हो । उनीहरू यथास्थानमा भएसम्म राज्य आतंक बारम्बार दोहोरिइनै रहेनछ ।

नौ बूँदे सम्झौताको सबैभन्दा ठूलो दोष नै के देखिन्छ भने, सहायक मागहरूमा केही राम्रा उपलब्धिहरू हासिल भएका छन्, तर मूल मागहरूमा नै सम्झौता सबभन्दा कमजोर र अस्पष्ट देखिन्छ ।

कालापनी समस्या सम्बन्धमा प्रशस्त ऐतिहासिक सबुदहरूले लिम्पियाधुरालाई महाकालीको मुहाना साबित गर्दागर्दै सरकारी विशेषज्ञ र सरकारले लिपु लेकलाई महाकालीको उद्‌गम स्थल ठहऱ्याउन खोजिरहेको बेला स्थापित सरकारी, गैर सरकारी नक्साविद्, इतिहासविद् र हाइड्रोलोजिष्टहरू बराबरी अनुपातमा सामेल भएको सीमा सम्बन्धी 'तथ्य निरूपण संयुक्त कार्यदल' गठन गर्नु नै वर्तमान समस्याको गतिलो समाधान हुनेथियो ।

यसैगरी, राज्य आतंक सम्बन्धमा दुई घण्टाभित्र देशको कुनै पनि भागमा केन्द्रबाट सशस्त्र प्रहरी पुऱ्याउन सक्ने स्थिति भएको दावी सरकारले गरिरहेको बेला सरकारसित ठाउँ ठाउँमा द्रुत सूचना केन्द्र हुनु नै पर्याप्त हुन्थ्यो, दंगा प्रहरीहरूको तैनाथी वापस नै हुनुपर्थ्यो ।

तर यिनै सबैभन्दा मुख्य र टड्कारा सवालमा यो सम्झौतामा ठोस उपलब्धि हासिल हुन सकेन । यस्तो किन भयो भने, नौ वाम शक्तिले सडकमा चलिरहेको आन्दोलन रोकेर वार्ताको टेबिलमा जाने जस्तो गम्भीर कार्यनीतिक भूल गरे, जसको फलस्वरूप वार्ताको बेला सरकारमाथिको जनदवाब लुलो भयो । अर्को, बहुसंख्यक वार्ताकारी शक्तिहरू आफैं थकित-गलित र आफ्नो मूल लक्ष्यमा अदृढ भएको पनि देखियो । आफैं 'नाक मात्र जोगाउनतिर' प्रवृत्त भएपछि कुन सरकार मूलभूत माग पूरा गर्न सहमत हुन्छ ?

संघर्षका रूपहरूको छनौटमा पनि लक्ष्यउन्मुखता र ऐतिहासिक क्रमबद्धतामा कमै मात्र ध्यान पुऱ्याएको देखियो । के गर्दा तुलनात्मक रूपले थोरै समय र शक्तिमा पनि प्रभावकारी ढंगले बढी लक्ष्य हासिल हुन्छ भन्ने कुरामा ध्यान नदिई संघर्षका कार्यक्रमहरू झ्याङ झ्याङ घोषणा गर्ने, एउटा प्रभावकारी संघर्षको कार्यक्रम र अर्को कार्यक्रमको बीचमा काफी लामो फाँको (ग्याप) रहने र सानो एवं सरल कार्यक्रमबाट झन् झन् जटील, ठूलो र जनव्यापी कार्यक्रमतिर अघि बढ्नुभन्दा एकैचोटी ठूलो कार्यक्रम घोषणा गर्ने, अनि साना मसिना कार्यक्रमतिर ओरालो लाग्ने जस्ता कमजोरीहरू बेला बेलामा देखिए । यी कमजोरीहरू भविष्यमा हटाउनु जरूरी छ ।

यी कमजोरीका वाबजूद नौ वामको संघर्षलाई जम्माजम्मीमा सही सवालमा सही बेलामा उठाइएको कदमका रूपमा लिइनुपर्छ । अहिले सम्झौता भएको छ, सम्झौताको ठीक ठीक कार्यान्वयनका लागि पनि नौ वाम एकताबद्ध भइरहनु पर्छ र दवाबकारी कदम जारी राख्नुपर्छ । अन्यथा, यो सम्झौता त्यसरी नै रद्दीको टोकरीमा मिल्काइनेछ, जसरी विगतका अन्य सम्झौताहरू मिल्काइएका थिए । ☐

## कांग्रेसी सरकारमा मालेको सहभागिताले उठाएका प्रश्नहरू

यो पंक्ति लेख्दासम्म गिरिजाको नेतृत्वको वर्तमान सरकारमा नेकपा माले सम्मिलित हुने पक्कापक्की भइसकेको छ । कांग्रेस र माले पार्टीहरुले पार्टीस्तरमा टुंगो गरी गिरिजाप्रसाद कोइराला र साहना प्रधानको हस्ताक्षरसहित संयुक्त वक्तव्य निकाली यसको पुष्टि गरिसकेका छन् । बीचमा अत्यन्तै ठूलो आकस्मिक घटना नभएमा यो पंक्ति छापिएर पाठकहरुसम्म पुग्दा सरकारमा मालेका १३ जना प्रतिनिधिहरु सामेल भइसकेका हुनेछन् ।

लामो समयसम्म कांग्रेसको अल्पमतको सरकारले माले वा एमालेमध्ये कुनलाई साथ लिएर सरकार टिकाउने भन्ने विषयमा गहन गृहकार्य गरी अन्ततः मालेको पक्षमा यसले टुंगो गरेको हो । गिरिजाको एकलौटी र अंकुशहीन शासनलाई संसदमा रहेका वाम शक्तिहरुले ठोस कार्यक्रम र शर्तसहित अंकुश लगाउने र एकलौटी गर्न नदिने गर्नु जरुरी थियो । छिट्टै हुने आम चुनाव

## नौ वाम र

*१. कालापानी लगायत यस क्षेत्रको नेपाली भूभागमा रहेका भारतीय सेनालाई हटाउने कुरामा सरकार कटिबद्ध छ र यसका लागि ठोस पहलकदमी र आवश्यक कार्य गर्नेछ ।*

*२. नेपालको कुनै पनि क्षेत्रको एक इन्च भूभाग पनि अतिक्रमण हुन नदिन तथा गुमेको भूभाग कायम गराउन श्री ५ को सरकार प्रतिबद्ध छ र ऐतिहासिक दस्तावेज एवं प्रमाणको आधारमा सीमा निर्धारण गरी सोको संरक्षण गर्न श्री ५ को सरकार कटिबद्ध छ । र, यसको लागि सरकारले पहल गर्नेछ ।*

*३. नौ वाम समूहले राखेको भारतसँग भएको १९५० लगायतका असमान सन्धिहरु खारेज गरी नयाँ सन्धि गर्ने भन्ने मागका सन्दर्भमा सो सन्धिलाई पुनरावलोकन गरी आपसी सम्मान, समानता, पारस्परिक हित र मैत्रीको आधारमा आवश्यकता अनुसार सन्धि गर्ने ।*

*४. राज्यविरुद्धको अपराध तथा नियन्त्रण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक २०५४ लाई सरकार संसदमा प्रस्तुत नगर्न सहमत भएको छ ।*

# नेकपा मालेको अग्निपरीक्षा



नेकपा मालेका नेता राधाकृष्ण मैनाली (बायाँ) र कांग्रेस अध्यक्ष गिरिजाप्रसाद कोइराला (दायाँ)



**मालेले आफू "कांग्रेसका कुकर्महरूको साक्षी" मात्र बन्नबाट जोगिएर जल्दाबल्दा मुद्दाहरूमा दृढतापूर्वक उभिनु जरूरी छ ।**

गिरिजा एक्लैले गराउनुभन्दा कुनै वाम पार्टीसमेत भई सो चुनाव सम्पन्न गराउनु वर्ग संघर्षका हिसाबले तुलनात्मक रुपमा राम्रोसमेत हुने अर्थमा नेकपा माले सरकारमा सहभागी हुनुलाई बेठीक मान्न सकिन्न । तर यो ठीक वा बेठीक छुट्याउने मूलभूत कुरा भनेको सरकारमा गएर व्यवहारमा मालेले के गर्छ, के गर्दैन ? भन्ने नै हो ।

करीब १ वर्षको छोटो समयको निम्तिको सरकार भएकोले यस सरकारमा माले जाँदा यसले थुप्रै कुराहरु गर्न सक्ने सम्भावना चाहिँ छैन । तर पनि कांग्रेसलाई यसले कालापानी, बर्तमान राज्य आतंक, महंगी र भ्रष्टाचार जस्ता मुलुकका आजका जल्दाबल्दा मुद्दाहरुमा ठोस र जनपक्षीय काम गर्नमा अलिकति पनि बाध्य पार्न सकेमा मुलुकका निम्ति त्यो मात्रात्मक फाइदा नै ठहरिने छ । नेकपा मालेले सरकारमा जानुअघि नै यी मुद्दाहरुमा कांग्रेससँग ठोस र पारदर्शी शर्तनामा गर्ने दृढता अपनाउनु पर्थ्यो । यो दृढता चाहिँ यसले अपनाएको देखिएन । यसले "छिट्टै सरकारमा जाने हतारो" नै ज्यादा प्रदर्शन गऱ्यो ।

संविधानको ४२ (२) अन्तर्गत सरकारमा जाँदा कांग्रेसकै सरकारको विस्तारको रुपमा रहने भएकोले यसले सरकारमा जानका निम्ति ४२ (१) अन्तर्गत "संयुक्त सरकार" कै रुपमा जान यसले जोड गर्नु जरुरी थियो ।

अहिले नेकपा माले सरकारमा गइसकेको स्थितिमा पनि यसले आफू "कांग्रेसका कुकर्महरुको साक्षी" मात्र बन्नबाट जोगिएर माथि उल्लेखित मुद्दाहरु र हालै नौ वाम समूहहरु र गिरिजा सरकारबीच भएको सम्झौतामा उल्लेखित अन्य बूँदाहरुमा दृढतापूर्वक उभिनु जरुरी छ । यो दृढता अप्नाउन आफू नसक्ने भए र त्यस्तो वातावरण कांग्रेसले नदिने देखिएमा तत्क्षण सरकार छोडी सडकमा आउने हिम्मत यसले लिनु जरुरी छ । यो मुलुकका निम्ति र अन्ततः मालेका निम्ति पनि राम्रो हुने देखिन्छ ।

के नेकपा माले व्यवहारमा यति दृढ र साहसी हुन सक्ला ? ❑

## घटना र प्रवृत्ति

### नौ वाम र सरकारबीचको सम्झौता कस्तो लाग्यो ?

**क. मोहनविक्रम सिंह**

**महामन्त्री: नेकपा मसाल**

यो सम्झौता आन्दोलनकारीहरूको आंशिक सफलता हो । आन्दोलनका पक्षधरहरूले मागहरूको कार्यान्वयनको लागि विशेष ध्यान पुऱ्याउन नसके यो सम्झौता कागजी मात्र हुने कुरा स्पष्ट छ ।

**क. प्रकाश**

**महासचिव- नेकपा एकता केन्द्र**

निश्चय पनि यो एक आंशिक उपलब्धि हो । हामी सम्झौतामा सहमत भएका कुराहरू इमान्दारीपूर्वक अविलम्ब क्रियान्वयन गर्न सरकारसँग जोडदार माग गर्दछौं । यदि सरकारले संघर्षलाई रोक्न मात्र सम्झौता पत्रमा हस्ताक्षर गरेको प्रमाणित भएमा त्यसबेला सरकारले गरेको बेइमानीको भण्डाफोर गर्दै भन् ठूलो संघर्षको आँधीब्यहोरी उठ्ने र त्यसको परिणाम गम्भीर हुने चेतावनी पनि सरकारलाई हामी समयमै दिन चाहन्छौं । ❑

**क. प्रचण्ड**

**महामन्त्री: नेकपा माओवादी**

सहमतिको प्रकृति एवं चरित्र जनताका निम्ति गम्भीर धोका बन्न पुगेको छ । सयौं निर्दोष जनताको निर्ममतापूर्वक हत्या गर्ने अपराधीहरूमाथि कुनै कारवाही नहुने गरी, जनहत्याको फासीवादी अभियानमा लागिरहेको सरकारी हत्यारादल फिर्ता गर्न नपर्ने गरी तथा महाकालीमा भएको राष्ट्रघातबारे मौन रहेर केही अमूर्त र चिल्ला कुरामा सम्झौता गर्नुले अन्ततः नौ वामको आन्दोलन संशोधनवादी माले गुटलाई प्रतिक्रियावादी सत्ताको हिस्सेदार बनाउन तथा गिरिजा सरकारका अपराधहरू ढाकछोप गर्ने पर्दाका रूपमा टुंगिएको दुखद विडम्बना सामुन्ने आएको छ । ❑

**सीताराम तामाङ्**

**प्रवक्ता: नेकपा मालेमा**

सबै कुरा हामीले पूरा गऱ्यौं भन्ने त होइन, हामीले जुन मागहरू राखेका छौं, त्यो पूरा हुन त आफ्नै सरकार आउनु पर्छ । अर्काको सरकारले त उसले जति दिन सक्छ, त्यति दिने हो । हामीले जति बढी लिन सक्दछौं, त्यति लिने हो । हाम्रो मुख्य भनाइ के थियो भने, यो आन्दोलनबाट हामीले जुन मागहरू टेबुल गराएका छौं, त्यहाँबाट बढीभन्दा बढी उपलब्धि हासिल गर्न भरसक कोशिश गऱ्यौं । एघार पटक वार्ता गऱ्यौं, हामीले सकेसम्म बढी सरकारलाई गलाउने प्रयत्न गऱ्यौं... । हामीले उठाएका कुरामा थोरबहुत सहमति भएको छ । ❑

# सरकारको नौ बूँदे सम्झौता

*५. माओवादी गतिविधि नियन्त्रण गर्ने नाममा श्री ५ को सरकारले केही समययता प्रहरी विशेष रुपमा परिचालन गरी निर्दोष जनताको हत्या भएको, गिरफ्तार गरेको, झुठा मुद्दा लगाएको भन्ने नौ वाम समूहले उठाएको सवालमा सरकारको गम्भीरतापूर्वक ध्यान आकर्षण भएको छ । यस सन्दर्भमा सरकार निम्नअनुसार प्रतिबद्धता व्यक्त गर्नुका साथै तदनुरुप गर्न सहमत छ:-*

*क) राजनीतिक आस्थाका आधारमा कसैलाई गिरफ्तार गर्ने र मुद्दा लगाउने कार्य गरिने छैन । त्यस्तो भएको भए छोडिने छ ।*

*ख) गिरफ्तार गरिएका र मुठभेडको क्रममा आत्मसमर्पण गरेका व्यक्तिहरुको सुरक्षा प्रदान गर्न, गराउन सरकार प्रतिबद्ध छ ।*

*ग) सशस्त्र मुठभेडका क्रममा बाहेक, अन्य सन्दर्भमा मारिएका निर्दोष व्यक्तिहरुको परिवारलाई क्षतिपूर्ति दिने व्यवस्थालाई कायमै राखी अन्य सबै अवस्थामा निष्पक्षतापूर्वक क्षतिपूर्ति दिने व्यवस्था सरकारले मिलाउनेछ ।*

*घ) माओवादी गतिविधि नियन्त्रण गर्ने सन्दर्भमा निर्दोष र निरापराध व्यक्तिहरुलाई गिरफ्तार गरियो, उनीहरुमाथि झूठा मुद्दा लगाइयो भन्ने नौ वाम समूहले पेश गरेको विषयमा यस सम्झौतामा संलग्न दलहरु लगायत अन्य जिम्मेवार राजनीतिक दलहरुले निजहरुको जिम्मा लिएको अवस्थामा ज्यान, डाँका र आगजनी जस्ता गम्भीर प्रकृतिका अपराधमा प्रत्यक्ष रुपमा संलग्न व्यक्तिहरुबाहेकका अन्य मुद्दामा संलग्न व्यक्तिहरुलाई रिहाई गरिनेछ र सो प्रकृतिका मुद्दाबाहेक, तिनीहरुमाथिको अन्य मुद्दाहरु फिर्ता गरिनेछ ।*

*६) महंगी नियन्त्रण गर्ने सम्बन्धमा श्री ५ को सरकार निम्न कुरामा सहमत छ:-*

*क) दैनिक उपभोगका अत्यावश्यक बस्तुहरुको मूल्य तत्काल घटाउने ।*

*ख) किसानले उत्पादन गरेका वस्तुहरुको उचित मूल्य किसानले पाउने व्यवस्था मिलाउने ।*

*ग) जमाखोरहरुमाथि कडा कारवाही गर्ने ।*

*घ) सुपथ मूल्यका पसलहरु खोल्ने व्यवस्था गर्ने ।*

*ङ) मूल्यवृद्धिको कारण पत्ता लगाउन र मूल्य नियन्त्रण गर्न सर्वपक्षीय अनुगमन कार्यदल गठन गर्ने र सो कार्यदलले पेश गरेको सुझावलाई कार्यान्वियन गर्ने ।*

*७) क) भ्रष्टाचार एउटा गम्भीर सामाजिक विकृति हो । यसलाई नियन्त्रण र उन्मूलन गर्नु सरकारको प्रमुख दायित्व हो । यस सम्बन्धमा आवश्यक नीति निर्माण गरी श्री ५ को सरकारसमक्ष सुझाव पेश गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने, सोको सुझाव सरकारले कार्यान्वियन गर्ने ।*

*ख) बहुदलीय व्यवस्थाको पुनर्स्थापनपश्चात उच्च पदमा पुगेका राजनीतिक व्यक्तिहरु तथा सेवारत एवं सेवानिवृत्त उच्चपदस्थ कर्मचारीहरुको सम्पत्ति अनिवार्य रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।*

*८) उल्लेखित सहमतिका बुँदाहरुको कार्यान्वयनका सन्दर्भमा आवश्यकताअनुसार नौ वाम समूहसँग समन्वय गर्ने काम श्री ५ को सरकारको तर्फबाट मा. गृहमन्त्रीले गर्ने ।*

*९) सम्मानीय प्रधानमन्त्री र नौ वाम समूहका शीर्षस्थ नेताहरुको उपस्थितिमा २०५५ भाद्र ६ गते यो सहमति भएको छ ।* ❑



सबै फोटोहरू: फ्रन्टलाइन

# केले ल्यायो सुडानमा यति भयङ्कर अनिकाल ?

◆ श्याम श्रेष्ठ

## सुडानको अनिकाल नेपालको लागि ज्वलन्त शिक्षा हो !

अफ्रिका महादेशको सबैभन्दा विशाल मुलुक सुडान फेरि एकचोटि भयावह अनिकालले ग्रस्त भएको छ । खेती गर्नका लागि वालछ्याल जमीन भएको कृषि-प्रधान मुलुक सुडानमा अहिले २६ लाख मानिसहरू टड्कारो रुपमा भोकमारीको चपेटामा परेका छन् । त्यसमध्ये साढे तीन लाख मानिसहरू त खानै नपाएर मर्ने हालतमा पुगेका छन् ।

अन्तर्राष्ट्रिय सहायता एजेन्सीहरूले सुडानमा अहिले १२ वटा जति 'खानेकुरा बितरण केन्द्रहरू' खोलेका छन् । ती केन्द्रहरूको खोजमा महीनौंको भोकले जीउमा अस्थिपंजर मात्र बाँकी भएका मुर्कट्टा जस्ता काला, अग्ला अग्ला सुडानीहरू हज्जारौंको संख्यामा बाटो बाटोमा भौंतारिरहेको दर्दनाक दृश्य अचेल पत्र-पत्रिका र टेलिभिजनमा बारम्बार देख्न पाइन्छ । खान नपाएर स्तनमा दूधै बाँकी नभएका बिबश आमाले भोकले मर्न लागेको आफ्नो बच्चालाई दूध चुसाइरहेको रित्तो स्तन, आँत सुकेको बच्चाले जोडले चुस्दा नरकंकाल शिशुको गालामा डरलाग्दो खोपिल्टो परेको दृश्यले कुन मानव हृदयलाई नपगाल्ला ?

तर सुडान र अनिकाल अहिले आइपुग्दा पर्यावाची शब्द जस्तै भएका छन् । जसरी ज़ापान भन्नासाथ धनाढ्य देश बुझिन्छ, त्यसरी नै इथियोपिया र सुडान भन्नासाथ विश्वका सारा मान्छेले "अनिकालको देश" भनेर बुझ्छ । हरेक चार पाँच वर्षको एक पटक सुडानमा

*भोक र कुपोषणले ग्रस्त आमाहरू आफ्नो दूध नै नआउने स्तन भोकले ग्रस्त बच्चालाई चुसाएर खाद्य सहायता पाउने आशामा कुरिरहेका छन्*

अनिकाल दोहोरिरहेछ र प्रत्येक पटक अनिकाल आइलाग्दा लाखौं मान्छेको ज्यान लिइरहेछ । पछिल्लो ज्यानमारा अनिकाल चार बर्षअघि मात्र भएको थियो । त्यसअघिको १९८९ को अनिकालमा साँढे दुई लाख मानिसहरू खानै नपाएर मृत्युको शिकार भएका थिए ।

अहिले भोकमारीले समग्र सुडानलाई गाँजीरहेछ, तर सवैभन्दा धेरै गाँजेको छ- दक्षिणी सुडानलाई । दक्षिणी सुडानको बहर एल घजल क्षेत्र अहिले भोकमरीको मुल केन्द्र भएको छ ।

२५ लाख बर्ग किलोमिटर भूमिमा पौने तीन करोड जनसंख्याले बसोवास गरेको सुडान संसारकै सवैभन्दा कम जन घनत्व भएको मुलुकमध्ये एक हो । त्यहाँ वालछ्याल जमीन छ । सरदर हरेक दशजना सुडानीहरूको लागि एक बर्गकिलोमिटर जमीन भाग लाग्छ । खालि ५ प्रतिशत खेतीयोग्य भूमिमा मात्र अहिले खेतीपाती भइरहेछ । तर सुडानमा खेतीपाती हुन सक्ने जमीन यो भन्दा ६ गुणा ज्यादा भएको बताइन्छ । अफ्रिकाकै सबैभन्दा मलिलो जमीन मध्ये केही सुडानमा छ । सुडानमा पनि सवैभन्दा उर्वर भूमि भएको ठाउँ दक्षिणी सुडान हो । अहिले त्यही दक्षिणी सुडान भोकमरीको मुख्य केन्द्र भएको छ । यो आश्चर्यजनक बिरोधाभाष हो, तर यही

विरोधाभासभित्र सुडानको अनिकालको वास्तविक कारण र अन्तरकथा लुकेको छ ।

> **सबैभन्दा खराब कुरा त के भएको छ भने, युद्धरत शक्तिहरू खानेकुरालाई नै युद्ध जित्ने साधनका रूपमा प्रयोग गर्दैछन् । मान्छेहरू जति मरून्, उनीहरूलाई खासै फिक्रि देखिन्न ।**

## गृहयुद्ध सिर्जित अनिकाल

दक्षिणी सुडान अनिकाल हुनुपर्ने ठाउँ नै होइन । त्यहाँको अनिकाल मूलत: मानव सिर्जित अनिकाल हो । यसलाई अझ गृहयुद्ध सिर्जित अनिकाल भन्नु बढी सटिक हुनेछ ।

गएको १५ बर्षदेखि त्यहाँ गृहयुद्ध जारी छ । गृहयुद्धले गर्दा दक्षिणी सुडानमा न त खेतीपाती राम्ररी गर्नु संभव भएको छ, न पशुपालन, न व्यापार व्यवसाय । बाहिरबाट जाने खाद्य सहायता समेत त्यहाँ छिर्न संभव भइरहेको छैन । न त पशुपालन र काठपातको खानी यो क्षेत्रले आफ्नो उपज बाहिर बेचेरै आय आर्जन गर्न संभव भएको छ । गृहयुद्धले पन्ध्र बर्षमा दक्षिणी सुडानको छाला र मासु दुवै खियाएर खालि नरकंकालमात्र बाँकी पारिदिएको छ । अहिलेको भयावह अनिकाल त्यसैको तात्कालीक परिणाम मात्रै हो ।

३० हजार सेना भएको बिद्रोही "सुडान जनमुक्ति सेना"- सुजमुसेले राजधानी खार्तुमस्थित इस्लामी सरकारलाई ठाडो चुनौती दिदै दक्षिणी सुडानका कैयन भागमाथि आक्रमण गर्छ वा कब्जा जमाउँछ । सुडानको कट्टर इस्लामी सरकार बिद्रोहीहरूलाई भोकभोकै पारेर घुँडा टेक्नका लागि बिबश पार्न दक्षिणमा सप्लाई हुने खाद्यान्नको आपूर्ति पूरै रोक्ने गर्छ, जिउने साधन केही नभएपछि बिद्रोहीहरू आफ्नो अस्तित्व धान्न जनतासित भएको सीमित खानेकुरा पनि नियमित रुपमा बलजफ्ती खोसेर लिन्छन् र बदलामा सरकार नियन्त्रित दक्षिणी क्षेत्रमा खाद्यान्नको आपूर्ति बन्द गरिदिन्छन् । यी र यस्ता काम कार्वाहीले दक्षिणी सुडानका जनतामा खाद्यान्नको हाहाकार मच्चिन्छ । यही हाहाकार नै सुडानको आजको अनिकाल हो । गएको डेढ दशकमा गृहयुद्ध र यसले सिर्जना गरेको अनिकालले १५ लाख सुडानीहरूको ज्यान लिइसकेको छ । तथापि गृहयुद्ध रोकिने छाँटकाँट कहीं कतै देखिन्न र त्यो नरोकिई अनिकालको अन्त हुनु संभव देखिन्न । सबैभन्दा खराब कुरा त के भएको छ भने, युद्धरत शक्तिहरू खानेकुरालाई नै युद्ध जित्ने साधनका रूपमा प्रयोग गर्दैछन् । मान्छेहरू जति मरुन्, उनीहरूलाई खासै फिक्रि देखिन्न ।

अहिले अनिकाल सबभन्दा ज्यादा दक्षिणी सुडानको बहर एल घजल क्षेत्र बहर एल घजल नामकै नदीले छुट्टाएको उत्तरी र दक्षिणी सुडानको सीमा हो । नदी तटको यो उर्वर क्षेत्रमा डिंका जातिका मानिसहरू बस्छन्, जसको मुख्य पेशा पशुपालन र खेती हो । जोसँग गाईवस्तु ज्यादा छ, ऊ नै धनी र इज्जतदार कहलाइने यो क्षेत्रमा हब्सी जातिका सारै मिहेनती किसानहरू बसोबास गर्छन् । गृहयुद्ध मात्र रोकिने हो भने, त्यहाँ अनिकाललाई उनीहरू आफै रोक्न सक्छन् र आफ्नो उन्नत भविष्य आफैं निर्माण गर्न सक्छन् । तर सुडान जनमुक्ति सेनाले यही क्षेत्रमा आफ्नो आधार इलाका बनाएको छ र डिंका जातिका मानिसहरू नै उनीहरुका मुख्य समर्थक देखिन्छन् । गृहयुद्ध डिंकाहरूले बसोबास गरेको भूमिको अगाडि र पछाडि चर्किरहेको छ । यसले उनीहरूको पशुपालन र खेतीपातीलाई असंभव बनाइदिएको छ । उनीहरूले आफ्ना उपजहरू, पशु र पशुजन्य बस्तुहरूलाई नदीपारी उत्तरी क्षेत्रमा बेचेर जीविका आर्जन गर्ने संभावना पनि यसबाट स्वाहा भएको छ । आधारभूत आवश्यकताका बस्तुहरू ती क्षेत्रमा सप्लाई हुने स्थिति पनि यसबाट अन्त भएको छ । बिद्रोहीहरूको समर्थक भएको रीसमा सरकारले त्यहाँ सहायता एजेन्सीहरूले पुऱ्याउन खोजेको बाह्य सहायता पनि रोक्ने गरेको छ । यी सब कुरा एकै ठाउँ गाँठो परेर नै बहर एल घजल सारा संभावनाका बाबजूद अनिकालको केन्द्र भएको छ ।



*खानाको खोजमा भौंतारिएर केही नपाएपछि बच्चा साथमा लिएर आश्रयस्थल खोज्दै हिँडेकी एक सुडानी महिला*

१९९४ मा यही क्षेत्रका बिद्रोही सुजमुसे कमाण्डर केरुबिनो क्वानयिन् बोल पद र पैसाको प्रलोभनमा परेर सरकारी पक्षमा मिल्न गए । त्यसपछि सरकारको सहयोगमा उनले आफ्नै डिंका जातिका मान्छेहरूको घर घरमा ठूलो लुटपाट मच्चाए, मान्छेहरू मारे, पूर्व र उत्तरका सरकार समर्थक अरबी मिलिसियाहरूको सहयोगबाट डिंका बस्तीहरूमा आक्रमण गरे, गाईवस्तुहरू चोरे । तर गएको जनवरी महीनामा उनी फेरि बिद्रोही सेनासितै मिल्न आए, किनकि, उनले उता खोजेको पद पाएनन् । तर यसो गरेपछि पनि उनी आफ्नो गुमस्ता गूटको सहायताले कृषि उपजहरू जवर्जस्ती थुपारेर मस्तीसाथ रहन थाले । यतिसम्म कि, उनले युद्धका कारणले दक्षिणी सुडानकै अरु क्षेत्रबाट बहर अल घजलका बिस्थापित मानिसहरुको क्याम्पमा समेत आक्रमण गरे । उनले तिनीहरूलाई आफ्नै घर फर्कन आदेश दिए । तर यी अभागीहरूसित न त घर बाँकी थियो, न गाईबस्तु, न खेतीपाती गर्ने साधन, न बीउ बीजन नै । त्यसैले, उनीहरू गृहभूमितिर फर्केनन् । उनीहरू जंगलतिर भागे र त्यहीं भोकभोकै रहे र कतिपय त्यहीं मरे ।

यही गएको जनवरीमा बिद्रोही "मुक्ति सेना"ले दक्षिणकै सरकार नियन्त्रित बस्तीहरूमा निकै हिंसक आक्रमण गरे । यो आक्रमणका कारणले त्यहाँका किसानहरूले सिजनको बाली नै लगाउन पाएनन् । त्यहाँ सरकारबाट आइरहेको थोरै खाद्य सहायता पनि उनीहरूले रोकीदिए । जनतासित भएको थोरै खानेकुरा पनि उनीहरूले लुटेर लिए । भीषण आक्रमणका कारणले एक लाख जति मानिसहरू त बहर एल घजलतिर भागे, जहाँ पहिले नै चर्को अनिकाल थियो । अहिले आक्रमण गरिएको क्षेत्रमा भयावह अनिकाल छ । त्यहाँका ७ लाख मानिससित खानेकुराका नाममा केही पनि बाँकी छैन, सिवाय सहायता एजेन्सीहरुले ल्याएका ससाना खाद्य प्याकेटहरू ।

अहिले दक्षिणको ज्यानमारा अनिकालबाट मानिसहरूलाई मर्नबाट बचाउने हो भने, त्यहाँ हरेक महीना १५ हजार टन खाद्यान्नको जरुरत भएको संयुक्त राष्ट्र संघको विश्व खाद्य कार्यक्रमले जनाएको छ । तर खार्तुमस्थित कट्टर इस्लामी सरकार यी क्षेत्रहरूमा पर्याप्त खानेकुरा नपुगोस् भनेर उद्यत देखिन्छ । खाद्यान्नहरूको अभावलाई नै बिद्रोहीहरूलाई सिद्ध्याउने र जनताबाट अलग पार्ने सशक्त उपायको रुपमा सरकारले लिएको छ । यही हुनाले गत जनवरीदेखि मार्च महीनासम्म अनिकालग्रस्त दक्षिणी सुडानमा बाह्य खाद्य सहायता पुऱ्याउनमा सरकारले सख्त रुपमा प्रतिबन्ध लगायो । तर गत अप्रिलमा अमेरिकी संचार माध्यम र अमेरिकाको अनुरोधमा पश्चिमेली संचार माध्यमहरूले दक्षिणी सुडानमा अनिकालले मरिरहेका र प्याकप्याक परिरहेका डरलाग्दा नरकंकालहरू बिश्वव्यापी रुपमा टेलिभिजनमा देखाउन थालेपछि सुडानी सरकारमाथि बिश्वव्यापी दबाब पऱ्यो । यही अन्तर्राष्ट्रिय दबावका कारणले अहिले सुडानी सरकारले अनिकालग्रस्त क्षेत्रमा खानेकुरा पुऱ्याउन छूट प्रदान गरेको छ । यही बेला सुडानमा बर्षा ऋतु शुरु भएकाले बिद्रोही "जनमुक्ति सेना" ले पनि यही जुलाई १५ मा बहर एल घजल क्षेत्रमा तीन महीने युद्ध बिरामको घोषणा गरेको छ । प्रत्युत्तरमा सरकारले पनि एक महीने शान्तिको घोषणा गरेको छ । तर सुडानको अनिकाल यत्तिकैले खत्तम हुने देखिन्न । यो छोटो अवधिको शान्ति मात्रै हो । बर्षा सकिने बित्तिकै त्यहाँ पुनः गृहयुद्ध चर्किनेवाला छ, र परिणामत: अनिकाल पनि ।

यस प्रकार, दक्षिणी सुडानको भयावह अनिकाल गृहयुद्ध सिर्जित अनिकाल हो । तर प्रश्न के पैदा हुन्छ भने, गृहयुद्ध चाहिँ किन सिर्जना भइरहेको छ त सुडानमा ? के हो गृहयुद्धको बास्तविक कारण ? गृहयुद्धको कारणभित्रै सुडानी अनिकालको पनि कारण लुकिरहेको देखिन्छ ।

## गृहयुद्धको कारण


सुडान देश एउटा भए पनि जातीय र धार्मिक, संस्कृतिक रुपले दुई भागमा बिभाजित छ । उत्तरी सुडान जातीय रुपले अरब ठान्छ आफूलाई, दक्षिण आफूलाई हब्सी जातिको ठान्छ । धार्मिक रुपले उत्तर मुस्लीम छ, दक्षिण ईसाई र प्रकृतिपूजक । सांस्कृतिक रुपले उत्तर आफूलाई अरब जगतसित संबद्ध सम्झन्छ, दक्षिण अफ्रिकी जगत्सित । सुडानमा अहिले उत्तरका अरबी मुस्लीमहरूको धर्म संस्कृति दक्षिणका बाँकी जाति-जनजातिमाथि जवर्जस्ती थोपारिएको छ ।

त्यहाँ सरकारमा अहिले अरबी मुस्लिमहरूको एकछत्र प्रभुत्व छ। यो प्रभुत्व दक्षिणी सुडानवासीहरूलाई ठ्याम्मै पच्न सकेको छैन। त्यसैको प्रतिक्रियामा दक्षिणमा क्षेत्रीय स्वायत्त शासन र धर्म निरपेक्ष प्रजातान्त्रिक राज्यको माग राख्दै सन् १९८३ देखि दक्षिणी सुडानवासीहरूले गृहयुद्ध प्रारम्भ गरेका हुन्।

त्यसो त अन्त आन्दोलनका नाममा दक्षिणमा स्वतन्त्र राज्यका लागि भएको १७ वर्ष लामो पहिलो गृहयुद्धपछि नै १९७२ को अदीस अबावा संझौताबाट दक्षिणी सुडानवासीहरूले क्षेत्रीय स्वायत्त शासन प्राप्त गरिसकेका थिए। तर यो संझौताको पालना तानाशाह जनरल निमेरीको सरकार स्वयम्ले गरेन। संझौताको भावनाविपरीत निमेरी सरकारले सन् १९८३ मा दक्षिणी सुडानलाई तीन भागमा विभाजित गऱ्यो। सुडानमा अन्य धर्मालम्बीहरू हुँदाहुँदै संपूर्ण सुडानमा "इस्लामी कानूनहरू" जवर्जस्ती थोपऱ्यो। दक्षिणी सुडानमा निकालिएको तेलको प्रशोधन केन्द्र उत्तरी सुडानमा स्थापना गर्ने जमर्को गरियो। यसैबाट क्रुद्ध दक्षिणी सुडानवासीहरुले संझौताको ११ वर्षपछि १९८३ मा पुनः विद्रोह गरे र हातहतियार उठाए। उनीहरूले कालानल जोहन गराङ्गको नेतृत्वमा "सुडानी जनमुक्ति आन्दोलन" र "सुडानी जनमुक्ति सेना" गठन गरे र यसैको पहलमा पुनः गृहयुद्ध प्रारम्भ गरे। वर्तमान गृहयुद्ध त्यसैको निरन्तरता र विकसित रुप हो। प्रारम्भमा यो गृहयुद्धको चरित्र जातीय धार्मिक थियो। तर अहिले आइपुग्दा गृहयुद्धको चरित्रमै काफी फेरबदल भएको छ। शुरुमा यो गृहयुद्ध मूलतः क्षेत्रीय स्वायत्तता र धर्म निरपेक्ष प्रजातान्त्रिक राज्यको लागि केन्द्रित थियो, तर अहिले आएर छुट्टै राज्य र आत्म निर्णयको अधिकार नै गृहयुद्धको मूल र गुह्य एजेण्डा बनेको छ, यद्यपि बाहिर देखाउने नारा अहिले पनि पुरानै छ। शुरुमा जातीय धार्मिक चरित्रको संघर्ष अहिले आइपुग्दा प्राकृतिक स्रोतहरुमाथि प्रभुत्वको निम्तिको संघर्षमा बदलिएको छ। शुरुमा इस्लामी कट्टरपन्थी शासकहरुद्वारा उत्पीडित जाति, जनजाति र धर्मालम्बीहरुले नै यो गृहयुद्धको प्रारम्भ गरेका थिए, अहिले आइपुग्दा सुडानमा थुप्रै विस्थापित बिपन्न वर्गहरु र अमेरिकी साम्राज्यवाद स्वयम् पनि यो मृत्युदरमा सरिक हुन आइपुगेको छ। यी सब कारणले गृहयुद्धको चरित्र पनि बदलिएको छ, दिशा पनि बदलिएको छ र उद्देश्य पनि। सुडानको इस्लामी सरकार अहिले विद्रोहीहरुको क्षेत्रीय स्वायत्तताको माग र धर्म निरपेक्षताको माग स्वीकार गर्न तयार भएको छ। तर, गृहयुद्धका प्रणेताहरू आफैंले उठाएको माग पूरा हुँदा पनि संझौता गरिहाल्न तयार देखिन्नन्। उनीहरू अब उत्तर र दक्षिणलाई छुट्टाछुट्टै राज्यको रुपमा मान्यता दिनुपर्ने र दुई राज्यको एउटा संघ बन्नु पर्ने माग गर्दैछन्। यसका निम्ति जनताद्वारा आत्मनिर्णयको लागि दक्षिणमा अबिलम्ब जनमत संग्रह हुनुपर्ने माग गर्दैछन्। छुट्टै राज्यको माग स्वीकार नगरे तापनि जनमत संग्रह गराउन समेत इस्लाम सरकार तयार भएको छ। तर विद्रोहीहरु राजधानी खार्तुममा छिटै आफ्नै झण्डा फहराउने संभावनाबाट उत्प्रेरित भएर संझौतालाई जति सक्यो उति पर धकेल्दैछन् र गृहयुद्ध जारी राख्दैछन्। अमेरिकी साम्राज्यवाद गृहयुद्धलाई जति सक्यो उति लम्ब्याउन उक्साउँदैछ। ऊ खार्तुममा इस्लामी सरकार ढालीछाड्न र त्यसको ठाउँमा आफ्नो कठपुतली सरकार स्थापना गर्न ज्यूज्यान छोडेर लागेको छ। यसरी सुडानको गृहयुद्ध प्रारम्भमा जातीय धार्मिक चरित्रको थियो, अहिले यो आर्थिक राजनीतिक गृहयुद्ध हुन पुगेको छ। विभिन्न विपरीत स्वार्थ-समूहहरु एकै ठाउँमा मिसिनाले सुडानी गृहयुद्ध काफी जटिल र असाध्य हुन पुगेको छ। जुन कारणले र जुन जुन मूलभूत माग राखेर यसको प्रारम्भ भएको थियो, ती सबै माग शत प्रतिशत पूरा भए पनि सुडानमा तत्कालै गृहयुद्ध रोकिने छाँटकाँट देखिन्न। गृहयुद्ध झन् झन् जटिल र दुरुह बन्दै गएपछि यसले ल्याउने परिणामहरू पनि जटिल हुँदै जानु अवश्यम्भावी छ। त्यसैले दक्षिणी सुडानमा मानव सिर्जित अनिकाल चाँडै खत्तम हुने देखिन्न।

तर प्रश्न उठ्छ, सुडानी गृहयुद्धको स्वरुप उद्देश्य र दिशा नै यसरी बदलियो कसरी त ? किन यो यति व्यापक, जटिल र असाध्य हुन पुग्यो ? के हो गृहयुद्धभित्रको पनि असली अन्तर्कथा ? के गृहयुद्ध नभएको भए सुडानमा अनिकाल हुँदैनथ्यो। वास्तवमा के हो ?

**सुडानी गृहयुद्धको स्वरूप उद्देश्य र दिशा नै यसरी बदलियो कसरी त ? किन यो यति व्यापक, जटिल र असाध्य हुन पुग्यो ? के हो गृहयुद्धभित्रको पनि असली अन्तर्कथा ?**



*कुपोषणले ग्रस्त बच्चा बोकेका एक सुडानी वृद्ध*

## सुडानको अनिकालभित्रको पनि अन्तर्कथा

अहिले सारा पश्चिमाली संचार माध्यमहरू सुडानमा भयावह अनिकाल चर्किनुको पछाडि गृहयुद्धलाई मात्र एकतर्फी दोष दिइरहेछन्। हो, केही ठाउँमा अनिकाल भयावह ढंगले चर्किनुमा गृहयुद्ध जिम्मेवार देखिन्छ। तर गृहयुद्ध स्वयम् चर्किनुको जिम्मेवार कारण चाहिं के नि ? यो तथ्य चाहिँ उनीहरु लुकाउन खोजिरहेछन्। हामीले यही तथ्य खोजी निकाल्नु जरुरी छ। यसैभित्र गृहयुद्ध र अनिकाल दुवैको जरो कारण लुकेको देखिन्छ। यसको लागि सुडानी राजनीति र गृहयुद्धका माथि माथिका घटनामा मात्र तैरेर पुग्दैन, यी घटनाको जरामा पुग्न जरुरी छ, जुन त्यहाँको आर्थिक सामाजिक जग खोतल्यो भने मात्र थाहा हुन्छ।

सुडानको अनिकालको प्रकृति हेर्दा सुडानमा अनिकाल अत्यन्त भयावह बन्नुको कारण मात्र गृहयुद्ध हो, तर यसको मतलब के होइन भने, सुडानमा गृहयुद्ध नभएको भए अनिकाल नै हुने थिएन। सन् १९८२ मा सुडानमा कुनै गृहयुद्ध थिएन। तर त्यही बर्ष पनि त्यहाँ गंभीर अनिकाल प्रारम्भ भएको थियो र ती-तीन वर्षसम्म त्यसले सुडानलाई गाँजेको थियो। तात्पर्य के हो भने, जुन आर्थिक सामाजिक परिवर्तनको प्रक्रिया सुडानी समाजको जगमा चलिरहेको थियो, त्यो प्रक्रियाले नै सुडानमा अनिकाल पनि सिर्जना गरेको थियो, गृहयुद्ध पनि। गृहयुद्धले अनिकाललाई चर्काउँथ्यो, अनिकालले गृहयुद्ध पनि। तर दुवैको मूल मुहान भने अर्कै थियो। सुडानी अनिकालको जरो खोतल्न हामीले त्यही मुहान पत्तो लाउनु जरुरी छ।

### अन्तर्कथा

सुडान १९६० को दशकसम्म अनिकाले देश थिएन। यो मूलतः खाद्यान्नमा आत्मनिर्भर धनधान्यपूर्ण देश थियो। खाद्यान्न र पशुहरु बेला बेलामा निर्यात समेत गर्न भ्याउँथ्यो त्यसले। सुडानलाई अरब जगत्को "खाद्यान्नको डालो" भनिन्थ्यो त्यतिखेर। निकै ठूलो पैमानामा पशुपालन हुन्थ्यो सुडानमा त्यो समयसम्म। सुडानमा ठूलो ठूलो खडेरी त्यतिखेर पनि पर्थ्यो, तर त्यसले अहिले जस्तो सर्वव्यापी ज्यानमारा अनिकाल ल्याउँदैनथ्यो। उदाहरणको लागि, १९७२-७५ को भयावह खडेरीलाई लिन सकिन्छ। त्यो भयङ्कर खडेरीलाई सुडानी जनताले आफ्नो गोडामा उभिएर शानदारसाथ झेले। किनभने, १९५० र १९६० को दशकसम्म सुडानको कृषि उत्पादन, मूलतः देशको आधारभूत आवश्यकता पूरा गर्नका लागि देशकै आन्तरिक बजारभित्र प्रवाहित गरिन्थ्यो। राष्ट्रिय आधारभूत आवश्यकतालाई कुल्चेर कृषि उत्पादनलाई मूलतः निर्यातमुखी पार्ने नीति त्यतिखेरसम्म सुडानी सरकारले अपनाएको थिएन। फलतः देशमा त्यतिखेर गृहयुद्ध जारी भए तापनि सर्वनाशी अनिकाल थिएन।

सुडानमा दक्षिणबाट उत्तरतिर शिरदेखि पैतालासम्म नाइल नदी बहन्छ। नाइल नदीको पानी ढलोको वरपरको समथर उर्वर जमीनमा सुडानवासीहरु खेती गर्थे। नदीको वरपर चाहिं सुडानवासीहरु पशुपालन गर्थे वा आकाशे खेती गर्थे। सुडानको हावापानी आफैंले कतै मानिसहरुलाई स्थायी कृषक बनाउँथ्यो, कतै घुमन्ते पशुपालक। पेशा जे भएपनि सुडान १९६० को दशकमा मूलतः आत्मनिर्भर कृषिप्रधान देश थियो। ८६ प्रतिशत सुडानीहरु १९६० मा कृषि वा पशुपालनमा आधारित भएर बाँच्थे। अर्थतन्त्रमा कृषिको योगदान ५४ प्रतिशत थियो।


सुडानको बर्बादीको इतिहास स्पष्टतः १९७० को दशकदेखि प्रारम्भ भयो।


सन् १९७० मै सुडानी सरकारले नयाँ भूमि ऐन लागु गऱ्यो, जसले

भूमिमाथि व्यक्तिगत स्वामित्व अन्त्य गरेर राज्यको स्वामित्व स्थापित गऱ्यो । यही दशकदेखि सुडानी सरकारले आत्मनिर्भर कृषि-पशुपालनलाई छोडेर निर्यातमुखी व्यावसायिक खेतीको प्रारम्भ गऱ्यो । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषका ऋणका शर्तहरुको दवाबमा गरिएको यो आर्थिक नीतिको हेरफेरले सुडानमा उसको राष्ट्रिय आवश्यकता र भौगोलिक विशेषतामुताबिकको कृषिको सट्टामा अन्तर्राष्ट्रिय बजारको आवश्यकता मुताबिकको ठूलो पैमानाको यान्त्रिक खेती शुरु गऱ्यो । बाहिरबाट ठूलो मात्रामा विदेशी ऋण ल्याउने, ठूला ठूला बाँध र नहर बनाउने, ठूलो पैमानामा यान्त्रिकरण गरेर निर्यातमुखी व्यावसायिक खेती गर्ने र कृषि उत्पादन निर्यात गरेर मालामाल डलर कमाउने । निमेरी सरकारको १९७० को दशकको कृषि विकास सम्बन्धी रणनीति यस्तो बन्यो ।

यस्तो रणनीति अप्नाउनको लागि सुडानभित्रकै "जेल्लावा" नाम गरेको व्यापारीक पूँजीपति वर्गले पनि निकै महत्वपूर्ण भूमिका खेल्यो । बेलायत र इजिप्टको संयुक्त उपनिवेशबाट सन् १९५६ मा सुडान मुक्त भएपछि मध्यम वर्गका जेल्लावाहरुले आफ्नो प्रगतिको लागि केही तरक्की गर्न चाहे । औद्योगिकरणको क्षेत्रमा हात हाल्नका लागि यो वर्गसित पर्याप्त पूँजी पनि थिएन, न उत्पादन र व्यवस्थापकीय शीप नै योसित थियो । यसले गर्न सक्ने एउटा कुरा रह्यो- प्राकृतिक श्रोतहरुको दोहन । सत्ताको हरेक अंगमा बलियो पकड र पहुँच भएको यो वर्गले सुडानको बहुमूल्य प्राकृतिक श्रोतहरुको दोहनको निम्ति अनुकूल सरकार, सरकारी नीति र वातावरण खोजिरहेको थियो । यस निम्ति सरकारलाई दवाव पनि दिइरहेको थियो । त्यो अवसर उसलाई १९७० को दशकमै जुट्यो, जब निमेरी सरकारले पश्चिमको लागि सुडानी अर्थतन्त्रको ढोका खोल्यो र निर्यातमुखी कृषि नीति अप्नायो ।

सुडान यसअघिसम्म इजिप्टमा अब्दुल नासेरले अपनाएको मिश्रित समाजवादी आत्मनिर्भर अर्थतन्त्रको प्रभावमा थियो । १९६९ मा जनरल निमेरीको सरकारले सुडानमा समाजवादी राज्यको बकाइदा घोषणा समेत गरेको थियो । सुडानमा अन्तर्राष्ट्रिय पूँजी प्रवेश गर्न सजिलो थिएन । तर निमेरी सरकारविरुद्ध जुलाई १९७१ को छोटो अवधिमा सैनिक विद्रोहको घटनाले यो स्थितिमा कायापलट ल्याइदियो । सुडानी कम्युनिष्ट पार्टी समर्थित यो विद्रोहलाई पश्चिमाली पूँजीवादी राज्यहरुको सहयोगमा छिटै असफल पारियो । निमेरी पुनः सत्तामा आए । तर त्यसपछि उनले समाजवादी सिद्धान्त र समाजवादी खेमा





*सुडानी राष्ट्रपति बसीर र SPLA का नेता जोन गराङ्ग*

**सरकार अहिले पनि त्यहाँ तेल उत्खनन् गर्न केभरोन र अन्य कम्पनीलाई निम्त्याइरहेछ, तर त्यहाँ जान कोही तयार छैन ।**

दुवैसित पूरापूर सम्बन्ध विच्छेद गरे । सुडानमा अब पश्चिमेली खुला बजार अर्थतन्त्र भएको घोषणा लागू गरियो । सुडानी बजार अब पश्चिमाली पूँजी प्रवेशको लागि खुल्ला गरियो । अब सुडानको कृषि उत्पादनको लक्ष्य आन्तरिक बजार होइन, अन्तर्राष्ट्रिय बजार गरियो ।

सुडानको जनरल निमेरीको सरकारले हचुवामा गरेको यो आर्थिक र कृषि नीतिको व्यापक परिवर्तनले सुडानको कृषि अर्थतन्त्रमा भयावह परिवर्तन ल्यायो ।

राज्यले सन् १९७० को नयाँ ऐन मुताबिक तरक्की गर्न चाहने उत्तरी सुडानका मध्यम वर्गीय "जेल्लावा" हरुलाई ठूलो पैमानामा यान्त्रिक खेती गर्ने अनुमति दियो । उनीहरुले भूमिमा ट्याक्टर लगाएर यान्त्रिकरण गर्दा परम्परागत रुपमा खेती र पशुपालन गर्ने लाखौं साना कृषक उत्पादकहरुको खेती गर्ने जमीन, चरिचरन, खानेपानीको मुहान, र गाईवस्तु चरनसम्म लैजाने बाटो जवर्जस्ती खोसियो । १९७० को दशकदेखि २० वर्षकै अवधिमा यो प्रक्रियाबाट उत्तरी सुडानमा करिब ६० लाख साना उत्पादकहरु संपत्तिविहीन र घरवारविहीन भए । ४०-५० लाख मानिसहरु या त प्रवासीका रुपमा देशै छोडेर बाहिर गए या शरणार्थी भए ।

उत्तरी सुडानको लगभग संपूर्णजसो जंगल सखाप भयो । पूर्वी सुडानमा पनि करिव ९५ प्रतिशत स्वाहा पारियो । जंगलको विध्वंशले गर्दा संपूर्ण खेतीयोग्य जमीनमध्ये आधाको माथिल्लो सतहको उर्वर माटो बगेर खत्तम भयो । अकाशे खेती हुने जमीनमा कृषि उत्पादन साविकभन्दा ३० प्रतिशतले ह्रास आयो । बर्षा पनि साविकभन्दा आधा मात्र हुन थाल्यो र खडेरी ज्यादै छिटो छिटो हुन थाल्यो ।

१९६० को दशकको तुलनामा अचेल सुडानमा खडेरी अति ज्यादा किन परिरहेछ ? किन खडेरी पर्ने बित्तिकै त्यहाँ सर्वनाशी ज्यानमारा अनिकालले ग्रस्त गर्छ ? यो प्रश्नको जवाफ सुडानी सरकारले १९७० को दशकमा हचुवा ढंगले गरेको निर्यातमुखी ठूलो पैमानाको यान्त्रिक खेतीमा पाउन सकिन्छ ।

दक्षिणी सुडानमा अहिले भइरहेको गृहयुद्धको कारण पनि यसैभित्र खोज्न सकिन्छ । भयो के भने, उत्तर र पूर्वमा यान्त्रिकरणको काम सकिसकेपछि जेल्लावाहरुको जोडमा यान्त्रीकरणको प्रक्रिया पश्चिमी सुडानतिर अघि बढ्यो । उत्तर र पूर्वको यान्त्रीकरणको भयावह परिणाम देखिसकेका पश्चिमी सुडान-वासीहरुले त्यहाँ परम्परागत पशुपालन र खेती स्वाहा पारेर जमीनलाई यान्त्रिकरणको निम्ति जेल्लावाहरुको हातमा सुम्पन मानेनन् । दुई दुई पटक उनीहरुले भीषण विद्रोह गरे १९७० को दशकमै । तर निमेरी सरकार परंपरागत कृषक र पशुपालकको दमनका लागि हिँसात्मक ढंगले उत्रियो । रगतको खोलो बहाएर भए पनि उसले जेल्लावाहरुको पक्षमा यान्त्रिकरणको प्रक्रिया अघि बढायो ।

१९७० को दशकको अन्तसम्ममा यान्त्रिकरणको प्रक्रिया दक्षिणी सुडानको कोर्डोफान पुग्यो । दक्षिणी सुडान खेतीयोग्य जमीन र पशुहरुको चरिचरनको लागि समस्त सुडानमै सबभन्दा अनुकूल ठाउँ थियो । त्यसमाथि थप, दक्षिण सुडानको जोङ्लेइमा सुडानी सरकारले १९७८ देखि बाह्य ऋणमा विशाल बाँधको निर्माण शुरु गऱ्यो । यो बाँधले डिंका, शिलुक, र लुएर जनजातिका साढे चार लाख कृषक र पशुपालकहरुलाई उनीहरुको परम्परागत पेशाबाट र थलोबाट विस्थापित गर्ने निश्चित देखियो । त्यसैले, कोर्डोफानका परम्परागत कृषक र पशुपालकहरुले यान्त्रिकरणको डटेर विरोध गरे । तर सरकारले त्यहाँका नुवा जनजातिका कृषक र पशुपालकहरुलाई जमीनबाट धपाई छोड्यो र यान्त्रिकरण गरी छोड्यो । यो सब बलजफती देखिसकेपछि दक्षिणी सुडानका नीलोटिक जनजातिका पशुपालकहरू, जो दक्षिणी सुडानका सबभन्दा ठूला पशुपालकहरू थिए, सरकारविरूद्ध विद्रोहमा उत्रे । उनीहरूले सरकारको हचुवा यान्त्रिकरणको विरोधमा हात हतियार नै उठाए । "सुडान जनमुक्ति सेना" त्यसैको उपज हो । १९८० को दशकको मध्यमा पुग्दा कोर्डोफानका नुवा जनजातिहरू पनि सुजमुसेमा सम्मिलित भए । दक्षिणी सुडानका नीलो नाइल प्रान्तका कृषकहरू पनि सशस्त्र विद्रोहमा सामेल भए । यिनीहरू सबै एकगठ भएर दक्षिणी सुडानमा भईरहेको यान्त्रिक खेतीपातीमाथि भीषण आक्रमण गरे । छापामार आक्रमणद्वारा विशाल जोङ्लेइ बाँध र नहर आयोजना स्वाहा पारियो । ठूलो लगानी भई सके तापनि सन् १९८४ उता त्यो आयोजना सञ्चालन नै हुन सकेन । दक्षिणी सुडानको बेन्तीउ, यूनीटी, र हेग्लीगमा पेट्रोलीयम पदार्थको विशाल भण्डार भएको पत्तो लागेपछि केभरोन कम्पनीको सहयोगमा तेल खानीको उत्खनन गर्ने काममा धनाढ्य जेल्लावाहरूले निकै चाख देखाए । यो रातारात अरबपति हुने अवसर थियो उनीहरूको निम्ति । तानाशाह निमेरीले दक्षिणी सुडानको तेलको प्रशोधन केन्द्र उत्तरको पोर्ट सुडानमा राख्ने र यसलाई १४०० किलो मिटर लामो पाइप लाइनले जोड्ने योजना बनाए । योजना प्रारम्भ पनि भयो । तर विद्रोही-सुजमुसे १९८३ मा स्थापना हुने बित्तिकै यसले प्रारम्भमै दक्षिणी पश्चिम सुडानस्थित केभरोन कम्पनीको तेल आयोजनामाथि भीषण आक्रमण गऱ्यो । यो आक्रमणबाट त्रसित भएर केभरोनले फरवरी १९८४ देखि तेल उत्खनको काम नै बन्द गरेर टाप ठोक्यो । सरकार अहिले पनि त्यहाँ तेल उत्खनन् गर्न केभरोन र अन्य कम्पनीलाई निम्त्याइरहेछ, तर त्यहाँ जान कोही तयार छैन ।

यस प्रकार, दक्षिणी सुडानको गृहयुद्ध खालि जातीय धार्मिक युद्ध मात्र रहेको छैन, यो उत्तरी सुडानका शासक वर्गले जवर्जस्ती दक्षिणी सुडानको स्रोत साधनामाथि हस्तक्षेप र अतिक्रमण गर्न खोज्दा त्यसबाट प्रभावित भएका जनताले गरेको सशस्त्र विद्रोह भएको छ । अहिले आएर दक्षिणी सुडानको उर्वर जमिन, चरिचरन, बन जंगल र प्राकृतिक स्रोत साधन उत्तरका धनाढ्य जेल्लावाहरू र इस्लामी शासक वर्गका

हातमा कुनै पनि हालतमा पर्न नदिने सवाल नै विद्रोहीहरूको मुख्य सवाल हुन पुगेको छ। धर्मनिरपेक्ष राज्य र क्षेत्रीय स्वायतता दिन सुडानी सरकार तयार भए पनि विद्रोही सुडानीहरूले छुट्टै राज्यको माग गर्नुको पछाडि यही कारण अन्तरनिहित देखिन्छ। गृहयुद्धको शुरूको चरित्र, उद्देश्य र पछि गएर दिशा नै किन बदलियो ? त्यसको जवाफ यही कारणभित्र लुकेको छ।

अहिले आएर दक्षिणी सुडानीहरूको विद्रोहमा खालि दक्षिणी सुडानीहरूमात्र सामेल देखिन्नन्। सुडानी सरकारको निर्यातमुखी कृषिले विस्थापित र बर्बाद गरेका लाखौं हरिकंगालहरू र बेरोजगारहरू पनि यसमा सरिक भएका देखिन्छन्। गृहयुद्धको दायरा दक्षिणी सुडानको सीमाबाट धेरै अगाडि बढिसकेको छ। १९८५ मा जनताको लोकप्रिय विद्रोहबाटै निमेरी सरकारको पतन भयो। अहिले सुडानमा राष्ट्रपति जनरल बशीरको सरकार छ। उत्तरी सुडानका सबैजसो विपक्षी पार्टीहरूले जोन गराङ्गको अगुवाई रहेको सुडान जनमुक्ति आन्दोलन र जनमुक्ति सेनाको नेतृत्व स्वीकार गरेर एउटा राष्ट्रिय प्रजातान्त्रिक मोर्चा (National Democratic Alliance–NDA) नामको छाता संगठन बनाएका छन्। गृहयुद्ध अहिले त्यसैको मातहतमा जारी छ।

निर्यातमुखी व्यावसायिक खेतीले सुडानको राष्ट्रिय अर्थतन्त्र अन्ततः बर्बाद भएको छ। १९७० को दशकमा निर्यात ह्वात्त बढेर डलरको मोटो थैली भित्रिन थाल्नाले सरकार दङ्ग भएको थियो। जेल्लावाहरू रातारात धनाढ्यबाट महाधनाढ्य हुन पुगेका थिए, सुडान अरब जगतको 'रोटीको डालो' हुन पुगेको थियो। विश्व बैंकले ठूलो मात्रामा सुडानमा ऋण सहायता प्रवाहित गर्न लागेको थियो। उसको ऋणमध्ये आधा जस्तो कृषि क्षेत्रमा यान्त्रिकरण गर्नका लागि नै केन्द्रित थियो। मुद्राकोष सुडानलाई ऋण दिन निकै उत्सुक देखिन्थ्यो। सुडानले कपास मात्र होइन, जुनेलोको पनि निर्यात गरेर साउदी अरेबियाबाट मालामाल पेट्रोडलर कमाउन लागेको थियो।

तर यो निर्यात-मधुमास एक दशक पनि कायम रहेन। अन्तर्राष्ट्रिय बजारमा खाद्यान्नको भाउ भसक्कै घट्यो। यसबाट सुडानको निर्मातमुखी कृषि उत्पादन नराम्ररी घाटामा गयो। जंगलको विनाशले गर्दा सुडानले निर्यात गर्दै आएको काठ र गम अरेबिकको निर्यात पनि अब संभव भएन। भारी मात्रामा विदेशी ऋण लिएर निर्माण गर्न थालिएको भीमकाय जोङ्लेइ बाँध र नहर आयोजना पनि बीचैमा उत्तिकै छोड्नु पर्नाले करोडौं डलर त्यसैमा मुफ्तमा डुब्यो। यी सबले गर्दा सुडानको विदेशी ऋण चौपट्टै चुलियो। सन् १९७० मा २९.८ करोड डलर मात्र रहेको विदेशी ऋण १९९५ मा पुग्दा ५९ गुणा बढेर १७ अरब ६२ करोड डलर पुग्यो। सुडानी राजस्वको अत्यन्त ठूलो भाग यो ऋणकी सावाँ ब्याज चुक्ता गर्दै ठीक्क हुने भयो।

सुडानी अर्थतन्त्र तब भयङ्कर संकटमा पर्‍यो, जब अन्तर्राष्ट्रिय मुद्राकोषले सुडानमाथि ढाँचागत समायोजन कार्यक्रम लाद्यो। यस कार्यक्रमअन्तर्गत सुडानी मुद्रा पाउण्डको निकै चर्को मुद्रा अवमूल्यन गर्न लगाइयो। सुडानी मुद्राले आफ्नो मूल्यमा ९९.७ प्रतिशत गिरावट व्यहोर्नु पर्‍यो। सन् १९८० देखि ९३ सम्ममा प्रति वर्ष सरदर ४२.८ प्रतिशतका दरले सुडानी मुद्राको मुद्रास्फीति भयो। यति चर्को महँगी दरले गर्दा उतिकै हरिकंगाल विस्थापित सुडानीहरू विपन्नताको महासागरमा हेलिन बाध्य भए।




रातारात ठूला ठूला योजना आँकेर "कोसेली विकास" गर्न खोज्दा एउटा अति ठूलो संभावना बोकेको देश कसरी बर्वाद हुन्छ, त्यसको ज्वलन्त उदाहरण सुडान हो।

भोकले मर्नै आँटेकी एक सुडानी बालिका आफ्नी आमा र भाडको छेउमा उद्दार केन्द्रमा पल्टि-रहेकी छिन्

सन् १९७८ देखि १९८४ का बीचमा मात्र मुद्रा कोषले सुडानी सरकारमाथि हस्तक्षेप गरेर ५ बटा संझौता गर्न बाध्य पार्‍यो। संझौता अनुसार, सुडानी सरकारले सुडानमा १९८२ देखि १९८५ सम्म भयानक अनिकाल छँदाछँदै छानिएका वालीहरूको निर्यातमुखी खेती गर्न बाध्य हुनु पर्‍यो। उदाहरणका लागि, यो तीन वर्षको अवधिमा सुडानमा खानेकुरा नै नभएर हज्जारौ मानिस मारिरहेका थिए, तर यही समयमा सुडानले ६ लाख २१ हजार मेट्रिक टन जुनेलो निर्यात गर्न विवश हुनुपर्‍यो। ७० को दशकमा सुडानलाई चाहिने गहुँमध्ये ४८ प्रतिशत गहुँ सुडान आफैले उत्पादन गर्न सक्थ्यो। तर ढाँचागत समायोजन कार्यक्रम अन्तर्गत गहुँ उत्पादनलाई क्षमताको २८ प्रतिशतमा झारेर त्यसको ठाउँमा निर्यातमुखी कपास खेती गर्न विवश पारियो।

यति मात्रै होइन, अनिकालको महामारी फैलिएकै बेला सरकारलाई कृषि सामग्री, खानेकुरा, स्वास्थ्य र आधारभूत आवश्यकताका वस्तुहरूमा दिई आएको सरकारी अनुदान घटाउन वा हटाउन बाध्य पारियो। यी सब कार्वाहीले सुडानका विपन्न वर्ग र गरीबखाने वर्गको क्रय क्षमतामा अकल्पनीय ह्रास आयो। १९७८ देखि १९८४ को बीचमा मात्र ४५ लाख मानिसहरू यो प्रक्रियाबाट चरम गरीबीको रेखामुनि पुगे। भोकमारी, चोरी, वेश्यावृत्ति, मगन्तेपन वा सडकमा मृत्यु- यही मानिसको नियति बन्यो।

सुडान १९६० को दशकसम्म खाधान्नमा आत्मनिर्भर मुलुक थियो। विश्व बैंकको निर्देशनमा निर्यातमुखी व्यावसायिक खेतीको नीतिले गर्दा १९८८ मा पुग्दा वर्षको ७ लाख मेट्रिक टन खाद्यान्न आयात गर्नु पर्ने स्थितिमा सुडान पुग्यो। ६ लाख टन खाद्यान्न त उसले त्यो वर्ष खाद्य सहायताबाट मात्रै प्राप्त गर्‍यो।

अहिले सुडान भयावह आर्थिक संकट भोगिरहेछ। देशको ७० प्रतिशत जनताको रोजीरोटीको स्रोत बनेको परंपरागत कृषि र पशुपालन बर्बादको स्थितिमा छ। राजस्व धेरैजसो विदेशी ऋणको सावाँ ब्याज तिर्दै खत्तम हुन्छ। त्यसमाथि थप, सुडानी सरकारको गृहयुद्धको खर्च प्रति दिन १० लाख डलर भएको बताइन्छ। यो स्थितिमा उद्योग कुन पैसाले विकास गर्ने ? सामाजिक सेवाको बील कुन स्रोतबाट व्यहोर्ने ? राज्य नै कुन पैसाले चलाउने ?

सुडानमा अहिले पनि पेट्रोलियम पदार्थको विशाल भण्डार छ। सुनको बहुमूल्य खानी छ। आफ्नो राष्ट्रको भूगर्भभित्र क्रोमियम, तामा, मार्वल, माइकाको र चुनको वहुमूल्य भण्डार छ। तर त्यो निकाल्ने पैसा र संस्थागत क्षमता आफूसित छैन। यस्तो निरीह स्थितिमा सुडान पुगेको छ।

देश विकासका लागि प्रशस्त साधन र स्रोत आफैसित हुँदाहुँदै-अहिले सुडान विदेशी साहूकारहरूले उठ भने उठ्, बस् भने बस् गर्नुपर्ने स्थितिमा पुगेको छ।

विकासका लागि सारा संभावना, साधन, स्रोत, संपत्तिको भण्डार। विकासका लागि सारा आफैसित भएर पनि, आफ्नै बलबुता र संस्थागत क्षमता विकास नगरी, आफ्ना सबलता, विकास र संभावना केमा छ र त्यो कसरी हुन्छ ? त्यो विचार नगरी विदेशी सहायताका भरमा हचुवामा र रातारात ठूला ठूला योजना आँकेर "कोसेली विकास" गर्न खोज्दा एउटा अति ठूलो संभावना बोकेको देश कसरी बर्वाद हुन्छ, त्यसको ज्वलन्त उदाहरण सुडान हो। हरेक चार पाँच वर्षमा दोहोरिरहने सुडानको चक्र जस्तो अनिकाल त त्यसैको परिणाम मात्र हो।

त्यसैले, सुडानमा भयावह अनिकाल गृहयुद्धको कारणले चर्केको हो: त्यहाँको पट्क पट्क दोहोरिरहने अनिकाल चाहिँ त्यहाँका शासकहरूको मूर्खता र साम्राज्यवादीहरूको जालले गर्दा पैदा भएको हो।

## नेपालको लागि शिक्षा

सुडानको अनिकाल नेपालको लागि ज्वलन्त शिक्षा हो। नेपालका शासकहरूको विकाससंबन्धी धारणा दुरूस्तै उस्तै छ, जस्तो सुडानका शासकहरूको थियो। आफ्नो औकात नहेर्ने, आफ्नो सबलता र मूर्त संभावना नहेर्ने, मूलतः आफ्नै गोडामा टेकेर, आफ्नै संस्थागत क्षमता विकास गरेर देशको विकास गर्न नखोज्न हचुवामा जति ज्यादा विदेशी सहायता र लगानी ओइर्‍याउन सकियो, त्यसैमा विकासको संभावना देख्ने "कोसेली विकास"को यो मानसिकता सुडानी शासकहरूमा जस्तै नेपाली शासक वर्गका पनि भरपूर छ। नेपालमा कृषि क्षेत्रमा अहिले त्यही मुर्खता गरिँदै छ, जुन सुडानमा निर्यातमुखी खेतीका नाममा गरिएका थियो। बाटो उही, मानसिकता उही भएपछि के पुग्ने ठाउँ मात्र अलग होला ? नेपाली जनताहरूले बेलैमा सोच्नु र गम्भीर हुनु जरूरी छ।

## अहिले

अहिले सुडानमा विद्रोहीहरूको शक्ति काफी मात्रामा बढ्दैछ। जोन गराङ्गको नेतृत्वमा सुडानी जनमुक्ति सेनाले अहिले उत्तरपूर्व सुडानमा पनि नयाँ मोर्चा खोलेको छ। चाँडै नै सम्पूर्ण सुडानमा आफ्नो शासन कायम गर्ने सपना बोकेर विद्रोही सेना अघि बढ्दै छ। अमेरिकाको पहलमा सुडानका छिमेकी राष्ट्रहरू इथियोपिया, इरिट्रिया, युगाण्डा र कंगोका सरकारहरू सुडानको इस्लामी सरकार

(बाँकी ३८ पेजमा)

**आलुको भाउ तीन दोब्बर !!!**
**प्याजको भाउ डेढ दोब्बर !!**
**तेलको भाउ डेढी !**




# हैन, महँगी किन यति अचाक्ली हँ ?!

यसपालि गिरिजा सरकार सत्तामा आउने बित्तिकै राज्य आतंक मात्र चर्किएन, त्यत्तिकै भयावह रूपमा महँगी पनि चर्कियो । राज्य आतंकले दुई महिनामै सयौं निर्दोष नागरिकहरूको ज्यान लियो, महँगी-आतंकले लाखौं गरीब नेपालीहरूको जीवनलाई मर्नु न बाँच्नुको दोसाँधमा पुऱ्याएको छ ।

पोहोर यही साउन महिनामा गृहिणी इन्दिरा भाउजू ५० रुपियाँको नोट लिएर बजारमा जाँदा दुई किलो मन्सुली चामल, दुई किलो आलु र दुई पाउ प्याज समेत किन्न भ्याउनु हुन्थ्यो । तर यो वर्षको साउनमा बजार भाउले धरहरा छोएको छ- अब त्यति पैसाले दुई किलो आलुबाहेक अरू केही आउँदैन ।

"हैन, नेपालमा पार्टीहरू सबै मरी नै सके कि के हो ? किन यति अचाक्ली महँगी बढ्दा पनि कुनै पनि पार्टी सडकमा जुलुस लिएर निक्लिँदैन ?" इन्दिरा भाउजू आक्रोश पोख्दै कराउनुहुन्छ ।

तर यो इन्दिरा भाउजूको मात्र गुनासो होइन । अचेल शहरी क्षेत्रका टोलटोलमा मानिस जम्मा भए कि सबै इन्दिरा भाउजूकै भाषा बोल्छन् । इन्दिरा भाउजू राजनीतिमा चाख भएकी मान्छे नै होइनन्, तर उनी र उनीजस्ता हज्जारौं इन्दिरा भाउजूहरू अचेल सडकमा रित्तो डेक्चीसहितको जुलुस खोजिरहेछन् ।

यो वर्षको नेपालको महँगी कुनै सामान्य ५-७ प्रतिशतको महँगी होइन । गएको साउनमा ६६ रुपैयाँ लिटरको तोरीको तेललाई यो वर्षको साउनमा १०५ रुपैयाँ तिर्नुपर्ने भएको छ । यो भनेको ५९ प्रतिशत भाउवृद्धि हो । १२ रुपैयाँ किलोको प्याज यही समयावधिमा ३० रुपैयाँ भएको छ । यो १५० प्रतिशत मूल्यवृद्धिको उदाहरण हो । अझ आलुको भाउ त प्रतिकिलो ८ बाट २३ पुगेको छ । १८७ प्रतिशत महँगी बढेको ज्वलन्त प्रमाण हो यो ।

यो त वर्ष दिनको बजारभाउमा आएको फरक हो । गोलभेंडाको थोक मूल्य त अझ प्रतिकलो १३ रुपैयाँबाट ३३ रुपैयाँ पुगेको छ, यही आषाढको पहिलो हप्ता र साउनको पहिलो हप्ताको बीचमा । यो भनेको १५४ प्रतिशत मूल्यवृद्धि हो ।

गिरिजा सरकार भर्खरै सत्तामा आएयताको हिसाबबाट भन्ने हो भने आम जनताले खाने मन्सुली चामल चारै महिनापछि यही वैशाखबाट साउनमा पुग्दा २९ प्रतिशत महंगो भएको छ । चनाको दाल २५ प्रतिशत महंगो भएको छ र तरकारी पकाउन नभई नहुने लसुन ४३ प्रतिशत महंगो भएको छ ।

यो भयावह महंगीले नेपालका सीमान्त आय भएका सम्पूर्ण निम्न पूँजीपति वर्गहरुको महिनाबारी बजेट डाँवाडोल भएको छ । यो महंगीले उनीहरुलाई एकाएक अर्द्ध-सर्वहाराकरण गरेको छ । आजै कमाएर आजै अघौंजी खान नपुग्ने गरीब कामदारहरुको त यसले बिल्लीबाठ नै पारेको छ ।

"पोहोर महिना दिन खान पुग्ने मेरो तलब अहिले १५ गते नपुग्दै सकिन्छ र बाँकी १५ दिनका लागि त मैले या त ऋण वा पेश्कीको शरणमा जानुपर्छ या अन्त कतै पार्टटाइम काम गर्न थाल्नुपर्छ", आफ्नो तलबले चार जनाको परिवार धान्ने एक जना शाखा अधिकृत यस्तो बताउँछन्- "अब एक जनाको तलबले एउटा काम गरेर एउटा परिवार धान्ने जमाना गयो ।"

शाखा अधिकृत तहका मान्छेको यो दुर्दशा भएपछि वर्तमान महँगीले निम्न तहका कर्मचारीहरुको जीवन कति अभावग्रस्त र बर्बाद पारेको होला, सहजै अनुमान गर्न सकिन्छ ।

नेपाल राष्ट्र बैंकका अनुसार, प्रत्येक नेपाली परिवारका ६१ प्रतिशत आय खानेकुरामै खर्च हुन्छ । खानेकुरामध्ये पनि अधिकांश नेपालीहरुले सबभन्दा ज्यादा प्रयोग गर्ने चामल, दाल, तेल, आलु र प्याज हो । आलु प्याज नेपालीहरूको प्रमुख तरकारी हो । अहिले तिनै दैनिक उपभोग्य वस्तुहरूको भाउले सगरमाथा छोएको छ । यही कारणले तीन चौथाई नेपाली परिवारमा अहिले भयावह महँगी-आतंक छाएको छ । अरु त अरु, नेपालको खातापिता मध्यम वर्गलाई समेत यो आतंकले प्रभावित पार्न थालेको देखिन्छ ।

तर हरेक नेपालीले प्रत्येक दिन उपभोग गर्ने खानेकुराको भाउ किन बढिरहेछ त यति अचाक्ली ? के यो उत्पादन नै कम्ति भएर हुन गएको स्वाभाविक महँगी हो ? व्यापारीहरू भनिरहेछन्- यो महँगी भ्याटको परिणाम हो । सरकार भनिरहेछ- यी वस्तुमा भ्याट नै लाग्दैन, अनि कसरी भ्याटले महँगी बढ्छ ? व्यापारीहरूले कृत्रिम अभाव खडा गरेर बजाउभाउ बढाएका हुन् ।

## गिरिजा सरकार सत्तामा आएपछि बजारभाउ कति बढ्यो ?

| | वैशाख ३१ २०५५ | श्रावण १५ २०५५ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| आलु रातो प्रतिकिलो | १२।- | २३।- | ९१.६६ |
| लसुन प्रतिकिलो | ३५।- | ५०।- | ४२.९ |
| चामल मन्सुरी प्रतिकिलो | १४।- | १८।- | २८.६ |
| मसिनो चामल प्रतिकिलो | २६।- | ३०।- | १५.४ |
| चनाको दाल प्रतिकिलो | ३६।- | ४५।- | २५.० |
| भटमास प्रतिकिलो | २८।- | ३०।- | ७.१ |
| तोरीको तेल प्रतिलिटर | ७६।- | १०५।- | ३८.२ |
| भटमासको तेल | ७६।- | ८०।- | ५.३ |

*स्रोत : कृषि विभाग, बजार विकास महाशाखा*

### वास्तवमा सत्य हो के ?

#### कारण

अहिलेको महँगी भ्याटले गर्दा भएको हो भन्ने व्यापारीहरूको दावीमा कुनै तुक देखिँदैन र यी वस्तुमा भ्याट नै लाग्दैन भनेर सरकारले पनि जनतालाई सीधा सीधा झुठा बोलिरहेको देखिन्छ ।

व्यापारीहरूको दावी किन असत्य छ भने, अहिले यी वस्तुहरू उत्पादन गर्ने र बिक्री गर्नेहरू भ्याटअन्तर्गत दर्ता नै भइसकेका छैनन् र महँगी बढेका कुनै पनि वस्तुमा भ्याट लागिसकेकै छैन । त्यसैले भ्याटले गर्दा यी वस्तुहरुको भाउ बढेको भन्ने व्यापारीहरूको भनाइमा चरम महँगीले गर्दा आक्रोशित जनताको रीस भ्याट र भ्याट लगाउने सरकारतर्फ मोडिदिने चालबाजी लुकेको देखिन्छ । भ्याटले गर्दा हरेक ठूला दुई नम्बरी व्यापारीको आम्दानी खुलस्त देखिने भो र उनीहरू आयकरको फन्दामा पर्नुपर्ने भो भनेर एकथरी ठूला व्यापारीहरू औधी भयभित छन् । अहिले भ्याटले गर्दा महँगी बढेको भनेर तिनै व्यापारीहरूले हल्ला मच्चाइरहेका देखिन्छन् । यसमा कुनै सत्यता देखिन्न ।

यी वस्तुहरूमा अहिलेसम्म भ्याट लागि नसके तापनि भ्याट नै लाग्दैन भन्ने अर्थ मन्त्रालयको सार्वजनिक सूचना पनि सरासर झुठो देखिन्छ ।

हो, मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा यी वस्तुहरूलाई "आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरू" भनिएको थियो । त्यो ऐनको अनुसूची १ (क) मा "आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरू" भन्नाले- "अप्रशोधित आधारभूत खाद्य पदार्थहरू (चामल, दाल, पीठो, ताजा माछा, मासु, दूध, फुल, फलफूल, खाने तेल" भनेर किटान गरिएको थियो । र, यस वस्तुहरूमा त्यस ऐनले भ्याट छूटको व्यवस्था गरेको थियो ।

तर अर्थमन्त्री रामशरण महत स्वयम्द्वारा अहिले चलिरहेको संसद अधिवेशनमा प्रस्तुत आर्थिक विधेयक, २०५५ को अनुसूची ४, दफा १९, पृष्ठ ७७ ले स्पष्ट भाषामा- "मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा "हेरफेर भनेर" (क) समूह २ को खण्ड 'क' हटाइएको उल्लेख गरेको छ । यसको मतलब जुन वस्तुहरूमा भ्याट छूट भनेर मूल्य अभिवृद्धि कर ऐन-२०५२ ले व्यवस्था गरेको थियो, त्यो व्यवस्था-नयाँ आर्थिक विधेयकले खारेज गरेको छ ।

भलै यो विधेयक ऐन बनिसकेको छैन तर अर्थ मन्त्रालयले त यी वस्तुहरूमा भ्याट लगाउने भनेर प्रस्तावित गरिसकेको छ । यस स्थितिमा यी वस्तुमा भ्याट नै लाग्दैन भनेर

सार्वजनिक सूचना जारी गर्ने नैतिक अधिकार अर्थ मन्त्रालयसित कसरी रहन्छ ? वास्तविकता के हो भने, यो विधेयक पास भएर लालमोहर लाग्ने बित्तिकै यी वस्तुहरूमा भ्याट लाग्ने परिपक्का छ। त्यसैले सरकारको यो कदमको सर्वत्र विरोध हुनु जरूरी छ।

२०५३ सालको तुलनामा २०५४ सालमा धान र गहुँ बालीको उत्पादनमा विषम मौसमका कारण थोरै ह्रास आएको निश्चित हो। आर्थिक वर्ष २०५४।५५ को आर्थिक सर्वेक्षणले यो अवधिमा खाद्यान्न बालीको उत्पादन १ प्रतिशतले घटेको उल्लेख गरेको छ (हेर्नुहोस्- आर्थिक सर्वेक्षण, २०५४/५५, पृष्ठ ५)। तर यही कारणले चामलको भाउमा २० प्रतिशत वृद्धि गर्नुपर्ने कुनै आवश्यकता देखिन्न, न त दालकै बजारभाउ २२ प्रतिशतले बढाउनुपर्ने जरूरी देखिन्छ। यो महँगीमा दाल चामलका एकाधिकार ठूला व्यापारीहरूको बदनियतपूर्ण घोटाला स्पष्ट देखिन्छ। त्यस्ता ठूला व्यापारीहरू नेपालमा २०-२२ जना मात्र भएको बताइन्छ र उनीहरूको गोदाममा छापा मारियो भने प्रशस्त मात्रामा दाल चामल थुपारेर राखेको भेटिने स्पष्ट छ। उनीहरू कृत्रिम अभाव खडा गरेर भ्याट लगाउने सरकारप्रति जनताको आक्रोश बढाउने काम पनि गरिरहेछन्, कृत्रिम महँगीबाट आफ्नो नाफाको मार्जिन अधिकतम पनि पारिरहेछन्।

प्रश्न त के छ भने, जनताको आधारभूत आवश्यकताका वस्तुमा यति भयानक महँगी कृत्रिम रूपमा बढाईंदा पनि सरकार किन तमासे भैं चूप छ ? किन ऊ कृत्रिम अभाव खडा गर्नेहरूको गोदाममा छापा मार्दैन ? किन दाल चामलको मूल्य पोहोरकै लेबलमा झार्दिन ?

आलुको भाउ पोहोरभन्दा तीन गुणा बढ्नुमा भने अरू नै कारण जिम्मेवार देखिन्छ। पहिलो कुरा त, यसपाली तराईमा र सीमावर्ती भारतमा आलुको फसल निकै नराम्रोसित बिग्रियो। हिउँदको प्रारम्भमा महिना दिनसम्म बदली हुनु र शीतलहर चल्नुले गर्दा बालीमा ठूलो क्षति भयो। आलु मात्र होइन, तोरी र टमाटरको पनि यही हविगत भयो। यही कारणले तराई र भारतीय सीमावर्ती क्षेत्रबाट आपूर्ति हुने आलु यसपाली बजारमै आएन। उल्टो, त्यहाँ अरू क्षेत्रबाट आलु पठाइनुपर्ने स्थिति रहयो। भारतमा आलुको मूल्यमा पोहोरभन्दा ८० प्रतिशतले वृद्धि भयो।

दोस्रो कुरा, नेपालकै तराई क्षेत्रमा पहाडी क्षेत्रबाट आलु पठाइनुपर्ने स्थिति हुँदाहुँदै सिजनको बेलाको पहाडी क्षेत्रको सस्तो आलु बिनाकुनै रोकटोक ठूलो मात्रामा भारत पठाउन दिइयो। सरकारले यसमा कुनै रोक लगाएन।

## कति बढ्यो भारतमा खुद्रा बजारभाउ ?

| | जुलाई १९९७ | जुलाई १९९८ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| आलु प्रतिकिलो | भारु ७/- | १२।६० | ८०% |
| गोलभेंडा प्रतिकिलो | भारु. १७।६० | ३७।३० | ११९.९% |
| प्याज प्रतिकिलो | भारु ८।४० | १५।३० | ८२.१% |
| चामल प्रतिकिलो | भारु १८/- | २२/- | २२.२% |
| गहुँ प्रतिकिलो | भारु १६/- | १८/- | १२.५% |
| खानेतेल प्रतिलिटर | भारु ४७/- | ५९/- | २५.५% |

*स्रोत : India Today July 20, 1998*

## कति बढ्यो नेपालमा खुद्रा बजारभाउ ?

| | साउन २०५४ | साउन २०५५ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| मोटो चामल प्रतिकिलो | १५/- | १८/- | २०% |
| मासको दाल प्रतिकिलो | ३७/- | ४५/- | २१.६% |
| आलु प्रतिकिलो | ८/- | २३/- | १८७.५% |
| प्याज प्रतिकिलो | १२/- | ३०/- | १५०% |
| तोरीको तेल प्रतिलिटर | ६६/- | १०५/- | ५९% |

*स्रोत : कृषि विभाग, कृषि बजार महाशाखा*

आलु प्याजका थोक बिक्रेता, टुकुचा किसान बजारका काजीबहादुर साहू भन्छन्- "गएको चैत वैशाखतिर १०/१२ रुपैयाँ धार्नीमा पाँच खालको आलु, नाला र पनौतीको आलु प्रशस्त मात्रामा पाइएको स्थिति थियो। त्यो आलु धरान, बिराटनगर र वीरगन्जका आलु व्यापारीको साथ लिएर भारतीयहरूद्वारा थलोबाटै ठूलो मात्रामा भारत लगियो। थानकोटमा मात्र कडीकडाउ गरेर सरकारले आलु भारत लैजानमा रोक लगाएको भए यसपाली नेपालमा आलुको हाहाकार नै हुने थिएन। बढी से बढी २०/२५ रुपैयाँ धार्नीमा आलु दिनु सम्भव हुन्थ्यो। सरकार बेलामा बुद्धि पुऱ्याउँदैन, अहिले कराएर हुन्छ ? आलुको भाउ डेढीदेखि दोब्बरसम्म महँगो भएको तराईमा फसल बिग्रेर हो, तेब्बर महँगो भएको चाहिं भारतमा लान दिएर हो। सरकार जिम्मेवार छ यति चर्को आलुको भाउ बढेकोमा।" काजीबहादुर साहू आक्रोस पोख्दै भन्छन्।

आलुको भाउ अचाक्ली बढ्नुमा आलु अति सस्तो हुँदा किनेर कोल्ड स्टोरेजमा जम्मा गरेर अति महँगोमा बेच्नेहरू पनि केही मात्रामा जिम्मेवार देखिन्छन्। काठमाडौं उपत्यकामा दुईवटा कोल्ड स्टोरेज छन्- बालाजुको कोहीनूर कोल्ड स्टोरेज र भक्तपुर जघाटीको जघाटी कोल्ड स्टोरेज। त्यसमध्ये सबभन्दा ज्यादा आलु कोहीनूर कोल्ड स्टोरेजमा थुपारिएको देखिएको छ।

"पहाडी क्षेत्रमा नाला, पनौती, पाँचखाल, साँखु, धादिङ, जिरी, टिस्टुङ, पालुङ- आलु सबभन्दा ज्यादा उत्पादन गर्ने ठाउँहरू हुन्, त्यसमध्ये पनि सबभन्दा ज्यादा आलु पाँचखालबाटै आउँछ", काजीबहादुर साहू भन्दछन्। तीन-चार महिनाअघि "सिजनको बेला, त्यहाँ १०/१२ रुपैयाँ धार्नीमा आलु किनियो। अहिले आलु कोल्ड स्टोरमा थुपार्नेहरूले ४०/५० रुपैयाँ धार्नीमा बेच्दैछन्। तर कोल्ड स्टोरेजमा थुपार्नेहरू धेरै छैनन्। केहीले त बीउको लागि मात्रै थुपारेका छन्", उनी भन्छन्।

तीन पीपले पाँचखालका खुद्रे आलु व्यापारी डम्बरबहादुर लामा भन्छन्- "पाँचखालका किसानहरूले आलु बेच्दा धार्नीको १०/१२ रुपैयाँमा बेचेका थिए। वैशाखको अन्ततिर ज्यादा महँगो हुँदा १८/२० रुपैयाँसम्म पुगेको थियो भाउ। अहिले त्यही आलु थुपार्ने साहूहरू धार्नीको ४०-५० रुपैयाँमा आलु बेच्दैछन्। साहू, हलक्क, किसान खत्रक्क- यस्तै छ नियम नेपालमा।"

वास्तवमा सरकारले आलु उत्पादन हुने ठाउँहरूमा अनुदान दिएर उत्पादक किसानहरूको सहकारी कोल्ड स्टोरेज र केन्द्रीय रूपमा ठूलो र सस्तो सरकारी कोल्ड स्टोरेजको व्यवस्था गर्ने हो भने नेपालमा आलु हाहाकार हुने र जम्माखोर व्यापारीहरू मात्र मोटाउने, किसानहरू ठहरै हुने अहिलेको स्थिति अन्त गर्न सम्भव देखिन्छ। त्यसमाथि थप, सरकारले कडाइपूर्वक आधारभूत आवश्यकताका कुनै पनि वस्तुहरू राष्ट्रिय आवश्यकता पूरा नगरी निर्यात गर्न नदिने नीति अपनाउनु जरूरी छ। यो नीति अपनाइएको भए यसपाली आलुको कुनै हाहाकार नै हुने थिएन र यसको भाउ यति अचाक्ली बढ्ने नै थिएन।

आलु जुन कारणले यति भयानक ढंगले महँगो भएको हो, त्यही कारण प्याज, गोलभेंडा, तोरीमा पनि लागू भएको देखिन्छ। तराईमा तोरीको फसल बिग्रनु र भारतमा पनि तोरीको फसल बिग्रिनुले गर्दा यसपाली तोरीको तेल केही महँगो हुनु स्वाभाविक देखिन्छ। तर तोरीको तेलमा नेपालमा पोहोरभन्दा ५९ प्रतिशतले महँगी बढेको छ, जबकि यही अवधिमा भारतमा यसको मूल्य २६ प्रतिशतले मात्र बढेको छ। भारतभन्दा नेपालमा दोब्बरभन्दा ज्यादा तेलको भाउ बढ्नुमा यहाँका तेल एकाधिकार व्यापारीहरूको भूमिका स्पष्टै देखिन्छ।

ठीक त्यस्तै, भारतमा भन्दा नेपालमा प्याजको भाउ ६८ प्रतिशत बढी महंगो देखिएको छ। भारतमा प्याजको भाउ ८२ प्रतिशत बढेको छ, जब कि उही अवधिमा नेपालमा भने १५० प्रतिशतका दरले यसको भाउ बढेको पाइएको छ। भारतमा भन्दा यहाँ ५/१० प्रतिशतसम्म भाउ यताउति हुनु स्वाभाविक मान्न सकिन्छ। तर यति चर्को मूल्य भिन्नतामा भने यहाँका जम्माखोर र नाफाखोर व्यापारीहरूको भूमिका स्पष्ट देखिन्छ।

त्यसैले, सारमा भन्ने हो भने, नेपालको अहिलेको अचाक्ली महँगी वृद्धि यहाँका नाफाखोर र जम्माखोर व्यापारीहरूको खेल हो। यो सरकारको बेहद गैरजिम्मेवारीपनाको परिणाम हो। नाफाखोर व्यापारी र जनताप्रति गैरजिम्मेवार तमासे सरकार नै महँगी-आतंकको मूल कारण हुन्। अन्यथा, नेपालमा यसपालि प्रतिकूल मौसमका कारणले थोरै महँगी त बढ्थ्यो नै, तर यति चर्को कदापि बढ्दैनथ्यो।

◆ प्रतिमान श्रेष्ठ

जनताको पक्षमा: गत साउन ३१ गते नौ वाम पार्टी नजीकका ७ वटा महिला संगठनहरूले महंगीविरूद्ध निकालेको जुलूस






# किन व्यापारीहरू भ्याटको विरोध गर्दैछन् ?

◆ तुलसीकान्त नेपाल

भ्याट (VAT) अर्थात् मूल्य अभिवृद्धि कर अहिले देशको आर्थिक जगतमा सर्वाधिक चर्चा र चासोको विषय भइरहेछ । गएको २०५४ मंसिरदेखि लागू गरिएको यो कर प्रणाली भर्खरै प्रारम्भ भएको आर्थिक वर्ष २०५५/५६ मा पूर्ण रूपमा कार्यान्वयन गर्न खोजिएको छ । शुरुमा व्यापारी तथा उद्योगीहरू संयुक्त रूपमा भ्याटको विरुद्ध लागेका थिए भने अहिले आएर उद्योगीहरू 'सुधारिएको भ्याट' को पक्षमा ओर्लेका छन् । तर, व्यापारीहरू भने अझै भ्याटको विरोधमा सडकमै ओर्लिरहेका छन् ।

मूल्य अभिवृद्धि कर र भर्खर प्रारम्भ भएको २०५५/५६ को बजेटमा उल्लेखित अन्य व्यवहारिक करबारे व्यापारीहरूको एघार दिन लामो बन्द र संघर्षको कार्यक्रमपछि सरकार र व्यापारीको संयुक्त कार्यदलबीच साउनको अन्तिम हप्तादेखि वार्ता चलिरहेको छ । तर वार्ता सहमतितर्फ अझै पुग्न सकेको छैन । व्यापारीहरू मूल रूपमा स्रोतमा मात्र भ्याट लाउने माग उठाउँदैछन् । अर्थमन्त्री चाहिँ त्यसो गर्दा भ्याट भ्याट नै नरहने, यो बिक्रीकर हुन जाने भएकाले यो माग कुनै पनि हालतमा स्वीकार्य नहुने कुरा बताउँदैछन् ।

अर्कोतिर, भ्याट लागू गरिएको सँगसँगै बजारमा वस्तुको भाउ अचाक्ली वृद्धि भएको छ । भ्याट लागू नगरिएका वस्तुहरूमा समेत अचाक्ली मूल्यवृद्धि भएको छ । व्यापारीहरूले मूल्यवृद्धिको कारण भ्याट हो भनिरहेका छन् भने सरकारले यसको दोष व्यापारीहरूलाई दिइरहेको छ । सरकारको भनाइअनुसार, भ्याट अहिलेसम्म लिइँदै आएको मनोरञ्जन कर, ठेक्का कर, बिक्री कर, होटेल कर आदि करहरूको सट्टामा आएको नयाँ कर प्रणाली भएकोले यसले बजार मूल्य बढाउँदैन, अहिले भइरहेको मूल्यवृद्धि व्यापारीहरूले सरकारको नीतिलाई असहयोग गर्ने ध्येयले बजारमा वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरी ल्याएको एउटा बदनियतपूर्ण समस्या हो ।

आखिर अहिलेको मूल्यवृद्धिको कारण हो के त ? व्यापारीहरूको भनाइ साँचो हो कि सरकारको ?

भ्याट भनेको उत्पादन तथा वितरण प्रक्रियाको हरेक तहमा लाग्ने कर हो । अर्थात् उत्पादनको तहदेखि उपभोक्ताको हातसम्म वस्तु आइपुग्दा जुन-जुन तहमा वस्तुको मूल्य अभिवृद्धि हुन्छ, त्यही त्यही तहमा अभिवृद्धि भएको मूल्यमा लाग्ने कर हो यो । हरेक तहमा जति मूल्य अभिवृद्धि हुन्छ, त्यतिमा मात्र यो कर लागू हुन्छ ।

यस्तो हुँदा न्यून मूल्यांकन गरेर भन्सारलाई ठग्दै देशमा भित्र्याइने सामानमा बाहेक विदेशबाट आयातीत कुनै पनि वस्तुको मूल्य पहिलेको बिक्री कर लागू गर्दाको स्थितिमा जति हुन्थ्यो, अहिलेको भ्याट लागू गर्दाको स्थितिमा पनि त्योभन्दा बढी हुने देखिँदैन ।

तर मूल्य वृद्धि भएको हरेक तहमा कर लाग्ने हुँदा यसबाट सरकारले पहिले जति कर असुल गर्न सक्थ्यो, त्योभन्दा बढी कर राजस्व भ्याटबाट असुल गर्न सक्छ । स्वदेशमा नै उत्पादन हुने वस्तुको हकमा पनि यही कुरा लागू हुन्छ ।

यसरी सिद्धान्ततः र आमरूपमा भ्याटकै कारणले बजारभाउ वृद्धि हुन्छ भन्ने व्यापारीहरूको आरोप तर्कसम्मत देखिँदैन ।

भ्याट सिद्धान्ततः एक वैज्ञानिक कर प्रणाली हो भन्ने कुरा स्वयं भ्याटको विरोधमा लागेका व्यापारीहरू नै भन्छन् । तर उनीहरू यो कर प्रणाली नेपालमा अहिले व्यवहारिक छैन भन्ने तर्क राख्छन् ।

No VAT को पक्षमा रहेका व्यापारीहरूले 'भ्याट नेपालमा अव्यवहारिक छ' भन्नुका केही कारणहरू रहेका छन् । पहिलो कुरो; भ्याटको प्रणाली अनुसार, भ्याटमा दर्ता भएका जो कोहीले पनि आफ्नो कारोबारको हरहिसाब सरकारसमक्ष पूर्ण रूपमा खोल्नुपर्छ, कुनै पनि वस्तु कतिमा किनेको र कतिमा बेचको भन्ने कुराको दुरूस्त चित्र सरकार समक्ष राखिनु पर्छ ।

यसले गर्दा अहिलेसम्म आफ्नो आय लुकाएर सरकारलाई आयकर तिरिरहेको वा तिर्दै नतिरिरहेका व्यापारीहरूलाई अब त्यसो गर्नु सम्भव हुने छैन । उनीहरू अहिलेसम्म १० लाख आम्दानी भए तापनि १० हजारको मात्र आम्दानी देखाएर त्यसको मात्र आयकार तिरेर मालामाल भइरहेका थिए । अब उप्रान्त त्यसो गर्न नसकिने भयो, त्यसैले उनीहरू स्रोतमा मात्र भ्याट लाउनुपर्छ भन्दै छन् । यसको तात्पर्य के हो भने, भ्याट भन्सार बिन्दुमा मात्र तिरे पुग्यो । भन्सारमा छलछाम गर्न सकिएपछि अन्यत्र आफ्नो खरिद समानको हिसाब किताव देखाउनु परेन । त्यो हिसाव किताव देखाउनु नपरेपछि खाएका सारा गुप्त आम्दानी खोल्नु परेन र सम्भावित आयकरबाट बचिने भयो । यसप्रकार, उनीहरु अहिले भ्याटको विरोध गरिरहेका छन् । उनीहरूको विरोध मूलतः भ्याटको भन्दा पनि संभावित आयकरको विरोध हो । यस मानेमा उनीहरुको विरोध राष्ट्रको हितमा देखिँदैन । राष्ट्रसित शिक्षा, स्वास्थ्य, समाजिक, सेवामा खर्च गर्नको लागि राजस्वको स्रोत बलियो हुनै पर्छ । यसको लागि ठूला व्यापारीको पनि योगदान हुनै पर्छ । तर, भ्याटको विरोध गरिनुमा व्यापारीहरूको सरकारको भ्रष्ट र अजनमुखी प्रशासनिक यन्त्रप्रति चरम अविश्वास पनि एउटा कारणको रूपमा रहेको छ, जुन जायज देखिन्छ । अहिलेसम्म सरकारी संयन्त्र निरंकुश, अपारदर्शी, सर्वसाधारणलाई झुल्याउने र दुःख दिने खालको छ । सरकारलाई कर तिर्नेलाई पनि उल्टो कर तिर्नेले नै घूस ख्वाउनु पर्ने स्थिति नेपालमा छ । सरकारी संयन्त्रमा जतातत्तै मनपरीतन्त्र र भ्रष्टचार ब्याप्त देखिन्छ । त्यसैले अहिलेको यही मेशिनरीलाई व्यापारीहरूले विश्वास गर्न सकेका छैनन् । भ्याटमा माथिदेखि तलसम्मका उत्पादक वा वितरकले सरकारी संयन्त्रसँग निरन्तर सम्पर्कमा आउनुपर्ने हुन्छ । यस अवस्थामा भ्रष्ट सरकारी कर्मचारी तन्त्रबाट ठूलो दुःख र झमेला ब्यहोर्नु पर्ने भयावह दृश्यलाई व्यापारीहरू कल्पना गर्दैछन् । र, यसकारण पनि अहिले भ्याटको विरुद्ध उनीहरूको यो गुनासो नाजायज र अतर्कसम्मत देखिन्न । सरकारले पारदर्शी नियम कानूनको व्यवस्था, चुस्त र स्पष्ट चेक एण्ड ब्यालेन्सको संयन्त्र भएको जनमुखी प्रशासन व्यवस्था र प्रहरी एवं कर्मचारीले कहीं कतै पनि दुःख दिने, घूस माग्ने प्रयत्न गर्ने वित्तिकै- तुरुन्तै र फोनबाटै उजुरी गरेर कार्वाही गराईहाल्न सकिने सार्वजनिक उजुरी संयन्त्रको व्यवस्था गरेर सन्त्रस्त व्यापारीहरू र आम जनतालाई विस्वस्त पार्न नसकेसम्म यो गुनासो खत्तम हुने देखिँदैन । मूल कुरो, सरकारमा टप्पूमा रहेकाहरूको स्वच्छ र भ्रटाचारमुक्त छवि नहुनाले नै अहिले जनतामा सरकारप्रति विश्वासको संकट पैदा भइरहेछ । के त्यो छवि हटाउन सरकारले सक्छ ? गाँठी कुरा यहींनेर देखिन्छ ।

तेस्रो कुरा, भ्याटले गर्दा व्यापारीलाई घर-पसल भाँडामा दिने घर धनीको आय खुल्न आउने स्थिति खडा हुन्छ । किनभने, व्यापारीले तिरेको घरभाडाको हिसाब देखाएपछि मात्र उसले त्यो करमा कट्टा गरेर लिन पाउँछ, नत्र पाउँदैन । तर यसो गर्ने वितिकै घर धनीले असुलेको

**भ्रष्ट सरकारी कर्मचारी तन्त्रबाट ठूलो दुःख र झमेला ब्यहोर्नु पर्ने भयावह दृश्यलाई व्यापारीहरू कल्पना गर्दैछन् । भ्याटको विरूद्ध उनीहरूको यो गुनासो नाजायज र अतर्कसम्मत देखिन्न ।**

नियमित आम्दानी छलेंग देखिन जाने हुन्छ र उसले यसवापत आयकर तिर्नुपर्ने हुन जान्छ। ऊ यसरी करको दायराभित्र आउन जरुरी हुन जान्छ। यस परिस्थितिमा भ्याटमा दर्ता भएका व्यापारिक फर्मलाई कसैले पनि हत्तपत्त घर भाडामा दिँदैनन् कि भन्ने त्रास व्यापारीहरूमा फैलिएको देखिन्छ।

वास्तवमा, घर भाडामा दिएर वर्षमा लाखौंलाख आय आर्जन गरेर पनि अहिलेसम्म कैयौं घरधनीहरू आयकरको दायराबाट बाहिर बसिरहेका छन्। यो राष्ट्रको आयको हिसाबले ठूलो नोक्सानी हो। राष्ट्रसित आय नै भएन भने उसले देश र जनताको निम्ति जरुरी खर्च धान्न विदेशी ऋणको शरणमा जानुपर्ने हुन्छ, जुन सारै प्रत्युत्पादक हुन्छ। यस हिसाबले देशको जरुरी खर्चहरूको आपूर्ति निम्ति र आर्थिक प्रगतिको लागि उनीहरूले पनि आफ्नो आयबाट केही योगदान गर्नु जरुरी छ। यस अर्थमा भ्याटको कारणले घरधनीहरू करको दायराभित्र पर्न आउनु नाजायज देखिंदैन।

अर्को कुरो, वर्षमा ३० लाखभन्दा कमको मात्र कारोबार हुने व्यापारीहरूले वा फर्मले भ्याटमा दर्ता गर्नु पर्दैन। यसले गर्दा ३० लाखभन्दा माथिका फर्महरूमा भन्दा त्यहाँ बस्तुहरू स्वभावत १० प्रतिशत सस्तो हुन्छन्। यसले गर्दा ठूला पसलहरूमा भन्दा साना पसलहरूमा मानिसहरू आकर्षित हुने संभावना पैदा हुन्छ र ठूला फर्महरूले आफूलाई विभाजन गरेर सानो-सानोमा परिणत गर्ने प्रवृत्तिको विकास हुने सम्भावना देखिन्छ।

अर्कोतिर, भ्याट दर्ता नभएका पसलबाट भ्याटको बिलबिना सामान किनेर लगियो भने जिल्लामा लैजान पाइन्न बीच बाटोमै चेक पोष्टले समात्छ। भ्याटमा दर्ता नभएका पसलहरूबाट सरकारी कार्यालयहरूले रु. १० हजारभन्दा बढीका बस्तुहरू खरीद नगर्ने भन्ने सरकारी नियम भएकाले जिल्ला-जिल्लाका, गाउँ-गाउँका ३० लाख भन्दा कम कारोबार हुने कैयौं पसलहरू पनि छूट नियम भए पनि बाध्यतावश भ्याटमा दर्ता हुनुपर्ने स्थिति पैदा हुन्छ। यसले गर्दा ३० लाखको छुट सीमा स-साना व्यापारीहरूको लागि अर्थहीन भएको छ।

यी विसंगतिहरूले गर्दा साना व्यापारीहरू पनि जिल्ला-जिल्लामा भ्याटबाट अलमलमा परेका छन्।

यस्ता विसंगतिहरू अरू पनि देखिएका छन्। उदाहरणको लागि, सुनमा भ्याट छूट दिइएको छ, तर सुनका गहनाहरूमा भ्याट लगाइएको छ; सूतीकपडामा भ्याट छूट दिइएको छ, तर सूती धागोमा भ्याट लगाइएको छ; कोलबाट पेलेको खाने तेलमा भ्याट लाग्दैन, तर मीलबाट उत्पादित खाने तेलमा भ्याट लाग्छ। यस्ता विसंगतिहरूले भ्याटप्रति व्यापक भ्रम र अन्यौल पैदा गरेको देखिन्छ।

भ्याट लागू भएपछि व्यापारीहरूले सामान ढुवानी गर्दा बाटोमा पर्ने नगरपालिका तथा अन्य चेक पोष्टहरूमा भ्याटको बिल देखाउनु पर्ने भएको छ। भ्याट लागू हुनुपूर्व अवस्थामा त व्यापारीहरूलाई प्रहरीहरूले विभिन्न निहुँमा अनेक दुःख र झमेलाहरू दिंदै आइरहेका छन् भने अब ढुवानीकै लागि भ्याटको बिल देखाउनु पर्दा प्रहरीबाट कतिमात्र घूसखोरी एवं हैरानी खेप्नुपर्ने होला भनेर व्यापारीहरू निकै त्रसित भएका देखिन्छन्। त्यसमाथि थप, भ्याट दर्ता नभएका साना पसलेबाट सामान लगिएको छ भने त ठूलो हैरानी व्यहोर्नुपर्छ। व्यापारीहरूको यो त्रास आधारहीन छैन।

भ्याटको विरोधमा लागेकाहरूमध्ये एउटा ठूलो हिस्सा आयात निर्यात गर्ने व्यापारीहरू रहेका छन्। भ्याटको प्रणालीअनुसार बजारमा आउने कुनै पनि सामानको अभिलेख सरकारसँग पुग्छ नै, किनकि भन्सार छलेर आएको सामान बजारमा आए पनि बजारमा बेच्ने व्यापारीले त्यो सामानको स्रोत खोल्नु पर्छ र त्यसको भ्याट उसले तिर्नुपर्छ। यदि कुनै पनि सामानको भ्याट भन्सारमा तिरेको छैन भने बजारमा आउँदा त्यस बिन्दुसम्मको सम्पूर्ण भ्याट बजारको खुद्रा व्यापारीले तिर्नु पर्छ; जस्तो कि, पैठारी गर्दा रु. १०० पर्ने सामान भन्सारमा भ्याट नतिरी बजारमा आउँछ भने बजारका खुद्रा व्यापारीले आफ्नो नाफा रु ५० राखेर त्यो सामान बेच्न खोज्दा उसले रु. १५० को नै भ्याट तिर्नुपर्छ। जबकि, भन्सारमा भ्याट तिरिसकेको भए उसले आफूले लिने नाफा रु. ५० को मात्र भ्याट तिरे पुग्छ। त्यसैले बजारका खुद्रा व्यापारीहरु भन्सारमा भ्याट नतिरेका सामानहरू बेच्न तयार हुँदैनन्। यसले गर्दा भन्सार नतिरी तस्करी गरेर सामान पैठारी गर्ने कारोबार भ्याटको कारणबाट स्पष्टै निरुत्साहित हुने देखिन्छ। यही भएकोले नै तस्करीमा लागेका दुई नम्बर धन्दाका व्यापारीहरूले पनि भ्याटलाई जमेर विरोध गरिरहेका देखिन्छन्। उनीहरूको यो

बाँकी ४१ पेजमा

**भ्याटका वर्तमान नियमहरूमा केही गम्भीर विसंगतिहरू छन् र भ्याट उठाउने प्रशासनयन्त्र बिल्कुलै भ्रष्ट र निकम्मा छ।**

# पूँजीवाद वर्तमान समस्याहरूको समाधान होइन !


Manifest der Kommunistischen Partei.

Veröffentlicht im Februar 1848.

London.

*लण्डनबाट १८४८ फेब्रुअरी महिनामा प्रकाशित कम्युनिष्ट घोषणापत्रको प्रथम संस्करणको आवरण पृष्ठ*

गत मे महिनाको १३ देखि १६ सम्म 'कम्युनिष्ट घोषणापत्र' को प्रकाशनको १५० औं वर्षगाँठको उपलक्ष्यमा पेरिसमा भव्यतापूर्वक अन्तर्राष्ट्रिय सेमिनार भएको छ। १५० वर्षपछि पनि पूँजीवादी-साम्राज्यवादी शक्तिहरुलाई हल्लाइरहेको यस घोषणापत्रको प्रकाशनको वर्षगाँठको सन्दर्भमा भएको सेमिनारमा विश्वसम्बन्धी ३२ वटा विषयहरुमा कार्यशाला गोष्ठी र अन्तर्क्रियाहरु आयोजना गरिएका थिए।

सो अन्तर्राष्ट्रिय सेमिनार Expaces Marx नामक वृहद मंचले आयोजना गरेको थियो। सुधारवादको दलदलमा फँसिसकेको फ्रान्सिसी कम्युनिष्ट पार्टी (Communit Party of France) र CGT (Trade Union Body) नामक ठूलो ट्रेड यूनियनको अगुवाइमा सो मंच गठित गरिएको थियो। सो सेमिनारप्रति विश्वका विभिन्न कुनाबाट चासो लिइएको थियो। आयोजकहरुले विश्वभरिबाट ६०० जना प्रतिनिधिहरु सेमिनारमा उपस्थित हुने अनुमान गरेका थिए, तर त्यो संख्या बढ्दै गएर १२०० भन्दा बेसी पुगेको थियो। त्यसमध्ये पनि महिला प्रतिनिधिहरुको संख्या बेसी थियो। सेमिनारमा धेरैजसो प्रतिनिधिहरु यूरोप, अमेरिका र ल्याटिन अमेरिकाका थिए। अस्ट्रेलियादेखि अमेरिकासम्म, ब्रिटेनदेखि क्यानाडा, मेक्सिकोसम्मका प्रतिनिधिहरुको संख्या पनि कम थिएन। एशियाबाट चीन, भियतनाम, जापान, भारत र इजरायलका प्रतिनिधिहरुको सहभागिता थियो। अफ्रिकाका धेरै राष्ट्रका प्रतिनिधिहरुको पनि त्यहाँ उपस्थिति थियो।

विश्वका कुना-काप्चाबाट पेरिस पुगेका प्रतिनिधिहरुको आउने-जाने र बस्ने सुविधा धेरैजसो यूरोपका कम्युनिष्ट पार्टीहरुदेखि लिएर वामपन्थी ट्रेड यूनियनहरु र सोशल डेमोक्रेटिक पार्टीहरुले समेत जुटाएका थिए। जर्मन सोशल डेमोक्रेटिक पार्टीदेखि ब्रिटिश लेबोर पार्टीसम्मले, प्रजातान्त्रिक संगठनहरुदेखि उग्रवामपन्थी भनिने संगठनहरुले समेत ती प्रतिनिधिहरुको खर्च व्यवहोरिदिएका थिए। मार्क्सवादलाई मानवमुक्तिको हतियार ठान्नेहरुदेखि लिएर मार्क्सवाद पुरानो र थोत्रो भइसक्यो भन्नेहरु समेतको यो सरसहयोग अनौठो खालको थियो।

आयोजक संस्थाले सेमिनार हुनुभन्दा धेरै समय अगाडि नै सबै प्रतिनिधिहरुलाई आफ्ना विचारहरु लिखित रुपमा ल्याउनका लागि अनुरोध गरेको थियो। त्यसले गर्दा आयोजकहरुसमक्ष कम्युनिष्ट घोषणापत्रसम्बन्धी विभिन्न पक्षमा लेखिएका रचनाहरुको थुप्रो नै लागेको थियो। ती सबै महत्वपूर्ण वैचारिक

**सबैजसो वक्ताहरूले मार्क्सवादले मानव समाजमा उत्पीडित वर्गको लागि मुक्तिदायी खालको भूमिका खेलिरहेको कुरा उल्लेख गर्दै मार्क्सवादले मार्गदर्शक सिद्धान्तको काम गर्ने कुरामा दृढ विश्वास गरे।**

# पेरिसमा भएको अन्तर्राष्ट्रिय सेमिनारमा १२०० भन्दा विदेशी प्रतिनिधिहरू सहभागी

दस्तावेजहरु संकलन गरेर 'वर्तमान अवस्थामा मार्क्सवाद' नामक किताब १० भागमा प्रकाशित गर्ने घोषणा पनि त्यहाँ गरिएको थियो ।

सो सेमिनार पेरिसको सिने नदीको किनारमा रहेको Bibliotheque Nationale (राष्ट्रिय पुस्तकालय) को विशाल हलमा आयोजना गरिएको थियो भने समापन सत्र चाहिं सारबार्न विश्वविद्यालयको Grand Ampitheatre मा गरिएको थियो । सेमिनारको क्रममा मार्क्सवाद र कम्युनिष्ट घोषणापत्रसंग सम्बन्धित विभिन्न पक्षमा ३२ वटा वर्कशपहरु र प्लेनरी सेशनहरु संचालन गरिएका थिए ।

१३ मे को साँझ भएको उद्घाटन समारोहको सभापतित्व Bibliotheque Nationale का सभापति ज्याँ पियरे एंग्रेमी र सेमिनारका सयोजक श्रीमती फ्रान्सेटे लाजाईले गरेका थिए । ती दुवै सभापतिहरुले विश्वको वर्तमान जटील परिस्थितिमा मार्क्सवादको अकाट्य सान्दर्भिकताका बारेमा र सेमिनारको औचित्यका बारेमा बोलेका थिए ।

उदघाटन समारोहलाई ब्रिटेनका एरिक हब्सबाम, अमेरिकाका चार्लिने मिचेले, ब्राजिलका मारियो गार्सिया, फ्रान्सका मेडलीन जियोर्जेस लाबिका रिबेरियोस् र सिल्भिए भाजालो, इजरायलका बेन्जामिन कोहेन र भारतका चित्तब्रता मजुमदारले सम्बोधन गरेका थिए । रंग-बिरंगका ती वामपन्थीहरुले सम्बोधनका क्रममा एउटै स्वरमा अहिलेको स्थिति र समयमा पनि कम्युनिष्ट घोषणापत्रको सान्दर्भिकता र महत्वका बारेमा बोलेका थिए । केही वक्ताहरुले पूँजीवादी-साम्राज्यवादी शक्तिहरुका विरुद्ध चलिरहेको संघर्षमा, सामाजिक रुपान्तरणको लागि भइरहेको लडाइँमा कम्युनिष्ट घोषणापत्र सशक्त हतियारको रुपमा प्रयोग हुने मत व्यक्त गरेका थिए ।

"कम्युनिष्ट घोषणापत्र" लाई केन्द्रबिन्दु मान्दै विगत १५० वर्षभित्र भएका संघर्षहरु, त्यसबीच निस्केका जल्दाबल्दा विषयहरु र विचारहरुका बारेमा चार दिने कार्यशाला गोष्ठीहरु र प्लेनरी सेशनहरु पनि त्यस अवसरमा संचालन गरिएका थिए ।

छलफलका संख्याहरु र विषयहरु हेर्दा, छलफलमा सहभागी भएका संसारभरका क्रान्तिकारी, सुधारवादी र अन्य वामपन्थीहरुको सहभागिता हेर्दा त्यहाँ कम्युनिष्ट घोषणापत्रको अन्तर-कुन्तर खोतल्ने गरी अन्तर्क्रिया भएको देखिन्थ्यो । सेमिनारमा सहभागी भएका मानिसहरुको विचारअनुसार सेमिनारमा विश्वभरबाट आएका वामपन्थीहरुले आ-आफ्नै कोणबाट देश, काल, परिस्थितिअनुरुप अन्तर्क्रियामा व्यक्त गरेका विचारहरु निकै महत्वपूर्ण देखिन्थे ।

प्लेनरी सेशन र वर्कशपहरुमा करीब १६० जना सहभागीहरुलाई विभिन्न समूहमा बाँडेर संयोजन समूहका कमरेडहरुको संयोजनमा छलफल गराइएको थियो । १५० जना कमरेडहरुलाई अतिरिक्त सहयोगीका रुपमा ती सबै विषयहरुमा सहभागी हुन पाउने व्यवस्था गरिएको थियो । सहभागीहरुकाअनुसार, वर्कशप र प्लेनरी सेसन अत्यन्त व्यवस्थित र वैज्ञानिक खालको बनाइएको थियो ।

१६ मेका दिन विश्वमा सबैभन्दा पुराना विश्वविद्यालयहरुमध्ये एक सार्वोर्न युनिभर्सिटीको विशाल हलमा सो अन्तर्राष्ट्रिय सेमिनारको अन्तिम कार्यक्रम भएको थियो । १५०० विदेशी कमरेडहरु र अन्य आमन्त्रित व्यक्तिहरुको उपस्थितिमा भएको सो कार्यक्रमको सभापतित्व मिचेल लोवी र प्याट्रिस कोहिनसिटले गरेका थिए । त्यस कार्यक्रममा दुईवटा विषयमा छलफल भएको थियो- हामी कस्तो खालको Universality गर्न चाहन्छौं ? र, हामी कुन चाहिं विश्व जित्न चाहन्छौं ?

त्यस छलफलमा बोल्नेहरु थिए- इजिप्टका समीर अमिन, फ्रान्सका पाउल बोकारा, सिल्भे जान, मारेसल तौराइन, अमेरिकाका बाग्दान डेनिच, ब्राजिलका भिसेन्टियो डे पाओलो, श्रीलंकाका बेला ताम्पोय र जापानका तादातोशी ताशिरो !

सबैजसो वक्ताहरुले मार्क्सवादले मानव समाजमा उत्पीडित वर्गको लागि मुक्तिदायी खालको भूमिका खेलिरहेको कुरा उल्लेख गर्दै पूँजीवाद जस्तो सडे-गलेको व्यवस्थाभन्दा अगाडि बढ्दै जाने हो भने, मार्क्सवादले मार्गदर्शक सिद्धान्तको काम गर्ने कुरामा दृढ विश्वास गरे । केही महिला प्रतिनिधिहरुले कम्युनिष्ट घोषणालाई पूरै नारीवादी कोणबाट व्याख्या गरेका थिए ।

केही प्रतिनिधि बौद्धिकहरुले समाजवादलाई पनि विभिन्न जातमा विभाजन गरेर देखाए । ब्रिटेनका बुद्धिजीवी एरिक हब्सबामले त अहिले सोभियत शैलीको समाजवादको अन्त्य भएको विचार पोखे । उनले सोभियत संघको विघटनले समाजवाद र मार्क्सवादमाथिको सोभियत आधिपत्य अन्त भएको विचार पोख्दै भने- सोभियत शैलीको समाजवाद अन्त हुँदैमा साँचो समाजवाद कदापि अन्त हुँदैन !



रुसी प्रतिनिधिले श्रमिक वर्ग एक्लैको मात्र नेतृत्वले क्रान्ति संगठित गर्न नसकिने स्थिति आएको विचार पोखे । तर अधिकांश प्रतिनिधिहरुले भने मार्क्सवादका आधारभूत प्रस्थापनाहरुको औचित्य अहिले पनि त्यत्तिकै रहेको, त्यसको क्रान्तिकारी र मुक्तिदायी भूमिका अहिले पनि यथावत रहेको र श्रमिक वर्गको त्यस क्रान्तिकारी र मुक्तिदायी संघर्षमा नेतृत्वकारी भूमिका रहेको कुरामा आफ्नो भनाइ जोडदार ढंगले राखे ।

अन्तिम कार्यक्रमको समापन गर्ने क्रममा मिचेल लोवी र प्याट्रिश कोहेन सिटले यस सेमिनार तत्कालै कुनै निष्कर्षमा पुग्ने हतारोमा नगरिएको हुनाले सबै प्रतिनिधिहरुको विविधतापूर्ण विचारहरु सुन्ने अवसर मात्रै मिलाइएको कुरो बताए ।

मार्क्सवादका विविध पक्षमा फरक-फरक विचारहरु एकसाथ सुन्न सकिने मंचको रुपमा प्रयोग गरिएको सो सेमिनारमा एउटा कुरोमा भने आम सहमति देखिन्थ्यो, त्यो हो- पूँजीवाद वर्तमान समस्याहरुको समाधान होइन, बरु यो त ती समस्याहरुको मूल स्रोत हो । त्यसैले हामी यो पूँजीवादभन्दा उन्नत, सुसभ्य, स्वस्थ समाजतिर अगाडि बढ्नु पर्दछ । त्यो समाज भनेको मार्क्स-एंगेल्सले आजभन्दा १५० वर्ष अगाडि कम्युनिष्ट घोषणापत्रमा देखाउनुभएको वैज्ञानिक समाजवादी समाज हो ! पूँजीवादलाई परास्त गर्दै त्यस्तो समाजमा पुग्ने बाटोमा श्रमिक वर्गले क्रान्तिकारी नेतृत्वको भूमिका खेल्नेछ ।


पूँजीवादी-साम्राज्यवादीहरुको चर्को दबदबाबीच, विश्वमा पहिलो पटक श्रमिक वर्गको राज्य स्थापना भएको ठाउँ- पेरिसमा आयोजित यस अन्तर्राष्ट्रिय सेमिनारले समाजवादको मृत्यु भयो भनेर झूठो प्रचार गर्नेहरुलाई बलियो झापड दिएको छ । मार्क्स, मार्क्सवाद र समाजवादको 'भूत'ले यूरोपका मात्रै होइनन्, सिंगो विश्वका पूँजीवादी-साम्राज्यवादी खेमालाई आक्रान्त पार्न थालेको संकेत यस सेमिनारले पनि दिएको छ । सेमिनारले स्पष्ट शब्दमा घोषणा गरेको छ- साम्यवादको भूतले शोषक उत्पीडकहरुलाई जहिले पनि सताइरहने छ, शोषित-पीडितलाई मुक्तिको सन्देश दिइरहने छ ।

❑ राजेन्द्र महर्जन

**मार्क्सवादले अहिले पनि पूँजीवादी-साम्राज्यवादी खेमालाई आक्रान्त पारिरहेको छ !**

# पुष्पलाल श्रेष्ठलेभन्दा पहिला मैले कम्युनिष्ट पार्टीको स्थापना गरेको थिएँ

◆ गंगालाल श्रेष्ठ ◆



नेपालमा सबभन्दा पहिले कम्युनिष्ट पार्टीको स्थापना गर्नु भएको दावी गर्नु हुने तर अहिले बाहिर अक्सर देखा नपर्नु हुने एकजना कम्युनिष्ट नेता हुनुहुन्छ- गंगालाल श्रेष्ठ अथवा गंगालाल हलुवाइ । उहाँको जन्म वि.सं. १९८० वैशाख १५ गतेको दिन काठमाडौंको असनमा भएको थियो । बुबा सूर्यबहादुर श्रेष्ठ र आमा धनमाया श्रेष्ठका छोरा गंगालाल १६ वर्षको उमेरमा साथीहरुको लहलहैमा लागेर कूटपिट मुद्दामा जेल पर्नु भएको थियो । जेल जीवनमै कवि चक्रपाणि चालिसेका छोरा लक्ष्मीनन्दन चालिसेबाट साम्यवादबारे थाहा पाएपछि उहाँ साम्यवादी सिद्धान्तप्रति आकर्षित हुन थाल्नुभएको थियो । र, जेलबाट बाहिर निक्लनु भएपछि राजनीतिक गतिविधिमा लाग्नुभएको थियो ।

२००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि पनि बेला बेलामा जेल पर्नु भएका र भूमिगत बस्नु भएका गंगालाल श्रेष्ठले २०१२ सालमा मीलादेवीसंग प्रेम विवाह गर्नु भएको थियो । हाल उहाँ श्रीमती, छोरा, बुहारीसँगै काठमाडौंको गल्को पाखाको आफ्नो घरमा बस्नु हुन्छ ।

प्रस्तुत छ- उहाँको जीवनको गतिविधिबारे मूल्यांकनले लिएको अन्तरवार्ताको सारसंक्षेप ।

-मुक्ता श्रेष्ठ

**◆ हाल तपाई कसरी जीवन बिताइरहनु भएको छ र तपाईंको दिनचर्या कसरी चल्छ ?**

-अहले म आफ्नो बितेको जीवनलाई अध्ययन गर्ने र केही लेख्नमा समय बिताइरहेको छु। दिनको ५/६ घण्टा लेख्छु। लेख्दा लेख्दा थाकेपछि फूलका विरुवाहरु स्याहार्नेतिर लाग्छु। त्यसको साथै साना साना नातिहरु छन्, उनीहरुसंग खेल्छु।

**◆ युवावस्थामा त तपाई राजनीतिक गतिविधिमा निकै सक्रिय हुनुहुन्थ्यो । अहिले तपाई राजनीतिक गतिविधिमा बाहिर आउनु भएको छैन, किन ?**

-अहिले पनि म राजनीतिमा छु। राजनीतिबाट मैले कहिल्यै सन्यास लिएको छैन। युवावस्थामा अनुभूति र अनुभवबिना नै जोस र होसमा राजनीति गरें। तर अहिले अनुभूति र अनुभवको आधारमा राजनीति गरिरहेको छु।

**◆ तपाईं राजनीति गर्दै हुनुहुन्छ भने बाहिर किन देखा नपर्नु भएको त ?**

-अहिलेको वस्तुस्थिति मेरो विचार अनुकूल छैन। वस्तुस्थितिलाई मैले आफ्नो विचार अनुकूल बनाउन पनि सकिरहेको छैन। हामी नयाँ समाज निर्माण गर्न चाहन्छौं। नयाँ समाज निर्माण गर्नको लागि त्यस्तै खालको सामाजिक परिवेश चाहिन्छ, त्यस्तै खालको अर्थतन्त्र र संस्कृति चाहिन्छ। तर हामीकहाँ सर्वत्र सामन्ती संस्कृति हावी छ। प्रत्येक दैलो दैलोमा र प्रत्येक व्यक्ति व्यक्तिमा त्यो संस्कृति हावी छ। यो संस्कृतिलाई मैले च्यालेन्ज दिन सकिरहेको छैन। जबसम्म म यो संस्कृतिलाई च्यालेन्ज दिन सक्तिनँ र वस्तुस्थितिलाई आफ्नो विचार अनुकूल बनाउन सक्तिनँ, तबसम्म म खुला रुपले बाहिर आउँदिन। तर म युवावस्थामा भन्दा दश गुना बढी सक्रिय छु। देशको चिन्ता छ मलाई।

**◆ तपाई अहिले कसरी राजनीति गरिरहनु भएको छ त ?**

-मैले सेल कमिटी अथवा सेल संगठनबाट आफ्नो काम गरिरहेको छु।

**◆ उसो भए तपाईंको रेड कम्युनिष्ट पार्टी अहिले पनि जिउँदै छ ?**

- जिउँदै छ।

**◆ तपाई कहिलेदेखि राजनीतिमा लाग्नु भएको थियो ? र के कुराले राजनीतिमा लाग्न तपाईंलाई प्रेरित गऱ्यो ?**

-वि.सं १९९९ सालदेखि नै म राजनीतिक गतिविधिमा लागेको थिएँ। १९९६ सालमा कूटपिट मुद्दामा जेल परेको थिएँ। म जेलमा रहँदा १९९७ सालमा पचलीमा शुक्रराज शास्त्रीलाई झुण्ड्याएको दृश्यले मेरो मनमा राणाहरुप्रति घृणा जाग्यो। जेलमै रहँदा हरिकृष्ण श्रेष्ठ, मुरलीधर पण्डित, गणेशमान आदिसंग पनि संगत भयो। उनीहरुबाट पनि मैले केही न केही राजनीतिक प्रेरणा पाएँ। तर उनीहरुको कार्यविधि तथा उनीहरुको व्यवहार मलाई चित्त बुझेको थिएन। उनीहरु वैधानिक राजतन्त्रको कुरा गर्थे। तर मलाई चाहिँ एउटा सामन्तको हातबाट शासन खोसेर अर्को सामन्तको हातमा के सुम्पनु जस्तो लागेको थियो। त्यसैले त्यतिबेलासम्म म के गर्छु भन्ने निधो मैले गरेको थिइनँ।

पछि मेरो संगत परीक्षामा 'नपुंसक राणा' लेखेर जेल परेका लक्ष्मीनन्दन चालिसेसंग भयो। उनीबाट मैले साम्यबादको सम्बन्धमा बुझ्ने मौका पाएँ। त्यसपछि मलाई अध्ययन गर्न मन लाग्यो। मैले भोटाहिटीको बुक सेलर भक्तबहादुरसंग केही किताब मागी पठाएँ। उनले मेरो परिवारको हातमा जेलमै राहुल सांकृत्यायनको तुम्हारी क्षय, दिमागी गुलामी र साम्यवाद ही क्यो भन्ने पुस्तकहरु पठाई दिए। साम्यवाद ही क्यो भन्ने पुस्तकले मलाई समाजवादप्रति आकर्षित गऱ्यो।

१९९९ चैत्र महिनामा म जेलबाट छुटें। जेलबाट छुट्ने बित्तिकै २००० साल वैशाखमा म पुष्पलालसंग भेट गर्न गएँ र उनीसंग कुराकानी गरें। त्यतिबेला उनले हुन्छ पनि भनेनन् र हुँदैन पनि भनेनन्। त्यसपछि टोल टोलका साथीहरु दिवाकर भाजु, नन्दलाल जोशी, केशवलाल मानन्धर, अमिरबहादुर राजभण्डारी आदिसंग कुरा गर्न थालें। पुष्पलाल श्रेष्ठसंग कुरा गरेको केही दिनपछि वैशाख महिनामै पुष्पलाल श्रेष्ठले मलाई शम्भुराम श्रेष्ठसंग भेट गराउन लागे। त्यसै भेटमा पृथ्वीमातालाई रगत चढाएर कबुल गरें। त्यसको भोलि पल्ट शम्भुराम श्रेष्ठ, प्रेमबहादुर कंसाकार, सूर्यबहादुर भारद्वाज, पुष्पलाल श्रेष्ठ, कामाक्षादेवी, म सहितको रेडिकल डेमोक्रेटिक पार्टी गठन गऱ्यौं। यसको अध्यक्ष प्रेमबहादुर कंसाकार, सचिव शम्भुराम र कोषाध्यक्षमा सूर्यबहादुर भारद्वाजलाई राखियो। र, बलजफ्ती गर्ने काम जति मलाई सुम्पियो।

सबभन्दा पहिले मैले पाटनमा संगठन गर्न शुरु गरें। त्यहाँ भैरव गोपाल कर्माचार्य, नरबहादुर कर्माचार्य आदिलाई यसको सदस्य बनाएँ। त्यसपछि भक्तपुर र काठमाडौंको टोल टोलमा पनि संगठन बनाउन थालें।

यसरी हामीहरु जोशका साथ काम गरिरहेका थियौं। यसै समयमा प्रेमबहादुरको चरित्र रेडिकल पार्टीको चरित्र विपरीत हुन थाल्यो। त्यसैले मैले उनलाई संगठनबाट निकाल्नु पर्छ भन्ने प्रस्ताव ल्याएँ। तर पार्टीले उनलाई कारवाही गर्नु त कता हो कता, उनले नै अध्यक्षको अधिकार प्रयोग गरेर रेडिकल डेमोक्रेटिक पार्टीलाई विघटन गरेर डेमोक्रेटिक पार्टीको गठन गरेर मलाई त्यहाँबाट निकालीदिए।

त्यसको लगत्तैपछि २००० साल

कार्तिक महिनामा म कलकत्ता पुगें र महादेव देसाइसंग भेट गरेर कुराकानी गरें । उनले मलाई भारतीय कम्युनिष्ट पार्टीका महासचिव पि.सि. जोशीसंग भेटाईदिए । मैले जोसीसंग सोधें, नेपालमा कम्युनिष्टहरुलाई चोर, डाँका, नास्तिक भनेर गाली गर्छन् । त्यसैले कम्युनिष्ट पार्टी खोलेर काम गर्न गाह्रो छ । त्यसैले अरु कुनै नामबाट पार्टी खोलेर कम्युनिष्ट काम गर्न हुन्छ कि हुँदैन ? उनले हुन्छ भनेपछि म नेपाल फर्कें । र, दिवाकर भाजु, केशवलाल मानन्धर, नन्दराज जोशी, श्रीरंक राजभण्डारी र म सहित पाँच जना मिलेर २००० साल मंसिर २२ गते विश्व भातृ संघको स्थापना गऱ्यौं । त्यसका शाखाहरु भक्तपुर र पाटनमा पनि खोल्यौं । काठमाडौंको टोल टोलमा संगठन खोलियो र स्कूलहरु स्थापना गर्न थालियो । पछि हामीले खोलेका सातवटा स्कूलहरु मिलाएर नै शान्ति निकुञ्ज स्कूलको स्थापना गरियो ।

यसरी हाम्रो संगठनले जोडतोडका साथ काम गरिरहेको थियो । त्यति नै बेला कंसाकारको पार्टीले मलाई नेपालको सुभाषचन्द्र बोस भनेर प्रचार गर्न थाल्यो र मलाई समाप्त लगाउने कोसिस गऱ्यो । म खुल्ला रुपमा हिँड्न नसक्ने अवस्थामा आइपुगें । त्यसैले म नेपालको क्रान्तिको लागि अनुभव बटुल्ने सुरले चीनको गुरिल्ला युद्धमा भाग लिन जान भनेर काठमाडौंबाट हिँडे । यहाँबाट हिँडेपछि सर्वप्रथम म हेलम्बुमा गएर तीन महिना सुनाम बधुको घरमा बसें । तीन महिनाको दौरानमा मैले आवश्यक तिब्बती भाषा पनि सिकें र त्यहाँ स्कूल खोलेर त्यहाँका जनतालाई सचेत पार्ने काम पनि गरें ।

तीन महिनापछि म ल्हासा गएँ । त्यहाँ मेरो बालसखा हेराभाइले मलाई धेरै सहयोग गरे । उनले दिएको केही न्यानो लुगा र ५ हजार नगद लिएर म चीन जान हिँडे । खम्बास्थानमा पुगेपछि खम्बालीहरुले त्यहाँबाट अगाडि बढ्न दिएनन् । उनीहरु त्यहाँका डाँकाहरु रहेछन् । उनीहरुले मलाई नेपाली भिक्षु सम्झेछन् र त्यहाँकै एउटा गुम्बामा मलाई राख्न लगे । त्यहाँ केही दिन बसेपछि एकजना हेलम्बुको लामा गन्देन भन्ने मान्छे त्यहाँ आइपुग्यो । त्यसपछि डाँकाहरुले मलाई भारतसम्म पुऱ्याइदिनु भनेर त्यस लामालाई २५ हजार रुपियाँ दिए ।

त्यहाँबाट हामीहरु सरासर ल्हासा गयौं र त्यहाँ दुई बाकस पेस्टोल किनेर हेलम्बुमा सुनाम बधुकहाँ पुऱ्याई दिनु भनेर मैले गन्देन लामाको जिम्मा लगाएँ । उनी हेलम्बुतिर लागे, म भारततिर लागें । त्यसपछि म कालिङपुंग गएँ । त्यहाँ म छिट्टै काठमाडौं आइपुग्नु पऱ्यो भन्ने चिठी आइरहेको रहेछ । त्यहाँबाट म सिधै काठमाडौं आइपुगें । म काठमाडौं आइपुग्दा संगठन निकै कमजोर भइसकेको रहेछ । मैले संगठनलाई मजबूत पार्न कोसिस गर्न थाले । २००२ सालमा त हाम्रो पार्टी निकै राम्रोसंग अगाडि बढ्न थाल्यो । महिलाहरु पनि हाम्रो पार्टीमा समावेश हुन थाले । प्रेमबहादुर कंसाकारहरु हाम्रो दाँजोमा अगाडि बढ्न सकेनन् । उनीहरुले फेरि मेरो विरुद्ध भए नभएका कुराहरु प्रचार गरेर मलाई समाप्त लगाउने कोसिस गरे ।

**◆ तपाईं लद्दाखमा पनि जानु भएको थियो रे भन्ने कुरा सुनेको थिएँ । त्यहाँ किन जानुभएको थियो ?**

-त्यहाँ पनि म चीन जानकै लागि भनेर गएको थिएँ । डेमोक्रेटिक पार्टीका मानिसहरुले मलाई समाप्त लगाउने जाल गरेपछि २००२ सालमा म फेरि चीन जान भनेर लद्दाख पुगेको थिएँ । त्यहाँ म एउटा बुद्धिष्टको रुप लिएर गएको थिएँ । त्यहाँ पुगेपछि मैले त्यहाँका लामाहरुले जनताहरुमाथि गरिरहेको अन्याय, अत्याचार र शोषणको विरुद्ध प्रचार प्रसार गर्न थालें । लामावादको विरुद्ध प्रचार प्रसार गर्न मलाई एकजना तिबब्तीयन इसाई धर्मावलम्बी केटीले पनि ठूलो सहयोग गरिन् । उनकै सहयोगमा लामावादको विरुद्ध एउटा नयाँ जमानाका दूत अर्थात् तिब्बती भाषामा **दुस्की फुंडा** नामक पत्रिका पनि निकालें । यस पत्रिकाले त्यस ठाउँमा ठूलो तहल्का मच्चायो । लामाहरुले मेरो हत्या गर्न पनि खोजे । तर त्यहींका मानिसहरुले मलाई बचाए । त्यसपछि त्यो इसाई केटी र म त्यहँबाट भागेर चाइना टुर्कीस्थान पुग्यौं ।

त्यहाँ पुगेको केही दिनपछि नै नेपालबाट 'त्यहाँ खाएर यहाँ चुठ्न आउनु' भनेर लेखिएको एउटा चिठी आइपुग्यो । त्यसले गर्दा मेरो चीन गएको उद्देश्य नै पूरा नगरिकन म नेपाल आउनु पऱ्यो । २००४ सालमा म नेपाल आइपुगें । र, नातिकहाँ भूमिगत बसें । त्यतिबेलासम्म म कम्युनिष्ट भन्ने कुरा प्रचार प्रसार भइसकेको रहेछ । अब संगठनलाई गोप्य राख्नु पर्ने आवश्यकता नै रहेन । त्यसैले मैले २००४ साल मंसीर महिनामा विश्व भ्रातृ संघमा रहेका सबै साथीहरुलाई बोलाएँ । सबै जना साथीहरु आएनन् । आएका जति साथीहरुको बीचमा छलफल गरेर विश्व भ्रातृ संघ नै साम्यवादी संघ हो भनेर घोषणा गऱ्यौं । यसमा देवीलाल श्रेष्ठ, नारायणविलास जोशी, अमृत लाल, विद्याहर्ष गुभाजु, गोपालचन्द्र अमात्य, आदि सहित नौ जना व्यक्ति थियौं । त्यसमा अध्यक्ष म, उपाध्यक्ष देवीलाल श्रेष्ठ र गोपालचन्द्र अमात्य, कोषाध्यक्ष नारायण विलास थिए । महासचिवको पद यसमा राखिएन र त्यसको काम अध्यक्षले नै गर्ने गरियो ।

## त्यही दिनको बेलुकी पुष्पलालले उनीहरूप्रति गरेको चाकडीपूर्ण व्यवहार र उनीहरूले पुष्पलालप्रति गरेको नोकरको जस्तो व्यवहारले गर्दा पुष्पलालप्रति घृणा नै जाग्यो ।



आफ्नी श्रीमती मिलादेवीसँग गंगालाल

**◆ २००६ सालमा पुष्पलाल श्रेष्ठले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्दा तपाईंलाई पनि त्यसमा सामेल गर्न खोजेका थिए रे । तर तपाईं त्यसमा सामेल नभइकन छुट्टै रेड कम्युनिष्ट खोल्नु भयो ? किन यसो गर्नु भएको त तपाईंले ?**

-मैले अघि नै भनें, मैले २००४ सालमै साम्यवादी संघको स्थापना गरिसकेको थिएँ । त्यतिबेला पुष्पलाल काशीको दूध विनायकमा बसेर कांग्रेसको अफिस चलाइरहेका थिए । २००५ सालमा उनले बाटो बिराएर दिनभरि यताउति डुलेर साँझमा घर फर्कनेलाई घरमा हुल्ने कि नहुल्ने ? भनेर चिठी लेखेका थिए । तर मलाई पुष्पलालको चरित्र चित्त नबुझेको हुनाले मैले उनलाई केही जवाफ दिइनँ । त्यसपछि दार्जलिंगका माइलाबाजेले रणदिवेले मलाई भेटन चाहेका छन् भन्ने चिठी दिएर मेरा साथी बुद्धवीरलाई मकहाँ पठाए ।

२००५ साल मंसिरतिर म दार्जिलिंग गएँ । पुष्पलाल, हेमाद्री तथा शुशीलचन्द्र चटर्जी मलाई लिन सिलीगुडी नै आइरहेका रहेछन् । म उनीहरुसंगै सिधै माइला बाजेकहाँ पुगें । त्यही दिन माइलाबाजेले मलाई भन्नुभयो - पुष्पलाललाई पनि साम्यवादी संघमा केही ठाउँ दिनु पऱ्यो । मलाई झनक्क रिस उठ्यो र मैले भनें- पुष्पलाल नेपाली हो कि होइन ? यदि हो भने साम्यवादी संघमा नेपालीलाई ठाउँ छ । यसको लागि तपाईंहरुको मध्यस्थता किन चाहियो ?

भोलिपल्ट रणदिवेले पनि त्यही कुरा दोहोऱ्याए । यस कुराले मलाई रिस त उठ्यो । तै पनि पुष्पलाललाई प्रतिनिधिको रुपमै लिनु पर्ला भन्ने विचार गरें । तर त्यही दिनको बेलुकी पुष्पलालले उनीहरुप्रति गरेको चाकडीपूर्ण व्यवहार र उनीहरुले पुष्पलालप्रति गरेको नोकरको जस्तो व्यवहारले गर्दा पुष्पलालप्रति घृणा नै जाग्यो । त्यसैले "मेरो मात्र कुरा होइन, साथीहरुसंग सल्लाह गर्नु पर्छ । साथीहरुसंग सल्लाह गरेर पुष्पलाललाई साम्यवादी संघमा लिने कि नलिने भन्ने कुराको जवाफ दिन्छु" भनें । भोलिपल्ट नेपाल आउन विदावारी भएँ । उनीहरुले पनि जनवरी १ तारिखको दिन ५ जना सथीहरुसाथ कलकत्तामा आइपुग्न अनुरोध गरेर मलाई बिदा गरे । काठमाडौं आइपुगेपछि मैले साथीहरुको एउटा इमर्जेन्सी मिटिङ डाकें । दार्जलिंगमा भएका सबै कुराहरु राखें । साथीहरुको

निर्णय अनुसार जनवरी १ तारिखको दिन मोतीदेवी श्रेष्ठका साथ म कलकत्ता पुगें ।

त्यहाँ उहाँहरुले पाँच वटा विषयमा कुराकानी गर्नुभयो । एक, पुष्पलाल श्रेष्ठलाई साम्यवादी संघमा लिने । दुई, पार्टीको केन्द्रीय कमिटी बंगालमा रहने । तीन, नेपालका प्रत्येक पाँच जना व्यक्तिलाई प्रत्येक तीन महिनामा भाकपाले ट्रेनिंग दिने । चार, कोमिनटर्नमा अहिले भारतीयहरु नै जाने, नेपालीहरु पछि मात्र जाने व्यवस्था मिलाउने । पाँच, दार्जलिंगलाई नेपालमा मिलाउने ।

यी विषयहरुमा मैले आफ्ना धारणाहरु प्रस्तुत गरें । मैले भनें कि, यदि नेपालीहरुलाई ट्रेनिंग गर्ने हो भने भारतमा होइन, नेपालको वस्तुस्थिति बुझेर नेपालमै ट्रेनिंग गर्नु पर्छ । त्यसैले राम्रोसंग ट्रेनिंग दिन सक्ने दुई जना मानिस पठाइदिन मैले अनुरोध गरें ।

पार्टीको केन्द्रीय कमिटी कहाँ राख्ने भन्ने बारेमा पनि पार्टीको केन्द्रीय कार्यालय भनेको या त गाउँमा राख्नु पर्छ या औद्योगिक क्षेत्रमा राख्नु पर्छ भन्ने धारणा अघि सारें । त्यस्तै गरेर, कोमिन्टर्नमा जाने सम्बन्धमा पनि नेपाल सार्वभौमसत्ता सम्पन्न देश भएको हुनाले नेपालले अहिले नै जान पाउनु पर्छ । भारतले नेपालको प्रतिनिधित्व गर्ने भन्ने कुरा हुँदैन । पहिले त मलाई दार्जलिंग नेपालमा मिलाउने कुरामा खुशी लागेको थियो । तर कुरा हुँदै जाँदा, दार्जिलिंगको भाषा, जात जाति तथा रीतिररिवाज सबै नेपालसंग मिल्ने भएकोले दार्जिलिंग नेपालमा मिलाउनु पर्छ भन्ने कुरा आयो । त्यस कुरामा मलाई के लाग्यो भने, भाषा, जात तथा रीतिरिवाजको आधारमा दार्जिलिंग नेपालमा मिलाउने हो भने तराईमा भारतसंग मिल्दो भाषा, जातजाति तथा रितिरिवाज भएकोले त्यसलाई भारतमा मिलाउनु पर्छ भन्यो भने के गर्ने ? त्यसैले यो मार्क्सवादी कुरा भएन ।

यसरी यी बुँदाहरुमा कुरा नमिलेपछि म नेपाल फर्कें । यी कुराहरुमा नै पुष्पलाल र मेरो कुरा मिलेन र मैले पुष्पलाललाई साम्यवादी पार्टीमा लिन चाहिनँ । यो कुराकानी भएपछि पुष्पलालले करिब ५-६ महिनासम्म कुरे । ६ महिनासम्म पनि मैले उनलाई साम्यवादी पार्टीमा लिने विचार नलिएपछि पुष्पलालले २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरेका हुन् ।

**◆ अनि रेड कम्युनिष्ट पार्टीको स्थापना कहिले गर्नु भएको थियो त ?**

-२००७ सालतिर हो । पुष्पलाल श्रेष्ठले नेकपा स्थापना गरेपछि साम्यवादी पार्टीका विरुद्ध जथाभावी रुपमा लेखेर पम्प्लेटिंग गर्न थाले । र, यसको बदनाम गर्न थाले । त्यसैले हामीले पनि साम्यवादी पार्टीको नाम बदलेर रेड कम्युनिष्ट पार्टी भन्ने नाम राखेका हौं ।

> **२५ सालमा श्री ५ महेन्दले अब उप्रान्त मन्त्री मण्डलको वैठक सिंह दरवारमा हुन्छ र जनताको नासो जनतालाई सुम्पें भनेर बोले । त्यतिबेला नै त्यो कुरालाई समर्थन गरेको भए महेन्द्रकै पालामा प्रजातन्त्र आउने थियो ।**

**◆ यो पार्टीले के के उल्लेखनीय कामहरु गऱ्यो त ?**

-सर्वप्रथम त हामीहरुले हाम्रा कार्यकर्ताहरुलाई आन्दोलनको तयारी गर्नका लागि राति राति कुकुर तथा सुंगुर मार्न लगायौं । र, अन्य विभिन्न ट्रेनिंगहरु दियौं । ठाउँ ठाउँमा किसान आन्दोलन शुरु गऱ्यौं । चितौनमा फाँट प्रथाको विरुद्ध आन्दोलन गरेर त्यो प्रथा नै हटायौं । अर्को, त्यहाँका जंगलहरुमा फायर लैण्ड बनाएर जनतालाई आवश्यक काठहरु उपलब्ध गराउन आन्दोलन गऱ्यौं । यसै आन्दोलनको दौरानमा २००९ सालमा म, सतानन्द, शंकर तथा किसोर आदि ८ जना समातियौं । ११ सालमा म जेल तोडेर भागें ।

त्यसपछि साँखुमा साहु महाजनको विरुद्ध बञ्जाराहरुको आन्दोलन भयो । यसलाई भारी आन्दोलन भनेर पनि भनिन्छ । यस्तै आन्दोलन अन्त पनि भयो । त्यसपछि म भक्तपुरमा गएँ र त्यहाँका जनताहरुलाई सचेत र जागृत बनाउने काम गरें । वास्तवमा समाजवादी चेतनाको जग बसालेको नै मैले हो ।

**◆ पार्टीको नीति र राजनीतिक कार्यक्रम के थियो ?**

-मुख्यतया लाल कम्युनिष्टको सिद्धान्त मार्क्सवाद नै हो । मजदूरको नाभिकरणबाट उठेको पार्टी नै हो । तर पनि हस्तक्षेप, अतिक्रमण र अनावश्यक दंगा लादिने कामबाट यो पार्टी मुक्त छ । अथवा आतंकवादको विरोधी हो यो पार्टी । मानिसहरुले मलाई त्राट्स्कीपन्थी भनेर पनि प्रचार गरे । तर सिद्ध गर्न सकेनन् ।

**◆ २००७ सालको आन्दोलनमा तपाईको पार्टीले कसरी भाग लियो ?**

-०७ सालको आन्दोलनमा साझा दुश्मनलाई खत्तम गर्न साझा आन्दोलन गर्नुपर्छ भन्ने नीति लियौं र सबैसंग मिलेर नै आन्दोलन गऱ्यौं । तर हामी कसैको पुच्छर भएर आन्दोलनमा लागेनौं । आफ्नो किसिमले नै आफ्नो क्षमता अनुसार आन्दोलनमा भाग लियौं । कतै कतै हामी आफैंले पनि नेतृत्व गऱ्यौं । जस्तो पूर्वमा म आफैंले गएर नेतृत्व गरें ।

**◆ २०१७ सालको काण्डपछि सबैजसो नेताहरु या त गिरफ्तार भए या भूमिगत भए । तपाईं कसरी रहनु भयो ?**

-म पंचायतकाल शुरु हुनुभन्दा पहिले नै जेल परिसकेको थिएँ । १७ साल असार/श्रावणतिर पश्चिम एक नम्बर खनिया बासमा कांग्रेसहरुले गरेको आन्दोलनको विरुद्ध शुत्रधारी र अशुभधारीको नारा दिएर मैले आवाज उठाएको थिएँ । र, बसन्तपुरमा मैले एउटा आमसभाको आयोजना गरेको थिएँ । तर आमसभाको दिन मन्च बनाउँदा बनाउँदै हरिजंग शाह तथा अन्य व्यक्तिलाई समातियो र त्यसको ३ महिनापछि म पनि समातिएँ ।

२०२४ साल माघ चार गते म जेलबाट छुटें । जेलबाट छुटेपछि मैले पंचायतको विरोध गर्न थालें । जेलबाट छुटेपछि गृहमन्त्रीले मलाई बारम्बार भेट गर्न बोलायो । साथीहरुको सल्लाहअनुसार म गृहमन्त्रीकहाँ गएँ । कुराकानी भयो । त्यो कुराकानी रिकर्ड गरिएको थियो । मैले पंचायतको र राजाको विरुद्धमा सबै कुरा भनिदिएँ । पछि राजा महेन्द्रले पनि मलाई बोलाउन पठायो र मलाई विभिन्न प्रलोभन दिएर किन्न खोज्यो । म बिक्ने स्थिति नदेखेपछि राजाले मलाई देशभक्तिपूर्ण आवाज उठाउन र प्रजातन्त्रको लागि पंचायती व्यवस्थाको आलोचना गर्नु पऱ्यो, ध्वंसात्मक आलोचना गर्नु भएन भनेर भने । मैले पनि हुन्छ, म त्यसै गर्छु भनेर आएँ ।

२५ सालमा श्री ५ महेन्दले अब उप्रान्त मन्त्री मण्डलको बैठक सिंह दरवारमा हुन्छ र जनताको नासो जनतालाई सुम्पें भनेर बोले । श्री ५ महेन्द्रले ०१७ सालमा खोसेको जनताको अधिकार जनतालाई फिर्ता दिनु भयो भनेर हामीले यसको समर्थनमा वक्तव्य निकालौं भनेर साथीहरुसंग कुरा गरें । तर साथीहरुले मानेनन् । यदि त्यतिबेला नै त्यो कुरालाई समर्थन गरेको भए महेन्द्रकै पालामा प्रजातन्त्र आउने थियो ।

**◆ ०४६ सालमा नेपालमा बहुदलको स्थापना भएपछिको नेपालको स्थितिलाई कसरी हेरिरहनु भएको छ ?**

- ०४६ सालको आन्दोलन जनक्रान्तिलाई दबाउने चंखेहरुको एउटा विश्वासघाती आन्दोलन मात्रै हो । फागुन ७ गते उठेको आन्दोलन बीचमा पुगेर सेलाउन थालेको थियो र नेताहरुले पनि आन्दोलनबाट केही नपाउने भयो भनेर आन्दोलन छोड्न छोड्न लागेका थिए । त्यति नै बेला स्कुल कलेजबाट विद्यार्थीहरुले राजाकै नाममा फलाना चोर देश छोड भनेर नारा लगाए । यो नारा देशको वस्तुस्थितिबाट उठेको नारा थियो । चैत्र २४ गते यही नारा घन्काउँदै विशाल जनताहरु आन्दोलनमा उत्रे । यही नाराबाट हतोत्साहित भएर चैत्र २६ गते राजा र नेताहरुले सम्झौता गरे । यसले के नेपाली जनताहरुको आकांक्षा पूर्ति गऱ्यो ? के देशको आवश्यकता पूर्ति गऱ्यो ? नेताहरुले अहिले देश र जनतासंग विश्वासघात गरिरहेका छन् । नेताहरु भारतमुखी बन्दै गइरहेका छन् । भारतलाई नदीनाला सुम्पँदै गइरहेका छन् । कालापानी तथा अन्य क्षेत्रमा भइरहेको भारतीय सीमा अतिक्रमणलाई चुपचाप हेरिरहेका छन् । यो छाँटले नेपाल पनि सिक्किम बन्न के बेर ?

**◆ अहिले तपाईंले आफ्नो जीविका कसरी चलाइरहनु भएको छ ?**

- अहिले मेरो आफ्नै आम्दानी स्रोत त केही छैन । घरको अलिकति बहाल आउँछ । छोरा बुहारीको जागिर छ । छोरीहरुले स्कुल चलाइरहेका छन् । यसैबाट विहान बेलुकी हातमुख जोर्न पाइरहेको छु । त्यसको साथै जेलमा बसेको वर्षको आधारमा राजनैतिक पीडितहरलाई सरकारले दिएको सहयोग राशीमा मैले पनि ७५ हजार पाएको छु । त्यसले पनि अलि अलि खर्च चलिरहेको छ ।

**◆ राजनीति बाहेक अरु कुनै कुरामा तपाईंको रुचि छ ?**

-अहँ राजनीतिबाहेकका अरु कुनै कुरामा मलाई रुचि छैन । अलिकति रुचि फूलको बोट बिरुवा स्याहार्नुमा छ ।

**◆ नेपालमा भएका पार्टी नेताहरुमध्ये तपाईंलाई कुन पार्टी अथवा नेता मन पर्छ ?**

-पार्टी कसलाई भन्ने ? नेता कसलाई भन्ने ? पार्टीमा त निश्चित सिद्धान्त तथा निख्खरता हुनु पर्छ । तर यहाँ खोइ कुन पार्टीमा निख्खरता छ ? र कुन नेताहरु निखारिएका छन् ? अहिले मलाई अलि आस्था माओवादी पार्टीमा जान थालेको छ । तर उनीहरु पनि राम्रोसंग निखारिएका छैनन् ।

**◆ तपाईंलाई मनपर्ने गायक गायिका तथा साहित्यकार को को छन् ?**

-म साहित्यकार पनि होइन, गायक पनि होइन । सूर ताल नै मलाई थाहा छैन । त्यसैले कुन गायक मन पर्छ तथा कुन साहित्यकार मन पर्छ भन्ने नै छैन । तर साहित्यको विकास हुनु पर्छ भन्ने मेरो धारणा छ । ❑



# कम्युनिष्ट वाचर

◆ विमल निभा ◆



उनी एक बर्ड वाचर हुन्। यो देशको थरिथरिका चराहरुको अध्ययन उनको कार्यक्षेत्रभित्र पर्छ। उनी विदेशमा उच्च शिक्षा प्राप्त विशेषज्ञ हुन्। डाक्टर एम.डी. थपलिया।

नेपालको रातो चीलको विशेष प्रकारको प्रजनन विषयमा उनले डक्टरेट गरेका हुन्। फ्लोरिडाको प्रसिद्ध युनिभर्सिटीबाट।

डाक्टर साहेब धेरैजसो नेपाल बाहिर नै रहने गर्छन्। यहाँ रहे भने जंगल जंगल डुलिरहन्छन्। यही उनको व्यवसायको माग हो।

हिजो चावहिल चोकमा उनीसंग भेट भयो।

"नमस्कार डाक्टर साहेब।"

"नमस्कार।"

"ओटावाबाट कहिले फर्कनु भयो ?" -म उभिएँ।

"म यहीं छु। त्यहाँबाट फर्केको धेरै भइसक्यो। तपाईंसंग भेट भएन। त्यसैले थाहा पाउनु भएन। म आफ्नो देशमै छु।" उनी मुस्कुराए- "चराहरुको काम पनि मैले छाडिसके। यहाँका जंगलहरु पनि सकिइसकेका छन्। बर्ड वाचिडमा अब मेरो कुनै रुची रहेन। मैले कार्य परिवर्तन गरिसकेको छु। म अन्तै व्यस्त छु।"

एक छिन रोकिएर डाक्टरसाहेबले फेरि भने, "डलर शब्द सुन्नासाथ म सम्मोहित भएँ। यो एक प्रभावकारी मन्त्र हो, जसले धेरैलाई आफ्नो वशमा पारेको छ। म के टिक्न सक्थें ?"

"केमा डाक्टर साहेब ?"

"आजभोलि म कम्युनिष्ट वाचिङ गर्दैछु। हुन त यो नयाँ फाँट हो। तर मलाई त्यस्तो नौलो लागेन। जस्तो बर्ड वाचिङ, त्यस्तै कम्युनिष्ट वाचिङ। के फरक छ ? नेपालका कम्युनिष्टहरुको अध्ययनमनन गर्नु पनि रमाइलै रहेछ। म यसैमा लागेको छु।"- उनी गम्भीर भए।

"चराहरु र कम्युनिष्टहरु उस्तै हुन् र डाक्टरसाहेब ?" मेरो उत्सुक्ता बढ्यो।

"दुवै काममा एउटै खालको आनन्द प्राप्त हुन्छ। मसंग एउटा विशेषज्ञको दृष्टि छ। पंक्षीहरुको आफ्नै संसार छ। सुगा, मैना, ढुकुर, मुजुर, सारस, डाँफे, हाँस, लाटोकोसेरो, बाज, सारौं, मुनाल, लौकाट, लुंइचे, परेवा आदिको जीवनमा जुन विविधता छ, त्यो प्राकृतिक हो। तर नेपालका कम्युनिष्टहरु आफ्नै परिश्रमले विभाजित भएका हुन्। यसमा प्रकृतिको कुनै हात छैन। हामीकहाँ गजब गजबका कम्युनिष्टहरु अस्तित्वमा रहेका छन्। उनीहरुका तमाम क्रियाकलापलाई समीपबाट निरीक्षण गर्नु मेरो एकमात्र लक्ष्य हो, जसमा मलाई लगाइएको छ। यसैको म तलब खान्छु।"

"कसद्वारा ?" मैले उनलाई हेरें।

"तपाईंलाई किन चाहियो ?"

उनी सशंकित भए। केही बेर चुप लागे। त्यसपछि भने, "हेर्नोस्, पर्दाभित्रको कुरा हो। कसैलाई नभन्नु होला। तपाईंलाई विश्वास गरेर भनिरहेछु।" उनले स्वरको गतिलाई एक्कासी कम गरेर भने- "म पहाडी काग सम्बन्धी एक सेमीनारमा भाग लिन जब मनिलामा थिएँ, त्यहाँ मेरो एक सी.आई.ए. अफिसरसंग सम्पर्क भयो। उनले मलाई सल्लाह दिए- तिमी बर्ड वाचिङ छाड र कम्युनिष्ट वाचिङमा लाग। म फिलिपिन्समा कम्युनिष्ट गतिविधि बढेकोले जानकारी हासिल गर्न आएको थिएँ। तिमीसंग पनि भेट भयो। बेसै भयो। नेपालमा पनि कम्युनिष्टहरु बढिरहेका छन्। कम्युनिष्ट वाचिङको लागि डलरको राम्रो व्यवस्था छ। हामीसंग डलरको कुनै कमी छैन। विचार गर।"

एक छिन रोकिएर डाक्टरसाहेबले फेरि भने, "डलर शब्द सुन्नासाथ म सम्मोहित भएँ। यो एक प्रभावकारी मन्त्र हो, जसले धेरैलाई आफ्नो वशमा पारेको छ। म के टिक्न सक्थें ?" उनले एउटा लामो सास फेरेर कुरालाई अन्तिम रुप दिए।

"कम्युनिष्ट वाचरको भूमिकामा कस्तो अनुभव भइरहेछ डाक्टरसाहेब ?" म पनि गम्भीर भएँ।

"त्यस्तो गाहरो महसूस भएन। धेरैलाई थाहा छ, विद्यार्थीकालमा म कम्युनिष्ट नै थिएँ। त्यही इतिहासलाई मैले दह्रो गरी समाते, जसले गर्दा आज मेरो वर्तमान सशक्त भएको छ। मलाई बडे बडे कम्युनिष्ट नेताहरु चिन्छन्। ठूलो वाम बुद्धिजीवी ठान्छन्। म एक बुद्धिवादीको रुपमा स्थापित भइसकेको छु। पोलिटब्यूरोका मेम्बरहरु मसंग बराबर सल्लाह लिइरहन्छन्। यसले मलाई निकै सजिलो भएको छ। एउटा कम्युनिष्ट पार्टीको बुद्धिजीवी विभागको म एक सम्मानित सल्लाहकार पनि भएको छु। मेरो पहुँच चारै दिशामा छ। कोही पनि मेरो उपेक्षा गर्ने साहस गर्न सक्दैन। फलस्वरुप, मलाई धेरै मजा छ। म वाम जगत्को एक लोकप्रिय व्यक्तित्व हुँ।" उनको मुखमण्डल उज्यालो भयो।

"अनि भूमिगत कम्युनिष्टहरुतिर कसरी नजर राख्नु हुन्छ ?"

म कस्ता कस्ता दुर्लभ चराहरुका विषयमा त जानकारी हासिल गर्थें भने यो त कुन ठूलो काम हो र ? मैले एक अज्ञात प्रजातिको गरुडबारे पनि पत्ता लगाएको थिएँ, जो पश्चिम नेपालमा मात्रै उपलब्ध छ। संसारमा अरु कतै यसको उपस्थितिको उल्लेख छैन। म एक तीक्ष्ण मस्तिष्क भएको कुशल अन्वेषक हुँ। चाहे त्यो पखेरुहरुका बारेमा होस् अथवा प्वाँख नभएका कम्युनिष्टहरुबारे, मेरो आँखाबाट कोही विलुप्त हुन सक्दैन। माओवादीतर्फ पनि म ध्यान दिइरहेछु। अचेल म त्यतैतिर केन्द्रित छु।" उनले आफ्नो देब्रे नाडीमा बाँधिएको घडी हेरे, "तपाईं मलाई असफल कम्युनिष्ट वाचर नसम्झनोस्। म आफ्नो ड्यूटीमा धेरै अघि बढिसकेको छु।"

"डाक्टरसाहेबलाई हतार भए जस्तो छ नि ?" म उनको मुद्रा अवलोकन गरिरहेको थिएँ।

"हो, महासचिव कमरेडले मलाई टाइम दिनु भएको छ। 'एशियामा कम्युनिष्टहरुको भविष्य' शीर्षकमा एउटा अन्तर्राष्ट्रिय सभा छिट्टै हुन गइरहेछ, महासचिव कमरेड त्यसमा भाग लिंदै हुनुहुन्छ। यही विषयलाई लिएर उहाँ वाम बुद्धिजीवीहरुसंग परामर्श गर्न खोजिरहनु भएको छ। आज मेरो पालो हो। मसंग केही बेजोड प्वाइन्टहरु छन्। म आज उहाँलाई सविस्तार भन्ने प्रयत्न गर्नेछु। म सोही सिलसिलामा जाँदैछु। कम्युनिष्ट पार्टीको हेडक्वाटरमा। तपाईंसंग पछि छलफल गरौंला। हुँदैन र ?"

यति भनेर कम्युनिष्ट वाचर डाक्टर एम.डी. थपलिया फुर्तिसाथ अघि बढे। म अल्छी मानेर त्यही चावहिलको चौकमै उभिई रहें। ❑

# बुधसिंह र दर्शनसिंहको चुनावी भाषण

◆ डा. माधवप्रसाद पोखरेल ◆

*बुधसिंह र दर्शनसिंह आदर्श उम्मेदवार हुन्, किनभने आफ्नो नाउँले नै तिनीहरुले जनतालाई झुक्याइसके ।*

चुनाव नजिक-नजिकै आएपछि स्यालहरु पनि सिंह हुन्छन् । केही गरी स्यालले त्यो चुनाव जितिहाल्यो भने त त्यसले सिंहलाई पनि हाँक दिन बेर लगाउँदैन । एकपल्ट एउटा बिरालाले मुसालाई लखेटेछ । मुसो पनि ज्यान जोगाउन भाग्ने नै भयो । कतै ठाउँ नपाएर त्यो एउटा सिसीभित्र छिरेछ । एक छिनपछि बिरालो पनि त्यो सिसीनजिकै आइपुग्यो, मुसो बाहिर ननिस्केर कहाँ जाला र भन्ने सोचेर बिरालाले मुसालाई ढुकेको ढुक्यै गर्‍यो । एकछिनपछि मुसो त बोतलबाट निस्केर बिरालालाई पो धम्की दिन थाल्यो, "आइज, म तँलाई खान्छु", बिरालाले तिरिमिरिझ्याइँ देख्यो । उसले कुरै बुझ्न सकेन, कसरी डुकुरे मुसाले आफूलाई निल्ने धम्की दिन सक्यो भनेर ! एकछिनपछि यसो हेर्छ त त्यो रक्सीको बोतल पो रहेछ !

बुधसिंह र दर्शनसिंह सिंह हुन् कि स्याल, त्यो त मलाई थाहा छैन, किनभने अरुले स्याल सम्झेको मान्छेले पनि आफूलाई सिंह नै सम्झेको हुन्छ, अनि कसैको नाउँमा सिंह जोडियो भन्ने बित्तिकै सबै पंजाबकेसरी रणजीतसिंह हुँदैनन् पनि । जसरी "यहाँ फोहर नगर्नुहोला" भन्ने सूचनापाटी टाँगिएको ठाउँमुन्तिरको माटो ल्याएर पूजा गर्ने बेदी बनाउन सकिँदैन र जसरी व्यापारीले आफ्नो माल "सस्तो-शुद्ध-टिकाउ, सबैलाई मनपर्ने" भनेर विज्ञापन गर्दैमा पत्याएर खाल्डामा पर्न सकिँदैन, त्यसैगरी कसैको नाउँ सुनेर उसको विशेषता अडकल गर्न हुने भए "गरीबदास" र "लंगटसिंह" नाउँले नै मानिस उत्तानो पर्न सक्छ । हरेक पार्टीको घोषणापत्र र नारालाई पत्याउने हो भने, जनताले सबै कोठामा छाप लगाएर आफ्नो मत बदर गराउनु पर्छ ।

बुधसिंह र दर्शनसिंह आदर्श उम्मेदवार हुन्, किनभने आफ्नो नाउँले नै तिनीहरुले जनतालाई झुक्याइसके । वास्तवमा, यिनीहरुमध्ये जसले चुनाव जित्छ, ऊ साँच्चैको सिंह हुन्छ र जसले चुनाव हार्छ, ऊ स्याल ठहरिन्छ । मानिस बलेको आगो ताप्छन् ! नेता र अभिनेतामा धेरै फरक हुँदैन । फरक के मात्र छ भने, अभिनेताले चाहिं स्वाङ पारेको थाह पाई पाई दर्शक उसको दुःखमा रुन्छ र सुखमा हाँस्छ । नेताले चाहिँ स्वाँग पारेको थाहै नपाई जनताले आफ्नो सर्वस्व दिन्छ । ऊ सिंह रहेछ भने पनि पाँच वर्षसम्म मतदातालाई नै खान खोज्छ, मुसो रहेछ भने मतदातालाई नांगेझार पारेर छोड्छ, उनीहरुकै बालीनाली मास्छ र उनीहरुलाई नै गणेशजीसंग वर मागिदिएर आफूले पालेको गुड्डी हाँक्छ । धेरैजसो नेताहरु मुसाहरुलाई तीर्थ गर्न लैजाने "साधु-बिराला" हुन्छन् ।

विचरा बुधसिंह र दर्शनसिंह को हुन् र कस्ता छन् भन्ने केही थाहा नपाई म गाली गरिरहेकै छु । कसैलाई गाली गर्नु पर्‍यो भने पनि, प्रशंसा गर्नु पर्‍यो भने पनि त्यसको केही आँतभेउ पाउनु पर्दैन । हरेक पार्टीका नेता र कार्यकर्ताले अर्को पार्टीका मरिसकेका नेतालाई र बाटामा भेटिने कार्यकर्तालाई मात्रै गाली नगरेर जन्मिन बाँकी रहेका कार्यकर्तालाई समेत गाली गर्न जानेका हुन्छन् । हुन त म कुनै पार्टीको सदस्य नभएकोले बुधसिंह र दर्शनसिंह मेरा विपक्षी पार्टीका पर्दैनन् र मैले तिनीहरुलाई गाली नगरी नहुने केही कारण छैन । तापनि मान्छे अर्काको प्रशंसामा कन्जुसी गर्छ र गाली गर्न पाए मुख मिठ्याएर तम्सिन्छ । सके, त्यसैले होला, विचराहरुलाई म लुरे मास्टर पनि मुसो खेलाएजस्तो खेलाइरहेको छु ।

अब त मोहनराज शर्माका पात्रहरु लेखकसंग पौठेजोरी खेल्न आएझैं उनीहरुको भाषण मैले ढिलो पारिदिएकाले मसंग नै दागा धर्न आउलान् जस्तो भइसक्न लाग्यो । म चाहिँ नेताको भाषण सुन्न पर्खेको विशाल जनसमूहलाई उद्घोषकको झर्कोलाग्दो भाषणले अलमल्याएझैं अलमल्याइरहेको छु । माफ गर्नुहोस् है, निबन्धकार यस्तै हुन्छ क्यार !


बुधसिंह र दर्शनसिंह पंचावको अमृतसरमा एउटै चुनावक्षेत्रका प्रतिद्वन्दी लोकप्रिय उम्मेदवार थिए अरे ! उनीहरु आफ्ना मतदाता थोरै भए पनि विपक्षीलाई छिर्के लाएर चुनाव जित्ने शकुनीदाउमा एकदम खप्पिस थिए अरे । कोही कम थिएन अरे ! यसरी चुनाव जित्ने राजनैतिक आडमा बेजोड भए पनि उनीहरुलाई भाषण गर्न चाहिं आउँदैनथ्यो अरे । तर राजनैतिक पार्टीहरु पनि कहाँ कम हुन्छन् र ! झुक्किएर गोली लागेको मान्छेलाई पनि हत्त र पत्त आफ्नो पार्टीको झण्डा ओडाइदिएर "शहीद हुने व्यक्ति जन्मजात हाम्रो पार्टीका कार्यकर्ता थिए" भन्न जान्ने राजनैतिक पार्टीहरु चुनाव जित्ने बलियो जग भएका बुधसिंह र दर्शनसिंहलाई आफ्नो पार्टीका जटायुजत्तिकै त्यागी कार्यकर्ता हुन् भन्ने घोषणा गरेर उम्मेदवारी टिकट दिन किन पछि पर्थे ! यसरी बुधसिंह र दर्शनसिंह एउटै चुनावक्षेत्रका सशक्त प्रतिद्वन्दी उम्मेदवार भएका थिए । कोभन्दा को कम ?

उम्मेदवारले एक भाषण त दिनु नै पर्ने भयो । दुवै पक्षका कार्यकर्ताले आ-आफ्नो उम्मेदवारलाई उचाले- भाषण गर्न आउँदैन भने पनि मञ्चमा उभिएर केही न केही त बोलिदिनै पर्‍यो । आखिर उम्मेदवारले बोलिसक्नै नपाई ताली बजाउने कार्यकर्ताहरुको पार्टीमा कमी थिएन, जो आफ्नो उम्मेदवारले जे बोले पनि सगर थर्किने गरी ताली बजाउन तम्तयार थिए । केही सीप नलागेर आफ्नो पार्टीको प्रतिनिधित्व गर्दै बुधसिंह भाषण गर्न उभियो-

**भाइयों और बहनों,**
**मैं भाषण करना नहीं जानता**
**भाषण तो करते थे जवाहरलाल नेहरु**
**जिनेक कोट में एक गुलाबका फूल रहता था ।**
**गुलाब से गुलकन्द बनता है**
**गुलकन्द कब्जियत का दबा है**
**कब्जियत सब रोगोंका जड है**
**जड खरबुजेका अच्छा होता है**
**खरबुजा खरबुजेको देखकर**
**रंग बदलता है ।**
**रंग जर्मनीका पक्का हेता है**
**जर्मनी में एक बादशाह था**
**जिसका नाम था हिटलर**
**उस ने बहुत से वार करवाये थे**
**जैसे- रविवार, सोमवार, मंगलवार, बुधवार**
**बुधवारको याद रखिये और**
**बुधसिंहको भोट दिजिये ।"**

साँच्चै नै बुधसिंहले बेजोड भाषण गर्‍यो । उसका कार्यकर्ताहरुले उसको भाषण सुनेर एकदम रमाउँदै ताली ठोके ।

अब त अर्को पार्टीको पनि इज्जतको प्रश्न आयो । विपक्षी उम्मेदवारको भाषण




डा. माधवप्रसाद पोखरेलले २०३९ सालदेखि लेख्दै आउनुभएका निबन्धहरूको संग्रह "मेरो मान्छे" को एउटा निबन्ध यसपल्ट हामीले पाठकहरूसामु प्रस्तुत गरेका छौं । यस वर्षको "गोपालप्रसाद रिमाल" सम्मान समेत प्राप्त गर्नुभएका डा. पोखरेल गंभीर र व्यंग्यात्मकतायुक्त निबन्ध लेख्ने लेखकका रूपमा साहित्य क्षेत्रमा चर्चित हुनुहुन्छ ।
*-मूल्यांकन*



(निबन्धकार)

**दर्शनसिंहको पनि भाषण सुनेपछि मतदाताहरुले कसलाई जिताउने हुन्, केही भन्न सकिएन ।**

सुन्ने जनताले मुखभरि जिब्रो भएको उम्मेदवारलाई भोट हालेर जिताउने थिएनन् । भोट भन्ने कुरो खालि आफ्नै पार्टीका ताली बजाउने, झण्डा बोक्ने र नारा लगाउने कार्यकर्ताका भरमा मात्रै जितिदैन । त्यहाँ कुनै पार्टीको रंग नलागेका सोझासाझा जनतालाई भीड देखाएर हुन्छ कि नौटंकी गरेर हुन्छ कि "लौ अब यसैले जित्ने रहेछ" भन्ने भ्रम पार्न सक्नु पर्छ, किनभने जनता आफ्नो मत बर्बाद गर्न चाहँदैन । बुधसिंहको भाषण सुनेर दर्शनसिंहको हौसला बढ्यो । ऊ पनि मंचमा उभिएर भाषण गर्न थाल्यो-

**भाइयों और बहनों,**
**मैं न तो स्पीकर हूँ,**
**न कोई लाउड स्पीकर ।**
**लाउड स्पीकर आयरनका बनता है**
**आयरन थे सरदार पटेल**
**सरदार पटेल जब मर गये,**
**उन के कब्र में दो फूल खिले**
**एक था गुल**
**और दूसरा था गुलफाम ।**
**गुलफाम फारैन चला गया**
**फारैन में एक लडाईं छिडी**
**लडाईं बहुत भयानक थी**
**भयानक ? कैसी भयानक ?**
**जैसा होता है शेर ।**
**चालीस सेरका एक मन होता है**
**मन बहुत चञ्चल है**
**चञ्चल थी मधुवाला की बहन**
**जिसको दिल का दौरा था ।**
**दिल एक मन्दिर है**
**मन्दिर ? कैसा मन्दिर ?**
**जैसा है न अमृतसर का स्वर्णमन्दिर**
**स्वर्ण मन्दिर मे दर्शन कीजिये**
**और दर्शनसिंहको भोट दीजिये ।"**

दर्शनसिंहको पनि भाषण सुनेपछि मतदाताहरुले कसलाई जिताउने हुन्, केही भन्न सकिएन । तपाईं भए, कसलाई भोट हाल्नुहुन्थ्यो ? साँच्चि यो चुनाव कसले जित्छ होला ?

बुधसिंह र दर्शनसिंहको भाषणको जनताले जस्तो मूल्यांकन गरेका भए पनि दुई जना मात्रै उम्मेदवार उठेकाले एउटाले जित्यो होला, अर्काले हार्‍यो होला, त्यसमा आफूलाई कुनै चासो छैन । उम्मेदवार पार्टीले राम्रो दिएनन् भने पनि बुधसिंह र दर्शनसिंह कसै न कसैले चुनाव जितिहाल्छ, मतदाताहरु एउटालाई जिताउन बाध्य भइहाल्छन् । पंचायतकालमा एकपल्ट मैले अचानक भाषण गर्नु परेको थियो । भाषण गर्न मन्त्रीहरुलाई बोलाएका रहेछन्, म पनि स्रोता हुन पुगेको थिएँ, तर मन्त्रीहरु के भएर आएनछन् । स्रोताहरु भाषण सुन्न पर्खिरहेका रहेछन् । त्यस्ता बेलामा म पुगेछु । आयोजकहरुले मैलाई समातेर भाषण गर् कि गर् भने । भाषण के विषयमा गर्नुपर्ने भनेर सोधेको 'विश्वशान्तिमा नेपाली युवाशक्ति' रहेछ । मेरो खलखली पसिना छुट्न थाल्यो । नेपाली युवाहरुले विश्व शान्तिमा कहाँ कस्तो कस्तो टेवा दिए भन्ने कुराको जानकारी अझै पनि मलाई पूरा छैन । त्यस्ता बेलामा मेरो नाउँ बोलाइयो । दुःख सुख बुद्ध, सीता र राष्ट्रसंघीय शान्ति सेनाका नेपाली सिपाहीहरुको बखान गरेर म बसें । त्यसपछि एकजना पंचायती नेताको त्यसै शीर्षकमा भाषण गर्ने पालो आयो । उनको भाषण पनि बुधसिंह-दर्शनसिंहलाई सम्झाउने खालको थियो । उनले भाषण यसरी गरे- विश्वशान्तिमा नेपाली युवाहरुले ठूलो योगदान पुर्‍याएका छन् । श्री ५ महाराजाधिराजका कुशल नेतृत्वमा नेपाली युवाहरुले त्यस्तै प्रेरणा लिनुपर्छ । राजा भनेको पानी हो । जसरी, धनी र गरीबको अरु खान्कीमा फरक परे पनि, पानी सबैले एउटै खान्छन्, त्यरी नै अरु सबै कुरामा विवाद भए पनि राजा सबैका साझा हुन् । नेपालमा राजा नभई हुँदैन । राजा नभई नहुने हुनाले नै भारतमा राष्ट्रपति राख्नु परेको हो.... ।"

मलाई लाग्छ बुधसिंह र दर्शनसिंह हरेक निबन्धकारका आदर्श हुन्, किनभने मेरा निबन्धहरु पनि आज बल गरेर म उनीहरुको भाषणजस्तो बनाउने प्रयास गरिरहेको छु । संस्कृतको अन्ताक्षरी श्लोक- प्रतियोगिताजस्तो बुधसिंह र दर्शनसिंहको भाषणमा विषयको बुनोट माकुराको हलुका जालो जस्तो छ । संस्कृतमा प्रतिभाको परिभाषा पनि "छिन-छिनमा नयाँ नयाँ विचार आइरहनु" भएजस्तो लाग्छ । यो मनोवैज्ञानिक विधि स्वतन्त्र साहचर्य (फ्री असोसिएसन) मन जता जसरी बरालिन्छ, त्यसलाई त्यसरी नै बेलगाम छोडिदिने विधि हो । मलाई मेरा निबन्धमा बुधसिंह र दर्शनसिंहको भाषण दिन मन लाग्छ । रोज्नु, नरोज्नु त मतदाता पाठकहरुकै हातमा छ । ❑

*(मेरो मान्छे निबन्ध संग्रहबाट साभार)*




# संसार यौटा विशाल घर हो भने

◆ बलभद्र भारती



आजपनि साँझ पर्ने बेला
धेरै मानिसहरू बासस्थानतर्फ फर्किंदै थिए
जंगलका विशाल झाडीहरूबाट
चराका बथानहरू चारो टिपेर
आफ्ना आफ्ना गुँढमा फर्किंदै थिए
सूर्यका अन्तिम किरणहरू पहाडबाट झर्दै
सारसका बथानहरूसँग समुद्रतर्फ जाँदै थिए ।
❑
हो, यो साँझको बेला
सबैले आफ्नो बासस्थान खोज्ने बेला हो
घर नहुनेहरूले घर सम्झिने बेला हो
देश नहुनेहरूले देश सम्झिने बेला हो
तरपनि यतिबेला घर नहुनेहरूका लागि
संसार नै विशाल घर भएको छ
खुला आकाश नै विशाल छानो भएको छ
जहाँबाट शीतका थोपाहरू
हिउँद, बर्षाभरि नै छानो छेडेर चुहिने गर्छन्
र, कलिला छातीहरूमा काँडाले घोचेझैं
चस्स-चस्स घोच्न थाल्छन् ।
❑
आकाशका तारा, जून र घामको बस्तीबाट
मानिसको बस्ती धेरै टाढा छ
सबैले यहाँसम्म आइपुग्ने सौभाग्य पाउन सक्दैनन्
किनकि संसारको नियमित दिनचर्यामा पनि
आउने जाने प्रक्रिया चलिरहेको हुन्छ
त्यसैले यहाँसम्म आइपुगेपछि
सबैले एक पटक फुल्न पाउनु पर्छ
हिमालको लेकहरूमा होस्, चाहे पहाडका भेगहरूमा होस्
तराईका फाँटहरूमा होस्, चाहे समुद्रका टापूहरूमा होस्
घर हुनेहरूको पनि घर भएझैं
घर नहुनेहरूको पनि घर हो संसार
यहाँ आएपछि सबैले बस्न पाउनुपर्छ
सबैले एक-एक टुक्रा माटोमा
सुन्दर फूलबारी बनाउन पाउनुपर्छ
फुल्न पाउनु सबैको जन्मसिद्ध अधिकार हो भने
फुल्न देऊ सारा फूलहरूलाई
च्यात तिमीले बनाएका कागजी फूलहरू
बन्द गर सम्पूर्ण बहानाबाजीहरू
साँच्चि नै संसार यौटा विशाल फूलबारी हो भने
सारा फूलहरूलाई फुल्न देऊ
संसार यौटा विशाल घर हो भने
हामीलाई पनि आफ्नो घरमा
प्रत्येक साँझमा फर्किन देऊ ।

❑ सुर्खेत

राजेन्द्र गौतमद्वारा लिखित तथा सम्पादित
'जननेता मदन भण्डारीः पार्टी कार्यनीति र राजतन्त्रबारे' महत्वपूर्ण पुस्तक !
**पढ्नुभयो ? संकलन गर्नुभयो ?**
बजारमा उपलब्ध छ ! -*चैनपुर प्रकाशन*

# भारतमा जनपक्षीय कलाकारहरु बमको खेल विरुद्ध उत्रिए !


भारतीय शासक वर्गले गरीब भारतीय जनताको पेट काटेर हालै गरेको परमाणु बम परीक्षणलाई लिएर भारतका जनपक्षीय कलाकारहरु विभिन्न समूहहरुमा सक्रिय भएका छन् । बमको यो 'खेल'का विरुद्ध उनीहरु आफ्ना कलाकर्महरुमार्फत् आफूलाई प्रस्तुत गरिरहेका छन् ।

यसै क्रममा भारतको चर्चित कला समूह 'निशान्त नाट्य मंच'ले पनि झाँकी र गीतहरुको माध्यमबाट जनतामा आफ्नो सन्देश पुऱ्याउने काम गरिरहेको छ । भारतीय एवं पाकिस्तानी शासक वर्ग दुवैका दुर्नियतहरुको भण्डाफोर गर्दै निशान्त नाट्य मंचले आफ्नो कला यात्रालाई टोल-टोल, वस्ती-वस्ती र गाउँ-गाउँसम्म पुऱ्याउने लक्ष्य राखेको छ र यो मंच यस लक्ष्य प्राप्तिको दिशामा क्रियाशील रहेको छ ।

यो सांस्कृतिक-अभियान अन्तरगत निशान्त नाट्य मंचले आफ्नो एक प्रकाशनमार्फत् भारत-पाकिस्तानको वर्तमान परमाणु बमको होडबाजीको भण्डफोर गर्दै एक सटीक विश्लेषण प्रसतुत गरेको छ ।

यो छोटो विश्लेषणले भारतमा बहुसंख्यक शोषित भारतीय जनताका अगुवाहरु कसरी सोचिरहेका छन् भन्ने कुराको राम्रो झलक प्रस्तुत गर्ने हुनाले सो मंचको उक्त विश्लेषणको अनुवाद यहाँ प्रसतुत गरिएको छ ।



*निशान्त नाट्य मंचले आफ्नो एक प्रकाशनमार्फत् भारत-पाकिस्तानको वर्तमान परमाणु बमको होडबाजीको भण्डफोर गर्दै एक सटीक विश्लेषण प्रस्तुत गरेको छ ।*

*निशान्त नाट्य मञ्चका शमसुल इस्लाम*

### निशान्त नाट्य मंच के भन्छ ?

हाम्रो देशलाई महान् बनाउन शायद परमाणु बम जरुरी थियो र ११ मे १९९८ का दिन यो जरुरत पूरा गरियो पनि । प्रधानमन्त्री र उनका मित्रहरुले हामीलाई बताएका छन्- अब देश महाशक्ति बनेको छ र बम पाएर हाम्रो देशले गौरबपूर्ण महानता हासिल गरेको छ । बम बनाउने वैज्ञानिकहरु र तिनका प्रशंसकहरुले परमाणु बम बनाउनुलाई भारतीय विज्ञानको महान् उपलब्धी घोषित गरेका छन् । उनीहरुले हामी अब एटमी हतियारहरुको प्रतिस्पर्धामा कोहीभन्दा पछि छैनौं भनी बताएका छन् ।

जंगी उन्मादले भरिएका यी महान घोषणाहरुबीच यो देशका आम जनताले केही प्रश्नहरुको जवाफ खोज्नु जरुरी छ । यदि देश जनताद्वारा बन्छ भने, पहिले जवाफ यही खोज्नु छ- जुन देशमा असंख्य किसान र अन्य परिवारहरु दूरावस्था र गरिबीले सताइएर आत्महत्या गर्न विवश छन्, जुन देशको आधा आवादी बेरोजगार छ, छँटनी, तालाबन्दी र टाट पल्टाइका कारण लाखौं मानिसहरुको नोकरी खत्तम भइरहेको छ र जुन देशमा पचास प्रतिशतभन्दा बढी बच्चाहरु प्राथमिक शिक्षापछि स्कूल छोड्न एवं खतरनाक धन्धाहरु गर्न विवश छन्, यस्तो अवस्थामा, परमाणु बमको प्राप्तिले यो देशलाई कसरी महान् बनाउन सक्छ ? यसैगरी, जुन देशमा महिलाप्रति बलात्कार र अत्याचारका घटनाहरु लगातार बढिरहेका छन्, जुन देशका नवयुवाहरुको भविष्य असुरक्षित छ, जहाँ बिजुली, पानी पारवाहन, सडक आदिको व्यवस्थासम्म छैन, शहरहरुमा करोडौं मेहनतकश जनताहरु सुँगुरको खोरको जस्तो जीवन-अवस्था भोगिरहेछन्, यस्तो अवस्थामा परमाणु बमको प्राप्तिले यो देशलाई कसरी महान् बनाउन सक्छ ?

जहाँसम्म अमेरिका र यूरोपलाई चुनौति दिने भन्ने सवाल छ, ११ मेको दिन परमाणु बम पड्काउने महान काम गरियो, त्यसैको फगत चार दिनपछि १५ मेका दिन भारत सरकारले यो देशको ५० हजार वर्ग किलोमिटर क्षेत्रलाई ( जमीन र समुद्र दुवै गरी) १८ वटा बहुराष्ट्रिय तेल कम्पनीहरुको जिम्मामा सुम्पिने काम गऱ्यो । २६ मे १९९८ का दिन एउटा अर्को आदेशमार्फत् देशका खानीहरु १२ वटा बहुराष्ट्रिय कम्पनीहरुलाई सुम्पिने काम गरियो । पेप्सी र कोकाकोलाका बोतलहरु सडकमा फुटाउने काम गरी त्यसको फोटो खिच्ने काम पनि गरिँदैछ, तर यी बहुराष्ट्रिय कम्पनीहरुलाई चुनौति दिने महानुभावहरु आफ्नै सरकारसंग ती कम्पनीहरुलाई देशबाट धपाउने आदेश जारी गर्न भने पटक्कै माग गरिरहेका छैन । यो देख्दा अचम्म लाग्छ, हाँसो नै उठ्छ । अमेरिकासंग लडाइँ हुनेछ र देश चाहिं अमेरिकी कम्पनीहरुको जिम्मामा सुम्पिने काम गरिनेछ ?! वास्तवमा साँचो कुरा के हो भने- बमको आडमा देशलाई बेचिँदैछ !

परमाणु बमलाई भारतीय विज्ञानको महान उपलब्धी बताइँदैछ । वास्तविकता चाहिं के हो भने- फगत सर्वनाश मात्र गर्ने परमाणु बम विज्ञानको उपलब्धी हैन, बरु यो त विज्ञानको दुरुपयोग हो । यदि परमाणु बम बनाउनु विज्ञानको उपलब्धी हो भने त, जो मानिसहरु रसायनशास्त्रको सहायता लिएर नशालु बोटविरुवाहरुबाट खतरनाक नशालु पदार्थहरु बनाइरहेका छन् र जनताको ज्यान लिइरहेका छन्, ती सबैलाई पनि महान वैज्ञानिक मान्नुपर्ने हुन्छ । सर्वनाशको निम्ति विज्ञानलाई प्रयोग गर्नेहरु महान वैज्ञानिक ? यिनीहरुले विज्ञानलाई जनताको भलाईको निम्ति किन प्रयोग गर्न सकेनन् ? यसको जवाफ पनि आज खोजिनु जरुरी छ ।

भारत र पाकिस्तानका शासकहरु परमाणु बमहरुको खेलौनाद्वारा एउटा यस्तो खेल खेलिरहेछन्, जसद्वारा उनीहरु जनताले दैनिक जिन्दगीका गम्भीर समस्याहरु बिर्सियुन् भन्ने चाहन्छन्, जुन समस्याहरु आज आजादीका पचास बर्षहरु बित्दा पनि जस्ताकातस्तै मात्रै छैनन्, तिनले झन् ज्यादा भयानक रुप धारण गरिरहेका छन् ।

निशान्त नाट्य मंचका साथीहरु यी सवालहरुलाई लिएर झाँकी र गीतहरुको माध्यमबाट आफ्नो प्यारो देशका गल्ली गल्ली बस्ती, वस्ती र गाउँ गाउँ पुग्न चाहिरहेका छन् ।"

◆ हरिगोविन्द लुइँटेल

# के नून-चिनी-पानी प्रतिबन्ध लगाउनु पर्ने कुरा हो ?

दोस्रो खण्ड

प्रत्यक्ष विचार अन्तर्क्रियाको रिपोर्ट

समाजशास्त्री डा. कविताराम श्रेष्ठ र चिकित्सकहरु डा. शरद वन्त, डा. बेनुबहादुर कार्की, डा. सोनुलाल थापा, डा. सरोज धिताल तथा डा. करुणा वन्त लगायतका विचारहरु



## श्याम श्रेष्ठ


नून-चिनी-पानीले हानी गर्दैन, काम नै गर्छ भने त्यसलाई स्कूलको पाठ्यक्रममा राखेर स्वास्थ शिक्षाको रुपमा किन नदिने ? त्यसो भयो भने थोरै लगानीमा शिक्षित व्यक्तिहरुबाट मानिसहरुले नून-चिनी-पानीको ज्ञान सजिलै प्राप्त गर्न सक्छन् । यतातिर हामीले किन ध्यान नदिने ?

## डा. सोनुलाल थापा

मैले अघि नै भने कि, शुरुदेखि नै हामीले 'जीवनजल' मा जुन खर्च गरिराखेका छौं, त्यसलाई छोडेर यतातिर लाग्ने भन्ने कुरो कार्यक्रमगत रुपमा त्यति सम्भव छैन । अर्को कुरो, अघि डा. कार्कीले पनि भनिसक्नु भयो कि, जीवनजल र नून-चिनी-पानीको एकै साथ प्रचार प्रसार गरिँदा मानिसहरुमा धेरै भ्रमहरु सृजना भएका छन् । भ्रमले गर्दा मानिसहरुले नून-चिनी-पानीलाई जीवनजलसंग मिसाएर पनि ख्वाएको देखियो । त्यसैले अहिले जीवनजलका साथसाथ नून-चिनी-पानीलाई पनि प्रचार प्रसारमा लानु ठीक हुँदैन ।

## डा. बेनुबहादुर कार्की

नून-चिनी-पानी झाडा पखालाको शुरु चरण अर्थात् जलवियोजन हुनुभन्दा अगाडि जल वियोजन रोक्नका लागि मात्र उपयुक्त हुने हुन्छ । तर, यसको लागि त हामी नून-चिनी-पानी मात्र होइन दालको रस, तरकारीको रस, भातको माड जस्ता अन्य घरेलु तरल खाद्य पदार्थहरु मात्र पनि दिन सक्छौं । बच्चालाई आमाको दूध मात्र पनि अलि बढी ख्वाउँदा पनि पुग्छ । त्यसैले यो नून-चिनी-पानीमा मात्रै हामीले किन जोड दिने भन्ने मलाई लाग्दछ ।



## डा. सरोज धिताल

डा. कार्कीसंग के कुरामा म सहमत छु भने, अहिले हाम्रो यहाँ जुन किसिमले छलफल चलिराखेको छ, यो भइरहनु पर्छ भन्ने मलाई लाग्दैन । वास्तवमा, यहाँ पत्रिकामा जब दुई किसिमका विचारहरु प्रकाशित भए र त्यसलाई विश्व राजनीतिसंग जोडेर जब हेरियो, अनि मात्र आ-आफ्ना अडानहरु अगाडि सार्ने काम भएको हो । र, कवितारामजी आफैं त्यस अध्ययन कार्यमा संलग्न भएको कारणले गर्दा यो कुनै साम्राज्यवादी विश्व राजनीतिको षड्यन्त्रको अंग हो कि भन्ने कुरामा उहाँले असहमति जनाउनु भयो । वैज्ञानिक अनुसन्धानबाट निकालिएको निश्कर्ष भएको कारणले गर्दा उहाँले नून-चिनी-पानी बन्द गरिनुमा विश्व राजनीतिको षड्यन्त्र देख्नेहरुले प्रमाणसहित अगाडि आउनु पर्छ भन्ने आशय राख्नुभयो । आफ्नो ठाउँमा उहाँको कुरा सही छ ।

तर, मलाई आजको छलफलको विषय यो थिएन भन्ने लाग्छ । छलफलमा हाम्रा तर्कहरु पूर्णतः विजय पराजयको कोणबाट मात्र प्रस्तुत हुन्छन् भने हामी कुनै टुंगोमा पुग्दैनौं ।

मलाई के लाग्छ भने, झाडा पखालासंग सम्बन्धित समस्याहरु हाम्रो देशमा छन् र तिनीहरु खाली जैब चिकित्सासंग मात्र नभई सामाजिक, राजनीतिक, आर्थिक आदि कुराहरुसंग पनि सम्बन्धित छन् र, हामी केही हदसम्म जिम्मेवार नागरिक भएको हैसियतले त्यसमा चासो लिने कि नलिने भन्ने सवाल उठ्दछ ।


एउटा कुरा के हो भने, नून-चिनी-पानीभन्दा निश्चित नै ORS का प्याकेट (जीवन जल) हरु राम्रा होलान् । यस सम्बन्धमा यहाँ प्राप्यताका कुराहरु बढी अगाडि आइरहेका छन् । जीवन जलको त के कुरा, चिनीको पनि प्राप्यता सबै ठाउँमा छैन । अझ डा. कार्कीले अघि भनी नै सक्नु भयो कि, यहाँ प्राप्यताको कुरा मात्र होइन, बानी वा प्रवृत्तिको कुरा पनि छ र त्यो तुरुन्तै सुधार भइहाल्ने कुरा होइन । तर, म के भन्छु भने, जिम्मेवार नागरिकको हैसियतले यी सबै कुराको जिम्मेवारी हामीले पनि लिनु पर्छ कि पर्दैन ? मैले यति गरिसकें, अब म योभन्दा बढी के नै गर्न सक्छु र भनेर बस्ने हो भने त्यो त अहिले पाइरहेका नै छौं ।

कविताराममजीको अध्ययनकै बारेमा मैले बुझ्न नसकिराखेको कुरा के हो भने, नून-चिनी-पानीको बारेमा उहाँले जुन अध्ययन गर्नु भयो, त्यसमा नून र चिनीको मात्रा बढी भएको अवस्थामा घातक परिणाम ल्याउँछ भन्ने कुरा आयो, यो कुरा ठीकै होला । तर, जीवन जलको घोल तयार गर्दा पनि त यदि पानीको मात्रा घटेमा स्वतः नून र चिनीको मात्रा बढ्न पुग्छ । यसले पनि घातक परिणाम ल्याउँछ । जीवन जलले ल्याउने घातक परिणाम स्वीकार्य हुने, खाली नून-चिनी-पानीले ल्याउने घातक परिणाम मात्रै स्वीकार्य नहुने भन्ने कुरा पूर्णतः तर्कहीन कुरा हो । र, यो कुरासंग म सहमत हुन सक्दिनँ ।


अर्को कुरो, यसलाई विश्व राजनीतिको सन्दर्भमा पनि हेरिनु पर्छ भन्ने कुरालाई पनि पूर्णतः पन्छाउन सकिँदैन । म के भन्छु भने, हाम्रो शुरुको छलफलमा खालि जीवन जल र ORS को कुरा मात्र आएको थिएन ।

विश्व राजनीतिमा अहिले जुन विश्वव्यापीकरणको कुरा बढी व्याप्त भइरहेको छ, त्यसले राम्रो कुराको साथसाथै कैयौं नराम्रा खराब कुराहरु पनि ल्याइरहेको छ । त्यसैले हामीले हाम्रो जस्तो देशमा हरेक क्षेत्रमा उपयुक्त प्रविधिलाई नै प्रोत्साहन दिनुपर्ने बाध्यता छ । यसलाई हामीले राम्रोसित ठम्याउनु पर्दछ ।

अहिले विश्वमा जुन प्रकारले विश्वव्यापीकरणको आकर्षण बढिरहेको छ, यसबाट बच्ने कसैको पनि तागत छ जस्तो लाग्दैन । त्यस्तै नै जीवनजलको प्याकेटको आकर्षणबाट पनि टाढा रहन सकिँदैन ।



डा. सोनुलाल थापा



डा. बेनुबहादुर कार्की

**बच्चालाई आमाको दूध मात्र पनि अलि बढी ख्वाउँदा पनि पुग्छ । त्यसैले यो नून-चिनी-पानीमा मात्रै हामीले किन जोड दिने भन्ने मलाई लाग्दछ ।**

यस्तै एउटा तीतो सत्य के छ भने, हामीले चिसो पेयको रुपमा कागती, पानी र चिनीको सर्वत हाम्रा गाउँमा घरमा सजिलैसित बनाउन सक्छौं, तर हामी त्यसलाई पन्छाएर महँगो पैसा तिरेर टाढाबाट बोकाएर भए पनि कोकाकोला र फ्याान्टा पिइरहेका हुन्छौं ।

चिसोपनाको लागि उत्तिकै काम गर्ने कागती, चिनी र पानीको सर्वत कोक र फ्याण्टाभन्दा सजिलैसित प्राप्त गर्न सकिन्छ, तर त्यतातिर हाम्रो आकर्षण छैन । हामी विश्वव्यापीकरणअन्तर्गत आएको कोक, फ्याण्टा, कार्ल्सवर्ग र आइसवर्गतर्फ नै आकर्षित भइरहेका छौं । त्यही कुरा नून चिनी पानीको सट्टामा आएको जीवन जलमा पनि लागू हुन्छ । जीवन जलले पूर्ण रुपमा नभए पनि केही हदसम्म भए पनि उपभोक्तावादी आकर्षण अवश्य नै पैदा गर्दछ । अहिले हामीकहाँ अनियन्त्रित रुपले धान्नै नसकिने असन्तुलित किसिमको उपभोक्तावादको जुन विकास भइरहेको छ, यस अवस्थामा एउटा जिम्मेवार नागरिकको हैसियतले यी कुराहरुको बारेमा हामी अवश्य नै चिन्तित हुनु पर्दछ ।

यो सन्दर्भमा हेर्दाखेरी विश्वव्यापीकरणका खराब असरहरुले हाम्रो देशमा कुन कुन क्षेत्रमा प्रभाव जमाउँदैछ भन्ने कुरामा चनाखो हुने हो भने झिलिक्क राम्रो कागजमा पोको पारिएको जीवन जलले नून-चिनी-पानीले भन्दा बढी आकर्षण गरिराखेको छ भन्नेतर्फ पनि हामी सतर्क हुनु जरुरी छ । तर जनताको घरमा बढी उपलब्ध त नून-चिनी-पानी नै हो । त्यस अर्थमा नून-चिनी-पानीलाई निरुत्साहित गर्नुमा विश्वव्यापीकरणको राजनीतिले भूमिका खेलेको कुरा राम्ररी ठम्याउन सकिन्छ । अन्यथा, हामी नून-चिनी-पानीको गलत प्रयोगले ल्याउन सक्ने घातक परिणामबारे मात्रै बेसी चिन्तित किन भयौं ? किन हामी जीवन जलको गलत प्रयोगले ल्याउन सक्ने घातक परिणामबारेचाहिँ उत्तिनै मात्रामा चिन्तित भएनौं ?

शिक्षाको कुरालाई लिने हो भने निश्चित नै नून-चिनी-पानीको प्रयोग राम्रो तरिकाले भइरहेको छैन भन्ने कुरा हामी भन्न सक्छौं । अर्को कुरा, प्रवृत्ति परिवर्तन गर्ने भन्ने कुरा त्यति सहज छैन । फेरि अहिले भित्रबाट हामी एउटा शिक्षा दिइरहेका हुन्छौं भने बाहिरबाट एकजना मान्छे सयौं, हजारौं कुराहरुबाट प्रभावित भइरहेको हुन्छ । त्यसलाई, बाहिरी प्रभावलाई मेट्नको लागि र सही शिक्षा दिनको लागि पनि अरबौं रुपियाँ होइन, अरबौं डलर खर्च गरेर पनि हुँदैन । त्यसको लागि त छुट्टै प्रकारको प्रतिबद्धता चाहिन्छ । त्यो भनेको एक प्रकारको भावनात्मक प्रतिबद्धता हो । के हामीसित जनताको घर घरमा सजिलै उपलब्ध हुने प्रविधिको प्रयोग सिकाउने भावनात्मक प्रतिबद्धता छ ?

जनताको प्रवृत्तिलाई परिवर्तन गर्ने भनेको एक प्रकारको निरन्तर प्रकृया हो, एक प्रकारको आन्दोलन हो र एक प्रकारको अभियान हो । त्यसैले, यो जिम्मेवारीलाई पनि महसूस गरेर कुराकानी गर्ने हो भने मात्रै के सन्दर्भमा यो जीवन जल र नून-चिनी-पानीको कुरा आएको हो भन्ने कुराको अर्थ रहन्छ ।

हामीले नून-चिनी-पानीको प्रयोग कसरी भइरहेको छ त्यसको अनुसन्धान गर्‍यौं, तर जीवन जलको प्रयोगबारे अनुसन्धान गरेनौं । यी कुराहरुलाई ख्याल गर्दा नून-चिनी-पानीको सन्दर्भमा गरिएको अध्ययन अनुसन्धान एकपक्षीय भयो भने मलाई लाग्दछ । त्यही अनुसन्धान पनि धेरै स्टाण्डर्ड भएको अनुसन्धान जस्तो लाग्दैन । यसमा तेस्रो, चौथो ग्रेड अनुसन्धान मात्र हामीले गर्‍यौं जस्तो लाग्छ । सच्याउनु पर्ने कुराहरु धेरै छन् भन्ने लाग्दछ । त्यस्तै, यसका कुनै पनि वैज्ञानिक प्रमाणहरुले अहिले हावी भइरहेको विश्वव्यापीकरण संगसंगै आएका खराब कुराहरुमाथि विजय हासिल गर्न सक्दैनन् ।

**के हामीसित जनताको घर घरमा सजिलै उपलब्ध हुने प्रविधिको प्रयोग सिकाउने भावनात्मक प्रतिबद्धता छ ?**

## श्याम कुमार श्रेष्ठ

**शाही औषधी लि.का एक कर्मचारी**

यहाँ अन्तर्क्रियामा अहिले बढी मात्रामा झाडा पखालालाई नियन्त्रण गर्ने कुराहरु नै केन्द्रित भएर आइराखेको जस्तो लाग्यो । तर, मुल्यांकनले दिएको विषय त स्वास्थ्यको क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ भन्ने कुरा जस्तो लाग्छ ।


त्यतिखेर.वर्ल्ड भ्यू इन्टरनेशनलको नून-चिनी-पानी सम्बन्धी व्यानरहरु हेर्दाखेरी त्यहाँ तलतिर वर्ल्ड भ्यू इन्टरनेशनल भनेर लेखिएको हामी पाउँथ्यौं । अब भन्नुस्, वर्ल्ड भ्यू इन्टरनेशनलको प्रविधिलाई साम्राज्यवादी मान्ने कि नमान्ने ? त्यस संस्थालाई हामीले साम्राज्यवादको एजेण्ट मान्ने कि नमान्ने ?

विश्वव्यापीकरणको सन्दर्भमा नेपालले अहिले खुल्ला बजार अर्थतन्त्रको अभ्यास गर्दैछ । त्यस अन्तर्गत यहाँ नेपालमा जीवनजल जस्ता अन्य शक्तिजल, जीवन शक्ति, इलेक्ट्रोमिन जस्ता पुनर्जलीय प्याकेटहरु पनि उत्पादन भइरहेका छन् । तिनीहरु पनि जीवन जलजस्तै झाडापखालाको लागि काम लाग्छन् । तर, यहाँ नून-चिनी-पानीको कुरा गर्दा खाली जीवनजललाई मात्र उल्लेख गरिएको छ, यसलाई बढी हाइलाइट गरिएको छ । त्यसैले, जीवनजललाई बढी हाइलाइट गरेर कतै हामी पनि साम्राज्यवादको चँगुलमा त परिरहेका छैनौं ? भन्ने मलाई लागिरहेको छ ।

शाही औषधि लिमिटेडले घाटा ब्योहोरेर पनि सस्तोमा जीवनजल उत्पादन गरिरहेको छ । किनकि, यो एक सार्वजनिक संस्था हो र यसले आफ्नो गुडविलको लागि पनि त्यो



डा. मरोज धिताल



श्यामकुमार श्रेष्ठ

**हामीले नून-चिनी-पानीको प्रयोग कसरी भइरहेको छ त्यसको अनुसन्धान गर्‍यौं, तर जीवन जलको प्रयोगबारे अनुसन्धान गरेनौं ।**

**शाही औषधि लिमिटेडले घाटा ब्योहोरेर पनि सस्तोमा जीवनजल उत्पादन गरिरहेको छ ।**

म डा. वन्तको कुरासंग केही हदसम्म सहमत छु कि डा. श्रेष्ठको अनुसन्धान केही अपरिपक्व भयो कि भनेर ।

पसलमा गएर जीवनजल माग्दा जीवन जल होइन यो लिनुस्, यो राम्रो छ भनेर पसलेहरूले ग्राहकहरूलाई दिने गरेका छन् । किनकि, त्यसमा तिनीहरूलाई बढी नाफा छ ।

कार्य गरिरहेको छ । तर, श्री ५ को सरकारले त्यस संस्थानलाई कुनै सहयोग गरिरहेको छैन । ऊ संस्थानलाई आफैं पैसा कमाएर खाऊ भनिरहेछ । यी सबै ऊ विश्वव्यापीकरण अन्तर्गत उदार अर्थतन्त्र लागू गर्न त्यस संस्थानलाई निजीकरण गर्ने योजना अन्तर्गत नै गरिरहेछ ।

म शाही औषधि लिमिटेडको एक कर्मचारी हुँ र म अन्तरसंस्थान कर्मचारी संघको सेक्रेटरी पनि हुँ । त्यसैले म यो निजीकरणको विरोधी हुँ । मलाई के लाग्छ भने, कतै साम्राज्यवादको चँगुलको कारणले शाही औषधि लिमिटेड निजीकरण त हुन लागेको होइन ?

## डा. कविताराम श्रेष्ठ

यो हाम्रो छलफलमा नून-चिनी-पानीलाई बन्द गरी ORS प्याकेटलाई प्रोत्साहन गर्नुमा साम्राज्यवादको खेल थियो भन्ने कुरा आयो । तर मेरो कुरा के रह्यो भने, यसमा साम्राज्यवादको कुनै चाल छैन, यदि त्यस्तो हो भने त्यसलाई प्रमाणित गर्नुपर्छ । मैले आफ्नो तर्कमा प्राविधिक कुराहरु दिएको छु । तर, यहाँ साथीहरुले प्राविधिक कुराहरुभन्दा अरु नै कुराहरु ल्याएर साम्राज्यवादको चालको परिकल्पना (Hypothesis) पेश गर्नुभएको छ । परिकल्पना त पेश गर्न पाइन्छ, तर त्यसलाई सामान्यीकरण गर्नु हुँदैन भन्ने मलाई लाग्दछ ।

## चन्द्रकिरण श्रेष्ठ

**प्राथमिक उपचार स्रोत केन्द्रका एक सहकर्मी**

म डा. वन्तको कुरासंग केही हदसम्म सहमत छु कि डा. श्रेष्ठको अनुसन्धान केही अपरिपक्व (pre-mature) भयो कि भनेर । किनकि, नून-चिनी-पानीको अभियान १९८६ अप्रिलदेखि प्रचुर मात्रामा भयो र १९८७ मै अनुसन्धान गरियो । म १९८९ मार्च अप्रिलमा स्काउट अफिसको UNICEF को एउटा प्रोजेक्टमा सि.डि.डि. र ए.आई.आई. भन्नेमा प्रोग्राम को-अर्डिनेटर थिएँ ।

१९८९ को डिसेम्बरसम्म पनि मैले नून-चिनी-पानीको अभियान चलिरहेको पाएँ । त्यहाँ स्काउटमा तालिमहरु पनि दिइएको थियो । त्यसैले मलाई डा. श्रेष्ठको अनुसन्धान अपरिपक्व नै भयो कि भन्ने लागेको छ ।



डा. शरद वन्त



डा. कविताराम श्रेष्ठ

**प्रमाणहरु चाहिन्छ भनेर कविताराममजीले भन्नुभयो । वास्तवमा यसका प्रमाणहरु अहिले नै त्यसरी दिन सकिँदैन । तर, मसंग थुप्रै तर्कहरु छन् र तिनीहरु यहाँ दिन सक्दछु ।**

## डा. करुणा वन्त

**मनोविज्ञानविद्**

म संचारमा काम गर्ने मान्छे हुँ । तपाईहरुले जुन अनुसन्धान गर्नु भयो, रेडियो गतिविधि, तालिमहरु आदि जुनसुकै भए पनि तिनीहरुको प्रभावकारिता कस्तो रह्यो भन्ने बारेमा अनुसन्धान र मूल्यांकन भएको हो । यी प्रकारका मूल्यांकनहरु गरिए पनि सिफारिश गर्दा सारमा तपाईहरुले यो नून-चिनी-पानीको प्रयोगको शीप नै ठीक भएन भनेर निश्कर्ष निकालिदिनुभयो । आमाहरुले प्रभावकारी ढंगले नून-चिनी-पानीको घोल तयार गर्न जानेनन्, यसको प्रयोग कम प्रभावकारी र धेरै खतरापूर्ण भयो भनेर निश्कर्ष तपाईहरुले निकाल्नु भयो । अध्ययन अनुसन्धान एउटा विषयको, तर निश्कर्षको प्रस्तुति पूर्णतः अर्को क्षेत्रको गरियो । अनुसन्धान मूल्यांकन नून-चिनी-पानीबारे प्रचारयन्त्रको प्रभावकारिताकोबारे गरियो, तर निश्कर्ष चाहिं नून-चिनी-पानीको घोल नै खतरनाक छ भनेर निकालियो । यो निष्कर्ष कसरी उपयुक्त भयो ? मेरो त यसैमा प्रश्न छ ।

## डा. शरद वन्त

नून-चिनी-पानी बन्द गरिनुमा साम्राज्यवादहरुको चाल छ भन्ने कुरामा प्रमाणहरु चाहिन्छ भनेर कविताराममजीले भन्नुभयो । वास्तवमा यसका प्रमाणहरु अहिले नै त्यसरी दिन सकिँदैन । तर, मसंग थुप्रै तर्कहरु छन् र तिनीहरु यहाँ दिन सक्दछु ।

हो, जीवनजल सरकारको पूर्ण स्वामित्व भएको शाही औषधि लिमिटेडले उत्पादन गर्छ । तर, ORS प्याकेटहरु त्यसभन्दा बाहिरबाट पनि आइरहेका छन् । बजारमा अहिले हामी प्रशस्त मात्रामा विदेशी कम्पनीहरुबाट उत्पादन भएका प्याकेटहरु देखिरहेका छौं । ती प्याकेटहरु स्वदेशी प्याकेटहरुभन्दा तीन गुणा महँगा छन् । तर ती प्याकेटहरुलाई डाक्टरहरु प्रेस्काइव गर्दैछन् र पसलमा गएर जीवनजल माग्दा जीवन जल होइन यो लिनुस्, यो राम्रो छ भनेर पसलेहरुले ग्राहकहरुलाई दिने गरेका छन् । किनकि, त्यसमा तिनीहरुलाई बढी नाफा छ । उनीहरुलाई जीवनजललाई बढावा दिनु पर्ने कुनै जरुरी छैन, किनकि त्यसमा कुनै नाफा छैन ।

यो हिसाबमा नून-चिनी-पानी तयार गर्ने जुन प्रविधि छ, त्यसलाई तल्लो जनतासम्म लाने प्रक्रियामा अब पूर्ण विराम लाग्यो । जनताहरु अब बजारमा निर्भर हुने भए । जीवनजलको प्याकेट होस् या विदेशी कम्पनीको प्याकेट होस्, त्यसैले यो बजारमा औषधि कम्पनीहरुको आँखा परिसकेको छ । डा. बेनुबहादुर कार्कीले भन्नु भयो कि ORS सधैं जरुरत पर्दैन, तर नून-चिनी-पानीलाई निरुत्साहित गरिँदा अहिले जहाँ ORS को जरुरी छैन, त्यहाँ नै यो बढी प्रयोग हुने सम्भावनाहरु बढेका छन् । यसले गर्दा झाडा पखालालाई रोक्ने हाम्रो जुन उद्देश्य छ, त्यतातिर नगईकन अब बजारमा नयाँ आर्थिक आयाम खुल्दै गएर, बजारमुखी हुँदै गई ORS को प्रयोग कहीं असान्दर्भिक रुपले पो बढ्ने हो कि भन्ने डर मलाई लागेको छ । त्यसैले यहाँ कतै अन्तर्राष्ट्रिय बजार-शक्तिको हात त छैन ? भन्ने लाग्दछ ।

साम्राज्यवाद भनेको कुनै निश्चित अनुहार



डा. करूणा वन्त



चन्द्रकिरण श्रेष्ठ

**अध्ययन अनुसन्धान एउटा विषयको, तर निश्कर्षको प्रस्तुति पूर्णतः अर्को क्षेत्रको गरियो ।**


# अन्तर्क्रिया

लिएर आउँदैन । त्यसैले प्रमाणभन्दा पनि हामीले तर्कहरु राखेर हेर्न सक्दछौं । जनताहरु प्रभावकारी सरल सुलभ प्रविधि हुँदा हुँदै बढीभन्दा बढी बजारमा निर्भर हुँदै गएपछि त्यहाँ आर्थिक शोषण हुने हुन्छ । र, यसैलाई नै मैले साम्राज्यवादको चालको रुपमा देखेको हुँ ।

## अचलेश्वरदत्त श्रेष्ठ

**शाही औषधि लिमिटेड**

मेरो एउटा सानो जिज्ञासा मात्र हो, डा. शरद वन्त र डा. कार्कीलाई- डा. शरद वन्तले भन्नु भएअनुसार नून-चिनी-पानीले जीवनजलको सट्टामा काम गर्न सक्दछ । वास्तवमा, म पनि अहिलेसम्म यही धारणामा बसिरहेको थिएँ । तर डा. कार्कीले जल वियोजन



अचलेश्वरदत्त श्रेष्ठ

भएको बेलामा कि I.V. Fluid दिनु पर्छ कि त जीवनजल दिनु पर्छ भन्नु भयो । यी कुराहरु फरक भएकोले यसमा प्रष्ट पारिदिनु हुन्छ कि ?

## डा. बेनुबहादुर कार्की

जल वियोजन भएको बेलामा जीवनजलको प्रयोग गर्ने भन्नुको अर्थ झाडा पखालाको शुरु चरणमा त्यसलाई प्रयोग गर्नु नै हुँदैन भन्ने कुरा होइन । त्यसलाई प्रयोग गर्न मिल्छ ।

डा. सोनुलालले नून-चिनी-पानीलाई सरकारले प्रचार गरेको पनि छैन, बन्द गरेको पनि छैन भन्ने कुरा गर्नु भयो । यसमा म अलिकति प्रष्ट नै गरौं जस्तो लाग्यो ।

नून-चिनी-पानीलाई सरकारले प्रचार नै गरेको हो । तपाईंलाई पहेंलो कार्ड याद छ भने त्यसमा एकापट्टि नून-चिनी-पानी र अर्कापट्टि जीवनजलको कुरा लेखिएको तपाईंलाई सम्झना हुनु पर्छ । तर, यसबाट भ्रमहरु सृजना भए । मान्छेले एउटा कुरो त नसिक्ने बेलामा दुई वटा कुरा कसरी सिक्न सक्छ ? त्यसकारण त्यसलाई हामीले रोकेको होइन, त्यत्तिकै छोडेको मात्र हो ।

यहाँ नून-चिनी-पानीको सम्बन्धमा गरिएको अध्ययनको प्रामाणितकतामा शंका गरियो । म के भन्छु भने, त्यो बैज्ञानिक ढंगले गरिएको हो र यो सही छ । तर, घरेलु खाद्य तरल पदार्थहरुको उपयोग पनि आफ्नै स्थानमा छ । यो गर्नु हुन्छ हुँदैन भन्ने कुरा छैन । जहाँसम्म जीवनजल र नून-चिनी-पानीको सन्दर्भमा पर्याप्त अध्ययन भएको छ कि छैन भन्ने सवाल छ, यस सम्बन्धमा म के भन्छु भने, अध्ययनहरु पर्याप्त भएका छन् । यसमा कुनै शंका लिनुपर्ने छैन । यहाँ हामीसंग भएका अध्ययनका कागजातहरुमा नै पनि हेर्न सकिन्छ । यी लेख रचनाहरुमा त्यस कुरालाई पुष्टि गर्ने सयौं त्यस्ता उदाहरणहरु समावेश भएका छन् ।

अर्को कुरा, नेपालको बजार नै कब्जा गरेर आफ्नो आर्थिक स्वार्थ पूरा गर्ने बहुराष्ट्रिय कम्पनीहरुको इच्छालाई ORS को प्रचार प्रसारबाट सहयोग पुग्न जान्छ भन्ने जुन शंका छ, त्यसमा म के भन्छु भने ORS का प्याकेटहरुको बिक्रीबाट तिनीहरुले कति नै पैसा कमाउन सक्लान् र ? यस्तै कुरा गर्ने हो भने हर्लिक्स, सेरेलेकहरुलाई के भन्ने ? कुरा त त्यहाँबाट शुरु हुनु पर्‍यो । जीवनजल त अत्यन्त आवश्यक बस्तु हो, हर्लिक्स र सेरेलेक जस्तो त होइन ।

तर, मेरो भनाइ नून-चिनी-पानीलाई बन्द गर्नु पर्छ र ORS लाई प्रोत्साहन गर्नु पर्छ भन्ने होइन । नून-चिनी-पानीको आफ्नै ठाउँमा उपयोगिता छ र यसलाई पनि प्रोत्साहन दिन सकिन्छ, तर भ्रम सृजना हुने ढंगले होइन ।

मलाई के लाग्छ भने, राष्ट्रिय योजना ले नून-चिनी-पानी लाई प्रोत्साहन दिइरहेछ, किनभने लगातारको अनुभवले यो तुलनात्मक रुपमा बढी उपयोगी र बढी प्रभावशाली भएको कुरा देखाइरहेछ ।

## डा. सोनुलाल थापा

म के भन्छु भने जीवनजल झाडा पखालाका हरेक बिरामीलाई दिनु जरुरी छैन । अहिले जीवनजलको मूल्य बिस्तार बिस्तारै बढ्दैछ । हरेक वर्ष एक एक रुपियाँको दरले बढ्दै छ । यो हुन नदिन सरकारले यसमा अनुदान दिन सकेको छैन र सक्दैन पनि । त्यसैले अहिले स्वास्थ्य मन्त्रालयले घरेलु खाद्य तरल वस्तु (Home based fluid) लाई बढी जोड दिएको छ । उसले घरेलु उपचार व्यवस्थापनका तीन नियमहरु भनेर एउटा नीतिको रुपमा अगाडि ल्याएको छ र यसलाई तालिमहरुमा पनि समावेश गरिएको छ । जीवनजललाई अहिले पछाडि राखिएको छ । झाडा पखाला लाग्दा उपलब्ध छ भने जीवनजल पनि दिने तर मुल रुपमा घरेलु खाद्य तरल वस्तु (जसमा नून-चिनी-पानी पनि पर्छ) नै दिने भनेर हामीले त्यस्तो नीति राखेका छौं । किनकि, अहिले त UNICEF को अनुदानले गर्दा जीवनजल कम मूल्यमा वितरण गर्न सकिएको छ । उसले अब सन् २००२ सम्ममा अनुदान रोक्ने भनिसकेको छ ।

त्यसपछि त त्यसको मूल्य जनसाधारणले नै तिर्नु पर्ने हुन्छ, सरकारले त तिर्न सक्दैन । त्यसैले विस्तारविस्तारै जीवनजल बन्द नै हुन्छ ।

## डा. कविताराम श्रेष्ठ

विश्वमा चलिरहेको विश्वव्यापी-करणको हावा अन्तर्गत हाम्रो देशमा पनि यो ORS मा बाह्य साम्राज्यवादी शक्तिको कुनै स्वार्थ पसेको छैन नै भनेर त म भन्दिनँ । तर, यो जीवनसंग सम्बन्धित कुरा भएकोले गर्दा केही कतै एक प्रतिशत मात्र पनि फाइदा हुने कुरा छ भने पनि त्यसलाई हामीले अंगाल्नु पर्छ भन्ने मात्र मलाई लाग्दछ ।

❑ समाप्त ❑

# तारा कसरी बनेको हुन्छ ?

आकाशमा अरबौं खरबौं ताराहरु छन् । हाम्रो सौर्य मण्डल रहेको आकाशगंगा तारापुञ्जमा नै करीब १५० अरब अर्थात एक खरब ५० अरब ताराहरु रहेका छन् । आकाशमा यस्ता तारापुंजहरु नै पनि करोडौं अरबौं रहेको कुरा वैज्ञानिकहरु बताउँछन् ।

हाम्रो सूर्य आकाशगंगामा रहेका अरबौं ताराहरु मध्येको एक मझौला खालको तारा हो । अन्य ताराहरु हाम्रो पृथ्वीबाट धेरै टाढा अर्थात् कम्तिमा पनि दुई अढाई प्रकाश वर्ष (१ सेकेण्डमा प्रकाश ३ लाख किलोमिटर हिँड्छ । प्रकाश वर्ष भन्नाले १ वर्षको समयमा प्रकाशले आफ्नो गतिमा रही पार गर्ने दूरी भन्ने बुझिन्छ ) को दूरीमा रहेका छन् । यही कारणले नै हामी ताराहरुलाई राति अँध्यारोमा मात्र आकाशमा टिल्पिलाएको देख्छौं ।

वैज्ञानिकहरु टाढा आकाशमा ताराहरु तथा अन्य देख्न सकिने खगोलीय पिण्डहरु बाहेक अन्य यस्ता क्षेत्रहरु पनि रहेको विश्वास गर्छन्, जुन क्षेत्रहरुमा ताराहरु समेत खसेर हराउन पुग्छन् । यी क्षेत्रहरु प्रत्यक्ष देखिँदैनन् तर यिनीहरुको प्रभाव भने स्पष्ट नै देखिन्छ । वैज्ञानिकहरु यी क्षेत्रहरु ब्रम्हाण्डका यस्ता प्रचुर गुरुत्वाकर्षण भएका क्षेत्रहरु भएको विश्वास गर्छन्, जहाँ स्वयं प्रकाश पनि आकर्षित भई तानिएर हराउन पुग्छ र त्यहाँबाट निक्लेर प्रकाश अन्यत्र जान सक्दैन । त्यसैले यी क्षेत्रहरु काला छन् अर्थात् यिनीहरुलाई प्रत्यक्ष देख्न सकिँदैन । वैज्ञानिकहरुले ब्रम्हाण्डका यिनै रहस्यमय क्षेत्रहरुलाई ब्ल्याक होल (कालो प्वाल) भन्ने नाम दिएका छन् ।

## ब्ल्याक होलको जन्म कसरी हुन्छ ?

ब्ल्याक होलको जन्मको कुरा गर्नुभन्दा अगाडि यहाँ शुरुमा ताराको जीवन चक्रलाई उल्लेख गर्नु आवश्यक हुन्छ ।

सामान्य अर्थमा पदार्थ बाहेक कुनै पनि वस्तु अविनाशी छैन । अर्थात् हरेक वस्तुको निर्माण र विनाश अथवा जन्म र मृत्यु हुन्छ । आकाशमा देखिने ताराहरुको पनि निर्माण र विनाश वा जन्म र मृत्यु हुन्छ ।

वैज्ञानिकहरुका अनुसार, ब्रम्हाण्डको कुनै ठाउँमा रहेको ठूलो मात्राको ग्यौंस (खासगरिकन, हाइड्रोजन ग्यौंस) जब स्वयं आफ्नै गुरुत्वाकर्षणको कारणले एक ठाउँमा खाँदिन थाल्छ, त्यही विन्दूमा कुनै एक ताराको जन्म हुन शुरु गर्दछ । यस प्रक्रियामा ग्यौंसका परमाणुहरु गुरुत्वाकर्षणको कारणले जब एक आपसमा खाँदिंदै टकराउन थाल्दछन्, तब त्यहाँ क्रमशः तापमान बृद्धि हुन शुरु गर्दछ । यो क्रम



**तस्वीरमा वाण चिन्हद्वारा देखाइएको तारा सिग्नस X-1 हो । यो ताराको नजिक एक 'ब्ल्याक होल' रहेको विश्वास गरिन्छ, जसलाई नजिकको ताराले परिक्रमा गरिरहेको छ ।**

# ब्ल्याक होल

## ब्रह्माण्डको विचित्र क्षेत्र

बढ्दै गएअनुसार त्यहाँको तापमान झन् झन् अत्यधिक हुँदै गई, अन्तमा त्यो एक यस्तो विन्दूमा आइपुग्दछ, जुन तापमानमा हाइड्रोजनका परमाणुहरु एक आपसमा अत्यधिक टकरावमा आई तिनीहरुको बीच नाभिकीय प्रतिक्रिया (Nuclear reaction) (अर्थात् परमाणुको नाभिक (nuclear) मा नै फेरबदल भई नयाँ परमाणु बन्ने प्रतिक्रिया) हुन थाल्दछ । यस प्रतिक्रियामा प्रत्येक चार हाइड्रोजन परमाणुबाट एक हिलियम परमाणु बन्दछ । यस अवस्थामा त्यहाँ थप अपार ताप शक्ति उत्पन्न हुन्छ । यस्तो नाभिकीय प्रतिक्रियाको निरन्तरताले नै तारालाई लगातार चम्कन सक्षम तुल्याएको हुन्छ । हाइड्रोजन बमको विस्फोटनमा पनि यही प्रतिक्रियाले काम गरेको हुन्छ ।


तापमानमा बृद्धि हुँदा कुनै पनि बस्तु फैलिन खोज्छ । यो कुरा नवजात ताराको सन्दर्भमा पनि लागू हुन्छ । अत्यधिक तापको कारणले नवजात तारामा अपार चाप उत्पन्न हुन्छ । यही कारणले तारा फैलन वा फुक्न थाल्दछ, तर, ताराको केन्द्रको गुरुत्वाकर्षणले गर्दा त्यो फुक्नुमा अवरोध पैदा हुन्छ । अर्थात् ताराको आफ्नै गुरुत्वाकर्षणले त्यसको फैलावटलाई सीमित तुल्याइदिन्छ । यसरी, त्यहाँ गुरुत्वाकर्षणको कारणले खुम्चने र तापबाट उत्पन्न चापले गर्दा फुक्ने प्रक्रियाबीच सन्तुलन कायम हुन्छ । र, ताराले सन्तुलित आकार ग्रहण गर्छ ।

ताराहरुको यस्तो स्थिति धेरै लामो समयसम्म अर्थात् अरबौं वर्षसम्म कायम भएको हुन्छ । हाम्रो सूर्यमा नै यो स्थिति करीब पाँच अरब वर्ष पहिलदेखि रहँदै आएको र यो स्थिति अझै आउँदो पाँच अरब वर्ष पछिसम्म रहिरहने कुरा वैज्ञानिकहरु बताउँछन् ।

तर, तारामा इन्धनको रुपमा रहेको हाइड्रोजनका सम्पूर्ण परमाणुहरु नाभिकीय प्रतिक्रियाबाट जब हिलियम परमाणुहरुमा रुपान्तर भइसक्छन्, तब त्यहाँ नाभिकीय प्रतिक्रिया बन्द हुन्छ । यो अवस्थामा आइपुगेपछि तारा क्रमशः चिसिन थाल्छ । फलस्वरुप, तारामा तापको कारणले फुक्ने प्रक्रियाभन्दा गुरुत्वाकर्षणको कारणले खुम्चिने प्रक्रिया प्रबल हुन पुग्दछ । यसले गर्दा तारा झन् झन खाँदिँदै र खुम्चँदै जान्छ । तर, यो असीमित खुम्चाइमा भने जान पाउँदैन । किनकि, अष्ट्रियाका वैज्ञानिक ओल्फयांग पाउलीको "एक्स्क्ल्युजन सिद्धान्त" (Exclusion principle) अनुसार उस्तै कणहरु खाँदिएको अवस्थामा पनि एउटै गति र एउटै स्थितिमा रहीरहँदैन र यसले गर्दा त्यहाँ कणहरुबीच विकर्षण पैदा हुन्छ । त्यसैले चिसिँदै गएको तारामा गुरुत्वाकर्षणले गर्दा तारा खुम्चिँदै जान खोजे तापनि एक्स्क्लयुजन सिद्धान्त अनुसार त्यसभित्रका कणहरु बीच विकर्षण पैदा भइदिनाले त्यहाँ तारा फुक्ने प्रवृत्ति पुनः कायम भई तारामा खुम्चिने र फुक्ने प्रक्रियाको सन्तुलन कायम हुन जान्छ ।

तर, भारतका विश्वविख्यात वैज्ञानिक सुब्रमण्यम चन्द्रशेखरका अनुसार एक्स्क्ल्युजन प्रिन्सिपल मुताबिक ताराको फुक्ने र खुम्चने प्रक्रियाको सन्तुलन कुनै खास सीमासम्म मात्र हुन्छ । उनका अनुसार, कुनै ताराको साइज यदि सूर्यको साइजको तुलनामा डेढ गुणा (१.४ गुणा) भन्दा बढी भएमा यस्तो सन्तुलन कायम हुने स्थिति विद्यमान रहँदैन । वैज्ञानिक चन्द्रशेखरको अन्वेषणबाट आएको कुरा भएकोले ताराको साइजको यो सीमालाई चन्द्रशेखर सीमा (Chandrasekhar Limit) भनिन्छ ।

उही समयमा वैज्ञानिक चन्द्रशेखरको निश्कर्षमा पुग्ने अर्का वैज्ञानिक रुसका लेभ डामिडोभिच लाण्डाउ थिए ।



वैज्ञानिकहरुका अनुसार चन्द्रशेखर सीमाभन्दा साना साइजका ताराहरु चिसिन थाल्दा तिनीहरुमा एक्स्क्ल्युजन प्रिन्सिपल अनुसार उस्तै परमाणुहरु बीचका इलेक्ट्रोनहरु बीचको विकर्षणले गर्दा तारा फुक्न खोज्ने र गुरुत्वाकर्षणले गर्दा तारा खुम्चन खोज्ने प्रवृत्तिबीच सन्तुलन कायम रहिरहन्छ । यसले गर्दा त्यो चीसो ताराले निश्चित आकार र साइज ग्रहण गर्छ । तर, त्यो तारा नाभिकीय प्रतिक्रियाको अभावले गर्दा बल्न नसकेर प्रज्वलित हुन सक्दैन । फलस्वरुप, त्यो चम्कँदैन । ताराको यो रुपलाई हवाइट ड्वार्फ (White dwarf) भनिन्छ । यस्तो तारा सबभन्दा पहिले राति आकाशमा सबभन्दा बढी चम्कने सिरियस भन्ने तारा वरिपरि घुमिरहेको अवस्थामा पत्ता लागेको थियो ।

तर, चन्द्रशेखर सीमाभन्दा माथिका ताराहरु चिसिन थाल्दा के हुन्छन् त ? के त्यस अवस्थाका ताराहरुमा एक्स्क्ल्युजन प्रिन्सिपलले काम गर्न छोडी तिनीहरु अनन्त खुम्चाइमा गएर एक बिन्दूमा पतन हुन जान्छन् ?

वैज्ञानिकहरु केही समयसम्म यस विषयमा अलमलमा नै परे । तर, सन् १९३९ मा आएर अमेरिकी वैज्ञानिक रबर्ट ओपनहाइमरले महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको सामान्य सापेक्षताको सिद्धान्त अनुसार यस समस्यालाई हल गर्न खोजे ।

सामान्य सापेक्षताको सिद्धान्त अनुसार ताराको गुरुत्वाकर्षण क्षेत्रले अन्तरिक्ष समयमा प्रकाशको बाटोलाई बदलिदिन्छ । जस्तो कि, कुनै टाढा ठाउँबाट आएको कुनै ताराबाट प्रवाहित प्रकाशको किरण सूर्यको नजीक आइपुग्दा त्यो सूर्यको सतहतर्फ अलि बाँगिन्छ । यो कुरा हामी सूर्य ग्रहणको समयमा अवलोकन गर्न सक्छौं ।

वैज्ञानिक ओपन हाइमरका अनुसार, जब चन्द्रशेखर सीमाभन्दा ठूलो तारा चीसो भई कुनै खास साइजमा खुम्चन थाल्छ, तब त्यसको सतहमा यति विघ्न शक्तिशाली गुरुत्वाकर्षण क्षेत्र उत्पन्न हुन्छ कि, त्यसबाट स्वयं प्रकाश पनि भित्रतिर तानिएर त्यहाँबाट त्यो उम्कन पाउँदैन । सापेक्षताको सिद्धान्त अनुसार, प्रकाशको तुलनामा कुनै पनि वस्तु बढी गतिमान हुन सक्दैन । त्यसैले प्रकाश नै तानिने अर्थात् प्रकाश नै उम्कन नसक्ने त्यस गुरुत्वाकर्षण क्षेत्रमा फँस्दा कुनै पनि वस्तु त्यहाँबाट उम्कन सम्भव छैन । प्रकाश समेत नै सोस्ने यो असीमित गुरुत्वाकर्षण क्षेत्र भएकोले यसलाई आकाशमा प्रत्यक्ष देख्न असम्भव छ । यो नै ब्रम्हाण्डमा रहेको 'ब्ल्याक होल' हो । वैज्ञानिकहरुले यस्ता 'ब्ल्याक होल'हरु ब्रम्हाण्डमा धेरै संख्यामा पत्ता लगाइसकेको दावी गरेका छन् । उनीहरुका अनुसार, ब्रम्हाण्डमा ब्ल्याक होलको संख्या प्रत्यक्ष देखिने ताराहरुको जति नै हुन सम्भव छ ।

### 'ब्ल्याक होल'को अवधारणाको जन्म कहिले भयो ?

महान् वैज्ञानिक न्यूटनले प्रकाश कणहरुको संयोजनबाट आएको हुन्छ भनेका थिए । पछि अन्य वैज्ञानिकहरुले प्रकाश तरंग मार्फत् आएको हुन्छ भने । तर, क्वाण्टम यान्त्रिकी (quantum mechanics) को जन्म भएपछि भने प्रकाश ती दुइमध्ये एउटाबाट मात्र होइन, बरु दुवैमार्फत् आएको हुन्छ भन्ने कुरा पत्ता लाग्यो ।

यदि प्रकाश कणहरुको संयोजनबाट आउँछ भने त्यसलाई पक्कै पनि गुरुत्वाकर्षणले प्रभाव पार्नुपर्छ भन्ने विचार केही मात्रामा सत्रौं शताब्दीमा नै जन्म भएको थियो । सन् १६७६ मा डेनिश खगोलशास्त्री ओले क्रिस्टेन्सेन रोमरले प्रकाश निश्चित गतिमा हिँड्छ भन्ने कुरा पत्ता लगाइसकेपछि यो विचारको विकास अझ बढी हुन थाल्यो । तर, यसलाई मूर्त धारणाको स्तरमा प्रस्तुत गर्ने काममा बेलायती वैज्ञानिक जोन माइकेलले सन् १७८३ मा मात्र गरे । उनले आफ्नो किताब Philosophical Transactions of the Royal Society of Landon मा अति

**वैज्ञानिकहरूले 'ब्ल्याक होल'हरू ब्रम्हाण्डमा धेरै संख्यामा पत्ता लगाइसकेको दावी गरेका छन् । उनीहरूका अनुसार, ब्रम्हाण्डमा ब्ल्याक होलको संख्या प्रत्यक्ष देखिने ताराहरूको जति नै हुन सम्भव छ ।**

ठूला र खाँदिएको तारामा अत्यधिक प्रचुर गुरुत्वाकर्षण क्षेत्र हुने र त्यसमा प्रकाश समेत तानिने र त्यहाँबाट त्यो उम्कन नसक्ने कुराको बयान गरें। उनले यस्ता ताराहरु धेरै हुन सक्ने र यिनीहरुलाई हामीले प्रत्यक्ष देख्न नसक्ने भए पनि तिनीहरुको गुरुत्वाकर्षणलाई हामी अनुभव गर्न सक्छौं भनेका थिए। यस्तै विचार फ्रेन्च वैज्ञानिक मार्किस डे लेप्लासले पनि राखेका थिए।

ताराको गुरुत्वाकर्षणले प्रकाशलाई प्रभाव पार्दछ भन्ने कुरा सत्रौं र अठारौं शताब्दीका वैज्ञानिकहरुले नै राम्रो व्याख्या गरे पनि त्यो प्रभाव कुन रुपको हुन्छ भन्ने कुरा बीसौं शताब्दीमा आएर अल्बर्ट आइन्स्टाइनले मात्र प्रष्ट पार्न सके। आइन्स्टाइनले सन् १९१५ मा आफ्नो सामान्य सापेक्षताको सिद्धान्तमा त्यस कुरालाई प्रष्ट पारे।

तर, ब्ल्याक होलको अवधारणालाई ग्राफिक व्याख्या (Graphic description) का साथ उन्नत ढंगले सबभन्दा पछिल्लो समयमा विश्वसामु सन् १९६९ मा अमेरिकी वैज्ञानिक जोन व्हिलरले प्रस्तुत गरेका हुन्।

### 'ब्ल्याक होल' को अस्तित्व

ब्ल्याक होलको अस्तित्वलाई प्रश्न गर्ने वैज्ञानिकहरु पनि नभएका होइनन्। तर, ब्ल्याक होलको अस्तित्वलाई स्वीकार्ने वैज्ञानिकहरुले आफ्ना कुराहरुलाई पुष्टि गर्न सैद्धान्तिक आधारलाई मात्र नलिइकन आकाशमा अवलोकन गरेर ब्ल्याक होल भएका ठाउँहरु पनि पत्ता लगाएको दावी गरेका छन्।

यसै सन्दर्भमा वैज्ञानिकहरुले सिग्नस X-1 (Cygnus X-1) का दुई ताराहरु एक आपसमा परिक्रमा गरिरहेको तथ्य पत्ता लगाएका छन्। र, तिनीहरु त्यसरी एक आपसमा परिक्रमा गरिरहनुमा तिनीहरुको बीचमा रहेको प्रत्यक्ष नदेखिने एक ठूलो तारा अर्थात् ब्ल्याक होल जिम्मेवार छ भन्ने कुरामा विश्वास राख्छन्।

◆ तुल्सीदास महर्जन

सन्दर्भ ग्रन्थ: *A Brief History of Time by Stephen Hawking*

### भूल सुधार

गएको अंकमा छापिएको 'हाइड्रोजन बम के हो ?' शीर्षकको विज्ञानको लेखमा केही छपाइ गल्तीहरू रहेका छन्।

पहिलो कोलमको सातौं र आठौं हरफमा (टि.एन.टि., TNT= Trinitrotoluene, $C_7H_5(NO_2)_3$...) हुनुपर्नेमा अन्यथा भएको र त्यस्तै, सोही कोलमको ३१ औं हरफमा $E=mc^2$ हुनुपर्नेमा अन्यथा हुन पुगेकोले सुधार गरेर पढ्न पाठक वर्गमा अनुरोध गरिन्छ। -मूल्यांकन

# क. मोहनविक्रमसँग लेखकहरूको भेट




*सृजना चैत्र ३ को गत चैत्र ३ गतेको कार्यक्रमको एक दृश्य*

२०४६ सालमा जनआन्दोलनका क्रममा लेखक कलाकारहरुले चैत्र ३ गते तत्कालीन निरंकुश व्यवस्थाका विरुद्ध काठमाडौं त्रिचन्द्र कलेज सरस्वती सदनमा मुखमा कालो पट्टी बाँधी विरोध प्रदर्शन गरेको ऐतिहासिक दिनको स्मरण गर्न र त्यसको गरिमालाई अक्षुण्ण राख्न भनी करीब ७ महिनाअघि एक साहित्यिक आन्दोलन गठन भएको थियो। 'सृजना चैत्र ३: साहित्यिक अभियान' नामक यस आन्दोलनले आफ्नो कार्यतालिकामा मुलुकका प्रमुख राजनेताहरुसँग साहित्यका सम्बन्धमा भेटघाट गरी विचार अन्तर्क्रिया गर्ने कार्यक्रम पनि राखेको छ। यसै कार्यक्रम अन्तर्गत गत महिना नेकपा मसालका महामन्त्री क. मोहनविक्रम सिंहसँग यसले विचार आदानप्रदान गर्ने कार्य सम्पन्न गरेको छ।

क. मोहनविक्रम सिंह आफैं साहित्यका एक लेखक हुनुभएको र समीक्षकसमेत हुनुभएकोले उहाँसँगको यो भेटघाट निकै रोचक र उत्साहप्रद रहयो। भेटघाटमा साहित्यकारहरु खगेन्द्र संग्रौला, नारायण ढकाल, विमल निभा र इस्माली एवं 'सृजना: चैत्र ३' का तर्फबाट यसका संयोजक गोविन्द वर्तमान र सदस्यहरुमा स्नेह सायमी र यस पंक्तिको लेखक उपस्थित थियौं।

वर्तमानमा सृजना भइरहेका साहित्यहरु क. मोहनविक्रमलाई कस्तो लागिरहेका छन् र साहित्यको विकासका निम्ति उहाँ कत्तिको सजग हुनुहुन्छ ? भन्ने जिज्ञासा पूरा गर्ने र यसतर्फ उहाँको ध्यानाकर्षणसमेत गर्ने लक्ष्य लिएर हामी उहाँसँग यो भेटघाट गर्न गएका थियौं।

भेटघाटका क्रममा शुरुमा हामी के कुराले चाहिँ खिन्न भयौं भने, उहाँले केही वर्ष यता नेपालमा लेखिएका साहित्यहरुको अध्ययन गर्न फुर्सद निकाल्न सक्नु भएको रहेनछ ! राजनैतिक र सांगठनिक काममा नै उहाँको पूरै समय व्यतित भइरहेको रहेछ ! तर यो कुराकानीका क्रममा हामीले पायौं- जनताको आन्दोलनमा साहित्यको भूमिकालाई भने उहाँले विशेष महत्वको मान्नु हुँदो रहेछ ! यसैक्रममा, आफू पनि राहुल सांकृत्यायन लगायतका लेखकहरुको साहित्यबाट शुरुमा निकै प्रभावित भएको कुरा उहाँले बताउनुभयो। नेपालमा जनपक्षीय साहित्यको विकासमा ठोस र मूर्त कामहरु गरिनु जरुरी भएको बताउँदै उहाँले त्यस निम्ति हाल आफ्नो संगठनमा पर्याप्त जनशक्ति नभए तापनि यस क्षेत्रमा संलग्न मित्रहरुका सबै कामहरुलाई आफ्नो साथ र सहयोग रहने बचन दिनुभयो। यसले भने हामी सहभागी लेखकहरुलाई विशेष उत्साहित तुल्यायो।

◆ हरिगोविन्द लुइँटेल

# अनेरास्ववियूको सांस्कृतिक गोष्ठी

आफ्नै छैठौं महाधिवेशनअघि आफूभित्र धुप्रै विकृति र विसंगतियुक्त संस्कृति छाएको स्वीकार्ने नेकपा एमालेले पार्टी फुट भएपछि यो विकृति र विसंगतिविरुद्ध सांस्कृतिक अभियान शुरु गर्ला भनी सोच्नेहरुले निराश हुनु परिररहेको वर्तमान स्थितिमा एमालेको भातृ संगठन अनेरास्ववियूले हालै एक सकारात्मक पाइला चाल्यो। अनेरास्ववियूले सोह्र वर्ष पूरा गरेको उपलक्ष्यमा गत साउन २३ गते यसको उपत्यका सांस्कृतिक कमिटीले एक विचार गोष्ठीको आयोजना गर्‍यो।

"नेपाली युवा पुस्ताका सांस्कृतिक चुनौतिहरु" शीर्षकको सो गोष्ठी अन्तर्क्रियामूलक चरित्रको थियो। गोष्ठीमा गोविन्द भट्ट, मोदनाथ प्रश्रित र रघु पन्तले आफ्ना विचारहरु व्यक्त गर्नुभएको थियो।

सो अवसरमा आमन्त्रित वक्ताको रुपमा यस लेखकले पनि भाग लिएको थियो। उपस्थित प्रायः सबै व्यक्तिहरुले छलफलमा भाग लिएको सो गोष्ठी सात घण्टा चलेको थियो।




गोष्ठीमा युवा पुस्ताका सांस्कृतिक चुनौतिहरु विषय मात्रमा सीमित नभई छलफल समग्रमा हाम्रो समाजको वर्तमान सांस्कृतिक स्थिति, समस्या र समाधानका उपायहरुसम्म फैलिएको थियो।

कतिपय विषयहरुमा मतभेदहरु समेत व्यक्त भएको सो गोष्ठी जस्ता विविध विचारका बीच हुने मन्थन कार्यक्रमहरु सांस्कृतिक क्षेत्रमा विचार निर्माणका निम्ति महत्वपूर्ण हुने कुरा निर्विवाद रहेको छ। तर बोलाइएकाहरु मध्ये धेरैले गोष्ठीलाई महत्व नदिई उनीहरु उपस्थित नभएको तथा एमाले नजिकका पत्रपत्रिकाहरुले पनि यो गोष्ठीको प्रचार प्रसारमा चासो नदेखाएको कुराले भने एमाले वृत्तले समग्र सांस्कृतिक क्षेत्रमा देखाउने गरेको उदासीनतालाई नै संकेत गरेको ठहर गर्न सकिन्छ।

◆ हरिगोविन्द लुइँटेल

# शब्दजालमा अल्मलिएको दलित समुदायको अस्तित्व

◆ पद्मलाल विश्वकर्मा

वर्णाश्रम व्यवस्थाअन्तर्गत चौथो वर्णमा पर्ने शुद्रमध्ये विविध पेशा, व्यवसाय, श्रम, सीप, कला लगायतका क्षेत्रमा संलग्न हुँदै आएको कारण अछूतमा झरेका नेपालीहरु ४० लाखभन्दा बेसी संख्यामा रहेका छन्। ती जनसमुदायलाई चिन्ने र चिनाउने नानाथरिका शब्दहरुको प्रचलनले एउटा ठूलो भ्रम सृजना भएको छ। वर्तमान परिपेक्ष्यलाई दृष्टिगत गरी यस्तो समुदायलाई दुरुस्त चिनाउने एक सटीक शब्द कुन हो, ठहरसाथ किटान गरी स्थापित गर्नु अनिवार्य भएको छ। यस्तो समुदायलाई चिनाउने क्रममा विगतदेखि वर्तमानसम्म के कस्ता विविध शब्दहरु प्रचलनमा देखिए र तिनीहरुबाट सृजित भ्रमका कारण स्वयं यो समुदायलाई कति नाफा-नोक्सान भयो, बुझ्न जरुरी छ।



## अछुत, दलित, परिगणित वा हरिजन ?

जातपात र छूवाछूतलाई राज्यले वैधानिकता प्रदान गरेको पहिलो कानून मुलुकी ऐन (वि.सं. १९१०) ले यस्ता समुदायलाई पानी नचल्ने जात अर्थात अछूत भनेर किटानी गरेको थियो र यस समुदायका निम्ति अरुलाई भन्दा छुट्टै कठोर दण्डविधान कायम गरेको थियो। यसलाई वि.सं. २०२० को संशोधनले सिद्धान्त फर्ने काम गर्‍यो। वि.सं. २००७ को परिवर्तनदेखि पंचायतको थालनीसम्म केही सचेत दलितहरुले आफूलाई मुलुकी ऐनले लेभल लाए जस्तो अछूत भन्नु सट्टा उपत्यका एवं पहाडमा परिगणित तथा मधेशी समुदायमा पर्नेले हरिजन भन्ने चलन चलाइ हेरे तर त्यो त्यति टिकाउ भएन। पंचायतकालमा हीरालाल, टि.आर. विश्वकर्माहरु, सहर्षनाथ एवं मोहनलाल कपालीहरु लगायतका व्यक्तिहरुले आफ्नो समुदायलाई दलित जातिको नाम दिएर यही दलित नाम जोडेर संघ संस्था खोले। त्यही कारणले होला, पंचायत कालको सरकारी दस्तावेजमा दलित शब्द कताकति प्रयोग हुन्थ्यो तर ऐले जस्तो अलमल्याउने अनेकौं शब्दावलीको प्रयोग हुँदैनथ्यो। दुर्भाग्यको कुरा हो, त्यतिबेला दलित नाम राखेर खोलेका संस्थाहरुलाई कतिपय दलित नेताहरुले दलितका नाममा मागी खाने भाँडो बनाएको कारणले यस समुदायका मान्छेहरुले आफूलाई दलित जस्तो बदनामी शब्दले चिनाउनुको सट्टा अर्को विकल्प खोज्न थाले।

यसरी दलित शब्दको प्रयोग गर्ने केही नेताहरुले आफूलाई पंचको दलाल बनाउँदै दलितको नाममा ठगी तथा बदनामी गरे भन्ने आवेशमा विनासोची संझी दलित शब्दकै परित्याग गरेर अनेक अर्थ लाग्ने नानाभाँती शब्द प्रचलनमा ल्याउँदा उत्पन्न आजको स्थितिलाई मध्यनजर गर्दै, दलित शब्द प्रयोग गर्नु ठीक छ कि छैन पुनः ठंडा दिमागले सोच्नु जरुरी भएको छ।

तानाशाही पंचायती व्यवस्थालाई ढालेर बहुदलीय व्यवस्था स्थापना गरेपछि मात्र जातीय उत्पीडन एवं वर्गीय उत्पीडन खत्तम हुने विश्वासले २०४५ मा केही क्रान्तिकारी सोच भएका यस समुदायका युवकहरुको (यो लेखकसहित) पहलमा आफूलाई दलित भन्न रुची नलागेर 'उत्पीडित जाति' भन्ने नयाँ नाम जुराएर उत्पीडित जातीय उत्थान मंच भन्ने संस्था खोलियो। यो संस्थाको व्यापक विस्तार हुनु, ०४६ को जनआन्दोलनमा यस संस्थाले यथासक्य भूमिका निर्वाह गर्नु अनि बहुदलीय व्यवस्था पुनर्स्थापित भएपछि यस संस्थाले आफ्नो समुदायमाथि हुँदै आएका जातीय विभेद एवं छूवाछूतको विरोधमा देशव्यापी रुपमा आन्दोलन उठाएकै परिणामस्वरुप यो उत्पीडित जाति शब्द आम रुपमा स्थापित हुन पुगेको छ।

उत्पीडित शब्दको व्यापक अर्थ लाग्ने भए तापनि यसको अर्थलाई सीमित गर्दै प्रसंगवश पानी अचल जातिको मतलब बुझाउन उत्पीडित जाति भन्नुपर्छ भन्ने तर्क अघि सार्ने काम भयो। वास्तविकता के हो भने, यो उत्पीडित शब्दलाई हिन्दू वर्णव्यवस्थाले तय गरेको अछूत शुद्र समुदायको अर्थमा मात्र सीमित गर्नु अज्ञानता हुन्छ किनभने, हरतरहले दुःख दिइएको, सताइएको वा पेलानमा परेको जुनसुकै व्यक्ति, समाज एवं राष्ट्र समेत उत्पीडित हुन्छ।

२०४७ मा संविधान सुझाव आयोगले जनसमक्ष ल्याएको नेपाल अधिराज्यको संविधानको मस्यौदा भाग ८, धारा ४० (२) ले राष्ट्रिय सभामा दलित जातिमध्येबाट ३ जना रहने गरी स्थापित आरक्षित प्रावधानलाई अहंकारी हिन्दू जातिवादी तत्वले सहेन र दूर्भाग्यवश सो प्रावधान कम गरियो। यो हटाउने कुकर्मको जिम्मेवार तात्कालीन अन्तरिम सरकार हो। यसबाट भएको क्षति के हो भने, राष्ट्रको एक ठूलो हिस्सा ओगट्ने जनताको संवैधानिक रुपमै सुस्पष्ट नामांकन समेत हुन सकेन र राज्यको कानून, नीति, सेवा सुविधा निर्धारण गर्ने पाइने संसदमा दलितले पहिलो चोटि पाउन लागेको आरक्षणको प्रावधान सफाचट भयो। संविधानमा उक्त प्रावधान नरहनाले गर्दा दलित समुदाय अनेक खाले बहुरुपी नामको स्थापना गर्नेतिर तम्सिए।

### उपेक्षित विपन्न

२०४६ को खुला परिवेशपछि दलित समुदायका केही जानिफकार हौं भन्नेहरुले फेरि आफ्नो न्वारान गरी नयाँ नाम बोकी हिँड्न थाले। उनीहरुको भनाइमा दलित शब्द भारतबाट ल्याएको, पंचायतकालमा कलंकित भएको, नेपाली कांग्रेस पक्षका मान्छेले तथा संगठनले चलाएको अनि अछूत जातको पर्यायवाची बुझिने स्पष्ट भएकोले सोझै अछूत भन्ने नबुझिने अलि इज्जतिलो शब्दको पगरी पो लगाउनु जाती हुने भयो। त्यसै गरी, हालै स्थापित उत्पीडित भन्ने शब्द पनि प्रसंगवश अछूतकै पर्यायवाची जस्तै हुन पुगेको मात्र नभई कम्युनिष्ट पक्षका मान्छेले तथा संगठनले चलाउँदै आएको ठानेर उनीहरुले यस शब्दलाई बहिष्कार गर्ने नीति लिए। यस्ता नयाँ नामका भोका दरवारपक्षीयले आफूलाई विपन्नको र पूर्व पंचे पार्टी राप्रपा पक्षीयले उपेक्षित विशेषण शब्दबाट चिनाउँदै ती नामबाट विविध शक्ति र पार्टीपरस्त संस्था खोले पनि दलित तथा उत्पीडित शब्दहरु जनस्तरसम्म पुगे, स्थापित समेत भए तर विपन्न तथा उपेक्षित शब्दहरु त्यसरी जनमानसमा पुग्न सकेनन यद्यपि, दरवारपक्षीय प्रतिनिधि एवं राप्रपा पार्टीले सरकारी नीति तथा कार्यक्रममा घुसाएर केही प्रचार गराएरै छोडेका छन्।

एउटै समुदाय-भित्रका मान्छेहरुलाई आफ्नो नामकै सवालमा यसरी विभाजित पार्न सफल राजनैतिक पार्टीहरु र सत्ताधारीहरुले चाहे जस्तै भयो र दलित सवालमा उनीहरुले ताक परे तिवारी नत्र गोतामेको कीर्ते काइते नीति लिन थाले। अर्थात् उनीहरु उपेक्षित, उत्पीडित, दलित, विपन्न, पछौटे जस्ता शब्दावली लहरै राखेर गोलमाले नाम कायम गर्दछन् अनि सांगठनिक एवं संस्थागत प्रतिनिधित्व गराउने सवालमा होस् वा यस समुदायका लागि भनेर राज्यले निर्धारण गरेका झीनामसिना कार्यक्रमका सवालमा होस्, यत्रोविधि बहुअर्थी शब्दको मनोमानी अर्थ लगाएर गैरदलित समुदायलाई यो मनोमानीबाट फाइदा लिने मौका दिएका छन् भने यिनले दलितलाई भने पाखा लगाउँदै आएका छन्।

**एउटै समुदाय-भित्रका मान्छेहरुलाई आफ्नो नामकै सवालमा यसरी विभाजित पार्न सफल राजनैतिक पार्टीहरु र सत्ताधारीहरुले चाहे जस्तै भयो**

# उत्पीडित चौतारी

## प्रमाण

यस कुरोको केही प्रमाण प्रस्तुत गर्नु जायज होला ।

एमालेको ९ महिने अल्पमतको सरकारले लक्षित समुदाय उत्थान गर्ने भनेर उत्पीडित, उपेक्षित, दलित आदिका निम्ति किटान गर्दै एक कार्यक्रम बनायो । त्यसलाई कांग्रेसको सरकारले कार्यान्वयनमा लग्दाखेरी उक्त लक्षित समुदायको सूचिमा दलित समुदायको सट्टा गैरदलित नामहरु भेटियो । त्यसपछि राप्रपा-एमाले गठबन्धनको सरकारले स्थानीय निकाय निर्वाचन अध्यादेश ल्यायो । त्यसले गाउँ, नगर एवं जिल्ला परिषद्मा आर्थिक तथा सामाजिक दृष्टिले पिछडिएको जाति-जनजातिबाट मनोनित गर्ने भन्ने अनेकार्थी (Vague) प्रावधान राखेको छ, जसमा मनोनित हुने क्रममा सामाजिक हिसाबले पिछडिएको अर्थमा एउटा कोटा दलितले नै पाउला भन्ने आशा गर्नुपर्ने देखिन्छ तर सामाजिक हिसाबले पिछडिएकोमा थुप्रै गैरदलित पो पर्दा रहेछन् भन्ने बुझेपछि दलितहरु तीन छक्क परेका छन् । त्यही सरकारले गरेको अर्को चमत्कार के छ भने, उपेक्षित, उत्पीडित, दलित वर्ग उत्थान विकास समिति (गठन) आदेश २०५४ जारी भयो । यसबाट दलित वर्गले के के न पाइएला भनेर मुख बाए पनि यो खास दलित वर्गलाई मात्र लक्षित गरेर बनाएको छुट्टै कार्यक्रम होइन, यसले उपेक्षित, उत्पीडितका नाममा गैरदलितलाई बढी पोस्ने छ भने वास्तविक दलितलाई थोरै गन्ध मात्रै सुघाएर झारो टार्ने पक्का छ । यस कुराको साक्षी गवाह यसको आदेश दस्तावेजले एक निश्चित नाम किटानी गर्नुको सट्टा बहुविधि नाम बोक्नुले नै प्रस्तुत गरिरहेको छ ।

## नवौं पंच वर्षीय योजनामा

त्यसै गरी, हालै प्रकाशित नवौं पंचवर्षीय योजनाको कार्यक्रमिक दस्तावेजको नं. १३.७.२ मा विकास कार्यक्रममा दलित तथा उपेक्षित समुदाय (पृ. ६५७) शीर्षक अन्तर्गत रहेका योजना, उद्देश्य, नीति तथा रणनीति, कार्यक्रम एवं निष्कर्षका सबै अंगमा दोहोरो अर्थ हुने **दलित** तथा **उपेक्षित** सदर भएको छ, यीमध्ये शिक्षा, स्वास्थ्य, तालिमका उपशीर्षकहरुमा **उपेक्षित** हटाएर, **दलित** समुदाय मात्रै किटान गर्नुले पनि, बाँकी अरु महत्वपूर्ण कुरामा सर्वत्र संयुक्त शब्दावली प्रयोग हुनुले पनि यो दलित समुदाय विशेषलाई मात्र हेक्का नराखी अन्यथा गर्ने उद्देश्यले आएको छ र त्यसै हुनेवाला छ भन्न सकिन्छ । उसो त, यो योजना निर्माण तथा पारित गर्ने निकाय राष्ट्रिय विकास परिषदमा प्रधानमन्त्री फेरिंदै पिच्छे पुनर्गठित हुँदा दलित समुदायका सांसद तथा अन्य जानेमाने व्यक्तिको प्रतिनिधित्व रहेर पनि किन यस्तो भयो, यो विचारणीय छ ।

एमाले-राप्रपाको संयुक्त सरकारले गठन गरेको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले तयार गरी हालै प्रकाशित गरेको प्रतिवेदन अपवादका रुपमा यस मानेमा देखिन्छ कि, यसमा **दलित समुदाय परिवेश** भन्ने एकार्थी शब्दको प्रयोग भएको छ । अनि त्यसरी नै छुट्टाछुट्टै रुपमा **पिछडिएको समुदाय परिवेश, विपन्न समुदाय परिवेश** नामांकन गर्दै तिनको शैक्षिक उत्थानमा नीतिगत कुरा अघि सरिएको छ । विगतमा **दलित** मात्र भनेर स्पष्ट नामसहितका कतिपय कुराहरु जस्तै मस्यौदा संविधानले दलितलाई राष्ट्रिय सभामा स्थान दिने प्रावधानको प्रसंग होस् वा प्रधानमन्त्री शेरबहादुर देउवाले उच्चस्तरीय दलित आयोग गठन गर्न गरेको घोषणा होस् वा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको सरकारले दलितहरुका प्रतिनिधिसंग दलित आयोग गठन गर्ने गरेका लिखित संझौता, यी सबै तुहेकोले यो शिक्षा आयोगले प्रस्तुत गरेको रिपोर्ट पनि दलित समुदाय किटानी भएकै कारण कार्यान्वयनको चरणमा आइपुग्दा के के हुने हो ? हेर्दै जानु पर्छ ।

> यदाकंदा दलित जाति र दलित जनजाति भन्ने गरेको पाइएको छ । दलित जातिसूचक वा जनजातिसूचक नभई वर्ग या समुदायसूचक हो ।

## दलित शब्द किन त ?

माथि प्रसंगमा ल्याइएका विविध नामको सट्टा **दलित** नै किन उपयुक्त छ त ? यसको शाब्दिक एवं प्रतीकात्मक (Symbolic) अर्थलाई खोतलखातल गर्नु जरुरी छ ।

हालसम्म उपलब्ध नेपाली शब्दकोशकै मात्र भरमा भन्नु पर्दा दलित शब्दको अर्थ दमन गरिएको, थिचिएको, कुल्चिएको अर्थात् समाजमा अरुसरह हक इज्जत नपाएको जाति वा समुह अर्थात् सामाजिक व्यवस्थाको असमानताले शोषिएको वा पछौटे जनसमुदाय भन्ने बुझिन्छ । नेपाली अंग्रेजी शब्दकोशले दलितको अंग्रेजी समानार्थी शब्दको रुपमा Trampled, Oppressed, Downtrodden लाई सदर मानेको देखिन्छ ।

शब्दकोशले अघि सारेको उक्त अर्थ अझै पूर्ण छैन । शब्दकोषको उपलब्ध सीमित अर्थमाथि केही कुरा अरु थप्दा मात्र **दलितको** अर्थ पूर्ण हुन्छ । हिन्दू वर्णव्यवस्थाले सबभन्दा तल्लो स्तरमा धकेलेर दासको रुपमा शोषित तथा जन्मजन्मान्तरका निम्ति बाँकी माथ्लो स्तरले अछूत घोषित गरेको व्यक्ति दलित हो । अर्को शब्दमा भन्दा, चरम आर्थिक शोषण तथा सामाजिक उत्पीडनको दोहोरो मारमा परेको वर्ग वा समुदाय नै दलित हो ।

अंग्रेजी भाषाका माथि समानार्थी मानेर दिइएका शब्द लगायत अन्य कुनै शब्दले **दलितको** समकक्षी अर्थ नदिने भएर Dalit नै प्रयोग हुन थालेको छ । यो शब्द सर्वप्रथम भारतबाटै शुरु भयो भने यसलाई विश्वप्रख्यात विद्वान डा. बाबा साहेब अम्बेडकरले विश्वभरि स्थापित गराए । तसर्थ उत्पीडित, उपेक्षित, हरिजन, विपन्न लगायतका अन्य कुनै पनि एउटै विशेषण नाम शब्दले दलितको वैकल्पिक अर्थ वा पर्यायवाची शब्दको रुपमा मतलब जाहेर गर्छ भनेर ढिपीचापी गर्नु गल्ती साबित हुनेछ ।

आर्थिक, राजनैतिक, सांस्कृतिक कुनै न कुनै दृष्टिले कोही व्यक्ति वा समुदाय उत्पीडित, उपेक्षित, दमित वा पछौटे भएको हुन सक्छ तर वर्णाश्रम व्यवस्थाले पानी चल वा छुत दर्जामा मानेको हदसम्म त्यसलाई दलित भन्न मिल्दैन । अझ खुलस्त भन्ने हो भने, वि.सं. १९१० को मलुकी ऐनले पानी नचल्ने जातमा दर्ज गराएका अनि ब्राम्हण, क्षेत्रीय, वैश्य एवं छूत शुद्र (सवर्ण) समाजले अहिलेसम्म पानी नचलाएका वा अछूतको बर्ताव गर्दै आएका जनसमुदाय (अवर्ण) मात्रै दलितमा पर्छन् ।

यदाकदा **दलित जाति** र **दलित** जनजाति भन्ने गरेको पाइएको छ । यसरी दलित विशेषण पछि जाति वा जनजाति थप गर्दा फेरि केही समस्या खडा हुन्छ । शुरुमा वर्णव्यवस्थाका योजनाकार आर्य जातिले नै आफू भित्रैबाट अछूत शुद्रको निर्माण गरेका थिए । यहाँका आदिवासी जनजाति अर्थात् गैरहिन्दू समाजमा यो जातपात र छूवाछूत प्रथा थिएन । तर यस मुलुकको एकीकरणसंगै लादिएको सामन्ती हिन्दू संस्कृतिले त्यो गैरहिन्दू समाजलाई प्रदुषित गर्‍यो । अनेकौं कारणमा सजायस्वरुप जात काड्ने (खसाल्ने) नियम कानूनले गर्दा सवर्णमा पर्ने जाति-जनजातिका सदस्यहरु पनि अछूतमा झरे । फलस्वरुप, बराल, घिमिरे, गौतम लगायतका जातिका थर पहिचानमा भएका दलितहरु र घले, खपांगी, रुचाल, माले आदि जनजातिका पहिचान भएका पनि दलितहरु देखा परे । आजका नेपाली दलित समुदायमध्ये धेरैको वंश परम्पराको थर पहिचान जाति जनजातिसंग ठ्याक्कै मिल्ने मात्रै होइन, कतिपयको त, शायद रक्त समिश्रण भएर होला, अनुहार पनि मिल्छ । यस्ता थर गोत्र पनि दलित समुदायका मान्छेहरुको पाइन्छन्, जो जाति-जनजातिसंग नमिल्ने मौलिक खालका छन्, जस्तै: लोहार, सुन्दास, दुशाद आदि ।

त्यसरी नै भाषा र संस्कृतिका दृष्टिले समेत जाति जनजाति छुट्टिन्छन् । दलित समुदायको छुट्टै भाषा-संस्कृति हुँदैन । खस समुदायबाट जन्मेका दलितको मातृभाषा नेपाली हो, बौद्धमार्गी हिमाली मंगोल जनजातिबाट जन्मेका दलित घारा (अछूत कमारा) को मातृभाषा शेर्पा हो, नेवारी समाजका दलित (कसाईदेखि पोडे तथा हारहुरेसम्म) को मातृभाषा नेवारी हो अनि मधेशी मूलका दलित (खत्वे देखि डूमसम्म) को मातृभाषा मैथिली, भोजपुरी, अवधि आदि हो । त्यसरी नै आ-आफ्ना मूल अनुसारकै संस्कृति पनि दलितहरुले बोकेको स्पष्ट छ ।

माथि उठाइएको प्रसंगले के सिद्ध हुन्छ भने, दलित भनेको दलित जाति र दलित जनजाति नभएर जाति, जनजाति, आदिवासी समेतको समिश्रितस्वरुप हुन पुगेको कारणले **दलित समुदाय** वा दलित वर्ग भन्नु समाज विज्ञानसम्मत हुन्छ । अझ थपमा भन्दा, दलित जातिसूचक वा जनजातिसूचक नभई वर्ग या समुदायसूचक हो ।

हिन्दू वर्णाश्रम व्यवस्थाले विगत साढे तीन हजार वर्षदेखि जमीन, ज्येथा र मानवीय मर्यादा समेतबाट वंचित गरेको एक भिन्नै वर्ग आज अस्तित्वमा छ, त्यो हो-दलित । जालझेल नगरी अनेकार्थी शब्द प्रयोग गर्न सट्टा संविधानमा नै इमान्दारीपूर्वक **दलित समुदाय** भन्ने पहिचान कायम नगर्दासम्म दलित समुदायलाई फुटाएर शासन गर्न पल्केका जातिवादी तत्वले अनेकवली नाम भिराएर भ्रममा पार्दै आफ्ना नातेदारलाई काखा र दलितलाई पाखा पार्ने नीति कायमै राख्ने छन् । स्वयं दलित समुदायले आपसमा विचार र आस्थामा भिन्नता देखिए पनि कमसेकम आफ्नो अस्तित्वलाई वस्तुगत यथार्थको प्रतीक एवं अर्थ दिने दलित समुदायको एकल पहिचान संविधानमै कायम गर्न, अनि आफ्नो समुदायभित्र पर्ने समग्र सदस्य गणको किटानसहित सूचि तैयार गर्न गराउन सामूहिक रुपमा लाग्नु साझा कर्तव्य हुनेछ । नत्र **दलित** शब्दको अस्तित्व हरायो भने शायद दलित समुदायको अस्तित्व पनि हराउने हो कि कतै ! यो गंभीर सवाल हो । ❑

# सन्दर्भ रजनीश र मोहनविक्रम सिंह :

# प्रसंग दर्शनक्षेत्रप्रतिको चासो !

◆ चन्द्रदेव नेपाली

> "ओशो" का कतिपय सही विश्लेषण, तर अवस्तुवादी गलत निश्कर्षहरूले आज समाजमा युवाहरूलाई दिग्भ्रमित पारेको छ ।

कुरा अलि पुरानै हो । करीब तीन महिनाअघि अर्थात् गत जेठ महिनाको तेस्रो साता काठमाडौंमा नेकपा मसाल समर्थक **अखिल नेपाल युवक संघ र अखिल नेपाल महिला संघ**को आयोजनामा "ओशो सम्प्रदाय र समाजमा त्यसको भूमिका" विषयमा एक विचार गोष्ठी सम्पन्न भयो । नयाँ व्याख्या र तर्कसहित नेपालमा फैलिन थालेको एक नयाँ धर्म-सम्प्रदाय 'ओशो सम्प्रदाय' बारे र सो सम्प्रदायका नायक स्व. रजनशीका विचारबारे छानवीन र विश्लेषण गर्ने दिशामा यस गोष्ठीले एउटा ठोस कामको शुरुवात गर्‍यो ।

वैज्ञानिक वा बस्तुवादी सोच राख्नेहरुले अवस्तुवादी वा आदर्शवादी अथवा मनगढन्त सोचहरुको छानवीन र चिरफार गरी वस्तुवादी धारणाको विकासमा र अवस्तुवादी धारणाको भण्डाफोरमा ध्यान दिनु जरुरी छ । यसो नगर्ने हो भने, अवस्तुवादको शिकार भएर समाज यथास्थितिवादको जालोबाट फुत्किन सक्ने छैन । पुराना आदर्शवादी मान्यताहरुका साथै समाजमा देखापर्ने नयाँ आदर्शवादी मान्यताहरुसंग पनि वैज्ञानिक सोच राख्नेहरुले भिड्नु जरुरी हुन्छ । वैज्ञानिक दर्शनमा आधारित भएर समाजलाई अगाडि बढाउँछु भनी हिंड्ने नेतृत्व वर्गले आफूले नै पहलकदमी लिएर गर्नुपर्ने काम हो यो ।



नेपालमा वैज्ञानिक सोच राख्ने भनिएका पार्टीहरुको नेतृत्व पंक्तिले आज मुख्य गरी दैनिक राजनीतिक विषयमा मात्र आफूलाई केन्द्रित गर्ने गरेको छ । आजै राजनीतिक फाइदा हुने वा नहुने हेरेर नेताहरु समर्थन-विरोध वा प्रोत्साहन-खबरदारी गरिरहेछन् । तर आजको राजनीति टिक्ने समग्र विचारधारात्मक काममा भने नेतृत्वको ध्यान अत्यन्त कम मात्र गएको छ । विचारधारा पनि दार्शनिक जगमा टिक्छ । सो दार्शनिक काममा त झनै नेताहरुको ध्यान जाने गरेको छैन । कुनै पनि सामाजिक राजनीतिक-आन्दोलनको जग र जमीन भनेको क्रमशः विचारधारात्मक आन्दोलन र दार्शनिक आन्दोलन (वैज्ञानिक विश्वदृष्टिकोण निर्माणको आन्दोलन) हो । यी आन्दोलनहरुलाई पनि नेतृत्व प्रदान गर्नु वास्तविक नेतृत्व वर्गको महत्वपूर्ण काम हो । यो पक्षमा हाम्रा नेताहरुको ध्यान नगइरहेको वर्तमान समयमा ओशो सम्प्रदायबारेको उपरोक्त गोष्ठीमा ७२ वटा सन्दर्भ ग्रन्थहरुको उल्लेख सहित १८ पेज लामो कार्यपत्र आफैंले तयार गरी क. मोहनविक्रम सिंहले जुन बहसको थालनी गर्नुभयो, त्यो सकारात्मक कुरो थियो ।

"ओशो" का कतिपय सही विश्लेषण, तर अवस्तुवादी गलत निश्कर्षहरुले आज समाजमा युवाहरुलाई दिग्भ्रमित पारेको छ । यो भ्रमलाई चिर्नतिर क. मोहनविक्रम आफैं मिहेनतपूर्वक अघि सर्नु नराम्रो कुरा थिएन । यो त झन् स्वागतयोग्य कुरा नै थियो । तर विचार-गोष्ठीपछि सो विचार गोष्ठीबारे **जनादेश साप्ताहिक**ले भित्री पेजको एक कुनामा एक वाक्य मात्रको एउटा अति छोटो समाचार छाप्यो र मोहनविक्रमले रजनीशको प्रेम, विवाह र यौन सम्बन्धी धारणा मार्क्सवादसंग मेल खान्छ भन्नुभयो भनेर छाप्यो । जनादेशले मोहनविक्रमले 'नयाँ विचारको सूत्रपात गरेको' भनी व्यंग्य र खिसीसमेत गरी उहाँप्रति अत्यन्त नकारात्मक टिप्पणी गर्‍यो । यसैगरी **बुधबार साप्ताहिक**ले चाहिं ठूलै ठाउँ दिएर गोष्ठीको समाचार दियो, तर त्यो पनि मोहनविक्रमप्रति नकारात्मकता फैलाउने हिसाबले नै । **बुधबार**ले मोहनविक्रमले आफ्नो कार्यपत्रमा उद्धृत गर्नुभएको ओशोका प्रेम, यौन र विवाहबारेका केही वाक्यहरुलाई उद्धृत गरेको छ । यसको यो रिपोर्टिंगबाट जम्मामा आशय बुझिन्छ- ओशोका विचारहरुप्रति मोहनविक्रमले सहमति जनाए ।

आर्थिक-सामाजिक बाध्यतामा पारेर वर्तमान विवाह प्रणालीअन्तरगत पति पत्नीबीच हुने गरेको 'प्रेमबिनाका जबर्जस्ती यौन कर्महरु' बेठीक हुन् भन्ने कुरामा एंगेल्सका कथनहरु समेत उद्धृत गरी मोहनविक्रमले ओशोसंग सहमति जना-उनु भएको कुरालाई आधार मानी जम्मै कुरामा मोहन-विक्रम ओशोसंग सहमत भएको आशय आउने गरी रिपोर्टिंग हुनु राम्रो होइन । कुनै पनि विषयमा टिप्पणी गर्ने व्यक्तिको खास राय भनेका उसले विश्लेषणको सिलसिलामा उद्धृत गरेका विपक्षी रायहरुमा र उसका आंशिक सहमतिमा खोज्नु ठीक हुन्न । उसको निष्कर्ष के छ, त्यसमा उसको खास राय आएको हुन्छ । निष्कर्षमा मोहनविक्रमले ओशो रजनीशका विचारहरुको तीव्र विरोध गर्नुभएको कुरा उहाँको कार्यपत्रले दर्शाएको छ । स्पष्टीकरण दिने क्रममा उहाँको कार्यपत्रको तर्फबाट बोल्ने सांसद परी थापाले पनि यसबारे प्रष्ट्याउनु भएको थियो ।

मोहनविक्रम सिंहको सो कार्यपत्रमा भनिएको छ- "रजनीशले वर्तमान विवाह र परिवारको स्वरुपको आलोचनाबारे सही विचारहरु प्रकट गरे पनि समग्र रुपमा त्यसबारे सही दृष्टिकोण अपनाउनु उनका लागि संभव भएन, किनभने, आजको विवाह र परिवारको स्वरुपमा अन्तर्निहित वास्तविक कारणहरुमाथि उनले ध्यान दिन सकेनन् । र, उनका लागि त्यो कारणमाथि ध्यान दिनु पनि संभव थिएन ।"

यसैगरी, अर्को ठाउँमा उहाँ भन्नुहुन्छ- "रजनीशले त्यस प्रकारको विवाह, दाम्पत्य जीवन र परिवारलाई सम्पूर्ण रुपले समाप्त गरेर छाडा र अनियन्त्रित यौन सम्बन्ध कायम गर्ने कुरामा जोड दिन्छन् । तर मार्क्सवादले यो बताउँछ कि, आज विवाह वा प्रेममा देखापरेका विकृतिहरु आजको आर्थिक संरचनामा भएका दोषहरुका परिणामहरु हुन् । त्यसकारण, ती आर्थिक दोषहरुलाई हटाएर आजको विवाह र परिवारको स्वरुपमा सुधार गर्न सकिन्छ र गर्नु पर्दछ ।"

अर्को ठाउँमा उहाँ भन्नुहुन्छ- "ओशो धर्मले समाजमा विद्यमान र व्यापक रुपले फैलिंदै गइरहेका विकृतिहरुलाई प्रतिनिधित्व गरेको छ, तिनीहरुलाई बढाउने प्रयत्न गरेको छ । अर्का शब्दमा, त्यसले आज समाजमा जुन विकृतिहरु छन्, तिनीहरुलाई प्रकट वा दार्शनिक रुप दिने प्रयत्न गरेको छ ।"

मोहनविक्रम सिंहले आफ्नो कार्यपत्रमा ओशो संप्रदायका अमेरिका र भारतका विगतका गतिविधिहरु एवं नेपालकै पनि उनीहरुको आश्रमको गतिविधि छाडा, उच्छृंखल र विकृतिपूर्ण रहेको कुरा पनि उल्लेख गर्नुभएको छ । सिद्धान्त र व्यवहार दुवैका दृष्टिकोणबाट उहाँले त्यस सम्प्रदायले अंगीकार गरेको मतको विरोध जनाउनु भएको छ ।

हो, उहाँको कार्यपत्रमा कमीहरु थिए, त्यसमा अधूरोपना थियो । कारण, उहाँले ओशोका शिक्षाबारे, राजनीतिबारे, धर्महरुबारे, मानवीय समस्या समाधानको उपायबारे र मानव अधिकारको धारणबारे कुनै टिप्पणी गर्नु भएको थिएन ।

तर कार्यपत्रका यी कमजोरीहरुका बाबजूद "मोहनविक्रमले ओशोको विचार माने" भन्ने अर्थ किमार्थ लाग्न सक्दैन ।

निनु चापागाई र श्याम श्रेष्ठले टिप्पणी कर्ताको रुपमा बोल्दै उहाँको कार्यपत्रमा छुटेका कतिपय पक्षबारे आ-आफ्ना धारणाहरु राखी छुटेका कुराहरुलाई संगेट्ने कोशिश गर्नुभयो भने सोही अवसरमा ओशो विचारको पक्षमा कार्यपत्र पेश गर्नु हुने ओशो तपोवन कार्य समितिका सदस्य सचिव स्वामी प्रेमवासुदेव र उपस्थित अन्य ओशोपन्थीहरुले मोहनविक्रमको तीव्र विरोध जनाउनु भएको थियो ।

विचार गोष्ठीमा ओशो विचारको विरोध गर्दै शक्ति लम्सालले केही सान्दर्भिक कुराहरु व्यक्त गर्नुभयो । तर उहाँले पनि मोहनविक्रममाथि प्रेम, विवाह र यौनबारे "उहाँको विचार पहिलेदेखि नै ठीक नभएको" विचार व्यक्त गर्नुभयो । विगतमा मोहन विक्रमका विवादास्पद प्रेम-यौन प्रसंगसंग सजिलै यो कार्यपत्रलाई जोडेर उहाँले व्यक्त गर्नुभएको यो टिप्पणी पनि वस्तुसम्मत थिएन । पूर्व वामपन्थी, तर हाल ओशोपन्थी टंकनाथ पौडेलको टिप्पणी त झनै सतही थियो- मार्क्सवादलाई पेटको दर्शन भनी आरोप लगाउँदै उहाँले पनि प्रेम र यौनबारे मात्रै त्यस कार्यक्रममा ज्यादा चर्चा भएको प्रसंग उल्लेख गर्दै त्यसो हुनुलाई 'यौन कुण्ठा'को रुपमा फ्रायडवादी व्याख्या गर्ने व्यर्थ प्रयास गर्नुभयो । कारण, रजनीशको चर्चा संसारमै यौन बारेको सन्दर्भमा ज्यादा हुने गरेको छ । जे कुरामा ज्यादा चर्चा छ, त्यसमा शुरुमै मानिसहरुको ध्यान जानु अस्वाभाविक हैन । उदाहरणको लागि, सलमान रुस्दी र तसलिमा नसरिनको विचारको चर्चा हुदाँ शुरुमा **द सटानिक भर्सेस** र **लज्जा** पुस्तकमा निहित विचारकै ज्यादा चर्चा हुने हुन्छ । कारण, ती दुई किताब उनीहरुका अन्य किताबका तुलनामा ज्यादा चर्चित छन् । रजनीशबारे परस्पर विरोधी मत राख्नेहरु बीच भएको पहिलो विचार गोष्ठीमा उनको ज्यादा चर्चित किताब **'यौनदेखि समाधि'**सम्म को चर्चा बढी हुनु आश्चर्यपूर्ण कुरा हैन । पछि पछि पनि यस्ता गोष्ठीहरु भइरहे र हरेकमा यसै विषयमा मात्र ज्यादा चर्चा भएमा मात्र टंकनाथले यो आरोप लगाउन मिल्ला ।

समस्याग्रस्त समाजलाई ध्यानका माध्यमले समस्यामुक्त गर्ने आदर्शवादी सोच राख्ने ओशो मतपन्थीहरु, वैज्ञानिक रुपले चलाइएको वर्गीय संघर्षद्वारा मात्र समाजको मुक्ति संभव देख्ने मार्क्सवादीहरु बीच उक्त विचार गोष्ठीमा जुन गरमागरम बहस भयो, त्यो बडो रोचक रहयो । रजनीशका आडम्बरविरोधी र रुढीवादी कर्मकाण्डविरोधी मतको समर्थन गर्दा गर्दै पनि समग्रमा उनको सोचमा मार्क्सवादीहरुको तीव्र असहमति देखिन्थ्यो । ओशोपन्थीहरुले आफू कुनै पनि धर्मसम्प्रदायको विरोधी रहेको त बताए तर उनीहरुको ओशोप्रतिको अन्ध समर्थन र अन्धभक्तिले उनीहरु सम्प्रदायभन्दा माथि नभएको नै प्रदर्शन गर्दथ्यो । उनीहरुको ओशो कम्युनमा प्रवेश गर्न चाहनेहरुले 'एड्स नेगेटिभको प्रमाणपत्र पेश गर्नुपर्ने' औपचारिक नियम रहेको छ । यो नियमको व्यवस्थाले प्रदर्शन गर्ने यौन छाडापनको विपक्षमा आफूलाई उभ्याउने उनीलाई निकै धौ धौ परेको देखिन्थ्यो ।

माथि ओशो सम्प्रदायबारे भएको विचार गोष्ठीको सरसरती विवरण समेत दिई त्यसका मूल आयोजक तथा विचार प्रस्तोता क. मोहनविक्रमप्रति अन्य वामपन्थीहरुले देखाएको रवैयाका बारेमा केही चर्चा गरियो ।

यसलाई फेरि एक पटक थप चर्चा गरेर यो लेखको अन्त गरिने छ ।

खास गरी, **जनादेश** वा **बुधबार** साप्ताहिकले यो गोष्ठीको सन्दर्भमा जुन नकारात्मक संचार गर्ने काम गरे, यो



मोहनविक्रम सिंहको कार्यपत्र प्रस्तोताः सांसद परी थापा

**मोहनविक्रमले गलत सन्देश दिइरहेको 'ओशो दर्शन'को आलोचनात्मक खण्डन गर्नुभयो । के यो काम नराम्रो काम हो ?**

भनेको कुनै पत्रकारिताको इमान मात्रको कुरा हैन । यसले त ती पत्रिकाहरुले जुन जुन वामपन्थी पार्टीहरुको पक्षपोषण गर्छन्, ती पार्टीहरु समेतको दृष्टिकोणको प्रतिनिधित्व गर्दछ । उदाहरणमा नपरेका नेपालका अन्य धेरै वामपन्थी पार्टीहरुको पनि करिब करिब प्रवृत्ति उस्तै छ । उनीहरु आफ्ना तत्कालका राजनीतिक कार्यनीतिक लाइनहरु मात्र बुझ्दछन् । त्यसबाहेक, अरु जति नै उपयोगी पक्षहरु समाजमा रहेका किन नहुन्, तिनलाई उनीहरु बुझ्दैनन् । तिनप्रति उनीहरु बेवास्ता गर्छन्, उपेक्षा गर्छन् वा नकारात्मक रवैया नै अपनाउँछन् ।

नेपाली शोषित पीडित जनताको आन्दोलनलाई बुझ्ने एकदमै खण्डित दृष्टिकोणको उपज हो यो प्रवृत्ति । यस दृष्टिकोणले आन्दोलनलाई समग्र बुझ्दैन । समग्रमा नबुझिँदा मित्र र शत्रु छुट्याउने मामलामा गोलमाल हुने मात्र हैन, आन्दोलनको निम्ति उपयोगी थुप्रै मानवीय प्रयत्नहरुलाई संश्लेषण गर्ने र उपयोग गर्ने मामलामा समेत भद्रगोल पैदा हुने हुन्छ ।

मोहनविक्रमले आज अत्याधुनिक व्याख्या, उदाहरण एवं दह्रो वौद्धिकतासहित समाजमा गलत सन्देश दिइरहेको एउटा दर्शन अर्थात् 'ओशो दर्शन'को आलोचनात्मक खण्डन गर्नुभयो । यसको व्यवस्थित शुरुवात गर्नुभयो । के यो काम नराम्रो काम हो ? देशका एमालेदेखि माओवादीसम्मका आफूलाई वैज्ञानिक दर्शनमा आधारित मान्ने पार्टीहरुको निम्ति यो त खुसीकै कुरा हो । तै पनि यस प्रयत्नमाथि खिसीट्युरी र नकारात्मक सोच किन ?


समाजमा चलेका समस्त पुराना रुढीवादविरुद्ध आफ्नो बुता र बुद्धिको सीमाभित्र रहेर भोलि कसैले कुनै विचारमन्थनको कर्यक्रम गर्ला । के ऊ हामीले लिएको वामपन्थी सोचसंग कतिपय कुरामा मत नमिल्ने वामपन्थी मित्र हो भन्ने आधारमा हामीले उसको यो कामकै खिसीट्युरी गर्ने ?

कुनै पनि वामपन्थी पार्टीको तात्कालीन राजनीतिक लाइन अर्कोसंग फरक पर्ला, त्यसंमा विरोध पनि होला । तर के आम वैज्ञानिक विचारधारात्मक कार्य र वैज्ञानिक दर्शनशास्त्र निर्माण कार्य वा वैज्ञानिक विश्वदृष्टिकोण निर्माण कार्य जस्ता साझा कुरामा पनि विरोध गरिहिँड्नु मिल्छ, जरुरी छ ? यस्तै, प्रगतिशील संस्कृति निर्माणको आम कार्यक्रममा पनि अर्कोले गर्‍यो भन्दैमा र ऊसंग नै कुनै पक्षमा हाम्रो मतभेद छ भन्दैमा हामीले त्यसलाई उपेक्षा गर्नु राम्रो हुन्छ ?

मोहनविक्रमको राम्रो प्रयत्नलाई राम्रो नै मान्दै, त्यसको महत्वलाई आत्मसात गर्दै, उनको कार्यपत्रमा "यी यी कुरा चाहिं कमजोर थिए" भनी आलोचना समेत गर्दै जम्मामा चाहिं उक्त गोष्ठीको प्रशंसा नै गर्नु के जरुरी थिएन ? मोहनविक्रमका कमजोरीहरु समेत औंल्याई उहाँका सही विचारहरुको प्रचार प्रसार गर्नु के आन्दोलनको हितकै कुरा थिएन ? र, यो जरुरी काम थिएन ? समग्रमा, त्यस महत्वपूर्ण कामलाई महत्व दिनु जरुरी थिएन ?

तर जरुरी ठानिँदैन । यो जरुरी नठान्ने पक्षले समाजमा जनताको विकृतियुक्त जीवन दृष्टिकोण एवं वैचारिक सांस्कृतिक भ्रम चिर्नुलाई आफ्नो प्राथमिकतासहितको दायित्व नै ठान्दैन । अर्को शब्दमा भन्ने हो भने, वैज्ञानिक संस्कृति निर्माणको काम उनीहरुको एजेण्डामै पर्दैन ।

के यसो हुनु हाम्रो आन्दोलनका निम्ति राम्रो होला ? र यसो भइरहनु राम्रो होला ? ☐



*नेकपा एमालेका नेता खड्ग ओली*

गत साउन महिनाको दोस्रो आधा खण्डभित्रमा नेकपा एमालेले प्रतिनिधिसभामा तीनवटा 'स्थगन प्रस्तावहरू' ल्यायो र ती तीनवटै प्रस्तावहरू अस्वीकृत गरिए ।

दैनिक उपभोग्य वस्तुमा अत्याधिक मूल्यवृद्धि भएको कारण देखाई सोबारे छलफल गर्न सदन स्थगित गर्ने यसको पहिलो प्रस्ताव गत साउन २२ गते बहुमतद्वारा अस्वीकृत हुँदा प्रस्तावका पक्षमा ५३ र विपक्षमा ८५ मत परे । एमाले, राप्रपा थापा, नेकपा मसाल एवं नेमकिपाले पक्षमा मतदान गरे भने नेकपा माले सदनमा उपस्थित नै भएन ।

कालापानीबाट भारतीय सेना अविलम्ब फिर्ता गर्ने विषयमा छलफल गर्न भनी प्रस्तुत प्रस्तावलाई चाहिं साउन २६ गते सभामुखद्वारा अस्वीकृत गरियो । कालापानीमा भारतीय सेनाको उपस्थिति "तत्काल घटेको घटना नभएको" र "कालापानीबाट भारतीय सेना हटाउनुपर्छ भन्ने बारेमा नेकालगायत सबै पार्टीको एकमतो भएकोले" स्थगन प्रस्तावको प्राविधिक कारणवश मतान्तर पैदा हुने स्थिति आउन दिन नहुने र सिंगो राष्ट्रको शक्ति एक हुनुपर्ने तर्क सभामुखले दिनुभएको थियो ।

यस प्रस्तावलाई स्वीकृत नगरिएकोमा एमालेले संसदमा सात घण्टा नाराबाजी र रोष्टम घेराउ गर्ने काम गरी बाहिर सडकमा जुलुस पनि

**के एमाले फुट्यो भन्दैमा देशमा अब बामहरूबीच कार्यगत एकताको पनि जरूरत नहुने स्थिति पैदा भएको हो ?**

# जब एमालेले स्थगन प्रस्तावको लहर चलायो !



*कालापानीबाट भारतीय सेना हटाउने सम्बन्धमा सदनमा राखेको स्थगन प्रस्ताव असफल भएपछि त्यसको विरोधमा नेकपा एमालेले राजधानीमा सोही दिन आयोजना गरेको धर्ना (बायाँ) र विरोध जुलुसको दृश्य (तल)*

आयोजना गरेको थियो ।

एमालेले प्रस्तुत गरेको तेस्रो स्थगन प्रस्ताव थियो- माओवादी दमनका नाममा सरकारले चलाएको दमनचक्र रोक्नुपर्ने माग गर्दै प्रस्तुत गरिएको प्रस्ताव । गत भाद्र २ गते यस प्रस्तावको पक्षमा एमालेका ४५ जना, राप्रपा (थापा) का ११ जना, सद्भावना पार्टीका २ जना, ने.म.कि.पा.का १ जना र नेकपा मसालका २ जना गरी ६१ जनाले मतदान गरेका थिए । विपक्षमा भने कांग्रेसका ८५ जना सांसदहरू थिए । नेकपा मालेका ४० जना र राप्रपा (चन्द) का ८ जना सांसदहरू मतदानका बेला अनुपस्थित रहे ।

## के यी प्रस्तावहरु बेठीक नै थिए ?

वास्तवमा नेकपा एमालेले महँगी, कालापानी र राज्यआतंकबारेका यी स्थगन प्रस्तावमा उठाइएका मुद्दाहरू आफैमा ठीक विषयमा उठाइएको मुद्दाहरू नै थिए । तर पनि यी स्थगन प्रस्तावहरू पास हुन सकेनन् ।

वास्तवमा, मुलुकको सबैभन्दा ठूलो प्रतिपक्ष नेकपा एमालेको निःशर्त समर्थनमा नेकाको सरकार निर्वाध रूपमा टिकिरहेको समयमा मुलुकमा मालेलगायत नौ वाम पार्टीहरूले यिनै विषयहरूमा सडक आन्दोलन गरिरहेका थिए । यी सडक आन्दोलनका मागहरू जायज थिए, तर एमालेले यो आन्दोलनप्रति सकारात्मक रवैया देखाएन । मूलतः नेकपा मालेसँगको वैरभावका कारण र अन्य वामहरूलाई 'साना' भनी हेप्ने यसको नकारात्मक सोचका कारण एमालेले नौ वामको आन्दोलनप्रति यो रवैया प्रदर्शन गरेको थियो । तर जब कांग्रेसले नेकपा मालेलाई सरकारमा साथ लिएर अघि बढ्ने सोच लियो, तब मालेलाई सरकारमा जान नदिनेतर्फ एमाले एकोहोरियो । "मालेलाई सत्तामा पनि जान नदिने र प्रमुख प्रतिपक्ष पनि बन्न नदिने" भन्ने अराजनीतिक र द्वेषपूर्ण नीति लिई यसले कांग्रेसलाई "निःशर्त समर्थन" गर्ने हतारो गरेको केही महिना पनि नबित्दै माले सत्तामा जानसक्ने देखिंदा एमाले तिल्मिलायो ।

त्यसैले, एमालेले संसदमा एकाएक स्थगन प्रस्तावहरूको जुन बाढी चलाउन थाल्यो, त्यो देखेर आमजनतामा आशंका र कौतुहल पैदा भयो । स्थगन प्रस्ताव पारित भएमा सरकार स्वतः अल्पमतमा पर्नसक्ने र यसकारण सरकारले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने भएकोले यो प्रस्तावको चरित्र एक किसिमले अविश्वास प्रस्तावसँग मिल्न जाने देखिन्छ । त्यसकारण सरकारलाई तत्काल सत्ताच्युत गरी मालेलाई सजिलै सरकारमा जान नदिने एमालेको निहित आशय एकातिर र अर्कातिर महँगी, कालापानी र राज्य आतंकजस्ता 'जेनुइन इस्यू'हरु ! यो स्थितिको धर्मसंकटमा अरू वाम पार्टीहरू पनि स्वभावतः फस्न पुगे । नेमकिपा र मसालले इस्यु हेरेर एमालेलाई साथ दिए भने नेकपा मालेले कांग्रेससँगै सत्तारुढ हुने आफ्नो इच्छा र अवसर गुम्ने डरले एमालेलाई साथ दिएन ।

> **एमालेले स्थगन प्रस्तावहरू किन ल्यायो ? किन मालेले एमालेलाई साथ दिएन ?**

नेकपा मालेका प्रमुख सचेतक टक राईले "हामी स्थगन प्रस्तावभन्दा संकल्प प्रस्ताव वा जरूरी सार्वजनिक महत्वको प्रस्ताव राखौं भन्ने पक्षमा छौं । स्थगन प्रस्ताव बाध्यकारी हुँदैन, संकल्प प्रस्ताव बाध्यात्मक हुन्छ" भनी शुरुमै बताउनुभए तापनि उहाँको पार्टीले सो संकल्प प्रस्ताव वा जरूरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्ने पहल चाहिँ गरेन । यो पहल नगरी केवल एमालेको प्रस्तावको विरोधमा मात्र खडा हुँदा माले राजनीतिक रूपले अप्ठेरोमा पर्न पुग्यो । यसरी "स्थगन प्रस्ताव" को विकल्प पेश गरी 'इस्यु' हरूप्रति संसदीय संवेदनशीलता देखाउन नसक्नु मालेको कमजोरी देखियो । यसले गर्दा माले "कुर्सीका निम्ति सबै कुरा त्यागने" पार्टीको रूपमा देखापर्न गएको छ । सडकमा आफूले जुन कुरालाई उठाएको हो, सदनमा त्यसको तालमेल कसरी मिलाउने भन्नेबारेमा यसले बेलैमा सोच्नु जरूरी थियो ।

आज आएर सदनमा यति गम्भीर प्रस्ताव पेश गर्ने एमालेले हिजो अन्य वामहरूले महँगी, कालापानी र राज्यआतंकको इस्युमा गरेका जनसंघर्षहरूप्रति नैतिक समर्थनसम्म पनि नजनाउनुले एमालेको राजनैतिक नैतिकतामा ठूलो प्रश्नचिन्ह लागेको छ । यी इस्युहरूप्रति एमाले यति गम्भीर थियो भने, आफ्नो आडमा टिकेको गिरिजा सरकारलाई "समर्थन फिर्ता लिने धम्की" दिएर वा आफ्नै पहलमा सशक्त सडक आन्दोलन खडा गरेर यसले सरकारलाई बाध्य पार्न सक्थ्यो । यस्तो गर्न यसले किन पटक्कै जरूरी ठानेन ?

यस्तो स्थितिमा, एकाएक स्थगन प्रस्तावहरूको लहर चलाएर एमालेले आफूलाई "चौपट्टै बाठाहरू र चालबाजहरूको पार्टी" को रूपमा त स्थापित गरेको छ, तर यसले थप देखाएको छ- एमाले हाल ठण्डा दिमागले सोचेर र मुलुकको वस्तुगत स्थिति हेरेर हैन, विपक्षीहरू वा प्रतिस्पर्धीहरूलाई झोंक फेर्ने नियतले अघि बढिरहेछ ।

राजनीतिक सुझबुझसहित र पूर्वाग्रहरहित भएर काम गर्ने हो भने, एमालेले गिरिजा सरकारको सट्टामा एमाले-माले लगायतको गैर कांग्रेसी सरकारको सम्भावना खोज्ने पहल गर्नु पनि जरुरी थियो । यसतर्फ एमाले किन लागेन ? के एमाले फुट्यो भन्दैमा देशमा अब वामहरुबीच कार्यगत एकताको पनि जरुरत नहुने स्थिति पैदा भएको हो ? के गिरिजाको एकलौटी सर्वस्वीकार्य हुने स्थिति पैदा भएको हो ?

के भविष्यमा यो झोंक फेराइ र गोटीचालभन्दा माथि उठ्ने प्रयत्न एमालेले गर्ला ? सान्दर्भिक जिज्ञासा पैदा भएको छ ।

◆ चक्र मैनाली



फोटो साभार: श्री सूर्योदय साप्ताहिक

# "ए मसाले गणेश शाह ! लौ आइज !"

**इन्सपेक्टर यसो पछाडि हटे र केही प्रहरीसँग कानाखुसी गरे । त्यसपछि स्थितिले नाटकीय मोड लियो ।**

गत साउन २० गते काठमाडौंको छिमेकी जिल्ला काभ्रेको कटुञ्जे बेसीमा नेपालका नौवटा वाम पार्टीका नेताहरूलाई प्रहरीले भण्डै-भण्डै गोली हानी हत्या गरेको ।

नेकपा मालेका नेता तथा सांसद बामदेव गौतमदेखि लिएर राष्ट्रिय जनआन्दोलन संयोजन समितिका शक्ति लम्साल, नेकपा मार्क्सवादीका नेता प्रभुनारायण चौधरी, नेकपा मसालका गोविन्दसिंह थापा, नेकपा संयुक्तका गणेश शाह, नेमकिपाका सांसद आशाकाजी बासुकला र संयुक्त जनमोर्चा नेपालका घनश्याम शर्मा पौड्यालगायतका नेताहरू उक्त गोली प्रहारको निशाना बन्नुभएको थियो । बामदेव गौतमका अंगरक्षक अवधेष विष्टले आक्रमणकारी प्रहरीतिर पेस्तोल सोभ्याएपछि बल्ल केही ठण्डा भएको प्रहरी बलले त्यतिखेर जुन उद्दण्डता प्रदर्शन गऱ्यो, त्यो उद्दण्डता देशको निम्ति अत्यन्त गम्भीर स्थितिको सूचक थियो ।

प्रशासनसमेतलाई अग्रिम सूचना दिई गएको वाम नेताहरूको यो टोलीलाई प्रहरीले सुरक्षा दिनुपर्नेमा उल्टो, यस टोलीमाथि प्रहरी खनिनुले प्रष्ट देखाएको छ- कि त त्यस प्रहरी टोलीलाई त्यसरी दमन गर्न सरकारले केन्द्रबाटै आदेश दिएको थियो, हैन भने स्थानीय प्रहरी अधिकृतहरू अत्यन्त उदण्ड, अनुशासनहीन र मण्डले संस्कारले पूर्णग्रस्त थिए ।

यी दुवै सम्भावनाहरूमध्ये कुनै पनि अत्यन्त गम्भीर कुराहरु हुन् ।

"प्रजातन्त्र" को बिल्ला भिरेको सरकारले के जिम्मेवार नेताहरूको अगुवाईमा हुने शान्तिपूर्ण जुलुस, आमसभाप्रति यस्तो मण्डले प्रवृत्ति देखाउन मिल्छ ? जसले यो मण्डले प्रवृत्तियुक्त आदेश दियो, त्यसलाई सरकार स्वयंले तुरुन्त कारबाही गर्नुपर्छ । सरकारले आदेश दिएको भए उसले यस घटनालाई लिएर जनतासमक्ष माफी माग्नुपर्छ । हैन, यो स्थानीय प्रहरी टीमकै उदण्डता हो भने, त्यस टिमउपर सरकारले कडा कारबाही गर्नुपर्छ । मण्डले प्रवृत्तिका प्रहरी हाकिमहरूको मूर्खतापूर्ण र उदण्ड व्यवहारलाई सरकारले छुट दिँदै जाने हो भने, यी मूर्ख र उदण्डहरूले नेपाली जनता र नेपालका कुनै पनि सरकारलाई क्षतिबाहेक 'लाभ' पुऱ्याउने छैनन् । कारण, निरंकुश र स्वच्छन्द एवं पंचायती तत्वप्रति वफादार नोकरशाहहरूले पंचायत फालेर ल्याएको वर्तमान व्यवस्थाका सीमित उपलब्धिहरूको पनि उपहास नै गर्नेछन् ।

राष्ट्रवादको पक्षमा काम गरिरहेका नौ वामका नेताहरूलाई यसरी अप्रत्याशित रूपले गोली ताक्ने प्रहरीहरू कतै राष्ट्रघाती शक्तिकेन्द्रहरूद्वारा सञ्चालित त थिएनन् ? अहिले कटुञ्जे प्रकरणले यो ज्वलन्त प्रश्न पनि उठाएको छ । मदन भण्डारीको हत्या गर्ने राष्ट्रघाती तत्वले नै बामदेवलगायतका नेताहरूलाई मार्न खोजेको त हैन ? यतिखेर टड्कारो प्रश्न उठेको छ । नेपालको पुलिसलाई कसले सञ्चालन गरिरहेछ ? सरकारले यसको जवाफ दिनु जरूरी छ ।

## कटुञ्जे काण्ड :
## नेपालको पुलिस
## कसको नियन्त्रणमा छ ?

सहभागीहरू धेरैको भनाइ रहेको छ, बामदेवका अंगरक्षकले पेस्तोल नताकेका भए र काभ्रेका सांसद गोविन्द उप्रेती, पूर्व सांसद कमानसिंह लामा, रामेछापका सांसद कमल चौलागाईं र संजमो नेता घनश्याम शर्मा पौड्यालगायतका व्यक्तिहरूले आफ्नो ज्यान जोखिममा पारेर पनि पुलिसलाई नरोकेको भए, त्यस दिन बामदेव गौतम, शक्ति लम्सालगायत थुप्रै वाम नेताहरू पुलिसको गोलीद्वारा मारिने प्रष्ट सम्भावना थियो । प्रहरीको रबैया देख्दा उनीहरू योजनाबद्ध रूपमा दमन र हत्याको सोच लिएर त्यहाँ उपस्थित थिए ।

उहाँहरूसहित ६ जनालाई त्यस रातभर प्रहरीले एउटै घरमा कोचेर रहन बाध्य पारेको, रातभर कर्फ्यु लगाएको, मालेका तीनजना कार्यकर्ताहरूलाई थानामा लगी गम्भीर घाइते बनाई छाडिएको आदि घटनाले देखाएको छ- नेपालमा वास्तवमा सत्ताधारीहरूमा पंचायती मण्डले प्रवृत्ति पटक्कै घटेको छैन ।

के कटुञ्जेमा खटिएका डी.एस.पी. र प्रहरी इन्स्पेक्टरले नेपालका यी स्थापित वामपन्थी नेताहरूलाई चिन्दैनन् ? गृहमन्त्रालय र काभ्रेको स्थानीय



*प्रहरीद्वारा घरबाट थुतेर लगी मारिएका क. नन्दराज लामाकी श्रीमती हरिमाया लामा सभाको सभापतित्व गर्नुहुँदै*

*सबै फोटोहरू सौजन्य: नेमकिपा कार्यालय*

स्मरणीय छ, सो साउन २० गते आन्दोलनरत नौ वाम पार्टीहरूका नेताहरू गत असार ८ गते सरकारले माओवादी दमनका नाममा घरबाट थुतेर हत्या गरेका सजमोका कार्यकर्ता नन्दराज लामा र ५ गते त्यसैगरी मारिएका श्यामसिंह तामाङका बारेमा तथ्य बुझ्न र पीडित परिवारजनसँग भेट गर्न त्यहाँ गएका थिए । अपरान्हको सो समयमा नन्दरामको आँगनमा करिब २५० जना सम्मिलित भएको आमसभा हुँदै थियो । आमसभालाई गोविन्द थापा, प्रभुनारायण चौधरी, नेमकिपाका विष्णुदास स्याउला र गणेश शाहले सम्बोधन गर्नुभएपछि शक्ति लम्सालले बोल्न थाल्नुहुँदा 'कांग्रेस' को नाममा आएका प्रदीप उप्रेती, ग्ले तामाङ, शंखबहादुर लामा एवं ज्ञानबहादुर लामालगायतका व्यक्तिहरूले कालो झण्डा देखाउने र ढुंगा हान्ने एवं यो कामलाई निर्देशित गर्ने काम गरे । ढुंगा नहान्न आयोजक पक्षले भन्दा र उनीहरूलाई रोक्न प्रहरीलाई गुहार्दा उल्टो प्रहरीले आयोजक पक्षका भरत लामिछाने (संजमो काभ्रे अध्यक्ष) लाई समातेर लछारपछार गर्न थाल्यो । "सब नेतालाई एकएक गरी गोलीले उडाउने !" धम्की दिँदै बढेको प्रहरीले आमसभाका कुर्सी, ब्यानर, झण्डा, माइक आदि सबै तोडफोड गरे । बामदेव गौतमलगायतका नेताहरूलाई संरक्षण गर्न वाम कार्यकर्ताहरूले उहाँहरूलाई घरभित्र हुले तर प्रहरीले घरको ढोका

# के एनरोनलाई फिर्ता पठाएर शैलजाले गल्ती गरिन् ?




जबसम्म पंचेश्वरको कुरा टुगिंदैन, तबसम्म हामीले एनरोनको प्रस्ताव लागु गर्ने कुरा हुन सक्तैन । त्यसैले त्यतिवेलासम्म धैर्य गरेर बस्नु होला भनेर हालै जलस्रोत मन्त्री शैलजा आचार्यले एनरोनलाई चिट्ठी लेखेपछाडि यहाँ नेकपा एमाले लगायत मूलतः नेपाली कांग्रेसले ववण्डर नै मच्चाइरहेको छन् । वास्तवमा, के उनीहरूले भने जस्तै एनरोन नआएर नेपाल नोक्सानीमा पर्ने हो वा शैलजाले ठीक गरेकी हुन् ? यो प्रश्न हामीले प्रसिद्ध जलस्रोतविद् डा. हरिमान श्रेष्ठ र दीपक ज्ञवालीका समक्ष र खेका थियौं । प्रस्तुत छ– त्यसबारे उहाँहरूका विचारोत्तेजक भनाइहरू । –मूल्यांकन

## शैलजाको कामबाट म अति नै खुसी छु

◆ डा. हरिमान श्रेष्ठ

**३०/३१ वर्ष** अगाडिदेखि नै कर्णाली आयोजना बिजुली निर्यात गर्ने उद्देश्य राखी सञ्चालन गर्नु हुँदैन, त्यहाँ उत्पादन भएको विद्युत नेपालले खपत गर्न सक्ने स्थिति आएपछि मात्र त्यो आयोजनाबारे विचार गर्नुपर्छ भन्ने कुरा मैले भन्दै आएको थिएँ । एनरोनको कुरा चलेपछि पनि यो आयोजना निजी क्षेत्रमा सुम्पनु भनेको ठूलो खतरा मोल्नु हो भन्ने कुरा पनि मैले भनेको हुँ । मेरो विचारमा यसले देशलाई बहुतै गम्भीर र दूरगामी असर पुऱ्याउँछ । ३०/३५ वर्षको दौरानमा पहिलो पटक उपप्रधानमन्त्री जस्तो पदमा वसेकी शैलजा आचार्यले मेरो विचारसँग मिल्दो कुरा बोल्नु मेरो लागि बहुतै खुसीको कुरा हो । मलाई लाग्छ, शैलजाले एनरोनलाई फिर्ता पठाएर ठीक गरेकी छन् ।

किनभने, पहिलो कुरा त एनरोनलाई सर्भेक्षण गर्न अनुमति दिनु नै नाजायज छ । कर्णाली आयोजनामा जति सर्भेक्षण भएको छ, त्यति सर्भेक्षण त अन्त कतै र कुनै आयोजनामा पनि भएको छैन । सबभन्दा पहिले १९६३ देखि १९६६ सम्म जापानको निप्पन कोइ कम्पनीले, त्यसपछि अष्ट्रेलियाको स्नोइ माउण्टेन कम्पनीले, अनि त्यसपछि १९७५ र १९७६ मा नर्वेको नरकन्सल्ट र स्विट्जरलैण्डको इलेक्ट्रोवाट मिलेर यसमाथि थप स्थलगत सर्भेक्षण गरेर फेरि सम्भाव्यता प्रतिवेदन पेश गरे । त्यसपछि फेरि नेपालले विश्व बैंकसँग ऋण लिएर बिश्व बैंक, भारत र नेपाल मिलेर कुन उद्देश्यले र कुन कुन कार्य गर्ने भनेर कार्यक्षेत्र तोकी यो आयोजना संचालन गर्ने भनेर विस्तृत अध्ययन सर्भेक्षण गरे । यस सर्भेक्षणको लागि क्यानडाको तीनवटा परामर्शदातृ संस्था र अमेरिकाको एउटा परामर्शदातृ संस्था मिलेर "हिमालय पावर कन्सल्टेन्सी" भन्ने संयुक्त परामर्शदातृ संस्था सृजना गरिएको थियो । यसले विस्तृत सर्भेक्षण गरी बाक्ला बाक्ला ठेली २२ वटा ठेलीहरुको प्रतिवेदन पेश गऱ्यो । यो सर्भेक्षणको लागि अरबौं रुपियाँ खर्च भएको छ ।

यसरी, अरबौं रुपियाँ खर्च गरेर पटक पटक सर्भेक्षण र अन्वेषण भएर निक्लेको संभाव्यताका तथ्य तथा आंकडाहरू अझसम्म बाँकी नै छ । यस्तो आयोजनालाई फेरि सर्भेक्षण गर्न भनेर निजीक्षेत्रलाई सर्वेक्षण अनुमति दिनु भनेको सर्भेक्षणको नांममा उसलाई नेपाल राष्ट्रको अरबौं रुपियाँको संपत्ति मुफ्तमा जिम्मा लाउनु मात्र हो ।

दोश्रो कुरा, कर्णाली आयोजना कर्णालीसंग मात्र जोडिएको कुरा होइन । अरु विद्युत आयोजनासंग पनि सम्बन्धित कुरा हो । त्यसलाई कानूनी आधारमै हेरौं ।

नेपालको संविधानको धारा १२६

---

लात्ताले र बन्दुकको कुन्दाले हानेर फोरेर नेताहरूतिर बन्दूक तेर्स्याएर हान्न खोजे । यतिखेर नै बामदेव गौतमका अंगरक्षकले प्रहरीलाई पेस्तोल देखाएका थिए । यो पेस्तोल देखेपछि बल्ल प्रहरी हच्कियो र पछि हट्यो ।

सभाका सहभागी घनश्याम शर्मा पौड्याल अगाडिको घटनाबारे बयान गर्दै भन्नुहुन्छ- "यत्तिकैमा गणेश शाहले प्रहरी इन्सपेक्टरको हातमा यसो छोएर भन्नुभयो- इन्सपेक्टर ! तपाईंकै आँखाअगाडि नेताहरू रगतपच्छे भइसक्नुभयो, सुरक्षा किन दिनुहुन्न ?" इन्सपेक्टर यसो पछाडि हटे र केही प्रहरीसँग कानाखुसी गरे । त्यसपछि स्थितिले नाटकीय मोड लियो । "ए साले नेता हो, प्रहरीमाथि हातपात गर्छौ ? सिम्मा... ठोक साले माओवादीलाई ए साले मसाले गणेश शाह, लौ आइज ! प्रहरीको फुली खोस्ने साले बामेको भुँडी फोर ... ।"

यसअघि नै ने.क.पा. मालेका जिल्ला सचिव र सो आमसभाका सञ्चालक बोधराज त्रिपाठीलगायत रगतपच्छे भइसक्नुभएकोमा ने.म.कि.पा.का चन्द्रबहादुर उलकलगायत थप व्यक्तिहरूलाई प्रहरीले घाइते बनायो । प्रहरीलाई यो दमन रोक्न काभ्रेका जनप्रिय सांसद गोविन्द उप्रेतीले बारम्बार हात जोडेर बिन्तीसमेत गर्नुभएको थियो । तर प्रहरी शान्त भएन ।

वास्तवमा कटुञ्जेको यो घटनाले नेपालको राजनीतिमा धेरै ठूलो र गम्भीर संकेत गरेको छ ।


सरकार वा पुलिसले नै राष्ट्रवादी नेताहरूलाई शान्तिपूर्ण आमसभामा गएर गोली हान्ने हो भने अब नेताहरू र जनताको सुरक्षा कसले गर्ने ? आज वाम नेताहरू परे, भोलि अरू नेताहरूको पनि यसरी नै ज्यान खतरामा नपर्ला भन्ने के ग्यारेन्टी ?


के नेपालमा पुलिसले देशका महत्वपूर्ण नेताहरूलाई चिन्दैन ? उनीहरूप्रति सम्मान गर्न जान्दैन त्यसले ? आफ्नो पदीय दायित्व निर्वाह गर्न छाडी सत्तापक्षको अन्ध चाकडी र विपक्षको खेदो गर्न पुलीसलाई पंचायतले सिकाएको यो मण्डले प्रवृत्तिलाई के अब पनि छाडा नै छाडिराख्ने ? ने.क.पा. संयुक्तका नेता गणेश शाहलाई 'मसाले' देख्ने 'सामान्यज्ञानरहित' र 'साले' भनी दुर्वाच्य बोल्ने 'बेसोमती' प्रहरी बलको लगाम के ?

कांग्रेस पार्टीले आफ्ना 'कार्यकर्ता भनाउँदा गुण्डा' हरूलाई प्रजातान्त्रिक संस्कार सिकाउने कि यसैगरी 'जे गरे पनि हुने' गरी पुल्पुल्याएर राख्ने ? कांग्रेसीहरूलाई यदि नौ वामको त्यो आमसभा मन नपरेको भए भोलिपल्ट त्यसको विरोधमा अर्कै आमसभा गर्न सक्थे । कांग्रेसले यस्तो प्रजातान्त्रिक संस्कार कहिले सिक्ने ?

थप एक प्रसंग, एमालेको एउटा अखबारले यो घटनामा 'पुलिसको फुली थुत्न जाने नेताहरू' भन्ने विशेषण दिएर वाम नेताहरुको खिल्ली उडाउन खोज्यो । नौ वाम नेताहरूलाई पुलिसले गोली हान्न खोज्दा खिल्ली र खुसी जाहेर गर्ने एमालेहरूको यो भष्मासुरे र घटीया 'झगडिया' प्रवृत्तिको अन्त कहिले हुने ?

◆ सूर्य शर्मा





'बामेहरूलाई गोली हानेर मार्छु' भन्ने प्रहरीहरू र ढुंगा हान्ने कांग्रेसी व्यक्ति, जसलाई सभा आयोजकहरूले समातेर प्रहरीलाई बुझाएका थिए (बायाँ)
स्व. नन्दराज लामाको घरः भित्र नेताहरू, बाहिर जनसमूह र प्रहरी (तल)

विपरीत कानून सृजना गरेर नेपालको जलविद्युत आयोजनाहरू छानी छानी बिदेशी लगानीकर्ताहरूलाई सुम्पिरहेको छ नेपाल सरकारले । जस्तो, सेती आयोजना स्मेकलाई सुम्पनु यसको उदाहरण हो । यसरी, नेपालको जलविद्युत आयोजनाहरू बिदेशका नीजी लगानीकर्ताहरूलाई सुम्पनुको लागि नेपालले न आफ्नो देशको हितलाई नै ध्यानमा राखेको छ, न त विदेशी लगानीकर्ताहरूको बीच प्रतिस्पर्धा गराउने काम नै गरेको छ ।



## एनरोनलाई सर्भेक्षण गर्न अनुमति दिनु नै नाजायज छ ।

यसो गर्नुमा देशको स्वार्थलाई भन्दा व्यक्तिगत स्वार्थलाई नै बढी महत्व दिएको जस्तो लाग्छ । पहिले पहिले नेपालको बनसम्पदामाथि लुछाचुँडी गरेर "हरियो वन नेपालको धन" भन्ने उखानलाई नै माटोमा मिलाईदिएर वनबाट लुट्नुसम्म फाइदा लुटे । यसले गर्दा नेपालको बातावरणमै ठूलो असर पर्‍यो । अब बनवाट फाइदा लुट्न नसकिने भएपछि उनीहरूले जलविद्युत क्षेत्रमा आँखा गाड्न थालेका छन् । उनीहरू निजीकरणको नारा घन्काएर निजी क्षेत्रलाई जलविद्युत आयोजना सुम्पदै व्यक्तिगत फाइदा लुट्न थालेका छन् । यदि यसो होइन भने, किन पश्चिम सेती जस्तो अमूल्य जलश्रोतयुक्त आयोजना नेपालको विद्युतको माग आपूर्ति र पानी आपूर्ति गर्ने आयोजना हुन सकेन ? किन यसलाई बिद्युत निर्यात गर्ने उद्देश्य राखेर स्मेकको कब्जामा दिइयो ? अहिले कर्णालीमा कस्तो हुन लागेको थियो ?- एनरोन आफैं फिर्ता गएर मात्र जोगिएको हो ।

तेस्रो कुरा, यो आयोजना हामीले त्यति हतार गर्नुपर्ने आयोजना नै होइन । किनभने, यो अहिले हाम्रो लागि प्राथमिकताको आयोजना नै होइन । कर्णाली आयोजनाबाट उत्पादन हुने बिजुली न नेपालले खपत नै गर्न सक्छ, न त त्यसमा नेपालले लगानी नै गर्न सक्छ । यस योजनामा अहिले विदेशी कम्पनी निम्त्याउनुको मतलब विदेशी कम्पनीले आएर लगानी गर्छ र नाफा पनि सबै उसले नै कुम्ल्याएर लग्छ । यो आयोजना लागु भएपछि नेपालले बरु नोक्सानी मात्र व्यहोर्नु पर्ने हुन्छ । जस्तो, यो आयोजनाबाट नेपालको ६ लाख ७८ हजार रोपनी जमीन डुबानमा पर्छ र नेपालका पचासौं हजार जनसंख्या विस्थापित हुन्छन् । साथै, बाढीमा संचय भएको पानीलाई नेपालले सिंचाईमा प्रयोग गर्न नसक्नाले त्यो पानीमाथि भारतले अग्राधिकार कायम गर्ने खतरासमेत नेपालले व्यहोर्नु पर्ने हुन्छ । यस्तो हुँदाहुँदै आर्थिक तथा राजनैतिक प्रलोभनमा परेर यो आयोजनालाई संचालन गर्न हतारिनु अति नै बदमासीपूर्ण तथा बिडम्बनापूर्ण काम सिवाय अरु के हुन सक्छ ? यस्तो हतारले कुनै दिन नेपाललाई नै डुबाइदिन्छ ।

त्यसैले, शैलजाले एनरोनलाई फिर्ता पठाएर जुन काम गरिन्, त्यो काम गर्नै पर्ने काम हो र म यस कामबाट अति नै खुसी छु । □

कर्णाली नदीको धार

*नेपालको पश्चिम तराई क्षेत्रबाट कर्णाली नदीलाई हेर्दा*



# यो चिठी एकदमै राम्रोसँग लेखिएको छ

◆ दिपक ज्ञवाली

**गत** ५१६ वर्षमा सरकारले जलस्रोत सम्बन्धमा जतिपनि निर्णय लिएको छ, ती सबै निर्णयहरू गलत र राष्ट्रहित विपरीत भएका छन् । अहिले आएर सरकारले कर्णालीबारेमा यसरी एउटा ठीक निर्णय गरेकोमा हामी खुशी भएर पनि आश्चर्यमा परेका छौं । जलस्रोत मन्त्रालयले लेखेको चिठ्ठी एकदमै राम्रोसँग लेखिएको छ र लेख्नुपर्ने पनि त्यही थियो ।

तर अहिले जुन हंगामा उठिरहेको छ, त्यो हंगामा उठाउनेहरूको स्वर 'जो चोर उसैको ठूलो स्वर' को उखानसँग मिल्दोजुल्दो भइरहेको छ । विगतमा पंचेश्वर, पश्चिम सेती, कोशी, अरूण-३ आदिमा गल्तीमाथि गल्ति गरेकाहरू नै अहिले शैलजाको विरूद्ध कुर्लिरहेका हुन् । वास्तवमा, अहिले एनरोनको प्रस्ताव लागु भएन भने पहिलेका निर्णयहरू गल्ति थिए भन्ने कुरा प्रमाणित हुन्छ । त्यसैले, उनीहरू जसरी हुन्छ, एनरोनलाई ल्याएरै छोड्ने र आफूहरूले पहिले गरेका गल्तिलाई छोप्ने दाऊमा छन् ।

विगत ५१६ वर्षमा नेपालमा दुई तीन वटा वास्तविकता देखिएको छ । पहिलो बास्तविकता हो, अरूण ३ ज्यादै महँगो, गलत प्लानिंग र नेपाललाई घाटा हुने शर्तहरूले भरिपूर्ण भएको योजना हो भन्ने कुरा लाटोले पनि बुझिसकेको छ । विश्व बैंकले पनि त्यसको जोखिम नेपालले व्योहोर्न सक्तैन भनेर नै हात झिकेको थियो । दोस्रो, महाकाली सन्धिको धारा-३ र लोहनी-मुखर्जी पत्राचारको पनि धारा नं.- ३ नेपालको लागि त्यतिकै हानिकारक छ भन्ने कुरा सिद्ध भइसकेको छ । तेस्रो, अहिले नेपालमा धेरैले के बुझ्न थालेका छन् भने, नेपाल अरू देशलाई विजुली बेचेर धनी हुन सक्दैन । किनभने विजुली भनेको कच्चा पदार्थ हो र कच्चा पदार्थ बेचेर कुनै पनि देश धनी भएको कुरा देखिएको छैन । सोभियतसंघ कच्चा पदार्थ निर्यात गरी बसेकाले नै विकसित देश भएर पनि अहिले आएर पुनः नव उपनिवेशमा बद्लियो । जापान पनि एउटा विकसित

## एउटा मित्र राष्ट्रले नेपाली जनताको विकासमा सहयोग गरेको कुरा एउटा व्यापारिक कम्पनीलाई सित्तैमा सुम्पनु कतिको बुद्धिमानी हो ?

देश हो । ऊसँग कच्चा पदार्थ भनेको छँदैछैन । भएको कच्चा पदार्थ पनि त्यहाँबाट निर्यात गर्न दिइदैन । तर पनि जापान धनी छ, उसले तयारी सामान निर्यात गर्छ । त्यस्तै, नेपालको बिजुली नेपालमै प्रयोग गर्नु पर्छ र त्यसको प्रयोगबाट उत्पादन गरेको 'मूल्य जोडिएको तयारी बस्तु' बाहिर निर्यात गर्न सकेमा मात्र नेपाली धनी बन्न सक्छ । यहाँ उत्पादनको लागि चाहिने कच्चा पदार्थ बिजुली बाहिर निर्यात गर्नु भनेको नेपाल नवउपनिवेश बन्नुबाहेक केही हुनै सक्तैन । यी कुरा अचेल धेरैले बुझिसकेका छन् । यही कुराको बुझ पचाएर आफ्नो लाज जोगाउन भए नभएका तर्कहरू अगाडि सारिरहेका छन् एनरोनवादीहरू ।

एनरोनलाई फिर्ता पठाएर नेपालको नोक्सानी भयो भन्ने उनीहरूको तर्क छ, यो तर्क नै उल्टो छ । किनभने, यो जग जाहेर छ, एनरोन आफैं पहिले नेपाल र भारतको विजुलीको बजारको व्यवस्था राम्रो छैन भनेर फर्केको थियो । यो


अर्थराजनीति नबुझीकन, मोलमलाई नै नमिलाइकन र तल्लो तटीय फाइदाको कुरै नमिलाई गिरिजा र मनमोहनले त्यसलाई पुनः नेपालमा बोलाए नै किन ? त्यसैले एनरोनलाई किन फिर्ता पठाइन् भनेर शैलजालाई प्रश्न गर्नुभन्दा एनरोनलाई किन फेरि बोलायौ ? भनेर गिरिजा र मनमोहनलाई प्रश्न गर्नु जरूरी भएको छ ।

दोस्रो कुरा, यो आयोजना धेरै उद्देश्यका लागि प्रयोग हुन सक्ने भएको बहुउद्देश्यीय प्रोजेक्ट हो । यसको अध्ययन भइरहेको ३० वर्ष भइसक्यो र यसमाथि चार चारवटा मेजर सर्भे भइसके । यसरी, चार चारवटा मेजर सर्भे भइसकेको बहुउद्देश्यीय आयोजनालाई जलस्रोत मन्त्रालय र विद्युत विकास केन्द्रले खालि "विद्युत योजना" भनेर किन परिभाषित गर्‍यो ? त्यसरी गलत परिभाषित गर्ने हाकिम तथा विज्ञहरूलाई यो प्रश्न किन नगर्ने ? त्यसैले, शैलजालाई प्रश्न नै गर्ने हो भने, तपाईंको जलस्रोत मन्त्रालयले 'बहुउद्देश्यीय आयोजना' भनिसकेको आयोजनालाई अहिले आएर तपाईं मातहतकै संस्थाहरूले विद्युत योजना मात्र भनेर किन परिभाषित गरे ? भन्ने प्रश्न गर्नु पर्छ । एनरोनलाई किन फिर्ता पठायौ ? भनेर होइन ।

तेस्रो कुरा, सर्भे लाइसेन्स मात्रै हो नि, यसलाई सर्भे गर्न दिएर के बिग्रिन्थ्यो र ? भन्ने प्रकाशचन्द्र लोहनीको एउटा वक्तव्य आएको छ । यो सरासर गलत कुरा हो ।

पहिलो कुरो, अहिलेको नेपालको विद्युत ऐनअन्तर्गत यस्तो निर्यातमुखी प्रोजेक्ट गर्न दिने प्रावधान नै छैन । त्यो ऐन त नेपालको आन्तरिक विद्युत आपूर्तिको लागि बनाइएको हो । यसमा निर्यातको लागि सर्भे लाइसेन्स दिने भन्ने कुरा नै छैन । दोस्रो कुरा, यसको मेजर सर्भे चार चार पटक जापान, अष्ट्रेलिया, नर्वे तथा अमेरिका, क्यानाडाका बहुराष्ट्रिय कम्पनीहरूले गरिसकेको छ । पछिल्लो पल्ट अमेरिकी-क्यानाडाली परामर्शदातृ संगठनहरूले सवा एक करोड डलर खर्च गरेर विस्तृत सर्भे गरिसकेका छन् । योभन्दा बढी सर्भे गर्नुपर्ने आवश्यकता नै छैन । त्यसैले सर्भे लाइसेन्स नै किन दिने एनरोनलाई ? यी अध्ययनहरूमा अहिलेको हिसाबअनुसार करिब छ करोड अमेरिकी डलर खर्च भइसकेको छ । यो रकममा कतिपय अनुदान छ भने कतिपय ऋण छ । प्रश्न उठ्छ- नेपाल राष्ट्रको सम्पत्ति यो छ करोड डलर र त्यत्रो थैली सकेर तयार भएको सर्भे रिपोर्ट के अमेरिकन बहुराष्ट्रिय कम्पनीलाई सित्तैमा दिने त ? नेपाल राष्ट्रको दायित्वमा पर्ने यति ठूलो थैलीको प्रतिफल विदेशी नाफाखाने कम्पनीलाई दिने सरकारको के अधिकार ? बरू एनरोनलाई सोध्नुपर्ने कुरा के हो भने, अरू कुराको अलावा हाम्रो खर्च भएको यो छ करोड डलर नेपाललाई कहिले र कसरी दिन्छौ ?

भनाइको अर्थ, जसले कर्णाली प्रोजेक्ट लिन्छ, त्यसले यसअघि सर्भेमा खर्च भएको त्यो छ करोड डलर पनि ब्याजसहित फिर्ता गर्ने प्रस्ताव राख्नुपर्छ । यो कुरा सरकारमा रहेका कसैले एनरोनसित उठाएन । पश्चिम सेतीमा जुन कुरा गल्ति भएको थियो, त्यही कुरा अहिले कर्णालीमा पनि दोहरिन लागेको छ । फ्रान्स सरकारले नेपाली जनतालाई भनेर दिएको अनुदानको पैसाबाट पश्चिम सेतीको सर्भे अध्ययन भएको थियो । त्यो सर्भे अध्ययनको रिपोर्ट सिधै एउटा अष्ट्रेलियन कम्पनी स्मेकलाई मुफ्तमा हस्तान्तरण गरिदियो । त्यही गल्ती अहिले पुनः हुन लागेको छ । यसरी एउटा मित्र राष्ट्रले नेपाली जनताको विकासमा सहयोग गरेको कुरा एउटा व्यापारिक कम्पनीलाई सित्तैमा सुम्पनु कतिको बुद्धिमानी हो ? यस्ता 'बेवकुफ मुलुकलाई हामीले सहायता किन दिने ?' भन्ने प्रश्न दाता मित्र राष्ट्रलाई उठ्छ कि उठ्दैन यो कामले ? अहिले एनरोनको हातमा पर्न लागेको यो सहयोग रकम भाग्यले जोगिएको छ । यो त्यसरी दिनै नहुने कुरा हो ।



विगतमा पंचेश्वर, पश्चिम सेती, कोशी, अरूण-३ आदिमा गल्तीमाथि गल्ति गरेकाहरू नै अहिले शैलजाको विरूद्ध कुर्लिरहेका हुन् ।

एनरोनलाई सर्भे लाइसेन्स दिने होइन, एनरोनसँग त हामीले फाइनान्सियल प्रपोजल माग्नु पर्छ । उसले अहिलेसम्म त्यो वित्तिय प्रपोजल नै ल्याएको छैन । उसले त हामीसँग हन्टिङ्ग लाइसेन्स मागिरहेको छ । "तेरो अधिकृत वारेसनामा हन्टिङ्ग लाइसेन्स मलाई दे, म अन्तराष्ट्रिय पूँजी बजारमा शिकार खेल्न जान्छु" भनेर । यसो हो भने त हामी उपनिवेशको पनि महाउपनिवेश बन्न जाने भयौं । त्यसैले, उसलाई प्रोजेक्ट सुम्पने यो तरिकानै होइन । हामीले त ऊसँग "तैंले दश अरब डलर रूपियाँ कहाँबाट ल्याउँछस् ? के कस्ता शर्तहरू बनाएर ल्याउँछस् ? यो योजना बनाएपछि भारतलाई कति पैसामा विजुली बेच्छस् ? त्यसबाट हामीलाई कति नाफा हुन्छ ? आदि कुराहरू सहितको प्रपोजल माग्नु पर्छ ।

यो कुरामा सरकारमा रहेका कुनै जिम्मेवार पदाधिकारीले प्रश्न उठाएका छैनन् ।

ठूलो योजनाले ठूलै विसंगति ल्याउँछ भन्ने कुराको चरितार्थ एनरोनले गरिसकेको छ । भारतको धावोलमा विद्युत प्रोजेक्ट ल्याउँदा ३ करोड डलर "भारतीय राजनीतिज्ञहरूको शिक्षाको लागि" आफूले खर्च गरेको भनेर एनरोनले बताएको सबैलाई थाहा छ । भनाइको अर्थ हो, त्यो घूस दिइएको हो । त्यस्तै, नेपालमा पनि शेरबहादुर देउवाको पालामा उसको सरकार बचाउनलाई ५।५ जना मन्त्रीहरू बैंकक लगेर पालेको एनरोनको नेपाली एजेन्टको पैसाले हो भन्ने कुरा कसैबाट छिपेको छैन । यसरी, एउटा सर्भेको लाइसेन्स लिन आउँदा नै ५।५ जना मन्त्रीलाई किन्न सक्ने संस्था भोलि प्रोजेक्ट नै हात पारेर अरबौं डलरको लगानीमा खेल्न पाउँदा कसले यसलाई नियन्त्रण गर्ने ? यो संस्थागत विसंगति र खतराबारे पनि कसैले ध्यान दिएको देखिदैन । कर्णाली प्रोजेक्ट आएपछि ९० हजार नेपालीहरूले काम पाउँछन् भन्ने भ्रम पालिएको छ । यस्ता ठूला प्रोजेक्टले नेपालीलाई काम दिन्छ कि दिदैन भन्ने कुरा कालीगण्डकीका जनताहरूसँग सोधे हुन्छ । त्यहाँका जनताहरू चिया पसल पनि थाप्न पाएनौं भनेर रोइरहेका छन् । प्रोजेक्ट चलाउने ठेकेदारले हो, ठेकेदारलाई जहाँबाट कामदार ल्याउँदा उसलाई फाइदा हुन्छ, उहाँबाट उसले कामदार ल्याउँछ । फेरि ठूला ठूला प्रोजेक्टमा काम गर्न सक्ने शीप पनि त हामीकहाँ विकास हुन सकिरहेको छैन । सानो सानो योजनामा कामहरू गर्दै गएको भए पो नेपाली शीप काम लाग्थ्यो र पछि विकास हुँदै ठूलो प्रोजेक्टमा काम गर्ने शीपको पनि विकास हुँदै जान्थ्यो ।

अर्को भ्रम यहाँ के फैलिरहेको छ भने, विदेशी लगानीकर्तालाई फिर्ता गरियो भने हाम्रो विश्वसनीयता हराउँछ । पहिलो कुरा त, एनरोन लगानीकर्ता नै होइन । ऊसँग लगानीको कुनै प्रपोजल नै छैन, फगत शिकार गर्न हिंडेको छ । अर्को कुरा, एनरोन नआउँदैमा अरू लगानीकर्ता आउँदैनन् भन्ने कुरा होइन । आइरहेका छन् त खिम्तिमा र भोटेकोशीमा । फेरि लगानीकर्ता भनेको उसलाई नाफा हुन्छ भने "तिमी आउनु पर्दैन" भनेर पर्खालको बार लगाई दिएपनि नाघेर आउँछ । उसलाई नाफा नभएमा 'तिमी आइदेऊ, म बरू तिम्रो पाऊपोस बनीदिन्छु' भने पनि आउँदैन ।

अब विश्वसनियताको कुरा नै गर्ने हो भने, अहिले मात्र नेपालले कति विश्वसनीयता प्राप्त गरिरहेको छ र ? नेपालमा भएको भ्रष्टाचारको विगबिगीले गर्दा नेपालका डोनरहरू समेत नेपाललाई लोन तथा अनुदान दिन हिचकिचाइरहेका छन् । अहिले नेपालीहरूलाई नेपालस्थित अष्ट्रेलियाको राजदूतावासले भिसा नदिएर कलकत्ता धाउनु पर्ने गरिदिएको छ । यस्तो स्थितिमा एनरोन फिर्ता गएर नेपालप्रति विदेशीको विश्वसनीयता गुम्छ भन्नु चूकमा चूक हाल्यो भने झन् अमिलो हुन्छ भन्नु मात्रै हो । त्यसैले, एनरोन फिर्ता गयो भने हामीप्रतिको विश्वसनीयता गुम्ने होइन, झन् बढ्छ भन्छु म । किनभने, एनरोन फिर्ता पठाउँदा नै विदेशीहरूले बुझ्छन् कि अब नेपालीहरूले पनि आफ्नो हित र स्वार्थ बुझ्न थालेछन् ।

भारतसँग नेपालीहरू तल्लो तटीय लाभको लागि लड्न सक्तैनन्, एनरोनले भारतसँग लडिदिन्छ भन्ने भ्रम ठूलो जमातका राजनीतिज्ञहरूले पालिरहेका छन् । हामीहरू लडिरहेछौं त भारतसँग सभ्य र प्राज्ञिक भाषामा । तर हामी लडिरहेको कुरा नेताहरूले देखिरहेका छैनन् । उनीहरू 'हामीलाई दया गरिदेऊ' भनेर बोकाले बगरेको शरणमा परेजस्तै एनरोनको शरणमा परिरहेका छन् । जसरी बगरे आफ्नो नाफाको लागि बोकाको विन्तिभाऊलाई दया गर्दैन, त्यस्तै एनरोन पनि नेपालमा नाफा कमाउनको लागि आउने हो, तल्लो तटीय लाभको लागि नेपालको पक्षमा भारतसँग लड्न होइन ।

अर्को कुरा, एनरोनको मुख्य काम भनेको ग्याँस र पेट्रोलियम पदार्थबाट उर्जा उत्पादन गर्नु हो । जहाँसम्म लाग्छ, मलाई थाहा भएसम्म, उसले जलविद्युतको काम गरेकै छैन । बरु जलविद्युतमा काम गरिरहेको बहुराष्ट्रिय कम्पनी भनेको बेक्टेल हो । उसले नेपालमा ६ वर्ष बसेर काम

**भारतको धावोलमा विद्युत प्रोजेक्ट ल्याउँदा ३ करोड डलर "भारतीय राजनीतिज्ञ-हरूको शिक्षाको लागि" आफूले खर्च गरेको भनेर एनरोनले बताएको सबैलाई थाहा छ ।**

# घटना र प्रवृत्ति

गरिसकेको हो र कर्णालीको अध्ययन पनि गरिसकेको छ । पशुपति शमशेरले एनरोनलाई चिठ्ठी पठाँउदा बेक्टेललाई पनि पठाइएको थियो । तर कर्णालीमा अहिलेको पानी बाँडफाँडको समस्या नसुल्झीएसम्म काम गर्न सकिदैन भनेर बेक्टेल आएन । एनरोनले पनि कर्णालीमा काम गर्न सकिँदैन भनेर चिठ्ठी दिएर फिर्ता गइसकेको थियो । पछि फेरि नेताहरूले आफ्नो देशको हित र स्वार्थ नै नबुझिकन 'हामी तिमीहरूको पाऊपोस बनी दिन्छौं, तिमीहरू आउनु पऱ्यो' भनेर बोलाएपछि 'आए आँप गए झटारो' भनेर एनरोन फेरि आएको हो । अब यस्तो संस्थालाई 'आँप पाकुन्जेल धैर्य गर, पछि आऊलाऊ तिमीहरू' भनेर फिर्ता पठाएर शैलजाले के नराम्रो काम गरिन् त ?

यहाँ कर्णाली र पंचेश्वरको आयोजना नै फरक फरक आयोजना हुन् । शैलजाले किन यी दुबै आयोजनालाई जोड्न खोजिन् भन्ने प्रश्न पनि उठिरहेको छ । यो प्रश्न नै गलत छ । शैलजाले यो कर्णाली योजनालाई पंचेश्वरको योजनासँग जोडेको लगानीको हिसाबले पनि ठीक छ र तल्लो तटीय लाभको हिसाबले पनि ठीक छ । किनभने, पंचेश्वरमा जस्तो किसिमको सिद्धान्त तय हुन्छ, त्यही परम्परा अरू योजनामा पनि कायम हुन्छ ।

फेरि, जलस्रोत मन्त्रालयको २०५४ साल माघ २ गतेको विज्ञप्तिमा कोशीको सन्धि पनि महाकाली सन्धि अनुसार नै हुन्छ भन्ने कुरा उल्लेख भएको छ । महाकाली सन्धिमा पचास प्रतिशत लगानी गरेपछि मात्रै पचास प्रतिशत फाइदा पाउँछ भन्ने कुरा उल्लेख गरिएको छ । अब त्यो पचास प्रतिशत लगानी नेपालले कहाँबाट ल्याउने ? त्यहाँ लगानी गरेपछि नेपालको अन्य विकास क्षेत्रमा के पैसा लगानी गर्ने ?

ठूलो योजना नेपालको लागि लगानीको हिसाबले सेतो हाती जस्तै हो । सेतो हात्ती कसैले सित्तैमा दियो भन्दैमा पाल्ने कुरा हुन्छ र ? त्यसलाई पाल्न कति खर्च हुन्छ र त्यो धान्न आफ्नो संस्थागत क्षमताले सक्छ कि सक्दैन, सोच्नु पर्दैन ?

तल्लो तटीय लाभको कुरा त अझ स्पष्ट छ । महाकाली जस्तो सीमा नदीको तल्लो तटीय लाभ त हामीलाई दिँदैन भने कर्णालीमा हामीलाई त्यो लाभ प्राप्त हुन्छ भन्ने कुरामा कसरी निश्चित हुन सकिन्छ ? जसरी महाकालीमा तल्लो शारदा ब्यारेजको सम्बन्धमा भारतले खोलामा भएको पानीभन्दा धेरै गुणा बढी पानीमा आफ्नो अग्राधिकार छ भनेर दाबी गऱ्यो, त्यस्तै प्रकृति कर्णालीमा पनि देखाउँदैन भन्ने कुरामा कसरी ढुक्क हुन सकिन्छ ? अहिले कर्णालीमा जुन विशाल बाँध बन्छ र त्यसबाट सिंचाईका लागि ठूलो अनुपातमा संचित पानी निस्कन्छ, त्यो पानी प्रयोग गर्नको लागि नेपालतिर त कुनै पूर्वाधार छैन । यो निश्चित छ, त्यो संचित पानी त सर्वप्रथम भारतले नै प्रयोग गर्छ । त्यसो भएपछाडि भारतले त्यो पानीमा अग्राधिकारको दाबी गर्ने परिपक्का छ र त्यसले हाम्रो पानीको मोल नै तिर्ने छैन । उसैको भनाइमा, एक करोड साठी लाख एकड फिट थप संचित र नियन्त्रित पानी प्राप्त हुन्छ उसलाई कर्णालीको बाँधबाट । त्यो त उसले मुफ्तमा प्राप्त गर्ने भो । यस्तो मुर्खता नेपालले गर्ने किन ? यस्तो भएपछि महाकालीको टुंगो नलगाईकन कर्णाली योजना एनरोनलाई कसरी सुम्पने ? त्यो पनि एनरोनले नेपाललाई भनिसकेको छ भनिन्छ- तिम्रो पानीको अधिकारसँग हाम्रो कुनै सरोकार छैन । त्यसैले, महाकालीको पानीको विवाद टुंगो नलागी कर्णालीमा हात हाल्नु हुँदैन भन्ने शैलजाको अडान तर्कपूर्ण छ र त्यो नेपालको हितमा छ ।

**'हामी तिमीहरूको पाऊपोस बनी दिन्छौं, तिमीहरू आउनु पऱ्यो' भनेर बोलाएपछि 'आए आँप गए झटारो' भनेर एनरोन फेरि आएको हो ।**

महाकाली नदी सीमा नदी हो । कर्णाली नेपालभित्रको नदी हो । कर्णाली र महाकालीलाई जोड्नै हुँदैन भन्ने जुन तर्कहरू आइरहेको छ, त्यो पनि काम लाग्दैन । किनभने, ब्राजिल र पाराग्वेको बीचमा जुन बाँध बनाइएको छ, त्यो बाँध बनाइएको ठाउँको नदीले पाराग्वेको एउटा चोक्टा मात्रै छुन्छ । त्यति छुँदैमा पनि पाराग्वेले पचास प्रतिशत अधिकार कायम गर्न सफल भएको छ ।

अहिले हाम्रो मुद्दा हक र अधिकारको हो । यो महाकालीमा पनि यथावत छ, कर्णालीमा पनि । तल्लो तटीय फाइदाको सवाललाई लिएर होइन, उतै बगेर जाने पानी हो भन्ने हो भने उतैतिर मैदानमा बाँध बनाऊ, हामीकहाँ होइन भन्न सक्नु पर्छ । यो कुरा सबै नेपालीलाई चित्त बुझ्दो ढंगबाट टुङ्गो नलाग्दै कुनै लगानीकर्तालाई बोलाउनु हुँदैन ।

यी सबै हिसाबले शैलजाको अडान नेपाल राष्ट्रको हितमा छ । मलाई आश्चर्य लागेको छ, सिंगो कांग्रेसको कार्यसमितिले यो अडानलाई किन समर्थन गर्न सकेन ? किन उसले एनरोनलाई पुनः पत्र लेख भनेर हद दर्जाको केटाकेटीपन देखाईरहेको छ ? के कांग्रेसमा अर्को कुनै चिन्तनशील देशभक्त छैन ?

❑

---

(१० पेजको बाँकी)

विरूद्धमा विद्रोहीहरूलाई साथ दिन तयार भएका छन् । अमेरिकाले यिनीहरूलाई हात हतियारको सहायता प्रदान गरेको छ । उनीहरूको समर्थनले गर्दा दक्षिणका विद्रोही सुडानीहरूलाई उत्तरी सुडानका सरकारविरोधी तप्काहरूसित एकताबद्ध हुन निकै सघाउ पुऱ्याएको छ । विद्रोहीहरूलाई सरकारसितको वार्तामा सघाउन गएको नोभेम्बर ४ देखि अमेरिकाले सुडानमाथि आर्थिक नाकाबन्दीको घोषणा गरेको छ । यो घोषणा त्यतिखेर भएको थियो, जतिखेर सुडानी सरकार विद्रोही-सु.ज.मु.से. सित केन्याको राजधानी नैरोबीमा वार्ता गरिरहेको थियो । के स्मरणीय छ भने, यो वार्ताको लगत्तैअघि अमेरिकी विदेशमन्त्री म्याडेलिन अलब्राइटले विद्रोही सेनाका नेता जोन गुराङ्ग र राष्ट्रिय प्रजातान्त्रिक एलाइन्सका अन्य नेताहरूलाई युगाण्डाको राजधानी कम्पालामा गुप्त ढंगले भेटेकी थिइन् । भनिन्छ, जोन गुराङ्गकै अनुरोधमा अमेरिकाले सुडानमाथि आर्थिक नाकाबन्दीको घोषण गरेको हो ।

अहिले राष्ट्रिय प्रजातन्त्र एलाइन्सको नाममा उत्तरी दक्षिणी सुडानीहरुको एउटा छाता संयुक्त मोर्चा बनी पनि सकेको छ । यसका कमाण्डर जोन गुराङ्ग नै छन् । यसमा सुडानका भूतपूर्व प्रधानमन्त्री सदिक एल-महरी लगायत प्रतिबन्धित राजनीतिक पार्टीका नेताहरू समेत सामेल छन् ।

उत्तरी सुडानको एउटा सानो बन्दरगाहा अकिकमा विद्रोहीहरूले कब्जा जमाउन सफलता प्राप्त गरेका छन् । सबैभन्दा महत्वपूर्ण कुरा, सुडानको महत्वपूर्ण बन्दरगाह पोर्ट सुडानलाई राजधानीसित जोड्ने मूल राजमार्गमाथि नै विद्रोहीहरूले कब्जा जमाएका छन् ।

यी सबै सफलताले गर्दा विद्रोहीहरूको सैनिक क्षमतामा बृद्धि भएको छ । त्यसैले त, खार्तुम सरकार विद्रोहीहरूको मुख्य माग स्वायत्त शासन र धर्म निरपेक्ष राज्य स्वीकार गर्छ । तर विद्रोहीहरू स्वयं देशव्यापी कब्जाको संभावना देखेर आफ्नो माग पूरा हुँदा पनि संझौता गर्न इन्कार गर्दैछन् । गएको मे महीनामा सुडानी सरकारले दक्षिणका जनताले आत्मनिर्णयको अधिकार प्रयोग गर्न सक्ने गरी त्यहाँ जनमत संग्रह गर्ने कुरामा समेत सहमति जनायो । तर पनि विद्रोहीहरू युद्ध अन्त गर्न तम्तयार देखिन्नन् । माथि नै भनियो, अहिले सुडानमा युद्धविराम छ । तर यो युद्धविराम क्षणिक मात्र देखिन्छ । यसलाई युद्धरत पक्षहरूले अरू भयंकर युद्धकै तयारीका लागि मात्र प्रयोग गर्नु छाँटकाँट देखिन्छ । यस्तो भयो भने, सुडानको मानवसिर्जित भयावह अनिकालमा अहिले वर्षाको समयमा थोरै राहत पुऱ्याउन सकिए पनि अनिकालको अन्त हुने देखिदैन । यो अरू ज्यादा चर्किने मात्र देखिन्छ । अहिले दक्षिणी सुडानका २४ लाख भोकाहरूलाई संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमले ख्वाउने काम गरिरहेको छ । तर मूल समस्या त सामाजिक क्रान्तिबाट सुडानमा गृहयुद्ध र अनिकालको जड नै खत्तम पार्नु हो । के सुडानका विद्रोहीहरूले सुडानको यो मूलभूत समस्या हल गर्न सक्लान् ?

सुडान रणनीतिक हिसाबले अफ्रिकाको मुटु स्थानमा छ । नौ वटा मुलुकहरूले घेरिएको सुडान फौजी हिसाबले मात्र महत्वपूर्ण होइन, प्राकृतिक स्रोतहरूको हिसाबले पनि यो धनी छ । यसको भूगर्भभित्र दुई अरब ब्यारेल पेट्रोलियम पदार्थको भण्डार भएको अनुमान छ । सुन र क्रोमीयमको पनि योसित बहुमूल्य खानी छ । कपास र गम अरेबिकको लागि त यो विश्व प्रसिद्ध नै छ । यी सब कारणले अमेरिका सुडानप्रति औधी लोभिएको छ । त्यसमाथि थप, सुडानमा गृहयुद्धले निर्णायक मोड लिन लागेकोले यो सुडानको मामलामा बढी उत्सुक भएर लागिपरेको छ । विद्रोहीहरू सुडानको विकास र क्रान्तिबारे कस्तो धारणा राख्छन्, थाहा हुन सकेको छैन । तर एउटा कुरा भने निश्चित छ- अमेरिकाको लागेपुगेसम्म सुडानमा सामाजिक क्रान्ति घटित हुन नदिन ऊ ज्यू-ज्यानले लाग्ने छ । तथापि, निर्णयक शक्ति जनता हो, सुडानको भविष्य सुडानी जनताको हातमा छ । त्यहाँका जनता कति जगरूक र संगठित छन् - सुडानको भविष्य त्यसैमा निर्भर गर्नेछ ।

**अहिले दक्षिणी सुडानका २४ लाख भोकाहरूलाई संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमले ख्वाउने काम गरिरहेको छ ।**

◆ सन्दर्भ स्रोतहरू


1. Encyclopedia Americana, 1997, USA
2. Europa Yearbook, 1994
3. The World Almanac, 1998, USA
4. UNDP Human Development Report 1991, 1996
5. World Bank, World Development Report 1990
6. The Economist, London का ताजा अंकहरू,
7. Time, USA का ताजा अंकहरू
8. Mohamed Suliman Sudan: Civil war in Sudan, The Impact of Ecological Degradation
9. Keesings Record of World events U.K. Vol 43 and 44, 1997, 1998
10. Facts on File, USA, May 21, 1998

# अमेरिकी साम्राज्यवादको बौलट्टीपन !

**अफगानिस्तान र सुडानमाथिको यो आक्रमणले के संकेत गरेको छ ?**

फिलिपिन्सका मार्कोस, पाकिस्तानका जिया उल हक, जायर (कङ्गो)का मोबुतु सेसे सेको र पानामाका नोरियगा जस्ता "बौलाहा कुकुरहरु" पाल्दै आएको अमेरिकी साम्राज्यवादलाई फेरि अर्को एउटा "बहुला कुकुर"ले टोकेको छ । अफगानिस्तानमा बसोबास गर्ने साउदी अरबका धनकुबेर ओसामा बिन लादेनले आफ्ना "मालिक" अमेरिकी साम्राज्यवादलाई चुनौति दिएका छन् । यसले गर्दा बहुलाएको अमेरिकी साम्राज्यवादले "खूनको बदला खून"को जंगली नारासहित सुडान र अफगानिस्तानमाथि बर्बरतापूर्वक हवाई आक्रमण गरेको छ । केनियाको राजधानी नैरोबी र तान्जानियाको राजधानी दार-ए-सलामस्थित अमेरिकी दूतावासहरुमा एकसाथ भएको बम विस्फोटको बदला लिने नाममा अमेरिकी साम्राज्यवाद बौलठ्ठी ढंगले अघि बढ्न थालेको छ ।

ती अमेरिकी दूतावासहरुमा ओसामा बिन लादेनका मुसलमान आतंककारीहरुले बम विस्फोट गरेर १२ जना अमेरिकीहरुसहित २५७ जना मानिसहरुको हत्या गरेकोमा त्यसको बदला लिनका लागि ती आतंककारीहरुले प्रयोग गरेको आतंककै बाटो अमेरिकी साम्राज्यवादले पनि अनुशरण गरेको छ । 'आतंकवादका विरुद्ध आतंकवादी बाटो' अंगालेर उसले दुईवटा सार्वभौमसत्ता सम्पन्न मुलुकहरु सुडान र अफगानिस्तानमाथि बर्बरतापूर्ण आक्रमण गरेको छ, त्यसलाई कुनै पनि हालतमा न्यायपूर्ण र जायज ठहऱ्याउन सकिँदैन । यस्ता जंगली आक्रमणहरुलाई जायज ठहऱ्याउने भारतका प्रधानमन्त्री तथा भाजपा नेता अटल बिहारी बाजपेयीदेखि बिल क्लिन्टनसम्मलाई विश्वको जनअदालतमा उभ्याएर सोध्नु पर्दछ- तिमीहरुले जस्तै स्रोत र साधन भएका सबै राष्ट्रहरुले, सबै शक्तिहरुले यसरी नै अरु देशमाथि आक्रमण गर्न थालेमा यो विश्वको स्थिति कस्तो होला ?

साउदी धनकुबेर ओसामा बिन लादेनका आतंककारी गतिविधिहरुसंग सम्बन्धित भनिएका सुडान र अफगानिस्तानका विभिन्न भागमा भएका आक्रमणहरुलाई सही ठहऱ्याउने केही अमेरिकीहरुलाई पनि सवाल गर्नुपर्ने भएको छ- तिमीहरुकै शासकहरुले आफ्नो गुप्तचर संस्था सि.आई.ए. र पाकिस्तानी सैनिक एवं गुप्तचर संस्थामार्फत् तिमीहरुले तिरेको पैसा र त्यही पैसाबाट किनिएको हतियारको खोलो बगाएर पालेको, पोसेको ओसामा बिन लादेनमाथि कारवाही हुँदा किन खुसी हुन्छौ ? अफगानिस्तानमा सोभियत संघको हस्तक्षेपका बिरोधमा लड्नका लागि अमेरिकी साम्राज्यवादद्वारा निर्मित मुजाहिद्दिन र तालिवान विद्रोहीहरुलाई पाल्न पोस्नकै लागि ओसामा बिन लादेन जस्तालाई हुर्काइएको-बढाइएको इतिहास देखेपछि तिमीहरु आफ्नै शासकहरुलाई किन कठालो समात्न सक्दैनौ ?

लण्डनबाट प्रकाशित The Observer का अनुसार, अमेरिकी शासकहरुलाई राम्ररी थाहा छ- सुडानको अल-शिफा औषधि कारखाना ओसामा बिन लादेनसंग सम्बन्धित कुनै रासायनिक हतियार उत्पादन गर्ने खालको कारखाना होइन । तापनि, त्यस गैरसैनिक निशानामाथि क्रुज मिसाइल आक्रमण गरेर अमेरिकी शासकहरुले आफ्नो क्रुर अनुहार प्रदर्शन गरेका छन् । मानिसहरु र जनावरहरुका जीवन रक्षाका लागि आवश्यक एन्टिबायोटिक औषधिहरु उत्पादन गरिने अल शिफा औषधि कारखाना ध्वस्त गर्ने अमेरिकी शासकहरुलाई मानवसंहारकारी हिटलरको श्रेणीमा राख्नुपर्ने अवस्था आइसकेको छ ।

ओसामा बिन लादेनसंग गोरु बेचेको साइनो पनि नभएको औषधी कारखानालाई खरानी पारेर अमेरिकी शासकहरुले सुडानका इस्लामी शासकहरुलाई चेतावनी दिएको देखिन्छ । अमेरिकी साम्राज्यवादका सामु नझुक्ने सुडानका इस्लामी शासकहरुलाई अमेरिकी स्वार्थसमक्ष झुकाउनका लागि दबाब दिने क्रममा यसरी बर्बरतापूर्वक आक्रमण गरेर उनीहरुले एकसाथ 'दुईवटा चरा मार्न' खोजेको देखिन्छ ।

अमेरिकाद्वारा आफ्नो कालो सूचिमा 'आतंकवादी देश' को रुपमा दर्ज गरिएको सुडानका शासकहरुसंग ओसामा बिन लादेनको कस्तो खालको सम्बन्ध छ, त्यसको बारेमा अमेरिकी शासकहरुले कुनै तथ्य बाहिर ल्याउन सकिरहेका छैनन् । उनीहरुबीच जस्तोसुकै खालको सम्बन्ध भए पनि अमेरिकी शासकहरुले त्यसलाई उनीहरुको आन्तरिक मामिलाको रुपमा लिनुपर्ने होइन र ? अर्को कुरा, अमेरिकी शासकहरुको गोयवल्स शैलीको प्रचारलाई स्वीकार्दै एकछिन मानौं कि, अल-शिफा औषधी कारखानाबाट रासायनिक हातहतियार नै उत्पादन हुन्छ रे ! यसै भए पनि अर्को कुनै सार्वभौम देशले रासायनिक हतियार नै उत्पादन गरे पनि पृथ्वीलाई पटक पटक ध्वस्त गर्न सक्ने टनका टन रासायनिक हतियारले सुसज्जित अमेरिकी शासकहरुले आफ्नो टाउको दुखाउने नैतिक अधिकार के ?

जुनसुकै निहुँमा भए पनि अर्काको देशमाथि हस्तक्षेप गर्ने र त्यहाँका शासकहरुलाई आफ्नो नवदास बनाउने अमेरिकी शासकहरुले सुडान र अफगानिस्तानमा हवाई आक्रमण गरेर फेरि एक पटक आफ्नो साम्राज्यवादी स्वरुप देखाएका छन् । मध्य एशियाको तेल र ग्यासको भण्डारमाथि कब्जा जमाउन अफगानिस्तानमाथि पटक पटक प्रत्यक्ष अप्रत्यक्ष हस्तक्षेप गर्दै आइरहेका अमेरिकी शासकहरुसंग पहिलेका मुजाहिद्दीन विद्रोहीहरुसंग जस्तै तालिबान विद्रोहीहरुको पनि संघर्ष हुन थालेको संकेत अफगानिस्तानमाथि हालै गरिएको आक्रमणबाट प्राप्त हुन थालेको छ । अमेरिकी साम्राज्यवादको मानसपुत्रको रुपमा कुख्यात फासीवादी तालिवानहरुले आफ्नो कट्टर इस्लामी सरकारलाई अमेरिका र संयुक्त राष्ट्रसंघबाट मान्यता प्राप्त गर्नका लागि कूटनीतिक प्रयास गरेका थिए । यसमा अमेरिका र तालिवानहरुबीच कुनै ठोस सहमति नभइरहेको स्थितिमा ओसामा बिन लादेन जस्ता इस्लामी एकाधिकारवादी पूँजीपतिहरुले टाउको उठाएका थिए । अहिले तालिवान संरक्षित लादेन र अमेरिकी शासकहरुबीच भएको संघर्ष पनि इस्लामी एकाधिकारवादी पूँजीपतिहरु र अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेका पूँजीवादी र साम्राज्यवादी खेमाको संघर्षको रुपमा प्रकट भएको देखिन्छ । सुडानको मामिला पनि योभन्दा फरक देखिँदैन ।

यो संघर्षमा विश्वभरिका न्यायप्रेमी जनताले न त अमेरिकी साम्राज्यवाद र अमेरिकी जनता दुबैका विरोधीका रुपमा देखिएका बिन लादेन जस्ता इस्लामी उग्रवादीहरुले अमेरिकी साम्राज्यवादको विरोधमा गरेको मानवसंहारकारी बम विस्फोटको समर्थन गर्न सक्छन्, न त आतंकवादको विरोधमा आतंकवादी क्रियाकलाप गर्ने अमेरिकी शासकहरुप्रति नै सहानुभूति प्रकट गर्न सक्छन् । साम्राज्यवादविरोधी आफ्नो संघर्षलाई अझ तेज पार्ने क्रममा विश्वका न्यायप्रेमी जनताले सुडान र अफगानिस्तानको सार्वभौमिकतामाथि अमेरिकी शासकहरुले गरेको बलात् आक्रमण र जनहत्याका विरुद्ध विश्वव्यापी संघर्ष छेड्नु जरुरी छ, ता कि कुनै पनि बलियो राष्ट्रले आफ्नो शक्ति जथाभावी प्रयोग गर्न नसकोस् !

☐ राजेन्द्र महर्जन



**ओसामा बिन लादेन**
*अमेरिकाको हिजोको मित्र, आजको शत्रु*



*अमेरिकी क्रूज मिसाइलद्वारा ध्वस्त पारिएको सुडानी औषधी कारखानाको भग्नावशेष*

# क्लिन्टन-लेविन्स्की यौनकाण्ड

चारैतिरबाट अकाट्य प्रमाणहरुद्वारा चेपुवामा परेपछि अमेरिकाका बहुचर्चित राष्ट्रपति बील क्लिन्टन आफ्ना एकताकाकी छोटो अवधिकी २५ वर्षीया कर्मचारी मोनिका लेविन्स्कीसित आफ्नो अनुचित यौन सम्बन्ध रहेको कुरा स्वीकार्न बाध्य भएका छन् । स्वतन्त्र अधिवक्ताहरु समक्ष विवश भएर आफ्नो अपराध सकारेपछि उनले अमेरिकी जनतासमक्ष भनेका छन्- "लेविन्स्कीसित मेरो सम्बन्ध थियो, जुन उचित थिएन । वास्तवमा भन्ने हो भने, त्यो सम्बन्ध गलत थियो ।"

स्मरणीय छ, यी तिनै वील क्लिन्टन हुन्, जसले ७ महिना अगाडि मात्रै अदालतमा शपथ खाएर यो बयान दिएका थिए कि, लेविन्स्कीसित उनको कुनै यौन सम्बन्ध थिएन । अहिलेको स्वीकारोक्तिले उनको त्यतिखेरको शपथसहितको बयान ठाडो झूठ थियो भनेर सावित भएको छ । उनी यसबाट पच्चीसै आना 'फटाहा राष्ट्रपति' प्रमाणित भएका छन् ।

गएको भाद्र १ गते स्वतन्त्र अधिवक्ता केनेथ स्टारको अगुवाइमा गठित २३ सदस्यीय ग्रैण्डज्यूरीसमक्ष क्लोज सर्किट टेलिभिजनको माध्यमबाट ह्वाइट हाउसबाटै ५ घण्टा लामो बयान दिने क्रममा उनको यो फट्याइँ साबित भएको हो । क्लिन्टन नै त्यस्तो पहिलो अमेरिकी राष्ट्रपति भएका छन्, जसले इतिहासमा पहिलो पटक ग्रैण्डज्यूरीसमक्ष बयान दिनु परेको छ । राष्ट्रपति ग्रैण्डज्यूरीमा जाने परम्परा नभएको भनेर भलै उनी अदालतमा गएनन्, तर अदालतका न्यायाधीशहरुले टेलिभिजनको माध्यमबाट राष्ट्रपतिमाथि स्वतन्त्र अधिवक्ता केनेथ स्टारद्वारा भएको केरकार हेरे । ह्वाइटहाउसको म्यापरुपममा सम्पन्न यो केरकारको दौरानमा बील



परिवारका लागि आफ्नो पारिवारिक जीवनमा सुधार चाहन्छु ।"

राष्ट्रपति बील क्लिन्टनको लेवि-न्स्कीसितको यौन काण्ड पाउला जोन्ससितको क्लिन्टनको अर्को यौनकाण्डको छानवीनको दौरानमा चारवर्षअघि नै लागेको थियो । बील क्लिन्टन अर्कान्सास राज्यको गभर्नर हुँदा सन् १९९१ मै स्थानीय लिटील रक होटलमा यो काण्ड घटाएको पाउला जोन्सको आरोप छ । उनी त्यतिखेर त्यही राज्यकै एकजना कर्मचारी थिइन् । तर क्लिन्टनले यो आरोप त्यो भेटघाट

फट्याइँ बैज्ञानिक तवरले नै पुष्टि हुने परिपक्का भयो । राष्ट्रपतिले त्यो स्थितिमा यौन काण्ड मात्र होइन, फट्याइँबापत संसदमा महाअभियोग भोग्नु पर्ने खण्ड आउने भयो । यो चेपुवामा परेपछि जनतासित खुलेआम अपराध स्वीकार गरेर जनताबाट क्षमादान प्राप्त गर्दै लोकप्रियताको ढालको सहाराले महाअभियोगबाट बच्नका लागि बील क्लिन्टनले अहिले आएर आफ्नो अपराध स्वीकार गरेका हुन् ।

केनेट स्टारसित लेविन्स्कीको पोशाकका अलावा अरु पनि थुप्रै बलिया प्रमाणहरु उनको चार वर्ष लामो खोजीको दौरानमा जम्मा भइसकेको थियो । लेविन्स्कीले आफ्नी अन्तरंग सहेली लिण्डा ट्रिपलाई यौनकाण्ड र राष्ट्रपतिसितको आवतजावतबारे बताएको विस्तृत र गोप्य कुराहरुको अमूल्य रेकर्ड केनेथ स्टारको हातमा थियो । लिण्डा ट्रिपले यो गोप्य रुपमा रेकर्ड गरेकी थिइन् र यो रेकर्ड केनेथ स्टारलाई सुम्पेकी थिइन् । कहिले कहिले, कहाँ कहाँ राष्ट्रपति र लेविन्स्कीले भेटेका र उनीहरुबीच के के भएको भन्ने कुराको एउटा विस्तृत लग बुक नै ट्रीपले तयार

## के क्लिन्टनलाई अझै कुर्सीमा बस्ने नैतिक हक छ ?



क्लिन्टनलाई च्याख-च्याखती पारिएको बताइन्छ । अति चाम्रा बील क्लिन्टनले यस दौरानमा लेविन्सकी-सितको आफ्नो अनुचित यौनसम्बन्ध रहेको कुरामा त साबिती बयानसम्म दिए, तर यसको विस्तृत विवरण खोल्न अझै इन्कार गरे । अकाट्य प्रमाणहरुसहित प्रश्न गर्दा उनी केरकार गर्ने अधिवक्तामाथि भयंकर रिसाएको र उनको निजी जीवनमा हस्तक्षेप गरेको आरोप लगाएको बताइन्छ ।

बयानपछि टेलि-भिजनमार्फत् जनतालाई सम्बोधन गर्दै क्लिन्टनले भने- "मैले अमेरिकी जनता र स्वयं मेरी धर्मपत्नीलाई समेत भ्रममा राखें । यसका लागि मलाई अत्यन्त दुःख लागेको छ ।" जनतासित सिधै क्षमायाचना नगरेपनि अप्रत्यक्ष क्षमायाचना गर्दै उनले बोले, "अब यो मामिला म र मेरो लागि सर्वाधिक प्रिय दुई व्यक्ति मेरी पत्नी, छोरी र हाम्रो ईश्वरको बीच छ । आफ्नो

आफ्नो सम्झनामा नभएको भनेर सकारेनन्, न त मोनिका लेविन्स्कीसितको यौन संलग्नता नै स्वीकारे । तर अहिले आएर बील क्लिन्टन लेविन्स्कीसितको यौन सम्बन्धलाई सकार्नुपर्ने बाध्यतामा पुगेका छन् । यसबाट पाउला जोन्स काण्ड (जसमा पाउला जोन्स अदालतमा पराजित भएकी थिइन्) सत्य नै त थिएन भन्ने प्रश्न फेरि पैदा भएको छ । अझ पाउला जोन्सभन्दा पनि अघि जेनिफर फ्लावर्सले पनि १२ वर्षसम्म बील क्लिन्टनले उनीसित प्रेम र यौन सम्बन्ध राखेको कुरा सन् १९९२ मा खोलेकी थिइन् । के ती सबै सत्य त थिएनन् ?

त्यसो त अहिले पनि क्लिन्टनले त्यति सजिलै अपराध कबोलेका होइनन् । मोनिका लेविन्स्कीले उनको वीर्यको दाग लागेको एउटा पोशाक नै केनेथ स्टारलाई सुम्पेपछि मात्र उनी यसरी गलेका हुन् । त्यो पोशाक रासायनिक जाँचको लागि संघीय गुप्तचर संस्था FBI लाई सुम्पियो र केनेथ स्टारले त्यस पोशाकको दागमा भएको DNA र राष्ट्रपतिको DNA मिल्छ कि मिल्दैन भनेर जाँच्नका लागि राष्ट्रपतिको DNA पनि प्राप्त गरी छाडे । यस्तो भएपछि राष्ट्रपतिको

पारेकी थिइन् । त्यो पनि केनेथ स्टारको हातमा पुगेको थियो । राष्ट्रपतिले लेविन्स्कीलाई र लेविन्स्कीले राष्ट्रपतिलाई दिएका उपहारहरु, उनीहरुबीच आदानप्रदान भएका सन्देशहरु समेत केनेथ स्टारले हात पारेका थिए । राष्ट्रपतिकै एकजना अन्तरंग प्रमुख सुरक्षाकर्मीको बयान लिन समेत स्टार समर्थ भएका थिए, सर्वोच्च अदालतको आदेशको सहाराले । त्यसमाथि थप, ६ अगस्तका दिन उनले लेविन्स्कीसित ६ घण्टा लामो विस्तृत बयान समेत लिए । यी जम्मै प्रमाण केनेथ स्टारसित भएपछि क्लिन्टनलाई आफ्ना फट्याइँ जारी राख्ने कुनै ठाउँ नै बाँकी रहेन । यही अप्ठेरोमा च्यापिएपछि बील क्लिन्टन ज्यूरीसमक्ष र जनसमक्ष साँचो कुरा राख्न विवश भएका हुन् ।

अहिले केनेथ स्टारको बील क्लिन्टनमाथि तीनवटा प्रमुख आरोप छ- एउटा त विवाहित र देशको प्रमुख शासक आफ्नै कर्मचारीसित यौन काण्ड स्वयम्, अर्को, शपथ लिएर राष्ट्रपति जस्तो व्यक्तिले अदालतलाई ढाँटेको, तेस्रो, लेविन्स्कीलाई झूठो बोल्न दवाब दिएर न्याय प्रक्रियामा बाधा पुर्‍याएको । क्लिन्टनका पहिलो दुईटा अपराध साबित भइसकेका छन् । तेस्रोबारे उनी अझै इन्कारी गर्दैछन् । यसबारे बयान दिन लेविन्स्कीलाई पुनः अदालतमा बोलाई

**सब प्रमाण जुटेपछि स्टारले आफ्नो प्रतिवेदन अमेरिकी संसदसमक्ष पेश गर्दैछन् । त्यसपछि क्लिन्टनको भविष्यबारे संसदले फैसला गर्नेछ ।**


सकिएको छ। यी सब प्रमाण जुटेपछि स्टारले आफ्नो प्रतिवेदन अमेरिकी संसदसमक्ष पेश गर्दैछन्। त्यसपछि क्लिन्टनको भविष्यबारे संसदले फैसला गर्नेछ।

गजब त के छ भने, अमेरिकाका सर्वोच्च शासक यौनका मामलामा साह्रै दुर्बल छन्, उनी रण्डा चरित्रका छन् र उनी प्रमाणित फटाहा समेत हुन् भन्ने कुरा साबित भइसकेपछि पनि नैतिकताको कारणवश उनले पदबाट राजीनामा दिएका छैनन्। तथाकथित टेलिभिजन र पत्रिकाको 'जनमत' आफ्नो पक्षमा भएको नाममा उनी पदमा अझापि बहाल छन्। दुनियाँलाई प्रजातन्त्रको पाठ पढाउन अग्रसर हुने अमेरिकामा स्वयंमा कस्तो खालको मूल्य र नैतिक-सांस्कृतिक धरातल भएको प्रजातन्त्र छ, त्यो यसबाट नराम्ररी उदांगो भएको छ। जुन देशका राष्ट्रपति स्वयं यति फटाहा र व्यभिचारी छन्, त्यहाँका जानतामा राज्यबाट कस्तो खालको मूल्य, नैतिकता र संस्कृतिको संचार होला ? जो कोहीले पनि लख काट्न सक्छ।

तथापि, २६ करोड जनसंख्या भएको देश अमेरिकामा हजार बाह्र सय मानिसको फोन कलको आधारमा संकलन गरिने सी.एन.एन., टाइम, एबीसी न्यूजको तथाकथित जनमत संग्रहले भन्छ- बील क्लिन्टन अझै अमेरिकामा औंधी लोकप्रिय छन्, उनले राजीनामा दिनु पर्दैन ! विश्वप्रसिद्ध अमेरिकी संचार माध्यमको नैतिक-सांस्कृतिक मिशन के हो भन्नेबारे नापजोख गर्न पनि यो जनमत संग्रह आफैं काफी देखिन्छ। अमेरिकाका सारा जनताले राष्ट्रपतिको आदर्शको अनुशरण गर्दै सम्साझै कार्यालय कार्यालयमै यौन व्यभिचार गर्न थाले भने र त्यसलाई ढाकछोप पार्न राष्ट्रपतिले जस्तै फट्याइँल र जालसाजी गर्न थाले भने, अमेरिकी समाज कस्तो होला ? त्यहाँ आम जनसमुदायमा कस्तो प्रवृत्ति हावी होला ?

❑ **दीपेश उपाध्याय**

## समवेदना



प्रगति गृह बनेपाका हाम्रा सहयोगी विक्रेता मित्र ४३ वर्षीय श्री उत्तमराज शाक्यको गत साउन २५ गते असामयिक निधन भएकोमा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै स्व. शाक्यप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं।

-'मूल्यांकन' मासिक परिवार

(१४ पेजको बाँकी)

विरोध भने देश र जनताको पक्षमा पटक्कै छैन।

यस अघिसम्म अदृश्य व्यवसाय गर्नेहरूको अब आय देखिएला र आयकर तिर्नुपर्ला, दुई नम्बर धन्दा चलाउनेहरूले पनि करको दायरामा आउनु पर्ला भन्ने भयले ठूला व्यापारिक पूँजीपतिहरूबाट भइरहको भ्याटको विरोधमा जनताले साथ दिनुपर्ने कुनै जरुरत देखिन्न। उनीहरू आयकरको दायरामा आउनै पर्छ, देश र जनताको जरुरी सामाजिक सेवाको खर्च व्यहोर्नुमा उनीहरूको पनि योगदान हुनैपर्छ।

तर सबै व्यापारी त्यस्ता छैनन् र व्यापारीहरूका सबै गुनासाहरू नाजायज पनि छैनन्। हामीले माथि नै देखाइसक्यौं- भ्याटका वर्तमान नियमहरूमा केही गम्भीर विसंगतिहरू छन् र भ्याट उठाउने प्रशासनयन्त्र बिल्कुलै भ्रष्ट र निकम्मा छ। यी दोषहरूबाट मुक्त गर्न सके भ्याट कुनै खराब कर प्रणाली देखिन्न। यसले धुप्रै अदृश्य धन्दावालहरूलाई करको दायरामा ल्याउँछ नै र यसरी यसले करको दायरा बढाउँछ नै। यो पूँजीवादी व्यवस्थाको वैज्ञानिक कर प्रणाली हो।

हामीले VAT को विरोध गर्नु भन्दा VAT लगाउन लागिएको कारणको विरोध गर्नु जरुरी छ।

### भ्याट लगाउनुको कारण

नेपालमा जति कर राजस्व उठ्छ, त्यसको लगभग ३० प्रतिशत पैठारी भन्सार महसूलबाट मात्र आउँछ। विश्व बैंक र मुद्रा कोषको ऋणको शर्तका रूपमा अन्धाधुन्ध 'उदार अर्थतन्त्र' अपनाउनुको कारणले नेपालको राजस्वको एक तिहाई यहाँ एउटै शीर्षकबाट प्राप्त हुने यो स्थितिको अन्त हुँदै गइरहेछ र पैठारी भन्सार महसुल झन पछि झन दुब्लाउँदै जाने सम्भावना टड्कारो भइरहेछ। निर्यात महसुल त नेपालमा नाम मात्रको छ, वर्षको २० करोड पनि उठ्दैन। किनकि, सरकारले उदार अर्थतन्त्रअन्तर्गत निर्यात गर्ने वस्तुमा ज्यादै कम महसूल लगाउन मंजुर गरेको छ।

त्यसमाथि थप, नेपाल विश्व व्यापार संगठनमा प्रवेश गर्न खोज्दैछ र त्यसको लागि नेपालले निवेदन समेत दिई सकेको छ। विश्व व्यापार संगठनको सदस्य हुनको लागि नेपालले पैठारी भन्सार महसूल अरू ज्यादा घटाएर नाम मात्रको पार्नु पर्नेछ। यसबाट यो स्रोत अरू चर्कोसित घट्नेवाला छ।

अहिले सार्क राष्ट्रहरूबीच सन् १९९६ देखि SAPTA अर्थात दक्षिण




**भ्याट लागू गर्नु ठीकै छ, तर जुन कारणले भ्याट लागू गरिंदैछ, त्यो कारण र पृष्ठभूमि गलत छ। त्यसको विरोधी गरिनु जरूरी छ।**

एशियाली सौविध्यपूर्ण व्यापार सन्धि कायम छ। त्यस सन्धि अन्तर्गत तोकिएका दुई हजारवटा जति वस्तुहरूमा पैठारी भन्सार महसूल १० देखि १०० प्रतिशत घटाउनु पर्छ। चाँडै नै पाँच सात वर्षभित्रै सार्क राष्ट्रहरू SAPTA मा प्रवेश गर्दैछन्। त्यसपछि त सार्क राष्ट्रहरू बीच यूरोपेली यूनियनमा जस्तै खुल्ला व्यापार हुनेछ, भन्सार महसूल बिनाको। त्यसको पैठारी महसूल अरू ज्यादा घट्नेछ। र, यो शीर्षक नाम मात्रको हुनेछ।

यही संभावनालाई मध्यनजर राखेर सरकारले अहिले मुद्राकोषकै दवावमा भ्याट लागू गरेको हो। पैठारी भन्सार महसूलमा हुन जाने नोक्सानी आन्तरिक करको दायरा बढाएर पूर्ति गर्ने रणनीतिअन्तर्गत भ्याट लागू गरिएको हो नेपालमा। त्यसैले सरकार भ्याटमा पछि फर्कने नमिल्ने गरी बाँधिएको छ। ऊ कुनै पनि हालतमा भ्याटलाई रद्द गर्न नै सक्दैन। भ्याटसित उसको भविष्यको सरकारी खर्चको मुहान जोडिएको छ।

भ्याट सरल, पारदर्शी र वैज्ञानिक कर प्रणाली हुनाले यो लागू भयो भनेर आपत्ति जनाउनु पर्ने कुनै कारण देखिन्न। तर यसलाई विसंगतिमुक्त मात्र पार्नु जरुरी छ। तर मूल प्रश्न के हो भने- नेपालका अर्थतन्त्र उद्योग अहिले जुन प्राथमिक हालतमा छ, त्यो हालतमा नेपालका बामे सरिरहेका उद्योगहरूले र सेवा व्यवसायहरूले पूर्ण उदारवाद झेल्न सक्छन् ? के भन्सार महशूलको पर्खाललाई सम्पूर्ण रूपमा हटाउनु नेपालको औद्योगिकरण र आर्थिक विकासको हितमा छ ? के नेपालको फुच्चे अर्थतन्त्र र उद्योगहरूले बहुराष्ट्रिय कम्पनीहरूको पहलमान क्षमतासितको प्रतिस्पर्धामा टिक्न खान सक्लान् ?

यस कोणबाट हेर्दा नेपाललाई भन्सार महसूलको पर्खाल पूरै भत्काएर पूर्ण रूपमा तथा कथित उदारवादको पोल्टामा लैजानु- नेपालको फुच्चे अर्थतन्त्रको विकास र औद्यौगिकरणको मृत्युपत्रमा सही गर्नु जस्तै कुरा हुनेछ। अमेरिका र जापानजस्तो अति विकसित देशले समेत आफ्ना कैयन उद्योग व्यवसायहरूको निम्ति अहिले पनि भन्सार महसूलमार्फत् संरक्षणको पर्खाल ठड्याइरहेका छन् भने- नेपाल जस्तो अति कम विकसित मुलुकले कसरी संरक्षणको पर्खाल एकाएक गरर्ल्यामगुर्लुम ढाल्न सक्छ ?

नेपालले त १०-१५ वर्षको योजना राखेर साना र मझौला उद्योगहरूको लर्को लगाउनु पर्छ र क्रमशः ठूला उद्योग चलाउने संस्थागत क्षमता हासिल गर्दै लैजानु पर्छ। त्यतिन्जेल, हाम्रो साना र मझौला उद्योगहरुलाई स्पष्टतः सरकारी प्रोत्साहन र भन्सार महसूलको संरक्षण चाहिन्छ। जुन जुन क्षेत्रमा हामी हात हाल्न सक्दैनौं, ती ती क्षेत्रमा मात्र हामीले विदेशी लगानी भित्र्याए हुन्छ, विदेशी सामानलाई ओइर्‍याए हुन्छ। यस प्रकार सीमित उदारवाद मात्र नेपालले अहिले झेल्न सक्छ, पूर्ण उदारवाद अंगिकार गर्नु नेपालको लागि अहिले सात वर्षको छोरोलाई हिटम्यानसँग कुस्ती खेल्न छोडी दिनु जस्तै हो।

त्यसैले, भ्याट लागू गर्नु ठीकै छ, तर जुन कारणले, जुन ऐतिहासिक पृष्ठभूमिमा भ्याट लागू गरिंदैछ, त्यो कारण र पृष्ठभूमि गलत छ। त्यसको विरोधी गरिनु जरुरी छ।

किन स्वदेशमा नै मजाले फष्टाउन सक्ने उद्योग व्यवसायको गला रेटेर बाहिरबाट आयतीत सामानको भन्सार महसूल घटाउने हामीले ? किन मालमाल करोडौं डलर कमाउने निर्यातमूलक उद्योगलाई शून्य भन्सार महसूल दर लाउने हामीले ? के यो पटमूर्खता होइन ? ❑

# पाठकको कुरा

## कालापानीमा विदेशीले तीर सोभ्याउँदा

'मूल्यांकन' मासिकको अंक : २ देखि हाल ५९ अंकसम्म नियमित रूपमा अध्ययन गर्दै आइरहेको छु।

'मूल्यांकन' पूर्णाङ्क ५९ समयभन्दा केही ढिला प्रकाशित भए तापनि प्रकाशन हुनासाथ अध्ययन गर्ने अवसर मिल्यो।

यहाँहरूको पत्रिका पूर्णाङ्क ५८ मा सुहार्तोको पतन कसरी भयो भन्ने एक विश्लेषणात्मक लेख अध्ययन गर्ने सुअवसर पाएकोमा खुशी लाग्यो, पेरुको साइनिङपाथको बारेमा पनि केही जानकारी हासिल गरियो। तर सोही अंकमा नीति-संस्कृतिको लेख नभएकोले केही नपुगेको जस्तो आभास भयो।

कालापानी क्षेत्रमा विस्तारवादी मुलुक भारतले धेरै समय अगाडिदेखि सैनिक क्याम्प राखेर बसेको छ। केही समय अगाडि विस्तारवादी मुलुक भारतले कालापानीक्षेत्रमा तैनाथ गरिएका भारतीय सैनिकलाई फिर्ता पठाउन कालापानी मार्च गर्न गएका नेपालका केही विद्यार्थी समूह र राजनैतिक व्यक्तित्वहरूलाई ती भारतीय सैनिकहरूले कालापानी पुग्नुभन्दा लगभग ६०० मिटर वरसम्म आएर छातीमा तीर (संगिन) सोभ्याउँदासम्म नेपाल सरकार मौन बसिरहेको छ, यसले गर्दा हामी जस्ता गाउँले नागरिकको मुटुमा चसक्क घोचेको छ।

'कालापानी क्षेत्र नेपालकै हो' भन्ने नेपालका सरकार प्रमुख प्र.म. गिरिजाले व्यवहारमा पनि भारतीय सैनिकलाई कालापानीबाट विदा दिन सक्नुपर्‍यो अर्थात् हटाउन सक्नुपर्‍यो। सम्पूर्ण नेपाललाई माया गर्ने नेपालीले साथ दिनेछन्. हैन भने देश र जनताको सुरक्षा दिन नसक्ने व्यक्ति सरकारमा बसिरहन सुहाउँदैन।

**कुमार 'बुभुत्सु', ल. पु. जि.**
**लामाटार-५, ढुङ्गिन, पिपलबोट**

## यो पूर्वाग्रही भएको हैन ?

सदाभैं यसपालि श्रावण महिनाको ५९ औं अंकमा उठाइएका स्तम्भहरूमध्ये किन र कसरी भारतले सीमा मिचेको छ भन्नेबारे स्थलगत रिपोर्टलगायत अन्य पनि साह्रै समय सापेक्ष लाग्यो। तर मैले दुई तीन पटकसम्म दोहोराएर, तेहराएर पढ्दा पनि एकचीज पाउन सकिनँ। त्यो हो- वर्तमान रक्तपिपासु गिरिजा सरकारले माओवादी जनयुद्धलाई दमन गर्ने नाममा अपनाएको किलोसेरा-२ नामको जनहत्याको क्रियाकलाप-सम्बन्धी यथार्थ रिपोर्ट- जुन १४ वटा मानव अधिकारवादी संस्थाहरूले बाहिर ल्याएका छन्।

आफूलाई वामपन्थी खेमाको विचार प्रधान मासिक भन्न रुचाउने मूल्यांकनले एक शब्द पनि उल्लेख नगर्नु यो माओवादी पार्टीप्रतिको पूर्वाग्रही भावना नभएर के हो त ?

आफू पनि वामपन्थी भएको कारणले सम्पादकसमक्ष प्रश्न गर्न खोजेको हुँ र आगामी अंकमा यस्तो सरासर पूर्वाग्रह भावना नराखी वास्तविकता प्रकाशमा ल्याउनु हुन पनि म अनुरोध गर्दछु।

**विष्णुप्रसाद भट्टराई**
**टीकुरा-१, अर्घाखाँची**

## माले-एमालेलाई मुसो खेलाएभैं

अंक ५९ समयमा नै पढ्ने मौका पाएँ। सबैभन्दा उल्लेखनीय पक्ष कालापानीबारे विस्तृत स्थलगत रिपोर्टलाई लिन सकिन्छ। भारतको विस्तारवादी नीति र नेपालको आत्मसमर्पणवादी नीतिले गर्दा आज दिनदहाडै नेपाल साँगुरिँदै गइरहेको छ। तर हाम्रो प्रशासनका बाहकहरूलाई रत्तिभर चिन्ता नहुनु ज्यादै दुःख लाग्दछ। अब आफ्नो राष्ट्रको अस्मिता जोगाउन शासकवर्गको मुख नताकी सबै आम देशभक्तहरूले तीव्र विरोध गर्न आवश्यक भइसकेको छ।

ताजा समाचारहरूमध्ये माले र एमालेलाई कांग्रेसले वास्तवमा मुसोलाई बिरालोले खेलाए जस्तै छ। आश्वासनको भरमा कांग्रेसले आफ्नो सत्ताको आयु लम्ब्याउन सफल भएरै छाड्यो।

अन्तर्क्रियामा डा. शरद वन्तको विचारले मन छोयो। र, आगामी दिनहरूमा मूल्यांकनले यस्तै जल्दाबल्दा समस्याहरूबारे अन्तर्क्रिया चलाइरहोस्।

नीति संस्कृति र उत्पीडित चौतारी स्तम्भ पनि अति स्तरीय छ। र, अन्त्यमा 'मूल्यांकन' अन्तर्क्रियाको आयोजना गरोस्, जसबाट तमाम शिक्षित बेरोजगारहरुले अध्ययन गरेर भए पनि केही मानसिक राहत पाउने छन्।

**होम थापा, बैँगाडावर-८,**
**लालगढ, धनुषा**

## नेपाललाई भारतको जिम्मा लगाए भन् ...

मूल्यांकन-५९ समयमै प्राप्त भयो। कालापानी, लिम्पियाधुरा, कुटियाङ्दीका बारेमा यथार्थ विवरण संकलन गरी सर्वसाधारण पाठक वर्गहरूमा जानकारी गराउने अथक प्रयास भएको स्पष्ट छ।

विगतकालदेखि नै मूल्यांकनले राष्ट्रियताका महत्वपूर्ण सवालहरूमा, सार्वभौमिकताका सवालहरूमा सम्वेदनशील रही प्रचार प्रसारको प्रथम दायित्व अंगिकार गरी नेपालका अन्य मासिक पत्रिकाहरूभन्दा निकै पहिलो पंक्तिमा रहन सफल भएको संज्ञा दिन अत्युक्त नहोला।

हालै विगत महिनामा भारतले आणविक परीक्षण गरेलगत्तै हाम्रा प्रजातन्त्रका प्रमुख हिमायती नेता श्री कृष्णप्रसाद भट्टराईजीले "नेपाल सुरक्षित भएको" अनुभव गर्नुभएको थियो। के ब्रिटिशको उपनिवेश भारत भएको बेला र हाल प्रजातान्त्रिक मुलुक भारत भएको बेला नेपालप्रतिको गिद्ध दृष्टिमा केही भिन्नता छ ? वास्तविक यथार्थतालाई बुझ पचाई राष्ट्रियताको सबालमा पनि संवेदनशील नभई भारतभक्ति गाउनाले उहाँमा कत्तिको देशभक्ति रहेछ भन्ने स्पष्ट हुँदैन र ? सोही अनुरूप हो भने नेपालै भारतलाई जिम्मा लगाए भन् सिक्किम् जस्तै सुरक्षित हुने थियो।

श्री गंगाप्रसाद चौधरीजीले लेख्नुभएको "किन कम्युनिष्ट पार्टीमा खश्चेभहरू पैदा हुन्छन् ?" लेख अति आवश्यक र सान्दर्भिक छ।

**विक्रम कुँवर, बरहथवा-४, सर्लाही**

## एमालेको भारत-भक्ति

कालापानीबाट विदेशी बुटको निलडाम मुसार्दै आइपुगेको रहेछ मूल्यांकन पूर्णाङ्क ५९। राष्ट्र र राष्ट्रियताको पक्षमा सतीसाल बनेर उभिन सकेकाले मूल्यांकनलाई मैले अब सम्मान गर्न थालेको छु।

कालापानीमा सिंगो देश रोइरहेछ। गिरिजा सरकारले सिंगो देशभरि राज्य आतंक फैलाएर निर्दोष जनताको शिकार खेलिरहेछ, कम्युनिष्टहरू सत्तामोहमा रल्लिएका छन्। भारतको नयाँ दलालको रूपमा उदाएको एमाले त भन् कहाँसम्म पतन भइसकेको रहेछ भने उसले कालापानीमा आफ्नै नेपाली मातृभूमिबाट विदेशी सेनाद्वारा लखेटिएर टोपीले आँशु पुछ्दै फर्केर आएको मालेको भातृ संगठन अनेरास्ववियूको कालापानी मार्च टोलीलाई "उत्ताउला ठिटाहरूको उच्छृङ्खल व्यवहार" भनेर अवमूल्यन मात्र होइन, कालो मोसो दल्ने दुष्प्रयाससमेत गर्‍यो। कालापानी मार्च : तत्काल गुमेको भूभाग फिर्ता गर्ने 'युद्ध-घोषणा' होइन, बरू यसको उद्देश्य स्थलगत रिपोर्ट तयार पार्नु र मुख्य कुरो राष्ट्रियताको पक्षमा ध्यानाकर्षण गराउनु अभियान हो भन्ने कुरा एमालेले नबुझेको होइन, बुझेको छ। तर विरोध किन त ? स्पष्ट छ- यसमा एमालेको भारतभक्तिबाहेक अरू के हुन सक्छ ?

**कुमार आचार्य**
**बेलवा-७ (राँझा), बर्दिया**

## सिंगापुरबाट कालापानीबारे

विगत केही वर्षयतादेखि मूल्यांकन मासिक पत्रिका नियमित नै पढ्दै आएको आएको छु, अंक ५९ पनि समयमै पढ्न पाइयो। कालापानीमाथि भारतीय राजदूत के.वी. राजनको दावीका साथै लिम्पयाधुरादेखि कुटीयाङ्दी, नाभी, गुञ्जी, कालापानी र टिंकरभञ्ज्याङसम्मको नेपाली भूमि अतिक्रमण गरेकोमा हामी विदेशमा बस्ने नेपालीहरूसमेत दुःखित छौं।

जबरजस्ती नेपाली भूमिमा ३५ हजारभन्दा बढी भारतीय फौजी राखेर पश्चिम नेपालको भूभाग मात्र हैन, सिंगो नेपालमाथिको गिद्ध दृष्टि रहेको प्रस्टिन्छ भने सत्ता समाल्ने नेपाली शासक किन मौन छन् ? कतै नेपालको सार्वभौम सत्ता विदेशीको हातमा सुम्पिन लागेको छ, छैन शंका गर्ने ठाउँ प्रशस्तै छन्।

**- राजेन्द्र के.सी., सिंगापुर**

## अंक ५८ बारे

यस पत्रिकालाई म वामपन्थी पत्रिकाको रूपमा पढ्थे तर जसरी नेकपा एमाले कम्युनिष्टबाट विचलित भयो त्यसै गरी यो पत्रिका पनि वामपन्थी पत्रिकाबाट बिचलित हुन थालेको जस्तो छ।

पूर्णांक ५८ मा सोह्रौं विश्वकपले विश्वका जनतामा कसरी व्यापारको सीमा बताएको छ, त्यो यसबाट स्पष्ट भयो। विश्व कम्युनिष्ट आन्दोलनमा पोल पोट र पेरु टुपाक अमारू र साइनिङ पाथसम्बन्धी लेख रोचकै छ। माओवादी 'जनयुद्ध तीव्र र व्यापक मुठभेड' भन्ने लेखमा पहिलो कुरा, यो शीर्षक नै गलत छ। कहीं पनि यति ठूलो मुठभेड भएको छैन, केवल सरकारले निर्दोष जनतामाथि एकपक्षीय कारबाही गरेको छ। दोस्रो, यसभित्रको शीर्षकअनुसार लेख भएन। जेठ १८ गते गोलीको शिकार पार्न खोजिएका रामबहादुर भण्डारी तनहूँ जिल्ला नभएको कुरा अवगत गराउँछु। उहाँको सही ठेगाना धादिङ जिल्लाको त्रिपुरेश्वर गा.वि.स. हो। उहाँ अखिल नेपाल किसान संघ २००७ का धादिङ जिल्ला अध्यक्ष हुनुहुन्थ्यो। यस्तो किसिमको गल्ती नलेखियोस्।

अब आउने अंकमा विश्वमा कम्युनिष्टको भविष्य कस्तो छ ? त्यसबारे एउटा चार्ट तालिकासहित सारसंक्षेप लेखमा एउटा कम्युनिष्ट क्रान्तिकारी व्यक्तिमा सहयोग पुग्नको साथै विश्व कम्युनिष्टबारे राम्रो जानकारी हुने थियो। संसदवादीलाई कम्युनिष्ट भन्ने गलत सोच अन्त्य गरियोस्, मार्क्स र लेनिनको सिद्धान्त नमान्नेले मार्क्सवादी लेनिनवादी भन्नु उचित छैन।

**यम भण्डारी, निलकण्ठ-६, धादिङ**

## सच्याइएको

गतांकमा 'अचेल' स्तम्भमा श्यामप्रसाद शर्मासंगको अन्तरवार्तामा निम्नानुसार अनुरोध गर्दछौं :-

-मनमोहन अधिकारीका माइला बुबा रामहरि अधिकारीलाई बाबुराम अधिकारी भनी सच्याउनु हुन।


- पाँच भाइ संगठनमा सीतादेवी सदस्यको रुपमा हैन, सहयोगीको रुपमा मात्र हुनुहुन्थ्यो भनी बुझ्नु हुन।

-दयासिंह मुन्सीको सट्टामा दयाशंकर मुन्सी भनी सच्याउनु हुन।

-अन्तरवार्ताको अन्तमा 'अहिले मेरा दुईजना छोरीहरु छन्। दुवैको विवाह भइकेको छ' भएकोमा दोस्रो वाक्यलाई 'एकको विवाह भइसकेको छ' गरी सच्याउनु हुन।

*-मूल्यांकन*

# DUCKHAMS




अन्तरराष्ट्रिय
**ISO-9002 को**
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल








**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

# Kathmandu Maida Mills Pvt. Ltd.
## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

